CC-0. Nepal Sanskrit Academy, Kathmandu

तन्त्र-सर्वस्व

प्रा. चूडानाथ भट्टराय

नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तन्त्र-सर्वस्व

देशिकाचार्य
प्रा. चूडानाथ भट्टराय

नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तन्त्र-सर्वस्व

लेखक : देशिकाचार्य प्रा. चूडानाथ भट्टराय

प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ

सर्वाधिकार : नेपाल प्रज्ञा-प्रतिष्ठानमा

संस्करण : पहिलो, वि.सं. २०४१
: दोस्रो, वि.सं. २०७८ (१,२०० प्रति)

कम्प्युटर सज्जा : रञ्जन घिमिरे

आवरण सज्जा : सीताराम राई

मूल्य : रु. १६०/-

मुद्रक : प्रज्ञा छापाखाना
कमलादी, काठमाडौँ

ISBN : 978 -9937-761-11-6

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवं प्रवर्धन गर्दै तत्‌विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा स्थापित नेपाल एकेडेमीले क्रमशः रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जनआन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललित कला एवं नाट्य-सङ्गीत विधालाई छुट्याई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ ले नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने जिम्मेवारी प्रदान गर्दै वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरेको हो। यस अर्थमा प्रज्ञा-प्रतिष्ठानको गठनदेखिकै विरासत ग्रहण गर्दै हाल आफूले पाएका कार्यक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, साहित्य, संस्कृति, धर्म, दर्शन, सामाजिक शास्त्र आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्‌का समग्र विज्ञहरूलाई समेट्दै अघि बढ्न हामी कटिबद्ध छौं। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक स्थान प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र कार्यक्रम रहने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरेका छन्। यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै प्राज्ञिक आदान-प्रदानमार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिबद्ध छौँ। यसरी स्पष्ट राष्ट्रिय एवं अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानका रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौँ। यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवं ग्रन्थ प्रकाशनसहित अनुवादमार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सबै प्राज्ञहरूसँग जाहेर गर्दछौँ।

(गङ्गाप्रसाद उप्रेती)
कुलपति
नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकाशकीय

भाषा, साहित्य, धर्म, दर्शन, संस्कृति, समाजशास्त्र, ज्ञान-विज्ञान एवम् कला-वास्तुकला आदि नेपाली जनजीवनका विविध पक्षहरूको अध्ययन/अनुसन्धानका माध्यमद्वारा सिङ्गो नेपाल राष्ट्रको सुदृढीकरण र समष्टि रूपमा नेपाली राष्ट्रियताको दिगो विकासमा सघाउ पुऱ्याउने पवित्र उद्देश्यबाट अभिप्रेरित भएर नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिएको हो । नेपाल राष्ट्रलाई आवश्यक पर्ने प्रज्ञानको पूर्ति गर्ने नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रमुख दायित्व हो । नेपाल प्रज्ञा-प्रतिष्ठान स्थापना कालदेखि नै नेपालको मूर्त-अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन/अनुसन्धानका माध्यमबाट नेपाल राष्ट्रको आवश्यकता परिपूर्ति र विश्वसामु नेपाललाई चिनाउने काममा लागिरहेको छ ।

अहिले नेपाल प्रज्ञा-प्रतिष्ठानअन्तर्गत एघारओटा विभाग छन् र ती विभागहरू प्रवचन, गोष्ठी, अनुसन्धान परियोजना तथा पत्रिका एवम् पुस्तक प्रकाशनका माध्यमबाट आआफ्ना क्षेत्रको विषयगत उन्नयनमा लागिरहेका छन् । युगअनुसार नेपालीहरूका बिच आपसी सद्भाव बढाएर नेपालको अस्मितालाई कायम राखिराख्न सघाउ पुऱ्याउने खालको अध्ययन अनुसन्धानमा नेपाल प्रज्ञा-प्रतिष्ठान निरन्तर रूपले अगि बढिरहेको छ ।

यस प्रज्ञा-प्रतिष्ठानले केन्द्रीय र विभागीय परियोजनाअन्तर्गत सम्बद्ध विषयका विद्वान्/विदुषीहरूद्वारा तयार गरिएका अनुसन्धान प्रतिवेदनहरूलाई पुस्तकाकार कृतिका रूपमा प्रकाशन गर्ने एवम् विगतमा विभिन्न कालखण्डमा प्रकाशित तर हाल अप्राप्य अवस्थामा रहेका महत्त्वपूर्ण ग्रन्थहरूलाई आवश्यकता र औचित्यका आधारमा पुनः प्रकाशन गर्ने नीति लिएको छ । यसै सन्दर्भमा पौरस्त्य दर्शनका विशिष्ट विद्वान् प्रा. चूडानाथ भट्टराय (वि.सं. १९७५-२०५३) द्वारा लिखित र तात्कालिक नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित 'तन्त्रसर्वस्व' नामक ग्रन्थलाई पुनः प्रकाशन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरिएको छ । यसबाट तन्त्रको विषयवस्तु, दर्शन, दीक्षा, मन्त्रबीज र कामकला रहस्यका बारेमा अध्ययन/अनुसन्धान गर्न इच्छुक सर्वसाधारण पाठकदेखि विद्वान्/विदुषीहरूसमेत लाभान्वित हुने अपेक्षा गरिएको छ । यस्तो महनीय ग्रन्थका लेखक कीर्तिशेष चूडानाथ भट्टरायप्रति उच्च सम्मानसहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु । पुराना महत्त्वपूर्ण ग्रन्थहरूको पुनः प्रकाशन गर्ने कार्यमा तन्मयतापूर्वक लाग्नुभएका सदस्य सचिव एवम् दर्शनशास्त्र विभाग प्रमुख प्रा. जगत्प्रसाद उपाध्यायलाई हार्दिक धन्यवाद दिन्छु । यस पुस्तकलाई पुनः प्रकाशन गर्ने सन्दर्भमा भाषासम्पादनसहित सुसाङ्ख्य टङ्कन गर्ने टेकनाथ पाण्डेय, तन्त्रका संस्कृत श्लोकहरूको शुद्धाशुद्धि हेरिदिने डा. माधव लामिछाने, सुसाङ्ख्य सज्जा गर्ने ना.सु. रञ्जन घिमिरे, आवरण सज्जा गर्ने सीताराम राईलगायत योजना तथा कार्यक्रम एवम् प्रकाशन शाखासँग सम्बद्ध समस्त कर्मचारीलाई साधुवाद प्रदान गर्दछु ।

(डा. जगमान गुरुङ)
उपकुलपति
कमलादी, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रथम संस्करणबाट प्रकाशकीय

मन्तव्य

तन्त्र विद्या र शक्तिबारे अनेक विश्वास, आशङ्का, भ्रम र जिज्ञासा नेपाली समाजमा पाइन्छन् । प्राचीन कालमा अलौकिक शक्ति एवं चमत्कार प्रदर्शन गर्न सक्ने ठुल्ठुला तान्त्रिकहरू नेपाली समाजमा रहेको कुरा हामीले पढे-सुनेका छौं । तर अहिले आएर यो शक्तिपरम्परा प्रायः लुप्त अवस्थामा पुगिसकेको छ । तन्त्र विषयक गहन ज्ञान एवं साधना भएका सिद्ध पुरुष भेटाउन पनि दुर्लभ भइसकेको छ भन्नु अत्युक्ति नहोला । यस्तो परिस्थितिमा तन्त्रलाई एक अगम्य रहस्यको विषय ठानेर सर्वसाधारणले पन्छाउन कुनै आश्चर्यको कुरा होइन । अझ सर्वसाधारणको कुरा त परै छाडौं स्वयं लेखककै शब्दमा पनि बौद्ध आचार्य भएका र शाक्त आचार्य भएका पीठमा रहेका देवताका ध्यानका मन्त्र पनि कुनै पूजकलाई थाहा नभएको बुझिन्छ । यसरी अज्ञानको गहिरो खाडलमा प्रायः केही स्पष्ट नदेखिने र नबुझिने अवस्थामा पुगिसकेको विषयलाई गहन शोधकार्यको माध्यमद्वारा सिद्धान्ततः जुन प्रकाश पार्ने साहसपूर्ण प्रयास देशिकाचार्य प्रा. श्री चूडानाथ भट्टरायज्यूबाट भयो, त्यो ठुलो सराहनाको काम भएको छ भन्नु अत्युक्ति नहोला । मलाई पूर्ण विश्वास छ तन्त्रविद्याको खोजनितीमा लागेका र यसमा दिलचस्पी राख्ने सबै विद्वान् एवं जिज्ञासुहरूका तर्फबाट यस प्रकाशनको स्वागत हुने नै छ ।

प्रज्ञा भवन
२५ जेठ २०४१

अमर चित्रकार
निमित्त उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भूमिका

तन्त्रशास्त्रको विस्तृत रहस्यमय विषयमा केही प्रमुख आवश्यकसम्म कुरा कोटचाई त्यसबारेमा यहाँ केही अंश प्रामाणिक रूपले प्रस्तुत गर्ने चेष्टासम्म गरिएको छ । मजस्ता व्यक्तिले आगमार्णवमा पार पाउने सम्भव पनि छैन । तैपनि यति लेख्ने प्रेरणा मलाई जुन प्राप्त भयो, त्यो मातृकुल र पितृकुलमा गरिएको शक्ति र भैरवको उपासनाको पूर्ण प्रभावद्वारा नै भन्ने ठानेको छु । बालक कालमा परेको प्रभाव मेरो हृदयमा चिरस्थायी हुन जानु नौलो कुरो पनि भन्ठान्दिनँ ।

मलाई नित्या षोडशीकार्णवको व्याख्या सौभाग्यभाष्कर आदि अध्ययनपछि भास्कर रायको गहिरो प्रभाव पऱ्यो । मैले पहिले आफ्नो उपनाममा 'राई' को बदला 'राय' लेख्न थालेकोमा पुष्टि भयो झन् । तन्त्रालोक पढेपछि मैले अनि तन्त्रको केही उज्यालो मेरो हृदयमा आयो । शारदातिलक पढ्दा मैले यस प्रक्रियाको गोरेटो फेला पारे । यसअघि पुरश्चर्यार्णव, मेरुतन्त्र, शाक्त प्रमोद, मन्त्रमहोदधि, मन्त्रमहार्णव आदिको केही अध्ययन गरिएको थिएन भन्न मिल्दैन । यिनका अतिरिक्त अरू तन्त्रका ग्रन्थ पनि पाएसम्म अध्ययन गर्ने जिज्ञासा थियो र त्यसैले पाइएका पुस्तक हातबाट गुम्न दिइनँ । जब यी ग्रन्थ अध्ययन गरें अनि आफूलाई कर्णधार नभएको पोतमा चढेको अनुभव भयो । मैले त्यस्तो गुरु पाइनँ, जसले मेरो अन्तर्दृष्टिलाई उन्मिलन गरिदेओस् । विद्वान् गुरुको अभावमा पनि मैले पराम्बामा पराभक्तिमयी श्रद्धेया गुरुमाबाट दीक्षा मन्त्र लिएँ र मैले दशमहाविद्यामा षोडशी त्रिपुरसुन्दरीको मन्त्रमा दीक्षित भएँ ।

नेपालमा मैले फेला पारेका तान्त्रिकहरूमा परम्परागत हत्यौडीको ज्ञान र गुह्यप्रक्रियामा आएका विकृतिलाई तदनुरूपले नै पूजाआजा गर्ने परम्परा मात्र भेटाएँ । बौद्ध आचार्य भएका र शाक्त आचार्य भएका पीठमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रहेका देवताको ध्यानका मन्त्र पनि कुनै पूजकलाई थाहा नभएको देखें। हाम्रा देव प्रतिमालाई केवल कलाको गृह सज्जामा उपयोगमा ल्याउने, किन्ने र आफ्नो मूल्यमा प्रवृत्ति लिएर विदेशीहरूले मूर्ति तस्करी वृत्तिको नेपालमा विकास गराए। तर हिन्दु सम्राट् श्री ५ वीरेन्द्रबाट यसमा कडा सजाय गर्ने नियमकानुन बनाइबक्सी यसको प्रतिरोध गर्न सचेष्ट होइबक्स्यो। यसमा पूर्वजका अमूल्य निधि देवी-सम्पत्लाई भौतिक, आर्थिक पक्षले मूल्याङ्कन गर्ने हाम्रो कमजोरीबाट विदेशीमा साहसको सञ्चार हुन गएको लाग्छ। धर्मको ह्रास भएको भान हुन्छ।

अज्ञानले हुने अनर्थलाई ज्ञानले नै हटाउन सक्तछ। कति हामीमा मिथ्या ज्ञानले बचाएका भ्रम छन्, कति हामीमा अन्धानुकरण गर्ने प्रवृत्ति छन्, कति हामीमा अन्धविश्वासले गहिरो जरो हालेको छ र कति हामीमा आफ्नो कुरा नबुझेर अर्काको मुख ताक्ने प्रवृत्ति छ। यी सबै हामीले सम्बद्ध आफ्ना पुर्खाले रचेका शास्त्र हेरी बुझ्ने र बुझाउने तर्फ लाग्नुपर्छ। न बुझी न नजानी पण्डितम्मानी हुन हुन्न र आफूभन्दा जान्नेलाई आदर गर्ने बानी बसाल्नुपर्छ। यसो नगरी विद्या पढ्ने प्रवृत्तिको पुनर्जागरण हुँदैन। त्यसो भएन भने समाजमा अज्ञान बढ्दै गई परेको वेलामा समाज किंकर्तव्यविमूढ हुन्छ र अस्तित्वलोप हुने खतरा आइपर्छ।

मैले जाने बुझेअनुसार तन्त्रका बारेमा पाँच पटलमा यो "तन्त्र-सर्वस्व" लाई विभक्त पारें। यहाँ शास्त्रका सिद्धान्त मात्र छन्, प्रयोग पद्धति छैन। विनागुरु साधनामा लाग्नु आफ्नो कपाल खाने काम हुन्छ। वामाचारका उग्रसाधना त विघ्नबाहुल्यले अति नै दुष्कर कर्म हुन्छन् र गुरुविना त्यसमा सिद्धिप्राप्त हुँदैन। केही परम्परागत हत्यौडी बुझेका हाम्रा बौद्ध र शाक्त पीठका पूजकहरूले यो पुस्तक हेरिदिए उनीहरूलाई केही सिद्धान्त बोध हुने छ। अरू विद्वान्हरूलाई पनि जिज्ञासा शान्त गर्न यसले केही सघाउ पुऱ्याउने ठान्छु। हाम्रा निगमागम संस्कृत भाषामा लेखिएका छन्। संस्कृत नपढी त्यसको साधारण ज्ञानसम्म कोर्न सकिन्छ कि भन्न पनि हुन्न। त्यसो गर्दा अर्थको अनर्थ पनि हुन जान्छ। मैले कति श्लोकको यहाँ जानीजानी अर्थ गरेको छैन। किनभने पाठकले त्यही भरमा अर्को अनर्थ नगरिदेओस् भन्ने मेरो मनसाय हो। मलाई पनि अज्ञान, विस्मृति र भ्रान्तिले कहीँ एक थोकको अर्को थोक पर्न गएको छ कि छैन। केही न्यून केही अधिक र विपरीत पर्न गए म उनै पराम्बासित क्षमा थाहा माग्छु यसरी -

अज्ञानात् विस्मृते भ्रान्त्या यन्न्यूनमधिकंकृतम्।
विपरीतं च यत् सर्वं क्षमस्व परमेश्वरि॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसमा रहेका कुनै पटल राजकीय प्रज्ञा-प्रतिष्ठानको प्रवचन क्रममा पढिएका र कुनै भने नयाँ लेखिएका छन्। यी लेखिँदा जुन ग्रन्थबाट मैले प्रमाण लिएँ, ती ग्रन्थका आचार्यहरूप्रति सदा नतमस्तक भई अभिवादन चढाउँछु। यसलाई प्रकाशन गरिदिएकोमा राजकीय प्रज्ञा-प्रतिष्ठानका विद्वान् सदस्य, उपकुलपति तथा सम्माननीय कुलपतिप्रति आभार व्यक्त गर्दछु। यो पुस्तकले केही तन्त्रका मौलिक विषयमा नयाँ आलोक पाठकहरूलाई प्रदान गर्न सकेमा मेरो परिश्रम सफल भएको मान्ने छु। तन्त्रको अति गम्भीर, अति विशाल, अति गोपनीय केही कुरा बाल-चापल्यले लेख्न खोजेकोमा पर्न गएको त्रुटिमा म क्षमा मागी यो मेरो भनाइ सिध्याउँछु तथा पुकार्दछु फेरि पनि -

अन्यथा शरणं नास्ति त्वमेव शरणं मम।
तस्मात्कारुण्यभावेन रक्ष मां परमेश्वरि ॥

२०३७ श्रावण ६
ममतावनी, बालुवाटार
काठमाडौं

देशिकाचार्य प्रा. चूडानाथ भट्टराय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

प्रथम पटल : तन्त्रको प्रारम्भिक विषयवस्तु	१३
द्वितीय पटल : तन्त्रमा दर्शन र दीक्षाको सम्बन्ध	३०
तृतीय पटल : तान्त्रिक दीक्षा एक अध्ययन	४९
चतुर्थ पटल : तान्त्रिक - एउटा मन्त्रवीजको गम्भीर विवेचना	६७
पञ्चमपटल : कामकला रहस्यमाथि प्रकाश	८३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रथम पटल

तन्त्रको प्रारम्भिक विषयवस्तु

वेदलाई निगम र तन्त्रलाई आगम भनिन्छ। आगमशास्त्र भगवान् शङ्करको पञ्चमुखद्वारा उत्पन्न भएको हुँदा यिनलाई पञ्चाम्नाय भनिन्छ। वेदप्रदत्त अधिकार सम्पन्न वर्ग र अन्य वर्गका लागि पनि तन्त्रले देवतार्चनाका प्रक्रियालाई प्रस्तुत गरेर मानवी संस्कृतिमा नयाँ आयाम थपेको छ। हुन त वेदविहीन यज्ञमा निषादस्थपतिलाई अधिकार प्रदान गरी पञ्चजनमा निषादलाई मान्यता दिएको छ। यसरी द्विजातिदेखि अतिरिक्त जातिले पनि स्थान प्राप्त गरेको छ धार्मिक कृत्यमा अनुसन्धान गरेर हेर्दा। तर त्यसको व्यापकतालाई तन्त्रशास्त्रले नै विस्तार गरेको र त्यसद्वारा परवर्ती आचार्यहरू पनि प्रभावित भएको कुरामा संशय गर्ने ठाउँ छैन। तन्त्र वैष्णव र बौद्धलाई पनि आफ्नो परिधिभित्र हालेर भ्गाँगिएको छ। शाक्ततन्त्र र बौद्धतन्त्रलाई हामी आज पनि नेपालमा समन्वय कायम गरी धार्मिक एकता प्रतिपादन गर्ने साधनका रूपमा लिन सक्तछौं।

शाक्ततन्त्र वास्तवमा प्रकृतिभूत कुरो हो र त्यसपछि अरू त्यसैबाट प्रभावित भएका विषयान्तरमा आएका सिद्धान्त हुन्। शाक्ततन्त्र ज्यादै विस्तृत छ। शाक्ततन्त्रमा निहित विषय अति गोपनीय र गुरुमुखैकगम्य हुनाले त्यसबारेमा यहाँ धेरै प्रकाश पार्न सकिन्न। दीक्षा ग्रहण गराएर शिष्यलाई विधि-विधान समग्र दिने यसमा व्यवस्था छ। दीक्षाको अर्थ गर्दै तन्त्रलोकमा अभिनवगुप्ताचार्य लेख्तछन् -

दीयते ज्ञानसद्भावः क्षीयते पशुबन्धना।
दान-क्षपण-संयुक्ता दीक्षा तेनेह कीर्तिता॥

त. आ. जिल्ला १ पृ. ८३

दीक्षाद्वारा नै शिष्यको उद्धार हुन्छ भन्ने कुरामा मोक्षकारिकाले यसो भनेको पाइन्छ -

आचार्यसंस्थितो देवो दीक्षाशक्त्यैव मुञ्चति।
स्वशक्तयोद्धृतान् पुंसो मन्त्रसाधनसाध्यया॥

मा. का.९६।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

निगममा दीक्षा लिएर यज्ञमा रहेपछि "दीक्षितो न ददाति न जुहोति" भनिन्छ। वेदमा पनि दीक्षित हुनुपर्छ। दीक्षाको लाभलाई तन्त्रमा आएर आचार्य अभिनवगुप्तले परमार्थसारकारिकामा यसरी स्पष्ट पारे।

मोक्षस्य नैव किञ्चिद् धामास्ति न चापि गमनमन्यत्र।
अज्ञानग्रन्थिभिदा स्वशक्त्यभिव्यक्तता मोक्षः ॥ का. ६१।

वास्तवमा यस मतमा स्वशक्तिको अभिव्यक्तता नै मोक्ष हो भनिन्छ। यसमा विभिन्न आम्नाय छन् - शिवको पूर्वमुखबाट भनिएको आम्नाय पूर्वाम्नाय हुन्छ। पूर्वाम्नाय सृष्टिरूप तथा मन्त्रयोग हो। दक्षिणमुखबाट दक्षिणाम्नायको उत्पत्ति भयो। त्यो स्थितिरूप औ भक्तियोगपरक छ। पश्चिममुखबाट उच्चारित पश्चिमाम्नायद्वारा संहार रूप र कर्मयोगको प्रवर्तन गरिएको छ। उत्तरमुखबाट उत्तराम्नायको उत्पत्ति हुन्छ र यसले अनुग्रह रूपको र ज्ञानयोगको समर्थन गर्छ। ऊर्ध्वम्नाय ऊर्ध्वमुखबाट प्रकट भएको हो। यसलाई कौलहरूले कौलाचारमा ग्रहण गरेर वढ्ता मान्यता दिइएको छ। अधोभाग नाभिबाट उक्त आम्नाय अधराम्नायका रूपमा ग्रहण गरिएको छ।

यी आम्नायमा शैवदर्शनले प्रतिपादित सिद्धान्त अन्तर्निर्हित भएको पनि देखिन्छ। शिवमा सृष्टिस्थिति संहार अनुग्रह र निग्रह हुने कुरा प्रविदित छ। तदनुसार आम्नाय पनि तदभिमुख देखिन्छन्। यी प्रत्येक आम्नायका परम्परा गुरुमुखैकगम्य छन्।

"त्रिकोणरूपिणी शक्ति बिन्दुरूपधरः शिवः" भन्ने हाम्रो परम्परा छ। यसैले भारतवर्षलाई त्रिकोणरूप दिएर काश्मीर, काञ्ची र कामाख्या यी त्रिकोणमा शक्तिको पूजा र यी त्रिकोणको मध्यविन्दु काशीमा शिवको महिमा कायम भएको छ। काश्मीर र काञ्ची श्री विद्याको केन्द्र थिए भने कामाख्यापीठ कौलगतको मुख्यस्थल मानिएको छ। ती तीन स्थलमा हुने तान्त्रिक पूजाका विधानमा भिन्नता पाइन्छ। केरलमा दूग्ध, काश्मीरमा भावना र गौडमा अर्थात् बङ्गालको कामाख्यामा मद्यमांसद्वारा पूजाको प्रकार गरिएको छ।

दुग्धेन केरले पूजा काश्मीरे भावना मता।
गौडे प्रत्यक्ष दानं स्यात् त्रितयं कीर्तितं मया ॥ २०
शक्तिसंगमतन्त्र, कालीखण्ड नवम पटल श्लोक २०।

आगमको गुण, देश, काल, आम्नाय आदिको भिन्नताले अनेक भेद-उपभेद खडा गरेको पाइन्छ। सात्त्विक आगमलाई तन्त्र, राजसलाई यामल र तामसलाई डामर भनिन्छ। यसका अतिरिक्त कौल, मिश्र तथा समय मार्गको पनि तन्त्रमा विशेष परिचय प्राप्त गरिन्छ। कौलमार्गका अनुसार महामाया शम्बर, ब्रह्मयामल, रुद्रयामल आदि तन्त्रका सङ्ख्या ६४ छन्। समयमार्गले समस्त तन्त्रलाई अवैदिक सिद्ध गरी यसो भनेको पाइन्छ-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एवं चतुःषष्ठितन्त्राणि परिज्ञातृणामपि वञ्चकानि । ऐहिकसिद्धिपरत्वात् वैदिकमार्गदूराणि । भा. द. टिप्पणी ।

समयमतको मूलग्रन्थलाई "शुभागमपञ्चक" भनिन्छ । वसिष्ठ, सनक, शुक, सनन्दन र सनत्कुमारद्वारा रचिएको संहितापञ्चक भएकाले यसलाई शुभागमपञ्चक भनिएको हो ।

मिश्रमार्गमा कौल र समय दुवै मत मिसिएको हुन्छ । मिश्रतन्त्र आठ प्रकारका छन् । ती कुलार्णव, कुलेश्वरी, कलानिधि, भुवनेश्वरी आदि हुन् । तन्त्रविद्या विशाल, व्यापक र महत्त्वपूर्ण छ । शाक्ततन्त्रका सङ्ख्या हजारौं छन् । प्रकाशित अंश पनि प्रशस्त छन् ।

यस परिप्रेक्ष्यमा आगम-निगम दुवैतिर गहिरेर अनुशीलन गर्दा हामी निम्नलिखित उद्देश्यमा आफ्ना साफल्यता कायम गरी अघि बढेर धारावाहिक रूपले संस्कृति रहेको पाउँछौं । वास्तवमा अघिका आर्यले जीवनको अवस्था, समाजको सङ्गठन र पुरुषार्थलाई चार विभागमा बाँडेका छन् । चार अवस्था आयुको विभाजनले गर्दा विद्याध्ययनका लागि, गार्हस्थ्यका निम्ति, मुनिवृत्ति लिन र योग र सन्यासका खातिर गरे । कुनै बुद्धिजीवी, कुनै बाहुजीवी, कुनै ऊरूजीवी र कुनै पादजीवी भनी विद्या, बुद्धि, विवेक आदि कसैको जिम्मामा कसैले बल पराक्रममा आफू समर्पित हुनु पर्ने, कसैले कृषि-वाणिज्य वार्तामा संलग्न रहनु पर्ने र कसैलाई श्रमजीवी पारेर वर्ण व्यवस्था बाँधे र यो सबैको उद्देश्य थियो धर्म, अर्थ, काम र मोक्ष । धर्म र मोक्षको अर्थ र कामको साहचर्य जस्तो देखिए तापनि ज्ञानबाट धन, धनबाट धर्म हुने भन्ने पक्षलाई पनि बढ्ता मान्यता थियो र "धनाद् धर्मस्ततः सुखम्" भन्ने सिद्धान्त कायम भयो ।

सबै शास्त्रलाई चतुर्वर्गपरक मानेकाले तन्त्रशास्त्र यसको अपवादमा आउँदैन । झन् तन्त्रले यसलाई बढ्ता प्रमुखता दिएर भनेको छ-

धर्मार्थकाममोक्षाणां प्राप्तेः प्रथमकारणम् ॥

हाम्रो परम्परामा श्रोतालाई पहिले त्यसको प्रयोजन भन्नुपर्छ, सिद्धार्थ र सिद्ध सम्बन्धको पनि व्याख्या गरिदिनुपर्छ । ग्रन्थ प्रस्तुत गर्नुअघि यो बुझेन भने आजका हाम्रा विद्वान् झैं पढेर निराश हुने परिस्थिति आइपर्छ । यो पढ्नाले यति लाभ हुन्छ भन्ने नजानी जब परीक्षोत्तीर्ण हुन्छ, अनि ऊ किंकर्तव्यविमूढ हुन्छ ।

त्यसैले-

सिद्धार्थसिद्धसम्वन्धं श्रोतुं श्रोता प्रवर्तते ।
शास्त्रादौ तेन वक्तव्यः सम्वन्धः सप्रयोजनः ॥

भनिएको हो ।

यसो भएपछि तन्त्रशास्त्रले हामीलाई राम्ररी त्यस मार्गमा हिँडेर बाटो नचुके धर्म, अर्थ, काम र मोक्ष प्रदान गर्छ । यो स्पष्ट पारिदिनु हाम्रो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इमानदारी हो। तन्त्रको वास्तविक कुरा गर्दा शब्दार्थ सृष्टि, ऋषि, छन्द, देवता, विनियोग, विधि, यन्त्र र मन्त्रलाई राम्ररी हामीले जान्नुपर्छ। आजकल मात्र होइन, पहिले पनि जुन कुरालाई जसले पत्ता लगायो, त्यसको नाम जान्नु पर्ने भन्ने बढी आवश्यकताको अनुभव गरिएको थियो। गुरुपरम्परामा आश्रित हाम्रो विद्यामा शास्त्र त गुरुलाइ सम्झौटोका निम्ति मात्र निर्मित भएको छ। तन्त्रका प्रवर्तक महेश्वर भएकाले महेश्वर शिवको मुखारविन्दबाट जानेर गुरुले जुन् मन्त्र तपस्या गरी साधन गर्छन्, पहिले तिनै त्यस मन्त्रका ऋषि कहिन्छन्। मन्त्रद्रष्टालाई ऋषि भनिन्छ वेदमा पनि। जुन ऋषिले जुन देखे, जसले त्यसबाट सिद्धि प्राप्त गरे, त्यस मन्त्र अनि त्यही ऋषिको नामले प्रसिद्धि प्राप्त गर्छ। यस कुरालाई तलका दुई श्लोकले स्पष्ट पार्छ।

गौतम-

महेश्वरमुखाज्ज्ञात्वा गुरुर्यस्तपसा मनुम्।
संसाधयति शुद्धात्मा पूर्व स ऋषिरीरितः॥

अर्को ठाउँमा

येन यदृषिणा दृष्टं सिद्धिः प्राप्ता च येन वै।
मन्त्रेण तस्य तत्प्रोक्तमृषेर्भावस्तदर्थकम्॥

फेरि अन्यत्रः- ऋषयो मन्त्रद्रष्टारः।

यस उसले हामी कृतज्ञ भएर हरेक मन्त्र जप्दा मन्त्रको ऋषि, छन्द देवता भनी त्यस मन्त्रको कुन कार्यमा विनियोजन गरिने हो, त्यो उल्लेख गर्छौं।

आज काव्यको पद्यफाँट छन्दोभङ्ग गर्ने एक अभियान प्रारम्भ भयो भनी कविहरू भन्दछन्। हामी भने एकाक्षरी वीज मन्त्रको पनि छन्दस्त्य प्रतिपादन गर्छौं। झट्ट सुन्दा यो अनौठो कुरो जस्तो लाग्छ। तर वास्तविकता बुझेमा यसमा भ्रम पर्न जाँदैन। आजका कविमानीले कवितामा छन्द छाडेका छैनन्, कविताका निम्ति केही परिगणित मात्रिक र वार्णिक छन्दको नियम ज्ञानको दुरूहताले त्यो छाडेका मात्र हुन्। जति दौडे पनि पाङ्ग्राले जमिन छाडेको हुँदैन। वस्त्रले देहलाई छादन गरेझैँ शब्दलाई छादन गर्छ छन्दले। छन्दको निरुक्ति नै "छादनात् छन्दः" भन्ने छ। एउटा लय, एउटा रिदम, एउटा नाद, एउटा स्वर नभएको अक्षर हुन्छ भनी कसरी मान्न सकिन्छ र ? पछि विस्तार भएका इन्द्रव्रजा, उपेन्द्रवज्रा, शालिनी, मालिनी, स्रग्धरा र मन्दाक्रान्ता छन्दको भङ्ग गरेको रूप पाइन्छ। तर गायत्री, त्रिष्टुप्, जगति, पङ्क्ति आदि छन्द मन्त्रमा पर्न आउँछन्। ॐ एक अक्षरको गायत्री छन्द परमात्मा देवता भन्ने परम्परा जप विधिको प्राणायामको विनियोगमा गर्ने अझ लुप्त भइसकेका छैनन्। यसो गर्नाको कारण हो-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छादनाच्छन्द उद्दिष्टं सर्व छन्दोभिरावृतम् ॥
भन्ने सिद्धान्त हुनुपर्छ ।

वेदले "मन्त्रमय्यो देवताः" भनेर देवतालाई मन्त्रस्वरूप मान्ने परम्परामा अर्को नयाँ मौलिकता थपी तत्तत् मन्त्रोद्दिष्ट देवता स्विकारेर तन्त्रशास्त्रले आफ्नो देवत्वको व्याख्या यसरी गरेको पाइन्छ-

यस्य यस्य तु मन्त्रस्य उद्दिष्टा देवता तु या ।
तदाकारं भवेत्तस्य देवत्वं देवतोच्यते ॥

अर्थात् जुन जुन मन्त्रको जुन देवता उद्दिष्ट छन्, तिनको तदाकार देवत्व हुने छ र त्यही देवता कहिन्छ । मन्त्र र देयतामा यसरी तादात्म्य कायम गरिएको पाइन्छ ।

कुन मन्त्रलाई पूर्वाचार्यले कुन कर्म अर्थात् धर्म, अर्थ, काम, मोक्षमध्ये कुनमा शास्त्रीय रूपमा लगाएका छन्, तिनलाई त्यही कार्यमा योजन गर्नु विनियोग हो । एउटा मन्त्रलाई अर्को काममा लगाएर सिद्धि हुन्न । यसैले शास्त्रको आवश्यकता पर्छ । भनेको पनि छ-

पुरा कल्पे समुत्पन्ना मन्त्राः कर्मार्थमेव च ।
अनेन चेदं कर्तव्यं विनियोगः स उच्यते ॥

आगममा छन्द ऋषि देवता ज्ञानविना भन्न साफल्य हुँदैन । मन्त्रको साफल्यताका लागि छन्द ऋषि देवताको ज्ञान आवश्यक हुन्छ । यो आगम-निगम दुवैमा एक रूपले स्विकारेको पाइन्छ। आगम-निगम दुवैको वास्तविकताले यहाँ आएर एकरूपता लिन्छ। ब्राह्मणग्रन्थमा यही यसरी स्पष्ट पारेको पाइन्छ-

"यो ह वा अविदितार्षेयच्छन्दो दैवते ब्राह्मणेन मन्त्रेण याजयति वा ध्यापयति वा स्थाणु वर्च्छति गर्तं वा पद्यति प्रवामीयते पापीयान् भवति यातयामाविन्यस्य छन्दांसि भवन्ति । अथ यो मन्त्रं वेद सर्वमायुरेति श्रेयान् भवति अयातयामान्यस्य छन्दांसि भवन्ति तस्मादेतानि विद्यादृषीणां संस्थानो भवति ब्रह्मणः स्वर्गे लोके महीयते स्मरन्वा जायते पुनः ।"

कात्यायनले पनि यही कुरा भनेका छन् यसरी-

"एतान्यविदित्वा योऽधीतेऽनूब्रूते जपति जुहोति यजते याजयति वा तस्य ब्रह्म निर्वीर्यं यातयामं भवति । अनुविज्ञायैतानि, योऽधीते वीर्यवत्तरं, यो यथार्थवित्तस्य वीर्यवत्तमं भवति जपित्वा हुत्वेष्ट्वा फलं प्राप्नोति ।"

आज हाम्रो कर्मकाण्डद्वारा विहित श्रौत स्मार्त कर्म र तन्त्रद्वारा विहित तान्त्रिक जप, पाठ, पूजा आदि प्रायः निर्वीर्य र यातयाम भएका छन् । किनभने नजानी नजानी गरिने अध्ययन, जप, होम, यागको फल हुँदैन । जानेर गर्दा वीर्यवत्तर हुन्छ भने यथार्थ ज्ञान गरेर गरेको जप, हवन, याग नै वीर्यवत्तम भई सफल हुन्छ भनिएको छ । आज हाम्रा गुरुपुरोहित यथार्थविद् छैनन् अनि अल्पफल लाग्छ गरेका कर्मको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यन्त्रवारे विचार गर्दा हामीले प्रतिकृतिकुम्भ-शिला प्रतिमा गुलिका आदिसँग सम्वद्ध राखेको देख्तछौँ। धातु स्फटिकका पनि यन्त्र हुन्छन्। व्यापक परमात्मतत्त्वलाई ध्यान गर्न प्रतीकका रूपमा यन्त्रको आविष्करण भएको देखिन्छ। महर्षि पतञ्जलिले चित्तवृत्ति निरोधरूप योगमा मनलाई एकाकार वृत्ति गर्ने ध्यानको प्रयोजन अनुभव गरेर प्रतीकलाई अघि सार्दा उनले साधकलाई भने "यथाभिमतध्यानाद्वा" अर्थात् आफूलाई जुन मन पर्छ, त्यसको ध्यान गरे पनि हुन्छ। साधकले त्रिशक्तिको नवकोटी मूर्तिको प्रस्तार गरी ध्यान-अर्चनाको परिकल्पना तयार पारे। वैदिक कालका तेत्तिस देवताहरू पनि पौराणिक कालमा आएर तेत्तिसकोटी देवता भएका न हुन्। विकासक्रम देवतावादमा पनि संलग्न भएको अध्ययन गर्दा देखिन्छ। यो प्रतीक ता देवताको स्थूल रूपलाई लिएर नै प्रतिपादित गरिएको मानिन्छ।

सूक्ष्म रूपले विचार गर्ने हो भने स्वात्मा नै देवता भनिएको पाइन्छ। यो कर्ममयी अर्चनापद्धति भएको तन्त्रशास्त्रमा देवतालाई स्वात्मपरक मान्दा दार्शनिक सविद्मय परादेवताको सिद्धान्त समाहित हुन्छ। त्यस स्थितिमा विश्वरूप देवता स्वात्मा हुन्छ। स्वात्मा नै देवतामय भएकाले त्यसकै देहकल्पना न्यास बन्छ, राम्ररी तन्मयतारूप भावना नै जप मानिन्छ, चञ्चलत्व रहे पनि तन्मयतामा अप्रमाद रहोस् भनी गरिने अर्चना पूजा हुन्छ, विश्वविकल्पना जति छन्, तिनलाई आत्मामा लय गर्नु होम हुन्छ। यिनको परस्परको सम्मेलन चाहिँ तर्पण सम्झिन्छ, आत्माको स्वाश्रयताको महत्तालाई अभिषेक ठानिन्छ, उपाधिहरूका हेतुलाई आत्मामा विमर्शन गर्नु या समाप्त पार्नु चाहिँ यसका प्रयोग मानिन्छन् र मोह, अज्ञान आदि दुःखहरू दृढ रूपमा आत्मामा अस्त पारी आदि, मध्य, अन्त रहित स्वात्माको विचार गर्नु नै भजन ठानिएको छ।

यस अन्तर्दृष्टिबाट विचार गर्दा देवता, न्यास, जप, पूजा, होम, तर्पण, अभिषेक, प्रयोग र भजनको सूक्ष्मता आत्मज्ञानपरक देखिन्छ। यी माथिका कुरालाई प्रमाणित गर्न मैले तलका श्लोक उद्धरण गर्नु आवश्यक हुन आउँछ।

स्वात्मैव देवता प्रोक्ता मनोज्ञा विश्वविग्रहा।
न्यासस्तु देवतात्मत्वात् स्वात्मनो देहकल्पना ॥
जपस्तन्मयतारूपभावनं सम्यगीरितम्।
पूजा तु चञ्चलत्वेऽपि तन्मयत्वाप्रमत्तता।
होमो विश्वविकल्पानामात्मन्यस्तमयोमतः।
एषामन्योऽन्यसम्मेल भावनं तर्पणं स्मृतम्।
अभिषेकस्तु विद्या स्यादात्मैव स्वाश्रयो महान्।
प्रयोगास्युरुपाधीनां हेतोः स्वात्मविमर्शनम् ॥
सन्ध्यासु भजनं तासामादिमध्यान्तवर्जनम्
मोहज्ञानादिदुःखानामात्मन्यस्तमयो दृढम्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यी श्लोकहरू पदार्थादर्श नामक टीकामा श्री राघव भट्टले यदाहुः भनी ग्रन्थ र नाम उल्लेख नगरी उद्धृत गरेका छन्।

शब्दार्थ सृष्टिका बारेमा भन्नुपर्ने कुरा नभने त यस विषयको मुख्य कुरै छुट हुन जान्छ। यसअघि शब्द-ब्रह्मबारेमा भनिसकिएकाले त्यति अंशको यहाँ विशद व्याख्या नगरी आनुपूर्वी मिलाउन त्यस सन्दर्भको पनि छोटकरीमा उल्लेख गर्नु आवश्यक भएको लाग्छ।

आर्यहरूले आफ्ना आगम र निगममा पूर्णता कायम राख्न सृष्टि, स्थिति र संहार प्रक्रियाको व्याख्या गर्ने आवश्यकता अनुभव गरेको देखिन्छ। अनन्त ब्रह्माण्डलाई यस अनन्त आकाशमा देखेपछि आश्चर्य परेर कुतः इयं विसृष्टिः अर्थात् यो सृष्टि कताबाट ? भन्ने प्रश्न पहिले मस्तिष्कमा खेल्यो ऋषिहरूको। त्यसको दार्शनिक आधारमा आरम्भवाद, परिणामवाद र विवर्तवाद खडा भए। त्यसकै परिधिभित्र दर्शनका सिद्धान्त समाविष्ट भएका छन्। नास्तिक र आस्तिकवाद यही घेरामा फन्का मार्छन्।

आरम्भवादले असद्बाट सद्को उत्पत्ति मान्छ। अर्थात् मृत्पिण्डमा घट थिएन त्यसबाट घट हुन्छ। माटोको डल्लोमा असद् गाग्रो पछि सद् भएर खडा भयो किनभने हामीले मृत्पिण्डमा घटेको आरम्भ गर्‍यौं। न्यायवैशेषिक, बौद्ध आदि आरम्भवादी दार्शनिक हुन्। यिनीहरू असद् वस्तुको उत्पत्ति हुन्छ भन्छन्।

परिणामवाद ठिक यसको उल्टो कुरो गर्छ। ऊ सद्बाट सद् हुन्छ भन्छ। पहिले जुनकुरा त्यसमा छैन, यसलाई पछि त्यहाँबाट आविर्भाव गर्न सकिन्न भन्ने परिणामवादको सिद्धान्त छ। तिलभित्र तेल थियो, पेल्नाले त्यो तेल आविर्भाव भएको मात्र हो। बालुवा पेलेर तेल आउँदैन किनभने बालुवाभित्र स्नेह पदार्थ छैन। त्यसैले असत्बाट सत् पदार्थ हुनै सक्तैन। सत्बाट सत्को प्रादुर्भाव गर्न कारणहरू अपेक्षित छन्। तिरोभाव थियो दुधमा, घिउ मथ्नाले आविर्भाव भयो। साङ्ख्ययोग आदि यही वादका पक्षपाती छन्।

विवर्तवाद अर्को नौलो रूप प्रस्तुत गर्छ। यो असद्बाट सद् भएको पनि भन्दैन, सद्बाट सद्को उत्पत्ति पनि मान्दैन। यो अद्वैतवादमा विश्वास गर्छ। जगत् विवर्त हो, आत्मा प्रकल्पित वस्तु। विवर्त भनेको समुद्रमा पर्न गएका आवर्त अर्थात् भुमरी, तरङ्ग, बुद्बुद यो जलमा देखापर्ने विकार जलदेखि फरक पनि होइनन् र जलदेखि फरक भएर भान पनि भएका छन्। समुद्रमा उठ्ने छाल, भुमरी त्यहीँ उठ्ने गर्छन्, त्यहीँ मिल्ने गर्छन्। वास्तविक जलदेखि तिनको भेद छैन। आरम्भ भएको कुरो विनष्ट हुँदा तत् क्षणमै पूर्वरूपमा आउँदैन। घ्यू विनष्ट भएर दुध हुन्न परिणाम भएर। तर आवर्त तरङ्ग, तरङ्ग बुद्बुद हुन्छ। फेरि बुद्बुद आवर्त हुन पनि सक्तछ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वायुको कम्पनको विशेषताले। त्यसैले यो जगत् सबै विवर्त हो सविद् तत्त्वको भनी अद्वैत वेदान्तले मानेको छ।

तन्त्रको सृष्टि प्रक्रियाको अनुसन्धान गरेर अध्ययन गर्दा यहाँ शैवमतको कुनै प्रभाव स्पष्ट परेको देखिन्छ, कुनैमा साङ्ख्यको सिद्धान्तलाई समावेश गरेको पाइन्छ भने कुनैमा आफ्नोपन बेग्लै शक्तितत्त्वको प्राधान्यताद्वारा प्रतिपादित पनि भएको देखिन्छ। यहाँ यति मात्र सङ्केत गर्नु उचित ठान्छु। तुलनात्मक अध्ययन नगर्नेलाई कहाँ कसरी यो भयो भनेर सम्झाउन खोज्नु पनि दुरूह र दुष्कर कार्य हुन्छ। नेपालीमा धेरै दर्शन अब उपलब्ध भइसकेका छन्। जिज्ञासुहरूले अध्ययन गरेमा यी कुरा ज्ञात हुन्छन्।

तन्त्रमा लेखिएको सृष्टि देखाउन उपोद्घातमा यति भन्नु परेको छ। सनातन नित्य शिव निर्गुण र सगुण छन्। निर्गुण शिव प्रकृतिको सम्बन्धबाट रहित छन्। त्यसैले ती सूक्ष्म छन्। नित्य, व्यापक, सूक्ष्म, सदानन्द, निरामय, विकाररहित र साक्षी निर्गुण शिव मानिएका छन्। यही कुरा प्रयोगसारमा भनिएको वचन यहाँ उद्धृत गर्छु।

नित्यः सर्वगतः सूक्ष्मः सदानन्दो निरामयः।
विकारहितः साक्षी शिवो रोयः सनातनः॥

अझ यसलाई स्पष्ट थप व्याख्या गरेको छ नारायणीयमा।

निष्क्रयं निर्गुणं शान्तमानन्दमजमव्ययम्।
अजरामरमव्यक्तमज्ञेयमचलन्ध्रुवम्॥
ज्ञानात्मकं परं ब्रह्म स्वसंवेद्यं हृदि स्थितम्।
सत्यं बुद्धेः परं नित्यं निर्मलं निष्कलं स्मृतम्।

यसदेखि अर्का शिव सगुण या सकल भनिन्छन्। साङ्ख्यले सत्त्व, रज र तमको साम्यावस्थालाई प्रकृति भन्छ। यी तीन गुणले शबलित शिवलाई सगुण भनिएको हो। शिवतन्त्रमा प्रकृतिभन्दा धेरै तहमाथि एक कला तत्त्व मानिएको छ। त्यस कलाले युक्त शिवलाई सकल शिव भनिन्छ। साङ्ख्यले प्रकृति भन्छ भने, वेदान्तले अविद्या भन्छ। हामी त्यसलाई शक्ति भन्छौं। त्यो सकल शिवको स्वरूप र कार्यको व्याख्या यसरी गरेको पाइन्छ ग्रन्थमा।

तच्छक्तिभूतः सर्वेशो भिन्नो ब्रह्मादिमूर्तिभिः।
कर्ता भोक्ता च संहर्ता सकलः स जगन्मयः॥

यिनै सच्चिद् आनन्दविभव भएका सकल परमेश्वरबाट शक्ति प्रादुर्भाव भयो। त्यहाँबाट नाद र नादबाट विन्दुको समुद्भव हुन्छ। शक्तिमय शिवबाट विन्दु, नाद र वीजको भेद पैदा हुन्छ। विन्दु शिवात्मक, वीज शक्तिमय र दुवै को समवाय चाहिँ नाद भनिन्छ। विन्दुबाट वर्णादिविशेषरहित अखण्ड नाद उत्पन्न मानिएकाले त्यसलाई शब्दब्रह्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भनेर मानियो यस स्फोटवादमा, जो वैयाकरण-सिद्धान्तले स्विकारेको छ। त्यस मतमा शब्द र शब्दार्थका साथै शब्दब्रह्मत्व सिद्धि हुँदैन किनभने यिनले कायम गरेको मतले त्यसको जडत्वलाई स्विकारेको देखिन्छ भनी श्री लक्ष्मण देशिकेन्द्रले आफ्नो मत यसदेखि फरक गरी सर्वभूतहरूको चैतन्य नै शब्दब्रह्म हो भनी शारदातिलकमा यसरी प्रतिपादन गरेका छन्-

शब्दब्रह्मेति शब्दार्थ शब्दमित्यपरे जगुः ॥
न हि तेषां तयोः सिद्धिर्जडत्वादुभयोरपि ।
चैतन्यं सर्वभूतानां शब्दब्रह्मेति मे मतिः ॥

शब्द ब्रह्मवादले मन्त्रशक्तिको जुन महत्ता कायम गरेर वीज मन्त्रलाई महत्ता दिएको छ, तन्त्रमा त्यसबारे योभन्दा पहिले लेखिसकिएकाले त्यही प्रकरण यहाँ दोहऱ्याएर विज्ञ पाठकलाई पुनरुक्ति गरी सम्झाइरहने वृथा चेष्टा गरिएको छैन ।

परा, पश्यन्ती, मध्यमा र वैखरी रूपमा शब्दसृष्टिलाई व्याकृत गरेर प्राणीको देहको मध्यमा रहेको कुण्डलिनीस्वरूप चैतन्य वर्णात्मना आविर्भाव हुन्छ । यसपछि अर्थ सृष्टिका प्रसङ्गलाई लिएर लक्ष्मण देशिकेन्द्रले भने-

अथ विन्द्वात्मनः शम्भोः कालबन्धोः कलात्मनः ।
अजायत जगत् साक्षी सर्वव्यापी सदाशिवः ॥

यस पद्यमा शम्भुको विशेषणमा कालबन्धो र कलात्मनः भन्ने दुई विशेषण दिएको छ । काल शब्दले महाकालको पनि ग्रहण हुन्छ, जो उत्पत्ति, स्थिति, लयको सामान्य कारण पनि छ, जसलाई हामी अनादि भगवानका रूपमा मान्छौं, जो तन्त्रमा आएर महाकालको स्वरूपको व्याख्या हुन्छ र कालीको ध्यान विशेषमा महाकालसँग विपरीत रतासक्त भनी उल्लेख गरिएको पनि पाइन्छ । यहाँ काललाई-

अनादिर्भगवान् कालो नान्तोऽस्य द्विज विद्यते ।
अव्युच्छिन्नास्ततस्त्वेते सर्गस्थित्यन्तसंयमाः ॥

भनिएको पाइन्छ । यहाँ कालबन्धु भनेर हेतुहेतुमद्भाव सम्बन्धले कालात्मा भनेको हुनुपर्छ । अथवा बन्धु भनेर कालका पनि निमित्त मानेको भन्ने अर्थ पनि गरेको हुन सक्तछ ।

कसैले कालबन्धु शब्दको अर्थ ज्ञानात्मा भन्ने गरे । तिनले कश्च लश्च भनेर कादि लान्त व्यञ्जन र अ बिचमा समावेश गरेर अश्च पनि थपेर स्वरलाई पनि ग्रहण गरेर वर्णमय काल शब्दलाई परिणत पारी व्याख्या गरेको देखिन्छ । क्, ल्, ई, र म् लाई संयुक्त गरी क्लीँ यस कामवीजबाट अजायत जगत् सर्वम् भन्ने अर्थ गर्नेहरू पनि छन् । "कश्च लश्च आत्मा दीर्घकारः । ..... काल शब्देनार्क एतेन मः । यद्वा का शब्देन महाकाली मकारस्य रुद्रमूति गृहीता । तेन मकारः । एवं कामवीजमुद्धृतम् ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसरी माथि राघवभट्टले पदार्थावर्श टीकामा काल शब्दबाट कामवीज प्रतिपादित गर्नेको मतलाई पनि सङ्क्षिप्त रूपमा प्रस्तुत पारेका छन्। कसैले यसबाट मायाविच ह्रीं को उत्पत्ति मानेका छन्। यो आधार ग्रन्थबाटै बुझ्नु उपयुक्त ठानेर यहाँ यो विषय यहीँ टुङ्ग्याउँछु। कलातत्त्वका बारेमा अन्यत्र भनिसकेकाले त्यो पनि यहाँ व्याख्या गरी लम्ब्याउन चाहन्न।

यसरी सर्वव्यापी सदाशिवबाट ईशको प्रादुर्भाव हुन्छ। ईशबाट रुद्रको आविर्भाव हुन्छ। तीबाट विष्णु अनि ब्रह्मा। यो तान्त्रिक क्रममा रुद्रलाई विष्णु र ब्रह्माभन्दा पहिलो स्थान दिइएको छ। पुराणको क्रममा विष्णुबाट ब्रह्मा र ब्रह्माबाट रुद्रको उत्पत्ति मानेको छ। यसमा भेद के भयो भने सृष्टिलाई प्रारम्भ गर्ने पक्ष पौराणिक परम्पराको आधार भयो। लय अवस्थामा नित्य हो र विकृति हो, सृष्टि भन्ने सिद्धान्त भएकाले रुद्र पूर्व अवस्थामा रहे मुख्य प्रकृतिको आधारमा देवताले भन्ने तात्पर्य हो।

तत्त्व सृष्टिको प्रकरणमा सर्वसृष्टिको मूल भएको परवस्तु अव्यक्तबाट अर्थात् विन्दुबाट या शब्द ब्रह्मको विकृतदेखि महत्तत्त्वको प्रादुर्भाव हुन्छ। प्रकृतिबाट महत्तत्त्वको उत्पत्ति साङ्ख्यमा र शैवमतमा एकै जस्तो देखिए तापनि शैवमतमा यसलाई बुद्धितत्त्व भन्ने संज्ञा दिइन्छ। त्यो महत्तत्त्व सत्त्वरजतमो गुणात्मक नै हो। मन, बुद्धि, अहङ्कार, चित्तस्वरूप, अन्तःकरण चतुष्टचात्मकता भनेको कारणत्वले कार्यमा कारणको उपचार भएको हो। तन्त्रशास्त्र शिवप्रोक्त भन्ने त सर्वसाधारणलाई ज्ञान भएकै हुँदा शैवागमको दार्शनिक भूमिका मै यो आधारित छ भनी बढ्ता भनिरहनु पर्ने देखिन्न। तै पनि यहाँ ईशान शिवले भनेको श्लोक दिएर मेरो कुराको पुष्टि गर्छु-

बोद्धव्या लक्षणा सैव प्रकृतिः शक्तिजृम्भिता।
बुद्धितत्त्वम्भवेद् व्यक्तं सात्त्विकं गुणमाश्रिता॥
सैव बुद्धिमहन्नाम तत्त्वं सांख्ये निगद्यते।

अव्यक्त भनेको शब्दब्रह्म हो भनी वामकेश्वर तन्त्रले पुष्टि गरेको कुरा पनि यहाँ उल्लेख नगरी नहुने जस्तो देखिन्छ। जस्तै-

अव्यक्तविग्रहात् शब्दब्रह्मणः सर्वकारणम्।
व्यक्तसत्त्वगुणं व्यक्तं बुद्धितत्त्वमजायत।

साङ्ख्यको मतमा सत्त्व, रज, तमहरूको साम्यावस्थारूप प्रकृतिलाई अव्यक्त भनिएको पाइन्छ। शब्द साम्य भएर दर्शनमा पर्न जाने भ्रम हटोस् भन्ने खातिरले नै हामीले शब्दको परिभाषा गर्नुपर्छ ग्रन्थानुसार। नत्र भने कुरा आनकातान पर्न जान्छ। अब सृष्टिक्रममा फेरि झरेर प्रसङ्गलाई जोड्नुपर्‍यो।

अव्यक्तबाट महत्तत्त्व, महत्तत्त्वबाट अहङ्कार तीन किसिमका हुन्छन्- वैकारिक, तैजस र भूतादि। वैकारिक सत्त्वगुणात्मक अहङ्कार भएकाले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसबाट दश देवता प्रादुर्भाव हुन्छन् । ती हुन् - दिशा, वायु, अर्क, प्रचेता, अश्विनीकुमार, अग्नि, इन्द्र, उपेन्द्र, मित्र र चन्द्र । यी इन्द्रियका अधिष्ठातृ देवता भए । तैजस अहङ्कारबाट इन्द्रियहरू र पञ्चतन्मात्रा प्रादुर्भाव हुन्छन् । श्रोत्र, त्वक्, चक्षु, रसना र घ्राण पञ्च ज्ञानेन्द्रिय र वाक्, पाणि, पाद, पायु उपस्थ यी पाँच कर्मेन्द्रिय मान्छौँ । शब्द, स्पर्श, रूप, रस र गन्ध यी पञ्चतन्मात्रा पनि हामीले मानेका छौँ । शब्द तन्मात्राबाट आकाश, वायु स्पर्श तन्मात्राबाट, रूप तन्मात्राबाट तेज, जल रस तन्मात्राबाट र गन्ध तन्मात्राबाट पृथ्वीको उत्पत्ति मानिएको छ ।

यसलाई यसरी श्लोकवद्ध पारिएको पाइन्छ ।

शब्दः स्पर्शश्च रूपञ्च रसो गन्धश्च पञ्चमम् ।
तन्मात्रादेव विषया भूतादेरभवन् क्रमात् ॥
ततः समभवद् व्योमः शब्द तन्मात्ररूपकम् ।
स्पर्धात्मकस्ततो वायुस्तेजो रूपात्मकं ततः ॥
आपो रसात्मिकास्तस्मात्ताभ्यो गन्धात्मिका मही ।
ततः स्थूलानि भूतानि पञ्च तेभ्यो विराडिति ॥

पञ्चतन्मात्राबाट पञ्चमहाभूत आकाश, वायु, तेज, जल र पृथ्वीको उत्पत्तिक्रमलाई हामीले माथि प्रस्तुत गर्‍यौं । तन्त्र त अर्चनापक्षलाई बढी मीमांसा गर्ने भएकाले यसले आकाशादिको वर्णलाई पनि विवेचना गर्नु आवश्यक पर्छ । रूपरहितः स्पर्शवान् वायुः भन्ने दार्शनिक छन् र आकाशको त स्पर्श पनि हुँदैन भन्ने छन् । तिनीहरूका सामुमा आकाशको श्वेत रूप, वायुको कृष्ण रूप, अग्नि (तेज) को रक्तवर्ण, जलको अभास्वंर शुक्ल र पृथ्वीको पीत रूप हुन्छ भनी तन्त्रशास्त्र मान्छ ।

स्वच्छं वियन्त् मरुत्कृष्णो रक्तोऽग्निर्विशदं पयः ॥२१
पीता भूमिन्पञ्च भूतान्येकेका धारणो विदुः ॥
शब्दस्पर्शरूपरसगन्धा भूतगुणा स्मृताः । २२
शा. वि.१,२१, २२ ।

यसले पञ्चमहाभूतका वर्णको व्याख्या गरेको पाइन्छ ।

तन्त्रमा मन्त्र र यन्त्रको विशद विवेचना हुनुपर्छ । शब्दब्रह्मवादी भएको यस शास्त्रमा शब्दलाई मन्त्रवीज र अर्थको प्रतीकतालाई यन्त्रले व्याख्या गर्छ । आकाशको मण्डल वृत्ताकारको हुन्छ, वायुको मण्डल वृत्तको समभागमा वृत्त परिधिरेखामध्यमा छ ओटा विन्दु अङ्कित गरेको हुन्छ । स्वस्तिकाले युक्त ऊर्ध्व त्रिकोण अग्निको मण्डल मानिएको छ । स्वस्तिक भनेको परस्परमा सम्बद्ध विदिग्गत चतुर्वक्र रेखाद्वय हो । ऊर्ध्व त्रिकोण अग्नि र अधस्त्रिकोण शक्तिरूपी हुन्छ । भनेको पनि छ “ऊर्ध्व बह्निरधः शक्तिः” । अर्धचन्द्र लेखेर त्यसका दुई भागमा कमल राखिएमा त्यो जलको मण्डल बन्छ । चतुरस्रमा वज्र राखिएमा पृथ्वीमण्डल हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अघि भनिसकिएको भूत कारण भएको विन्दुतत्त्वबाट विनिर्गत शक्ति, शक्तिपदबाट शान्तिपद, त्यसपछि विद्यापद, त्यसबाट प्रतिष्ठापद, प्रतिष्ठापदबाट निवृत्तिपद उत्पन्न हुन्छ। यी पञ्चपदबाट उद्दिष्ट सृष्टयन्तर अर्को छैन। यी पञ्चकलाले सबै विश्व व्याप्त छ। वायवीयसंहिताले यो कुरालाई बताएकाले प्रमाणका लागि ती श्लोक यहाँ उद्धरण गर्नुपर्ने भो-

जस्तै-

शक्तिः प्रथमसम्भूता शान्त्यतीतपदोत्तरा ।
शान्त्यतीतपदाच्छक्तेस्ततः शान्तिपदं क्रमात् ॥
ततो विद्यापदं तस्मात्प्रतिष्ठापदसंग्रहः ।
निवृत्तिपदमुत्पन्नं प्रतिष्ठा पदतः परम् ॥
एवमुक्त्वा समासेन सृष्टिरीश्वरचोदिता ।
आनुलोम्यादथैतेषां प्रातिलोम्येन संहृतिः ॥
अस्मात् पञ्चपदोद्दिष्टान्नसृष्टचन्तरमिष्यते ।
कलाभिः पञ्चभिर्याप्तं यस्माद्विश्वमिदं जगत् ॥

शान्त्यतीत अर्थात् शक्तिदेखि निवृत्तिपदसम्म यी कलाको विस्तार भएको भन्ठान्नुपर्छ। यी नादरूपी देहबाटै उद्‌भव भएका भन्ने रहस्य बुझेमा मन्त्र शक्तिको महिमाबाट हुने परातत्त्वको विवेचना हुन जान्छ। यहाँ नाद भनेको "हकार" हुन्छ। वायु प्राणतत्त्व भएकाले यहाँ धर्म धर्मीको अभेद सम्बन्ध रहन्छ। अग्नितत्त्व 'र' सँग यसको सम्बन्ध भएकाले निगमले ॐ (प्रणवलाई) विश्वको उत्पत्तिक्रममा व्याख्या गरेको छ भने देवीप्रणव ह्रींलाई आगमले अझ बढी वैज्ञानिक रूपले यस विषयमा प्रमाणित गरेको छ। यो कुरा यसभन्दा अघिबाटै भनिसकिएको छ। यहाँ त्यसैले दोहऱ्याउने गर्दिनँ।

यो चराचर पञ्चभूतात्मक छ। चर्न नसक्ने अचर हुन् अर्थात् स्थावर हिँड्न नसक्ने। यी पर्वत, यी वृक्ष आदि अचरका भेदमा पर्छन्। चर तीन प्रकारका छन् - स्वेदज, अण्डज र जरायुज। स्वेद पसिना मान्छेको पसिना मात्र होइन, गुम्सेर निस्कने उष्माबाट पनि स्वेद पैदा हुन्छ। तीबाट जन्मनेलाई स्वेदज भनिन्छ। ती हुन् - क्रिमिकीट आदि। यी स्वेदज अयोनिज पनि हुन्। यिनको सङ्ख्या गर्दै भनेको छ प्रयोगसारमा -

किं तत्र स्वेदजा ये तु ज्ञेयास्ते चाप्ययोनिजाः
स्थिरा विवायवो भिन्नाश्चत्वारिंशत्सहस्रधा ॥

स्वेदज सङ्ख्याको परिगणन ४० हजार भनी मानिएको छ। तर २१ लाख सङ्ख्या स्वेदजको मानेर नै चौरासी लाख योनिको परिगणन भएको कुरा पनि यहाँ उल्लेख गर्नु आवश्यक पर्छ भैँ लाग्छ।

अण्डजमा पक्षी, सर्प, ग्राह, कछुवा आदि हुन्। यिनको उत्पत्ति प्रकारमा शास्त्रकार भन्छन्-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अण्डजोवर्तुली भूताच्छुक्रशोणितसंयुतात् ।
कालेन भिन्नात् पूर्णात्मा निर्गच्छन् प्रक्रमिष्यति ।

जरायुज सालमा रहेर जन्मने प्राणी मनुष्यादि हुन् । शुक्र-शोणितको संगम प्रक्रियाबाट यिनको उत्पत्ति हुन्छ । रज अधिक भए नारी, रेत अधिक भए पुरुष र रज र रेतको समतामा नपुंसक जन्मन्छ भन्ने आयुर्वेदको मत छ ।

मुख्य यो प्राणीको उत्पत्तिको प्रमुख कारणलाई दार्शनिक दृष्टिद्वारा प्रस्तुत गर्ने हो भने हामीले श्री लक्ष्मणदेशीकेन्द्रको उक्तिलाई प्रमाण रूपमा मान्नुपर्छ ।

पूर्वकर्मानुरूपेण मोहपाशेन यन्त्रितः ।
कश्चिदात्मा तदा तस्मिन् जीवभावं प्रपद्यते ॥
अर्थ मात्राहृतैरन्नपानाद्यैः पोषितः क्रमात् ॥
शा.वि.१।३१, ३२ ।

हाम्रा आचार्यहरूले देहका उपादान कारणमा वात, पित्त, कफ यी त्रिदोष र दूष्य भएका सप्तधातु छन् । ती हुन् - त्वम्, असृग्, मांस, मेदस्, अस्थि, मज्जा र शुक्र । पाँच ज्ञान गर्ने इन्द्रिय छन् - श्रोत्र, त्वग्, दृग्, जिह्वा र नासिका । कर्मेन्द्रिय चाहिँ हुन् वाक्, पाणी, पाद, पायु र उपस्थ । ज्ञानेन्द्रियका विषय शब्दादि हुन् भने कर्मेन्द्रियका विषय हुन्छन् वचनादि । मन, बुद्धि, अहङ्कार र चित्त हाम्रा अन्तःकरण ४ छन् ।

नशेन्द्रिय र मन तथा पञ्चभूत जम्मा १६ विकार हुन् । पञ्चतन्मात्रा, अहङ्कार, महत्तत्त्व र अव्यक्त यी प्रकृति हुन् । वास्तवमा प्रधान अव्यक्तबाट बनेका पञ्चतन्मात्रा अहङ्कार र महत्तत्त्वलाई पनि विकृति भन्नुपर्छ। यी सात प्रकृतिका विकृति र अरू सोह्रका प्रकृति हुन्छन् । यो अंश तन्त्रको साङ्ख्य दर्शनका आधारमा अवलम्बित छ भन्ने कुरा स्पष्ट देखिन्छ ।

यहाँ जुन विन्दु गर्भमा प्रवेश गर्छ र प्राणी हुन्छ भनेर "विन्दुरेको भवेत् गर्भम्" भन्ने कुरालाई केलाएर त्यो गर्भमा पस्ने विन्दु अग्निषोमात्मक छ भनी उभयाकार विन्दुको रूप प्रतिपादन गरेर त्यस विन्दुको दक्षिणांश सूर्य र वामांशलाई चन्द्र भनी माने । अनन्त नाडीले जेलिएको देहमा दश नाडी मानेको छ । तीमध्ये पनि मुख्य नाडी तीन छन् । वायाँ अण्डकोषबाट उठेर धनुझैँ बाङ्गिएर बायाँ नाकसम्म जाने नाडी इडा नाडी छ । दायाँ अण्डकोषबाट उठेर धनुझैँ बाङ्गिएर दायाँ नाकसम्म जाने नाडी पिङ्गला नाडी हो । इडा नाडीबाट चन्द्रमाको सञ्चार हुन्छ । पिङ्गलाबाट सूर्यको सञ्चार रहन्छ । ती दुईका माझबाट गएर ब्रह्मरन्ध्रसम्म जाने अग्निषोमात्मक, यीमध्ये पनि मुख्य नाडी सुषुम्णा नाडी छ । इडा नाडीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वर्ण शङ्खकुन्दको झैँ छ। पिङ्गला नाडीको सितरक्ताभ वर्ण छ। सुषुम्णाको रङ्ग अग्निषोमात्मक भन्ने कुरा स्वतः बुझ्नुपर्ने कुरा हो।

यी तीन नाडीका अतिरिक्त बाँकी सात नाडीका नाम हुन्- गान्धारी, हस्तिजिह्वा, सुपुषा, अलम्बुषा, यशस्विनी, शङ्खिनी र कुहू।

सुषुम्णाको पञ्चपर्व छ र तिनीहरू स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध र आज्ञा भनी मानिएका छन्। ती पञ्चपर्वबाट अनन्त नाडीको उत्पत्ति हुन्छ। यस कुरालाई यसरी उल्लेख गरेको पाइन्छ।

पूर्वोक्ता या सुषुम्णा या मध्यस्था या सुलोचने।
नाभिहृत्कण्ठतालुभ्रू मध्यपर्वसमुद्भव॥
अधोमुखशिराःकाश्चित् काश्चिदूर्ध्वमुखास्तथा।
परातिर्यगतास्याश्वत् तत्र लक्षत्रयाधिकाः॥
नाड्योऽर्द्धलक्ष सङ्ख्याताः प्रधाना समुदीरिताः।

मूलाधारमा निस्केको प्राणवायुले ती सबैलाई व्याप्त गरेर शरीर ढाकेको छ। ती पनि प्राण, अपान, उदान, समान, व्यान, नाग, कूर्म्म, धनञ्जय, कृकल र देवदत्त यी दश वायुका रूपमा रहेका छन्। बुभुक्षा र पिपासा प्राणको मनको शोक र मोह, शरीरको जरा र मृत्यु यी छ ऊर्मि अर्थात् आतिका उत्पादन हुन्। बाबुको शुक्रबाट स्नायु, अस्थि, मज्जा र आमाका शोणितबाट त्वक्, मांस, रक्त हुने हुनाले शरीरलाई षाट्कौषिक भन्ने चलन छ।

पूर्वजन्मको शुभाशुभ भोग्न गर्भमा जीवले बस्नुपर्छ। त्यहाँ बस्ता भोगेको क्लेशले बडो अलापविलाप पर्नुपर्छ उसलाई। सर्वव्यापिनी, चैतन्यरूपा दिक्कालबाट अनवच्छिन्ना परापर विभागले रहेको शिवको सन्निधि पाएर नित्यानन्द गुणको उदय भएकीलाई पराशक्ति भनिन्छ।

योगीको हृदयकमलमा नाच्ने, सर्वभूतहरूका आधारमा विद्युत्को आकृतिजस्तै भएर स्फुरण हुने ती शङ्खको आवर्तक्रमले सबैलाई ढाकेर कुण्डलीभूत सर्पझैँ भएर अर्थात् गुडुल्किएको सर्पको बान्कीले रहन्छिन् -

सर्वदेवमयी देवी सर्वमन्त्रमयी शिवा।
सर्वतत्त्वमयी साक्षात् सूक्ष्मात्सूक्ष्मतरा विभुः॥
त्रिधाम-जननी देवी शब्दब्रह्मस्वरूपिणी।
द्विचत्वारिंशद्वर्णात्मा पञ्चाशद्वर्णरूपिणी॥

भनेर यिनको व्याख्या गरेर वर्णन गरेको छ। यसबाट हामी सृष्टिक्रममा अघि भनिएको शब्दब्रह्मवादलाई यहाँ आएर उपसंहार गर्छौं। द्विचत्वारिंशत् वर्णमयी भनेको भूतलिपी, मन्त्रमयी भनेको र पञ्चाशद्वर्णमयो भनेको मातृकामयी भनेको हो।

सूर्य, सोम र अग्नि त्रिधामजननी देवी जब वर्णरूपी हुन्छिन्, सर्वगात्रमा तिनलाई गुणित गरेर कुण्डली परदेवता भइरहन्छिन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विश्वात्मना प्रबुद्ध भएपछि मन्त्रमय जगत्को सृष्टि गर्छिन्। एकद्वयादि विशेषाकारेण शब्द सृष्टि हुँदा सबै विश्व जो शब्दार्थ रूपले प्रवर्तित हुन्छ, तदुत्पादिका शक्ति एकधा गुणित हुँदा वेदजीव प्रणव ॐ, श्री बीज श्रीं, शक्तिबीज ह्रीँ, कामवीज क्लीँ इत्यादि वीजहरू उत्पन्न गराइन्छन्।

यही वीजका विभिन्नतामा मन्त्र र देवताका वैचित्र्य कायम गरिएको पाइन्छ। यस ब्रह्ममयी कुण्डलिनीबाट शक्ति जन्मन्छ। त्यसबाट ध्वनि, त्यसबाट नाद, त्यसबाट बिन्दु, त्यसबाट परा अनि पश्यन्ती, मध्यमा र वैखरी रूपले शब्द जन्मन्छ। इच्छाज्ञानक्रियात्मा यिनै कुण्डलीबाट वर्णमालाको सृष्टि हुन्छ। यिनै वर्णदेखि कला रुद्रादिको पनि क्रमशः सृष्टि हुन्छ। यसको निचोड के भो भने-

ज्ञाता वर्षाः यतो विन्दोः शिवशक्तिमयादतः।
अग्निषोमात्मकास्ते स्युः शिवशक्तिमयाद्रवेः।
येन सम्भवमापन्ना सोमसूर्याग्निरूपिणः ॥ ११७ शा.ति.प्र.प्र.

हामीले तन्त्रशास्त्रमा मन्त्रको रहस्यलाई नबुझी जुन आफ्नै तर्क र मान्यता बनाएका छौं। त्यो आफ्नो शास्त्रको विषयवस्तुको अज्ञानजन्य भ्रान्ति मात्र साबित हुन थालेको फेला पर्छ।

सुषुम्णाको रन्ध्रबाट निस्केको वायुले प्रेरित भएर कण्ठ, तालु, मूर्धा, दन्त, ओष्ठ आदि कारणबाट क्रमले वर्णको आविर्भाव हुन्छ। यीमध्ये स्वर अकारादि विसर्गान्त वर्ण सौम्य वर्ण हुन् अर्थात् चन्द्रमाबाट निस्पन्न अक्षर हुन्। स्पर्श अर्थात् ककारदेखि मकारसम्मका वर्ण सौर हुन् अर्थात् सूर्यबाट सम्पन्न हुने वर्ण हुन् र य देखि क्ष सम्मका वर्ण आग्नेय वर्ण मानिन्छन्। यसरी सोम, सूर्य र अग्नि देवता भएका यी सबै वर्ण भए। स्वर सोह्र छन्। स्पर्शान्त पच्चिस छन्। क ख ग घ ङ च छ ज झ ञ ट ठ ड ढ ण त थ द ध न प फ ब भ यी चौबिस प्रकृत्यादि तत्त्वमय र म अक्षर पुरुष हो। मकारलाई "अन्त्य आत्मा रविः स्मृतः" भनिएको छ। त्यसैले सबैले वीजमा विन्दुरूप मकारको योग भएर पुरुषैक्य ती तत्त्वको हुन्छ भन्नुपर्छ। मकार विन्दुरूपले रहन्छ र "विन्दुः पुमान् रविः प्रोक्तः" भनेर मानिएको पनि छ। यकारादि क्षकारान्त दूष्यमा रहने हुँदा यी व्यापक छन्। दूष्य भनेर हामीले सप्तधातुलाई अगावै भनिसकिएको छ। ह्रस्व स्वर - अ इ उ ऋ लृ ओ यी शिवमय पुरुषरूप र दीर्घ स्वर - आ ई ऊ लॄ ऐ औ यी शक्तिमय स्त्रीरूप हुन्। विन्दु रवि र पुरुष हो। विसर्गः चाहिँ शक्ति र सोम मानिन्छ। ह्रस्व - अ ई उ ऋ लृ पिङ्गला नाडीमा रहन्छन्। इडामा दीर्घ आ ई ऊ ॠ लॄ रहन्छ र ए ऐ ओ औ यी चार सुषुम्णा नाडीमा रहन्छन्। यिनलाई नपुंसक वर्ण भनिएको पनि छ। व्यञ्जनको व्यक्तित्व स्वरविना कायम हुँदैन। त्यसैले-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शिवशक्तिमयात्प्राहुस्तस्माद्वर्णान्मनीषिण: ।
भन्ने कुरा प्रमाणित हुन जान्छ ।

कारणावच्छिन्न शक्तिसमवाय भएको बिन्दुबाट अकारादि क्षकारान्त वर्ण समुदायको समुद्भव भएको छ । त्यसैले प्रसिद्ध वर्णमालालाई अक्षमाला र मातृका पनि भनिन्छ । यी वर्ण भूतात्मकतत्त्वपरक छन् । अ आ ए क च ट त प य ष वायवीय वर्ण हुन् । इ ई ऐ ख छ ढ थ फ र क्ष यी आग्नेय वर्ण हुन् । उ ऊ औ ग ज ड द व ल आदि यी पार्थिव वर्ण मानिन्छन् । ऋ ॠ औं ध झ ढ ध भ व आदि जलीय रूप हुन् । वर्णका र अं अ: ङ य ण न म श ह यी अक्षर आकाशीय मानिएका छन् ।

आचार्यले यसबारे भनेका पनि छन् -
उ ऊ औगादि लला को नसौ चतुर्थणिकावसौ वाराम् ।
दृष्यै (ष्टी) द्वितीय रक्षा वह्ने र द्वन्द्वयो निकादि य षा ।
मरुत कपोल: विन्दुक पञ्चम वर्णा: शहौ तथा व्योम्न: ॥

कलाहरू पनि वर्णमयी छन् । मातृका वर्णभेदबाट सबै मात्र प्रादुर्भाव भएका हुन् । देवता मन्त्रमयी हुन्छन् भनेर मानिएको छ । यसरी तन्त्रको प्रारम्भिक विषयवस्तुमा हामी सृष्टि अनुलोम र संहार विलोम प्रक्रियाबाट भएको पाउँछौं । दर्शनले परमाणुबाट द्यणुक क्रमले पृथिवीको उत्पत्ति हुन्छ भने त्र्यणुक द्वयणुक भई परमाणु भएपछि विनाश हुन्छ भनेको पाइन्छ । वास्तवमा सूक्ष्मतत्त्वबाट सृष्टि प्रारम्भ हुँदा कोही परमाणुसम्म सूक्ष्मतम पार्दै गए भने कसैले प्रकृति पुगे कसैले शक्तितत्त्वमा गएर झन् सूक्ष्मातिसूक्ष्म तत्त्वलाई सृष्टिको आदि विन्दु माने ।

तन्त्रशास्त्रको रहस्यभूत प्रक्रियामा मन्त्र, यन्त्र आदि जुन छन्, त्यताबाट हामी यस विधालाई ज्ञानकर्मपद्दिभन्दा उपासनामा जोड दिने प्रक्रियामा आधारित मानेको पाउँछौं । यो मार्ग भुक्तिमुक्तिपरक छ भन्ने सिद्धान्तलाई हामीले सुरथ र समाधि वैश्यको उपाख्यानबाट ज्ञात गर्न सक्तछौं, जसको माध्यमबाट सप्तशतीको भूमिका प्रस्तुत भएको छ । यहाँ वैश्यले ज्ञान प्राप्त गरी मोक्ष उपलब्ध गरे उपासना मार्गद्वारा । ब्राह्मण र क्षत्रियको मात्र ज्ञानमार्ग हो भन्ने कुरालाई त्यस प्रसङ्गले हटाइदिन्छ । मन्त्रदीक्षामा स्त्रीलाई पनि पूर्ण अधिकार प्रदान गर्छ दक्षिणमार्गले भने तन्त्रको वाममार्गले वेदबाट बहिष्कार गरिएका चाण्डालादि जातिलाई पनि अग्रसर पारी प्रमुख स्थान दिएको छ ।

तन्त्रको रसायनले हिन्दुजातिलाई नयाँ सांस्कृतिक मोड दिएको तथ्यलाई इतिहासले स्विकार्नुपर्छ । वैदिक ब्राह्मण र वेदविरोधी बौद्धहरूलाई मिश्रित पारेर तन्त्रले एकाकार बनायो । महायान प्रक्रियाले बुद्धलाई पञ्चबुद्ध मानी वज्रयोगिनी आदि शक्तिको पनि आविष्कार गरेर साधकलाई सिद्धिमार्गमा अग्रगामी गरायो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यदि तन्त्रले अर्चना-प्रक्रियालाई विशद बनाएर उपासनाको त्यो साकारता देवतामा नल्याएको भए यतिका सौम्यरूप र अत्यन्त घोररूपका देवताका परिकल्पना हुनै सक्ने थिएनन्। त्यो के का लागि भयो भन्दा अनुग्रह र निग्रह दुई ईश्वरमा रहने वैशिष्ट्य प्रतिपादन गर्न खडा गरिएका सिद्धान्त थिए। तन्त्रले शैवदर्शनलाई अवलम्बन गरेको छ। साङ्ख्य दर्शनलाई आत्मसात् गरेको छ र वैयाकरणको शब्दब्रह्मवादलाई आफ्नो रूपले अङ्गीकार गरेको छ।

तन्त्रको समदर्शित्वलाई अघोर कापालिकहरूले सीमातिक्रमण गरे विष्टा र मान्छेको मासु खाएर। स्त्रीलाई सहधर्मिणी गरी यज्ञसँग सम्बद्ध गरेर पत्नीत्व दिएकोमा सीमातिक्रमण गरी योनिपूजामा लगेर परिणत गरे तान्त्रिकहरूले। अति भयो वाममार्गको बाह्याडम्बर र यसको पतन भयो। जे-जति गए साधनाका उग्र प्रक्रियाहरू अब त्यसलाई दोहऱ्याउने वेला बितिसकेको छ। त्यो यातयाम भइसके झैँ लाग्छ। अर्थात् भन्न खोजेको मैले के भने शवासन गरी विपरीत रतासक्त भएर सिद्धि प्राप्तिका लागि साधकले जुट्ने दुराग्रह छाड्नुपर्छ। त्यो त्यसवेला पनि मेरो विचारमा विकृति रूपमा भएको थियो भने अबलाई गुरुको अभावमा आगमको त्यो रहस्य नबुझी त्यसतर्फ लैजाने दुराग्रहीलाई हामीले सम्झाउनुपर्छ। त्यही उद्देश्यले मैले यो प्रारम्भिक विषयवस्तुलाई यहाँ प्रस्तुत गरेँ।

मनुष्यलाई यो विचित्र संसारको स्वरूप देखेर जुन आश्चर्य भयो, जुन कुरालाई उसले जान्न चाह्यो, यसको उत्पत्तिको मूल कारण फेला पार्न खोज्यो। पहिले आफूलाई चिनूँ भन्ने जिज्ञासामा दर्शन जन्मे। ती दर्शनले आफ्नो उत्पत्तिको प्रक्रिया प्रस्तुत गरे। अनि तन्त्रले आफ्नो विशाल विश्व खडा गर्न आधारभूत दर्शनलाई प्रस्तुत नगरी कसरी होला र ? उसले वर्णमातृकालाई लिएर मन्त्र बनायो भने ती अक्षरमा वीज पायो कामकलाको। तिनै अक्षरमा माया वीज देख्यो। तिनको ध्यान गऱ्यो, रूप दियो कामेश्वरीको र महाकालीको। शिवतत्त्वमा भैरवले अनेक रूप लिए। उनी उन्मत्त भैरव भए, संहार भैरव बने। यदि तन्त्रको प्रारम्भिक विषयवस्तु बुझेन भने उसले तन्त्रको रहस्य बुझ्दैन। उसले बाह्याडम्बर गरेर समाजलाई दूषित पार्न सक्तछ। त्यसैले आज यति यहाँ प्रस्तुत गरेको छु। यो क्रमशः अगाडि बढाउँदै लैजाने विचार छ। अस्तु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द्वितीय पटल

तन्त्रमा दर्शन र दीक्षाको सम्बन्ध

तन्त्रमा पनि दार्शनिक सिद्धान्तको आधार छ भनी तन्त्रशास्त्रका विद्यार्थीसम्मलाई थाहा नभएको कुरा होइन। अझ यसले शिव र शक्तिको अविनाभाव सम्बन्ध कायम गरी अद्वैत सिद्धान्तमा एउटा नयाँ प्रकाशपुञ्ज थपेको छ। हामीले तीन तत्त्वको स्वरूपलाई बेग्लाबेग्लै पाराले अन्वेषण, अनुसन्धान र विमर्श गरेर शास्त्रीय रूपले प्रतिपादन गरी स्थिर सिद्धान्त कायम गरेका छौं। ती तीन तत्त्व हुन्- भूत भौतिक पदार्थ, आत्मिक तत्त्व र दैविक विषय। अर्थकामौ पुरुषार्थौ भन्ने आधिभौतिक सिद्धान्तको लक्ष्य नभएको होइन हामीकहाँ। फेरि अध्यात्मवादको परिपुष्टि गर्नेहरूको चरम पुरुषार्थ हुन्छ मोक्ष। तर मनुष्यको आधिदैवी प्रवृत्तिको विकसित रूप धर्मले लिएर समाजमा संस्कृति र सभ्यताको स्वरूप निर्धारण गऱ्यो। यसलाई समर्थन गर्ने कला र साहित्यको मुख्य भूमिका रहेको स्पष्ट प्रतीत हुन्छ। आज स्थापत्यकलामा मन्दिर, मस्जिद र चर्च, पिरामिड र गुम्बास्तूपहरू छन् भने मूर्तिकला सौम्यरूप र अत्यन्त घोररूपका प्रतिमा कथेर, कुँदेर र ढालेर कलाकारले भावना साक्षात्कार गरी प्रस्तुत गरे। चित्रकलामा पनि देवताको सूक्ष्मातिसूक्ष्म रेखाङ्कन गरिएको पाइन्छ। प्रतीक रूपमा अमूर्तता स्फुरण पार्ने चेष्टा गरियो। धार्मिक साहित्यको विशाल भण्डारले धर्मलाई स्थायी पार्न चारित्रिक विशेषता औंल्याएको छ। समाजमा दैविक प्रभावले हृदयलाई यति छाप छाडेर मुटु अँठ्याएको छ भनी साध्य छैन। हृदय कमलमध्येमा देवताको वास भनेर जानिबुझीकनै भनेको जस्तो लाग्छ।

भौतिक जगत्का महापुरुषहरू भौतिक पदार्थको सत्यस्वरूप त्यसको यथार्थ ज्ञान र त्यसको अनन्तताको परामर्शमा नै कुहिराको कागझैं रुमलिरहेछन्। अध्यात्मवित् महात्माहरू आत्मिकतत्त्वको सत्य, ज्ञान र अनन्तताको अनुभव गर्न अनेक मार्गलाई माध्यम पारी साध्यतत्त्वमा आइपुग्दा दु:ख निवृत्ति आनन्दावाप्ति भनेर सिद्धान्त स्थिर पार्न आफ्नो तर्क प्रस्तुत गरी जुट्तछन्। दैविकवादमा रहेको विभेदले सत्य, यथार्थ ज्ञान र अनन्ततालाई नै साध्य पारिदिएको छ शक्ति साहचर्य लिएर।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ब्रह्माण्ड ब्रह्मबाट निर्मित र ब्रह्मको लक्षण गर्दा वेदले "सत्यं ज्ञानम् अनन्तं ब्रह्म" भनेको छ। यो लक्षण गर्दा परम अणुदेखिन् परमेश्वरसम्म कुनै तीन दोष अव्याप्ति, अतिव्याप्ति र असम्भव पर्दैनन् र लक्षण समन्वय हुन्छ। जुन कुरालाई विचार विमर्श गर्दा तीनोटै वाद, जुन आधिभौतिक, आध्यात्मिक र आधिदैविक हुन्, तीन त्यति असामञ्जस्य फेला परेझैं लागेन। हामी सौर परिवारमध्ये पृथ्वीमा बस्ने सर्वश्रेष्ठ प्राणी पुरुष छौं। हामीले वेदका वाणीमा "पुरुष एवेदं सर्वं यत्भूतं यच्चभाव्यम्। उताऽमृत त्वसेशानो यदन्नोनातिरोहितम्" भनी आफ्नो स्तुति गऱ्यौं भने महाभारतमा "नहि मनुष्याच्छ्रेष्ठतरं हि किञ्चित्" भनी सिद्धान्त स्थिर पाऱ्यौं। हुन पनि पृथ्वीमा मान्छेभन्दा ठुलो बडो कोही छैन।

आधिभौतिक दृष्टिले सूर्य तेजोराशि छन् भने आध्यात्मिक रूपमा "सूर्य आत्मा जगतस्तस्थुषश्च" भनेको पाइन्छ र आधिदैविक दृष्टिमा उनको ध्यानमा "ध्येयं सदा सवितृमण्डल मध्यवर्ती नारायण सरसिजासनसन्निविष्टः। केयूरवान् मकरकुण्डलवान् किरीटी हारिहिरण्मयवपुर्धृ तशंखचक्रः" हुन्छ। तर सूर्य को सत्यता, यथार्थ ज्ञान र अनन्ततामा ब्रह्म सिद्धान्त छ जुनसुकै वाद लिए पनि। वास्तवमा यहाँ आएर यो पद्यले भनेको कुरा दोहऱ्याउँदै तेहऱ्याउँदै भन्नु बुद्धिमानी ठहरिन्छ -

रुचीनां वैचित्र्यादृजुकुटिलनानापथजुषां
नृणामेकोगम्य स्त्वमसि पयसामर्णव इव॥

यी तीन सिद्धान्त साथै लिएर हाम्रो धर्मार्थकाममोक्ष चार पुरुषार्थ सार्थक हुन सक्तछन्। अर्थलाई शारीरिक र कामलाई मानसिक तृप्तिका निम्ति आवश्यक नमानी हुन्न। "आहार स धर्माणो हि कामाः शरीरस्थिति हेतुत्वात्" भन्ने महर्षि वात्यायनले मानसिकको ग्रन्थिलाई अति सूक्ष्मरूपले फेला पारेर फुकाउन खोजेका हुन्। मोक्ष अध्यात्मवादको चरम पुरषार्थ हुन्छ भने प्रथम पुरुषार्थका रूपमा प्रस्तुत धर्म आधिदैविक सिद्धान्तको प्रस्फुरण मान्नुपर्छ। हामी चतुर्वर्ग पुरुषार्थका साधकहरूका तीनै वाद परस्परका पूरक हुन्छन् सन्तुलन मिलाएर साधनका रूपमा प्रयोग गर्दा।

यहाँ यद्यपि सबै शास्त्रको चरम उपादेय विषय हुन्छ मोक्ष, त्यसको प्रतिपक्ष भएको संसार हुन्छ हेय। संसारको निमित्त हो मिथ्याज्ञान, तत्त्वज्ञान त्यसको विनाशको कारण हुन्छ। यो सब वादीहरूले स्विकारेका कुरा हुन्। तत्त्वज्ञानको साक्षात्कार भएपछि अज्ञान हट्न गएर मोक्ष प्राप्ति हुन्छ। यस कुरामा कुनै विवाद छैन भनी तन्त्रले पनि सबैसँग सहमति कायम गरेको छ। तथापि तन्त्रशास्त्र के भन्छ भने ती वादीहरूले एकनियत ज्ञान र अज्ञानको स्वरूप ज्ञात गर्न सकेनन्।

भ्रमयत्येव तान् माया ह्यमोक्षे मोक्षलिप्सया।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात् अमोक्षमा मोक्षको लिप्सा गर्ने तिनीहरूलाई मायाले भ्रमण गराइदिन्छिन्। यसो सम्झँदा त तिनीहरूले अभ्युपगत मोक्ष मोक्ष नै हुँदैन। यो देखाउन शास्त्रान्तर वैलक्षण्यद्वारा यो शास्त्रको आवश्यकता कायम हुन जान्छ। समस्त शास्त्रले अज्ञानलाई संसृतिको हेतु र ज्ञानलाई मोक्षको कारण भनेको छ। तापनि तन्त्रशास्त्रले भने अज्ञानमललाई संसाराङ्कुरको कारण भनेको छ। यहाँ अज्ञान र मलको परिभाषा सम्बन्धमा यस्तो अर्थ गरेको पाइन्छ-

अज्ञान अर्थात् तिमिर पारमेश्वर स्वातन्त्र्य मात्र समुल्लासित स्वरूपलाई गोपन गर्ने; आत्मानात्मको अन्यथा अभिमान स्वभाव, अपूर्णज्ञानरूप तत्त्व, त्यही आणवमल संसाराङ्कुरको कारण हुन्छ। भनेको पनि छ-

स्वातन्त्र्यहानिर्बोधस्य स्वातन्त्र्यस्याप्यबोधता।
द्विधाणवंमलमिदं स्वस्वरूपापहानितः॥

बोधको स्वातन्त्र्यहानिरूप एक र स्वातन्त्र्यको अबोधतारूप अर्को गरी आणवमललाई दुई भेद मानेको छ। योद्वारा स्वस्वरूपको अपहानि हुने हुन्छ। मायाको यही प्रसङ्गमा व्याख्या गर्दा शास्त्रले यस्तो परिभाषा गरेको पाइन्छ- भिन्नवेद्यप्रथाऽत्रैव मायाख्यम्।

अर्थात् माया भनेको भिन्नवेद्य प्रथा हुन्छ। मायीयमल नै अर्थात् कर्मसम्बन्धी मल नै संसारको कारण मानिएको छ। यो मालिनी विजयोत्तरमा स्पष्ट पारेको फेला पर्छ। जस्तै-

संसारकारणं कर्म संसाराङ्कुर उच्यते।
मलं कर्मनिमित्तं तु नैमित्तिकमतः परम्।

यसरी अज्ञानको परिभाषामा आएको भिन्नतात्मकस्वरूपले गर्दा तन्त्रशास्त्र प्रवृत्त भएको छ। यी सबै कुरा पेटमा राखेर तन्त्रालोकको प्रारम्भ गर्ने अभिनवगुप्तले प्रथमाह्निकमा यी दुई कारिका लेखे-

इह तावत्समस्तेषु शास्त्रेषु परिगीयते।
अज्ञानं संसृतेहेतुर्ज्ञानं मोक्षैककारणम्। १।२२
मलमज्ञानमिच्छन्ति संसाराङ्कुरकारणम्।
इति प्रोक्तं तथाच श्री मालिनीविजयोत्तरे॥ १।२३

पौरुषबोधात्मकत्वले अज्ञानको द्वैविध्य कायम भए पनि यहाँ पौरख अज्ञानको निवृत्ति नै विवक्षित गरिन्छ। किनभने दुरध्यवसायरूप बुद्धिस्थ अज्ञान कर्मको कारण हुन सक्तैन। कर्मको कारण शरीर नै हुन्छ। शरीर चाहिँ कार्यकारणात्मक छ, बुद्धि चाहिँ केवल कारणान्तःपाती हुन्छ। हुन पनि

शरीरभुवनाकारो मायीयः परिकीर्तितः।

भनेर शास्त्रले सिद्धान्त गरेको छ। शरीरको सम्भावना निरास नभई संसारको निवृत्ति हुँदैन। अनि कसरी मोक्ष हुन्छ र। बुद्धिस्थ अज्ञान मात्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

निवृत्ति हुँदा त बौद्ध ज्ञानको उदय हुन्छ । त्यो शुद्ध विकल्पात्मक भए पनि सबै विकल्प संसार भनेर स्वीकृत गरेर भनेको पाइन्छ-

सर्वो विकल्पः संसारः........ संसाराविर्भावकत्व छँदाछँदै कसरी संसारोत्तरकालिकमोक्षस्थिति प्राप्त होला । विकल्पपरमार्थ परक नै भए पनि त्यसमा अवलिप्त हुनुहुन्न । शुभ या अशुभ विकल्पमा मोक्षार्थीलाई केही भेद रहँदैन । दुवै बन्धकारण हुन्छन् । यही कुरालाई स्पष्ट पार्छ यो कारिका-

परमार्थविकल्पेऽपि नावलीयेत पण्डितः ।
को हि भेदो विकल्पस्य शुभे वाऽप्यथवाऽशुभे ॥

यसो हुँदा बौद्ध अज्ञान मात्र निवृत्तिबाट मोक्ष हुन सक्तैन, पौरुष अज्ञान दीक्षादिद्वारा निवृत्त भएमा यदि बौद्ध ज्ञानको उदय हुन्छ भने त्यस वेला त्यो ज्ञानलाई पनि जीवन्मुक्तिप्रति कारणत्व प्रदान गर्न सकिन्छ । केवल बुद्धिस्थ अज्ञान हटी बौद्ध ज्ञानले मात्र केही पनि कुरा मोक्षका बारेमा हुन सक्तैन । पौरुष ज्ञान चाहिँ अन्यनिरपेक्ष भएर नै मोक्षको कारण हुन्छ । जुन कुरा भनेको पनि छ-

पाशाश्च पौरुषाः शोध्या दीक्षायां न तु धीगताः ।
तेन तस्यां दोषवत्यामपि दीक्षा न निष्फला ॥

अर्थात् पुरुषसम्बन्धी पाशलाई दीक्षाले संशोधन गर्नुपर्छ, बुद्धिगत अज्ञानलाई होइन । पौरुषपाश शोधन भएमा बुद्धि दोषवती भए पनि दीक्षा निष्फला हुन्न । त्यो ज्ञानमात्र स्वभाव, अख्यातिको अभाव नै पूर्णाख्याति हो । त्यही नै प्रकाशानन्दघन आत्माको तात्त्विक स्वरूप हो र त्यसको स्फुरण नै मोक्ष हो । यस तात्पर्यलाई अभिनवगुप्तले एक कारिकामा यसरी स्पष्ट पार्ने चेष्टा गरे -

विशेषणेन बुद्धिस्थे संसारोत्तरकालिके ।
सम्भावनां निरस्यैतदभावे मोक्षमब्रवीत् ॥ १।२४

माथि भनिएका कुराबाट अज्ञान भनी अपूर्ण ज्ञानको व्याख्या गरिएको छ । यस अपूर्ण ज्ञानको सट्टा ज्ञानाभावमात्र अज्ञानको अर्थ हो भन्न नपाउनु किन ? भन्नेहरूलाई हामीले तिनको भनाइलाई असङ्गत कसरी भन्ने ? प्रश्नको समाधान गर्नुपर्छ -

कुनै कुराको लक्षण गर्दा अव्याप्ति, अतिव्याप्ति र असम्भवदोष पर्नु हुन्न भन्ने विवेचना न्यायशास्त्रले गर्दा त्यही परिधिभित्र उसले नयाँ बाटो निकालेर लक्षण समन्वय गर्ने परिपाटीको विकासमा नव्यन्यायको प्रस्थान खडा गरेको छ । त्यो मार्ग हामीलाई अनुपयोगी हुन्न, दोषत्रयरहित लक्षण सर्वसम्मत हुन्छ । यस कसीमा अज्ञान भनेको ज्ञानभाव भन्ने लक्षण घोट्ता अतिव्याप्ति दोष पर्छ किनभने लोष्टादि ज्ञानको अभाव पनि अज्ञान हुने हुँदा र त्यसको ज्ञानाभावले संसारको संस्मृति हुने होइन । त्यसैले अज्ञान शब्दको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थ अपूर्ण ज्ञान भन्ने नै गर्नुपर्छ। यही कुरालाई अभिनवगुप्तले यसरी श्लोकाकारमा निबद्ध गरे-

अज्ञानमिति न ज्ञानाभावश्चाति प्रसंगतः
सहि लोष्टादिकेऽप्यस्ति न च तस्यास्ति संसृतिः । १।२५
अतो ज्ञेयस्य तत्त्वस्य सामस्त्येनाप्रथात्मकम् ।
ज्ञानमेव तदज्ञानं शिवसूत्रेषु भाषितम् ॥ १।२६

अर्थात् ज्ञेय तत्त्वलाई सर्वत्र एकाकाररूपत्वले भान नभई यो घट, यो सुख भनी बाह्य र अन्तःपदार्थहरूको द्वैताकारले ज्ञान हनु नै अपूर्ण ज्ञान हो र त्यही अज्ञान हो। ज्ञानाभाव अज्ञान होइन। यही कुरा शिवसूत्रमा चैतन्यमात्मा, अज्ञानंच बन्धः भनेर स्पष्ट पारेको पाइन्छ।

"चेतयति इति चेतनः पूर्णज्ञानक्रियावान् तस्यभावः 'चैतन्यं' पूर्णज्ञान क्रियावत्वं, तदेव च परमैश्वर्यस्वभावं स्वातन्त्र्यम्" भनी चैतन्यको अर्थ गरेकाबाट हामीले आत्मतत्त्वबाहेक त बुद्धि गर्नु नै अज्ञान हो। वास्तवमा अद्वैततत्त्व नै शास्त्रद्वारा प्रतिपाद्य विषय छ। द्वैतप्रथा नै अज्ञान तुच्छ कुरा भएकाले त्यसैद्वारा बन्ध हुने हुँदा त्यसकै समुच्छेदन गर्नुपर्छ भन्ने हाम्रो शास्त्रको तात्पर्य हो। हुन पनि

द्वैतप्रथा तदज्ञानं तुच्छत्वाद् बन्ध उच्यते ।
तत एव समुच्छेद्यमिति .... ।

द्वैतप्रथा मलत्रयात्मक छ, किनभने शुभाशुभवासना-शरीर भुवनकार स्वभाव विविध सङ्कुचित ज्ञानरूप भएकाले अपूर्ण ज्ञान हुन्छ। त्यसैले त्यो नै बन्ध भनिन्छ। बन्ध भएर नै त्यसलाई समुच्छेदन गर्नुपर्छ। शास्त्रकारले त्यसैले यसो भनेको हुनुपर्छ-

मलं कर्म च मायीयमाणवंमखिलं च यत् ।
सर्वं हेयमिति प्रोक्तं ......

हाम्रो तन्त्रशास्त्रमा पनि चरम पुरुषार्थ त मोक्ष नै मानिन्छ। त्यसो भए पनि मोक्षको निरूपण गर्नुपर्ने भयो। तर हामीहरू मोक्षको बेग्लै लक्षण गर्नु उपयुक्त ठान्दैनौं। आत्मज्ञान नै मोक्ष भन्ने कुरामा विवाद छैन। यसो भएपछि जुन आत्माको लक्षण हो, त्यही मोक्षको लक्षण हुन्छ, पृथक् लक्षण गर्नुपर्दैन। यही कुरालाई यस श्लोकले प्रमाणित गर्छ-

मोक्षो हि नाम नैवान्यः स्वरूपप्रथनं हि सः ।
स्वरूपं चात्मनः संविद् .... ॥

मोक्षका बारेमा विभिन्न मतमतान्तर छन्। प्रकृतिप्रभाश्वर चित्त अनादि अविद्यावशबाट आगन्तुक रागादिमलद्वारा आवृत्त हुँदा संसारको आविर्भाव हुन्छ। भावनादि रूपमार्गको अनुष्ठान बलबाट तत्तद् आगन्तुक मलहरूको प्रहाण भई आश्रय परावृत्ति भई अविनश्वर ज्योतीरूप स्वरूपको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अभिव्यक्ति हुन्छ । त्यही नै मोक्ष हो भनेर योगाचारमतावलम्बी बौद्धले भने यही कुरा कारिकाले देखाएको छ यसरी-

रागादि कलुषं चित्तं संसारस्तद्विमुक्तता ।
संक्षेपात् कथितो मोक्षः प्रहिनावरणैर्जिनैः ॥
प्रभास्वरमिदं चित्तं प्रकृत्यागन्तवो मलाः ।
तेषामपाये सर्वार्थं तज्ज्योतिरविनश्वरम् ॥

तर यी माथि भनेका बौद्धका कुरामा सङ्गति मिल्दैन र मान्यता प्रदान गर्न पनि सकिन्न । भावनाद्वारा चित्तकषाय प्रहाण हुन्छ भनी भावनालाई कारण ठानेको छ यहाँ । तर क्षणक्षयी चित्तक्षणहरूमा विशेषता ल्याउन भावना सक्षम हुन पाउँदैन किनभने भावना स्थिरैकाश्रयगत भएर नै विशेषाधानक्षम हुन्छ । स्थायी तिलादि पदार्थ स्थायी पुष्पादि वस्तुद्वारा सुगन्धित गर्न सक्तछन् । प्रतिक्षण अपूर्व रूपमा उपजायमान भएका निरन्वय विनाशी चित्तक्षणलाई प्रभाश्वर चित्तक्षण उपजनन गर्न भावना समर्थ हुन पाउँदैन । समल चित्तक्षणहरू स्वारसिकी सदृशारम्भण शक्तिद्वारा स्वसदृश चित्तक्षण उत्पन्न गराउन धारावाहिक रूप सक्षम हुन्छन्, विसदृश प्रभास्वररूप चित्त पैदा गर्न सक्तैनन् । यसो विचार गर्दा चित्तक्षण भङ्गुर भएकाले मल प्रहाण गर्ने भावना कामयाबी हुनै पाउँदैन । त्यस स्थितिमा आश्रयलाइ नै उल्टाउने कुरा त असम्भवप्रायः हुन्छ । क्षणिक वादीले बन्धमोक्षको परिकल्पना गर्नु पनि हास्यास्पद कुरो हो । बन्धमोक्ष यी स्थिरैकादिपक्षमा नै उपयुक्त हुन्छन् । बद्ध नै मोक्षका निम्ति प्रवृत्त हुन्छ । बन्धन प्राप्त भएको नै यसबाट छुटकारा पाउन खोज्छ ।

शून्यवादी माध्यमिकहरू संविद्लाई पनि नैः स्वाभाव्य मानेर मिथ्यात्व प्रतिपादन गर्दै त्यसको शून्यतामा नै मोक्ष छ भनेर भन्छन् । उनको भनाइ यस्तो छ-

चित्तमात्रमिदं विश्वमिति या देशना मुनेः ।
तत्त्रास परिहारार्थं बालानां सा न तत्त्वतः ॥
सापि ध्वस्ता महाभागैश्चित्तमात्र व्यवस्थितिः ।

शून्यवादीको यो कुरा त झन् मिल्दै नमिल्ने कुरा भयो । संविद् मिथ्यात्व भएमा स्वतन्त्ररूपको अपाकरण गरेपछि मिथ्यात्वमा सत्ता नै हुने छैन । संविद्को नीलादि झैँ परतन्त्ररूपत्वको अभाव हुनाले यो सङ्गत हुने भएन । नीलादि मिथ्यात्व हुनाले स्वतन्त्ररूपले अपाकरण भए पनि संविदात्मताले अवस्थान हुन्छ । संविद्मा स्फुरत्तामात्र रहनाले मिथ्यात्व भई असत्त्व भएमा त केही पनि स्फुरण हुन नपाउँदा खालि हामी मूर्च्छित मात्र हुने भयौँ । स्फुरत्ता मात्र साररूप संविद्को अपलाप गर्न सकिने कुरै हुन्न । त्यसो हुँदा शून्य भन्न किमार्थ हुन्न । ठिक भनेको छ यो कुरा-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सर्वालम्वनधर्मैश्च सर्वसत्त्वैरशेषतः ।
सर्वक्लेशाशयः शून्यं न शून्यं परमार्थतः ॥

यस रूपमा ग्राह्यमाग्राहकभावादिले कल्पितरूपमा शून्य भनेर मान्ने भए विज्ञानवादमा नै घुमेर पुगिन्छ। यसरी विज्ञप्ति नै परमार्थतत्त्व स्वीकृत हुन्छ। शून्यवाद भन्नु नयाँ कुरो हुन सक्तैन । विज्ञानवादमा पर्न जाने दोष भनिसकिएकाले योगाचार र माध्यमिकले मानेको मोक्षलाई निर्दोष सिद्ध गर्न सकिएन ।

साङ्ख्यले पुरुष चेतन मानी प्रकृति अचेतन मानेको छ र आत्मालाई निष्क्रिय स्विकारेको छ। अचेतन क्षीरादिको क्रियावत्त्वको दृष्टान्त दिँदै प्रकृतिलाई कारण मान्छ। कस्तो अनौठो कुरा हो यो चेतन निष्क्रिय र जडमा सक्रियता मान्नु। पुरुषमा अकर्तृत्त्व भए अनिर्मोक्ष हुन्छ उसको। पुरुष केही पनि नगर्ने भएपछि विवेक दर्शन हुँदा पनि स्वस्वरूपले अवस्थान हुन सक्ने छैन। प्रकृतिलाई प्रवृत्ति स्वभाव मानेपछि उसको औदासीन्य हुने कुरा भएन। अचैतन्य रूप प्रकृतिमा प्रेक्षाकारित्व नहुनाले पुरुषले मलाई देखे भनेर हट्ने सम्भावना रहँदैन। शब्दादि उपलम्भ हुँदा जसरी फेरि फेरि प्रकृति प्रवृत्त हुन्छ, त्यस्तै विवेक ख्याति भएमा पनि फेरि त्यसकै निम्ति प्रवृत्ति हुनुपर्छ, स्वभाव हट्ने कुरा होइन। त्यसो हुँदा सुख-दुःखादि रूप प्रकृतिको पृथग्भावले पुरुषको स्वरूपले अवस्थान तत्त्वमा पुग्नुलाई अर्थात् पुंस्तत्त्व प्राप्तिलाई साङ्ख्यले मोक्ष भनेको कुरा पनि त्यति उपयुक्त हुँदैन। तर नैरात्म्य दृष्टिभन्दा आत्मदृष्टि भएका साङ्ख्यलाई माथि मान्नुपर्छ। साङ्ख्य र पातञ्जलको प्रकृति पृथग्भाव भई पुंज्ञानमा साम्य छ तापनि योगले ईश्वर प्रणिधानमा जोड दिएकाले योगलाई साङ्ख्यभन्दा माथिल्लो स्थानमा राख्न सकिन्छ। यसरी नै मौसुलमत, कारुक सिद्धान्त, पाशुपत सम्प्रदाय आदिका पनि आफ्ना आफ्ना धारणा र सिद्धान्त अरूहरूका मुक्तिमा त्यसमाथि रहेको अध्वान्तरावच्छेद स्थितिले गर्दा ती अमुक्त हुन्छन् र सृष्टिको आरम्भमा सृज्यमानत्व हुँदा संसाराविर्भावको बन्धकारण निःशेष रूपले नाश नभएकाले तिनलाई वास्तवमा मुक्त भन्न हुन्न । भनेको पनि छ-

साङ्ख्यवेदादिसंसिद्धान् श्रीकण्ठस्तदहर्मुखे ।
सृजत्येव पुनस्तेन न सम्यङ्मुक्तिरीदृशी ॥

यही कुरालाई स्वच्छन्दशास्त्रले पनि भनेको पाइन्छ-

लौकिकानां पुनः सुष्टिः पुनः संहार एव च ।
संसारचक्रमारूढा भवन्ति घटयन्त्रवत् ॥

वास्तवमा अन्य शास्त्रको तात्पर्य मुक्तिलाई चरम पुरुषार्थ मान्ने भए पनि तिनीहरूले प्रतिपादित सिद्धान्तद्वारा आत्यन्तिकता र ऐकान्तिकता मुक्तिमा रहन नगएको बोध देखिन आयो भन्ने कुरा हामीले सङ्क्षेपमा माथि उल्लेख गरिसक्यौं। यही कुरालाई दोहऱ्याएर एककारिका यहाँ प्रस्तुत गरेपछि अन्य मतबारेको चर्चा छाडिदिने छु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मुक्तं च प्रतिबन्धात्तं पुनर्बध्नाति चेश्वरः ।
वन्धः संसारतो भूयो यावद्देवं न विन्दति ॥

वास्तविक मुक्तिको स्वरूप हामीले जुन मान्यौं, त्यो निर्दुष्ट छ र शास्त्र समर्थित पनि छ । त्यो मुक्तिको रूप यस प्रकारको छ -

यः पुनर्निशेष प्रक्षीणसर्वाध्ववन्धः स एव साक्षात् मुक्तः

छोटकरीमा भन्ने हो भने "सर्वावच्छेद वर्जितो मुक्तः" भन्न सकिन्छ । यसबारेमा प्रमाण पनि यसरी दिन सकिन्छ-

सर्वाध्वनो विनिष्क्रान्तं शैवानां तु परं पदम् ।

यति मात्र होइन अझ स्पष्ट पारेर भनेको पाइन्छ-

शैवः सिद्धो भाति मूर्ध्नातरेषां
मुक्तः सृष्टौ पुनरभ्येति नाम ॥

इदन्ता परामर्श हुने सबै प्रकारका वासना मात्रले उज्झित पराहन्ता परामर्श सार भएको, कुनै किसिमको अज्ञानको लेश पनि नरहेको, पूर्ण ज्ञान भएको अर्थात् अहंपरामर्श सारमात्रैकात्म्यले स्फुरण हुने मुक्ति साक्षात् मुक्ति हो, बौद्धादिका मुक्ति त मुक्त्याभास हुन् ।

मुख्य तन्त्रका प्रवक्ता शिव भएकाले तन्त्रलाई शिवशासन रूपमा स्वीकार गरेर पारमेश्वर दर्शनको पृष्ठभूमिमा हामीले यस विषयको विमर्श गर्नुपर्छ र सो गर्नु अनौचित्य पनि होइन ।

अरू दर्शनले ईश्वरमा सृष्टिस्थितिसंहाररूप शक्ति मान्दा ईश्वरको ईश्वरत्वमा नै अपूर्णता देखेर अनुग्रह निग्रहात्मिका शक्ति परमेश्वरमा निहित मानी आधिदैविक जगत्को मुख्य स्वरूपको अभिव्यक्ति पारमेश्वर दर्शनले प्रतिपादित गर्छ । धर्मलाई पुरुषार्थ मान्नुपर्दा पनि यही भूमिका स्विकार्नु पर्छ । अवतारवादको रहस्य यहीँ आएर खुल्छ । अन्यत्र पनि हामी यसको समर्थन पाउछौं -

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥

भनी श्रीमद्भगवत्गीतामा श्रीकृष्णले भनेको पनि भक्तको अनुग्रह र पापीको निग्रह गरी धर्म संरक्षण गर्नु नै अवतारवादको आवश्यकता हुन गएको भन्ने देखिन्छ । आधिदैविकवाद नै मनुष्यको संस्कृति र सभ्यताको, कला र कौशलको केन्द्रविन्दु भएको विमर्श गर्दा स्पष्ट हुन्छ । पछि गएर तन्त्रले उपासना विषयमा जति विस्तार गरेको छ, यसको महाविन्दु पनि त्यही पारमेश्वर शक्ति हो । त्यो हामीले हृदयङ्गम गर्न सकेनौं भने हामी अलमलिने छौं भन्ठानेर यो कुरा यहाँ भनिदिनुपरेको हो ।

मुक्तिमा पूर्ण ज्ञान निमित्त हुन्छ र अज्ञान बन्धनको कारण हुन्छ भन्ने सिद्धान्त मानेपछि ज्ञान र अज्ञानको विभेद विशदरूपमा गर्नै पर्छ । त्यसो हुँदा यहाँ त्यसतर्फ विचार गर्नु आवश्यक भएको छ । ज्ञान र अज्ञानका भेद

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दुई प्रकारका छन् । अज्ञानलाई अवश्योच्छेद्यत्व प्रतिपादन गर्नुपर्ने भएकाले पहिले अज्ञानको भेद देखाइन्छ ।

१ स्वपूर्णचित् क्रियारूप शिवताको आवरणात्मक अर्थात् परमेश्वर नै आफ्नो स्वातन्त्र्य पूर्णज्ञत्व कर्तृत्वादिलाई आवरण आणवमलको जुन आविर्भाव गर्छन्, त्यो मलरूप अज्ञान हो ।

२ अहम् इदम् जानामि । यस प्रकारको कालकला नियति बलरागविद्यारूपी षट्कञ्चुकले म्लान भएको परिमितात्माबाट प्रतिबिम्बन भएर अध्यवसायिनी जुन पौरुष ज्ञान हुन्छ बुद्धिजन्य, त्यो अर्को अज्ञान हो । भनेको पनि छ -

कामशोकभयोन्मादचौर स्वप्नाद्युपप्लुता ।
अभूतादपि पश्यन्ति पुरतोऽवस्थितानिव ॥

यसरी अज्ञानका भेद दुई किसिमबाट प्रस्तुत गरेर अवज्ञानको स्वर हामी यहाँ दर्शाउँछौं । पूर्ण ज्ञानको स्वरूप निर्धारण गर्दै श्री अभिनवगुप्तपादले तन्त्रालोकमा यसो भनेका छन्-

क्षीणे तु पशुसंस्कारे पुंसः प्राप्तपरस्थितेः ।
विकस्वरं तद्विज्ञानं पौरुषं निर्विकल्पकम् ॥ १।४१
विकस्वराविकल्पात्मज्ञानौ चित्येन यावसा ।
तद्बौद्धं यस्य तत्पौंस्नं प्राग्वत् पोष्यं च पोष्टृ च । १।४२

पशुको संस्कार क्षीण भएमा भन्नाले आणवमलको वासना मात्र प्रक्षय गर्ने कुरा भए पनि "निमित्तापाये नैमित्तिकस्याप्यपायः" भन्ने न्यायले कार्ममायीयमल दुवै प्रक्षय हुँदा सकलबन्धनिवृत्त भएका पुरुषको त्यसै हुँदा प्राप्त परस्थिति हुन गएका अर्थात् प्राप्तपरमचिदात्मक भएकाको विकस्वरं अर्थात् पराहन्ता विमर्शात्मक निर्विकल्पक कृत्रिम अहङ्कारादि विकल्प विलक्षण ज्ञान पौरुष हुन्छ । यो भयो वाक्यार्थ । तल्लो श्लोकमा पोष्य भन्नाले कार्य र पोष्टृ भन्नाले कारण बुझाउँछ । पौस्नंको अर्थ पुंसिभवं पौस्नं अर्थात् पौरुषम् भन्ने हुन्छ । यहाँको औचित्येन यसको माने हो पूर्ण भएको आत्माले, सबै मेरा नै यी वैभव हुन् भन्ने बुद्धिमा ज्ञानोदय हुन्छ । ती पनि पूर्ण र अपूर्णका भेदले रहेका हुन्छन् ।

अज्ञान पनि अनादि रहेको छ भन्ने कुरामा विवाद छैन । अज्ञानलाई विनाशक ज्ञान फेरि कहिले उदय हुन्छ र यसका निमित्त के हो भन्ने आशङ्काको समाधानमा ।

पौस्नं अज्ञान दीक्षादिद्वारा ध्वंस हुन्छ र शरीर अन्त हुँदा त्यो पूर्ण ज्ञान स्फुटाकारले व्यक्त हुन्छ । यहाँनिर आएर हामी द्वैतवादी नैयायिकको कुरालाई पनि सम्झन पुग्छौं । न्यायसूत्रमा "दुःखजन्म प्रवृत्तिदोष मिथ्याज्ञानानामुत्तरापाये तदनन्तरापायादपवर्गः" भनेको पाइन्छ । मिथ्याज्ञानले दोष, दोषद्वारा प्रवृत्ति, प्रवृत्तिबाट जन्म र जन्म नै दुःखको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कारण हुन्छ। मिथ्याज्ञानको अपायबाट दोषको निवृत्ति, दोष हटेपछि प्रवृत्तिको अभाव, प्रवृत्ति नरहेपछि जन्मनिवृत्ति, जन्मको नाशद्वारा दुःखको अभाव हुन्छ भनिएको छ। मुख्य दुःखको कारण अज्ञान र मुख्य दुःखनिवृत्ति जन्मापायबाट नै मानिएको पाइन्छ। त्यसैले अभिनवगुप्तको यो श्लोकमा यही कुरालाई पुष्टि गरेझैँ देखिन्छ।

तत्र दीक्षादिना पौंस्नमज्ञानं ध्वंसि यद्यपि ।
तथापि तच्छरीरान्ते तज्ज्ञानं व्यज्यते स्फुटम् । १।४३

आचार्यको यहाँ अभिप्राय के हो भने शरीर छउन्जेल शरीरारम्भक कार्यमल रहिरहने हुँदा त्यसको अन्तमा आत्मज्ञान प्रस्फुटित हुने माने।

दीक्षाको महत्तामाथि प्रकाश पार्दै यसलाई पशुवासना क्षीण पारी ज्ञानोदय प्रदान गर्ने भन्ने व्युत्पत्तिमूलक वचन छ।

दीयते ज्ञानसद्भावः क्षीयन्ते पशुवासनाः ।
दानक्षपणसंयुक्ता दीक्षा तेनेह कीर्तिता ॥

तन्त्रशास्त्रबाट दीक्षाबाहेक अरू केही पनि मुक्तिमा निमित्त मानेको स्विकारिँदैन। भनेको पनि छ-

तस्मात्प्रविततताद् बन्धात्परथान विरोधकात् ।
दीक्षैव मोचयत्यूर्ध्वं शैवं धाम नयत्यपि ॥

तीव्रतम शक्तिपात भएमा अनुपायादिक्रमले दीक्षा भएमा त तत्कालमा नै अपवर्ग हुन्छ भन्ने वचन पनि पाइन्छ।

तत्संबन्धात्ततः कश्चित् तत्क्षणादपवृज्यते ।

तर यसो भन्ने हो भने त ज्ञानात् मुक्तिः भन्ने कुरा सर्वशास्त्रसँग विरोध खान्छ। किनभने-

तस्य दीक्षां विनैवात्मसंस्कार परिणामतः ।
सम्यग् ज्ञानं भवेत् सर्वशास्त्रेषु परिनिष्ठितम् ॥

यहाँ दीक्षाविना आत्मसंस्कार परिणामद्वारा सम्यग् ज्ञान हुन्छ भन्ने सिद्ध गरेको त बाह्यक्रियात्मक दीक्षाको अभिप्रायले मात्र हो।

"देहपाते शिवं व्रजेत्" सिद्धान्तलाई हामीले स्विकारेको "कार्ममल सत्वे देहसत्ता तदभावे तदभावः" भन्ने पक्ष मानेर नै भनेको हो। यदि दीक्षाले देहान्तमा नै मुक्ति हुने भए "जीवन्नेव विमुक्तोऽसौं" भनी जीवनमुक्तिको कुरा कसरी सम्भव होला भन्ने शङ्कालाई हामी समाधान गरेर भन्छौँ बुद्धिगत अज्ञान बुद्धिगत ज्ञानले जब सर्वात्मना विलयन हुन्छ अनि तत्काल नै जीवनमुक्ति हस्तगत हुन्छ। यहाँ बुद्धिगत ज्ञान भनेको परमेश्वराद्वय शास्त्र श्रवणबाट उद्भूत ज्ञान भनिएको हो। यसो मान्ने हो भने दीक्षाको फेरि के आवश्यकता रह्यो त भन्ने कुतर्क गर्न हुन्न। शास्त्रले भने दीक्षालाई नै कारण मान्छ। जस्तै-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गुरुणैव यदा काले संप्रदायो निरूपितः ।
तदाप्रभृति मुक्तोऽसौ यन्त्रं तिष्ठति केवलम् ॥

जसरी हामी घुमाएर हातो नचलाए पनि कुमालेको चक्रवेग छउन्जेल घुमिरहन्छ, त्यसरी नै जीवनमुक्त अवस्थामा शरीर पनि संधारित हुन्छ। यही कुरालाई साङ्ख्यकारिकामा ईश्वर कृष्णले पनि जीवनमुक्तावस्थालाई लिईकन भने- "चक्रभ्रमिवत् धृतशरीरः"। अदीक्षितलाई शास्त्र श्रवण गर्ने अधिकारसम्म हुँदैन भने कसरी त्यो अवबोधक निमित्तक ज्ञानको आविर्भाव होस्। भनेको पनि छ-

अदीक्षितस्य पुरतो नोच्चरेच्छिवपद्धतिम् ।

दीक्षाविना पनि परमपद प्राप्ति हुने भए प्रेक्षावान्हरूको दीक्षामा प्रवृत्ति नै नहोला। तन्त्रले दीक्षा नै मुक्तिप्रति मूल कारण मानेको छ। दीक्षाविना पौंस्न ज्ञान अभिव्यक्तिको उन्मुख भए पनि त्यही नै मुक्तिप्रद भने हुन सक्तैन। निगमले आचार्यवान् पुरुषो वेद भनेझैं आगमले ज्ञानवान् गुरुरुत्तमः भनी शास्त्रविधानज्ञ र ज्ञानज्ञेयविशारद गुरु नै सिद्धिदायक भनेर मानेको छ। दीक्षा बौद्ध ज्ञानको कारण भएकाले र ज्ञानविना मुक्तिको निष्पत्ति हुनै गाह्रो पर्छ। हामी शास्त्रलाई प्रमाण मान्ने परम्परावादी भएकाले कार्याकार्य व्यवस्थितिमा शास्त्र नै प्रमाण हुन्छ भनी यसरी भनेको छ-

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्मकर्तुमिहार्हसि ॥

यसो भएकाले आगम प्रमाण यहाँ केही उद्धृत गरी आफ्नो शास्त्रीय सिद्धान्तलाई प्रमाणित गर्नु आवश्यक हुन्छ। ती वचन निम्न प्रकारका छन्। जस्तै-

अथात्ममलमायाख्यकर्मबन्धविमुक्तये ।
व्यक्तये च शिवत्वस्य शिवज्ञानं प्रवर्तते । - स्वायम्भूः
यजन्ति विविधैर्यज्ञैर्मन्त्रतत्त्वविशारदाः ।
गुरुतन्त्राद्यनुज्ञातदीक्षासिद्धिन्न संशयः ॥
नमीमांस्या विचार्या वा मन्त्राः स्वल्पधिया नरैः
प्रमाणमागमं कृत्वा श्रद्धातव्या विचक्षणैः ॥ रुरु
शिववक्त्राम्बुजोद्भूतममलं सर्वतो मुखम् ॥
शिवत्वोन्मीलनं तथ्यं ज्ञानमज्ञाननाशनम् ।
अनेन सिद्धाः पश्यन्ति यत्तत्पदमनामयम् ॥ श्रीमतङ्ग
बौद्धं च पौरुषेयं च द्विविधं तन्मलं स्मृतम् ।
तत्र दीक्षादिना याति पौरुषेयं मलं क्षयम् ॥
बौद्धमक्षयमेवास्ते तावत्तावत्समद्रितम् ।
यावन्न बौद्धमेवास्य सजातीयविलापकम् ॥
ज्ञानमभ्युदितं सम्यक् सारेतर विभागकृत् । चिल्लाचक्रेश्वरी मत

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बौद्ध र पौरुषेयमल दुईमध्ये बौद्धमल नाश नभई मुक्ति सम्भव हुँदैन । त्यसै हुँदा निशाटनमा यसो भनिएको पाइन्छ ।

विकल्पयुक्तचित्तस्तु पिण्डपाताच्छिवं व्रजेत् ।
विकल्पहीनचित्तस्तु ह्यात्मानं शिवमव्ययम् ॥
पश्यन्ते भावशुध्या यो जीवन्मुक्तो नशंसयः । निशाटन ।

यसरी दीक्षाबाट मुक्तिको आविर्भाव हुने कुरामा हामी विश्वस्त हुन पाउँछौं । दीक्षालाई प्राधान्यता प्रतिपादन गरेर तन्त्रले दीक्षाको व्युत्पत्ति गर्दा भनेको छ-

दीयते ज्ञानमत्यन्तं क्षीयते पापसञ्चयः ।
यया दीक्षेति संप्रोक्ता परलोकप्रदायिनी ॥

दीक्षा गुरुद्वारा प्रदान गरिने मन्त्रोपासना भएको र मन्त्रद्वारा ऐहिक र आमुष्मिक अभीष्ट सिद्धि प्राप्त हुने कुरा प्रतिपादित गरिएको छ मन्त्रवादमा। मन्त्र सिद्धान्तले गुरुविनाको मन्त्र प्रयोगलाई अनिष्टप्रद भनी घोषित गर्छ। यसबारेमा तन्त्रका नै वचन यहाँ उद्धृत गर्नु आवश्यक ठान्छु। जस्तै-

गुरुक्रममविज्ञाय पूजयेद् यः परं शिवम् ।
सा पूजा निष्फला ज्ञेया भस्मन्यर्पित हव्यवत् ॥
ज्ञात्वा गुरुमुखान्नित्यं सम्प्रदायमतन्द्रितः ।
प्रत्यहं स्मरणं कुर्यान्मन्त्रवीर्यस्य सिद्धये ॥
जनकादधिको ज्ञेयो मन्त्रदस्तु महेश्वरः ।

यसरी दीक्षाका क्रममा गुरुको गरिमाको उल्लेख छ भने गुरुका बारेमा कुलार्णवले यसो भनेको छ ।

श्रीगुरुः परमेशानि शुद्धवंशो मनोहरः ।
सर्वलक्षणसंपन्नः सर्वावयवशोभितः ॥
सर्वागमार्थतत्त्वज्ञः सर्वतन्त्रविधानवित् ।
लोकसंमोहनाकारो देववत् प्रियदर्शनः ॥
सुमुखः सुलभः स्वच्छो भ्रमसंशयनाशकः ।
इङ्गिताकारवित्प्राज्ञ ऊहापोहविचक्षणः ॥
अन्तर्लक्ष्यवहिर्दृष्टिः सर्वज्ञो देशकालवित् ।
आज्ञासिद्धिस्त्रिकालज्ञो निग्रहानुग्रहक्षमः ॥
वेधको बोधकः शान्तः सर्वजीव-दयाकरः ।
स्वाधीनेन्द्रियसञ्चारः षड्वर्गविजयप्रदः ॥
अग्रगण्योऽतिगम्भीरः पात्रापात्रविशेषवित् ।
शिवविष्णुसमः साधुर्मनुभूषणभूषितः ॥
निर्मलो नित्यसन्तुष्टः स्वतन्त्रोऽमन्त्रशक्तिमान् ।
सद्भक्तवत्सलो धीरः कृपालुः स्मितपूर्णवाक् ॥
भक्तप्रियः समो देवि ! गम्भीरः शिष्टसाधकः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गुरुको माथि दिएको लक्षणबाट गुरु कसलाई मान्नुपर्छ भन्ने कुरा स्पष्ट हुन्छ। ज्ञान भनेको कुरा साधना र तपस्याबाट, अध्ययन र शास्त्राचारद्वारा उपलब्ध हुन्छ। खालि त्यही कुलमा जन्मेर यी गुण प्राप्त हुन सक्तैनन्। मैले गुरुको लक्षण पाएसम्म हेर्दा होमे डोमे फेर्न हुन्न भन्ने कहीँ पनि वचन पाउन सकिनँ। बरु त्यसको उल्टो यो कुरा पाइयो- मूर्खले मूर्खलाई पार तार्न सक्तैन, डुङ्गाले ढुङ्गा पार तार्न सकिन्छ। शिलाद्वारा पाषाण पार तारिँदैन भनेको छ। जस्तै-

शिलान् सन्तारयेन्नौर्हि न शिला तारयेच्छिलाम्।
अभिज्ञश्चोद्धरेन्मूर्खं न मूर्खो मूर्खमुद्धरेत्।

कोही अनभिज्ञ गुरुसँग दीक्षा लिएको भए पनि योग्य गुरु पाएमा दीक्षा ग्रहण गर्न सकिने कुरा शास्त्रद्वारा स्वीकृत फेला पर्छ। जस्तै -

लब्ध्वा ज्ञानप्रदं देवि न गुर्वान्तरमाश्रयेत्।
अनभिज्ञं गुरुं प्राप्य संशयोच्छेदकारकम्॥
गुर्वान्तरं तु गत्वा स नैतद्दोषेण लिप्यते।
मधुलुब्धो यथाभृङ्गः पुष्पात् पुष्पान्तरं व्रजेत्।
ज्ञानलुब्धस्तथा शिष्यो गुरोर्गुर्वान्तरं व्रजेत्।

ज्ञानप्रद गुरुका निम्ति र अनभिज्ञ गुरुका लागि एउटै नियम रहँदैन। ज्ञानको अन्वेषणमा लागेको शिष्यले आफ्नो ज्ञानोपलब्धि गर्न अर्को गुरुकहाँ जान सक्तछ, त्यसमा शास्त्रको कहीँ रोक छैन। होमे डोमे बदल्नुहुन्न, जस्तै- मूर्ख भए पनि तिनीहरूलाइ नै मान्नुपर्छ भन्ने सामाजिक अन्धविश्वासले गर्दा दोहोरो सत्यानाश भयो। यता तन्त्रको उपासना मार्गमा विकृति आउन थाल्यो। पूर्वजहरूले गरेको वास्तविक तत्त्व नबुझी खालि हत्यौडी गर्दा बाँकी भएको अनुकरणमात्र सिद्धि सफल हुन गएन र शास्त्रमाथि अश्रद्धा पैदा हुन थाल्यो। उता अयोग्य भएर पनि उसको परम्परागत समान कायम गर्ने प्रवृत्ति रहँदा योग्य व्यक्तिको कदर नहुने भई योग्यताको ह्रास प्रारम्भ हुन थाल्यो। अनि आएर धनका लोभी गुरु सिद्धिका लोभी शिष्य हुने भए। न त शिष्यले सिद्धि नै पायो, न त गुरुले धन नै हात लगायो। यस स्थितिले ज्ञानको जरो उखेलिने कार्यको सुरुवात भयो। साँच्चै

धनार्थिनस्तु गुरवः शिष्या सिध्यर्थिनः कलौ।
तस्मान्न चोभयोस्सिद्धिर्देवतानां विडम्बनम्॥

अनि देवताको विडम्बना हुन जानु नौलो कुरो भएन। स्वयं नष्ट भएकाले अर्कोलाई पार तार्छ भन्ठान्नु यो सामाजिक अज्ञानको कति विडम्बना हो ? शास्त्रले यही कुरा औँल्याएर भनेको छ -

असद् गुरुः स्वयं नष्टः कथं तारयते परम्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इत्यादि कुराबाट हामी यस निर्णयमा पुग्छौं कि जो गुरु सुयोग्य छैन, त्यसबाट ग्रहण गरिएको दीक्षाले भुक्तिमुक्ति प्राप्त हुन्न । मूर्ख, आचारहीन, भ्रष्ट भए पनि होमे डोमे बदल्नुहुन्न भन्ने कुरा सर्वथा अनुपयुक्त कुरा हो । अज्ञानी गुरुलाई बदलेर अर्को गुरुसँग फेरि दीक्षा ग्रहण गर्न सकिन्छ भने दीक्षा नै नलिएकाले सुयोग्य गुरु थापी दीक्षा लिँदा कुनै दोष छैन र बरु कुलागत भ्रष्ट, मूर्ख गुरुबाट दीक्षा लिँदा उसको कुनै पनि साध्य सिद्धि हुन्न । यो ठोकुवा गरी शास्त्रीय प्रमाण प्रस्तुत गर्न सकिन्छ ।

वास्तवमा तन्त्रको पनि चरम पुरुषार्थ बन्धन मुक्ति नै छ । तन्त्रद्वारा सिद्धि प्राप्त गर्नु त यो निकृष्ट फल हो । श्रुतिले आचार्यवान् पुरुषोवेद भनेर आचार्यवान् पुरुष नै जान्दछ भन्छ भने परशुरामसूत्रमा "मतिमान् दीक्षेत" भनी त्यही कुरामा समानता राखेको छ । यही सिद्धान्तलाई हामी अझ यसरी स्पष्ट पारेको पाउँछौं ।

सर्वलक्षणहीनोऽपि ज्ञानवान् गुरुरुच्यते ।
ज्ञानञ्च तत्त्वविज्ञानं षडध्वज्ञानसंश्रयम् ॥

ज्ञानवान् गुरु हुनुपर्छ र यो ज्ञान तत्त्वविज्ञान हो भनेपछि यसको तात्पर्यले तत्त्वज्ञानलाई नै चरम लक्ष्य गरेको देखिन्छ । अझ म स्पष्ट पार्न गुरुको एक लक्षण उल्लेख गर्ने अनुमति माग्छु । यसले गर्दा त गुरुको वास्तविकतालाई प्रकट पार्छ । जस्तै -

यो वेत्ता सच्चिदानन्दं हरेदिन्द्रियजं सुखम् ।
धन्यं तदुक्तमखिलं स गुरुः परमो मतः ॥
विद्वस्तु बोधयद्देवि ! नाविद्वो बोधको भवेत् ।
मुक्तस्तु मोचयेदूर्ध्वं न मुक्तो मोचकः कथम् ॥

इन्द्रिय निग्रह भएको सच्चिदानन्दको वेत्ता गुरुले भवबन्धनबाट मुक्त पार्न सक्तछ । हुन पनि मुक्तले नै मुक्ति गराउन सक्तछ । जो स्वयं मुक्त छैन, पाशजालबाट त्यो कसरी मोचक हुन सक्तछ र ? गुरुमन्त्र देवता आत्माको ऐक्यभावना गरेर मन र प्राणवायुलाई एकै यन्त्रद्वारा निरोध गर्ने ज्ञान भएपछि प्रत्यगात्माको ज्ञान हुन्छ । त्यही भावना दृढ भएमा निग्रहानुग्रह सिद्धि प्राप्त हुन्छ । मन्त्रार्थानुसन्धान वा कामक्रोधनिन्दा छाडेपछि साधकलाई सिद्धि प्राप्त हुन्छ ।

वास्तवमा भन्ने हो भने वृत्तिहरूद्वारा वेद्य सबै हवि हुन्छ, इन्द्रियहरू स्तुत हुन्छन् । सङ्कोच गरिएका आत्मामा रहेका सर्वज्ञत्व सर्वशक्तिमत्वादि चरमशिवशक्ति ज्वाला हुन् । स्वात्म शिव नै अग्नि हो । स्वयं नै होता हो । निर्गुणब्रह्मको अपरोक्ष ज्ञान नै फल हो । स्वपारमार्थिक स्वरूप लाभभन्दा अर्को सार केही छैन ।

यही कुरा अर्को भावमा भन्दा यही श्लोक दोहरिन जान्छ-

आत्मा त्वं गिरिजा मतिः सहचराः प्राणाः शरीरं गृहम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूजा ते विषयोपभोगरचना निद्रासमाधिस्थितिः ।
सञ्चारः पदयो प्रदक्षिणविधि स्तोत्राणि सर्वा गिरो
यद्यत्कर्म करोमि तत्तदखिलं शम्भो ! तवाराधनम् ।

दीक्षाद्वारा हामीले प्राप्त गर्ने चरम पुरुषार्थ मोक्ष नै हुन्छ । तन्त्रले यही कुरालाई मन्त्रद्वारा उपासना गरी मन्त्रसिद्धि गर्न गुरुको आश्रय लिनुपर्छ भनेको हो । वेदले पनि मन्त्रमय्यो देवताः भन्ने कुरालाई पूर्व मीमांसामा प्रमाणित गरेको छ । दीक्षा नलिई पुस्तकमा रहेको मन्त्र देखेर जो जप गर्छ, त्यसलाई प्रत्यवाय लाग्छ । यो कुरा शास्त्रले पनि भनेको छ ।

पुस्तके लिखितान् मन्त्रान् दृष्ट्वा जपति यो नरः ।
स जीवन्नेव चाण्डालो मृतः श्वा चाभिजायते ॥

यसरी किन यस कार्यमा प्रतिबन्ध लगाएको भन्ने कुरा सोच्नु अघि हामीले बुझ्नुपर्ने कुरा के छ भने मन्त्रशक्तिको रहस्य गुरुसँग निहित रहन्छ । त्यसको वास्तविकता नबुझी जपेको मन्त्र फलदायक हुँदैन । गुरु परम्परामा निहित ज्ञान त्यसै उपेक्षित गरेर साधकले त्यो उपलब्ध गर्न असम्भवप्रायः हुन्छ ।

मन्त्रवादले स्वीकृत सिद्धान्त शब्दब्रह्मपरक छ । श्रुतिले स्वरको स्वरूपमा ॐ लाई महत्त्व प्रदान गरे पनि आखिर अ. उ. म. मा अन्त्यको अनुस्वार नै नाद रूपमा रहन जान्छ भने तन्त्रले अकारभन्दा पनि पहिलो वैखरी अवस्थामा उत्पन्न हुने औरस स्थानीय हकारलाई प्रमुखता दिएर देवीप्रणव ह्रींको महत्ता प्रतिपादन गरेको छ ।

हामी षोडशीको पञ्चदशाक्षरी मन्त्रमा तीन पटक मायावीजलाई पाउँछौं । पहिलो मायावीजलाई मणिपुरमा, द्वितीय ह्रींलाई आज्ञामा र सहस्रारमा, तृतीय ह्रीं विन्दुः +̐, अर्धचन्द्र ̆, रोधिनी ∇̐, समना १,, उन्मनी ὀ̐ ।, महाविन्दु ० । हुन्छ ।

तुर्यातीतावस्था-	महाविन्दु
	उन्मनी
	समना
	व्यापिका
	शक्ति
	नादान्त
तुर्यावस्था -	नाद
	रोधिनी
	अर्धनख
सुषुप्ति-	विन्दु

यी सबै मन्त्रविद्याका रहस्य आकर ग्रन्थबाट पाठकले पढ्ने र साधकले गुरुद्वारा अवबोध गर्नुपर्छ । तैपनि परावाक्लाई परपरामर्शबोधिका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मानेर वैखरी अवस्थामा कसरी प्रकट हुन्छ र त्यस परम्परामा अष्टात्मकशास्त्रको परिगणना कसरी गरेको छ, भैरवका भेद कुन हुन्, मन्त्रचक्रादिको भेद कस्तो हुन्छ, त्यो तल सङ्क्षेपमा प्रस्तुत गरी भेद, भेदाभेद र अभेदवादमा रहेको रहस्य पनि उल्लेख गरिने छ।

यसबारेमा हामीले यी कुरा तन्त्रालोकको आधारबाट प्रस्तुत गरेको हो भनी स्पष्ट पार्दै सङ्क्षेपमा माथि उल्लेखित कुरा देखाउँछु।

श्रुतिले "चत्वारि वाक् परिमिता" भनेर परा, पश्यन्ती मध्यमा र वैखरीको भेदले वाक्तत्त्वलाई चार रूपमा विभक्त पारेको छ। शब्दब्रह्मलाई मान्ने सिद्धान्तले मन्त्रवीजलाई तन्त्रले जुन महत्ता प्रदान गरेको छ, त्यो एक विचारपूर्वक निर्धारण गरिएको प्रक्रियालाई गुरुको उपदेशद्वारा संशय विषयासादिरहित गराएको हुन्छ। गुरुपरम्पर्यले अविच्छिन्न भई स्थित ज्ञानलाई उपासनाद्वारा बोधप्राप्त व्यक्ति नै शास्त्रको व्याख्याता हुन सक्छ वास्तवमा। हामी अहिले त्यस स्थितिबाट च्युत भइसकेका छौं। त्यसो भए पनि केही कुरा नगर्ने भए त्यो विचार प्रक्रियाको लोप भइदिन्छ। त्यसैले कनिकुथी भए पनि केही गर्नै पऱ्यो।

तन्त्रले परावाक्लाई परपरामर्शसारबोधिका मानेको छ। परावाक् नै सर्वभाव निर्भर हुने हुँदा सबै शास्त्र परबोधात्मक रूपमा नै पर्यवसित हुन्छन्। पश्यन्ती दशामा वाच्यवाचक विभाग रहँदैन। असाधारण रूपमा अहम् प्रत्यवमर्श आत्माभित्र उदाउँछ। त्यसै हुनाले नै प्रत्यवमर्शक प्रभाताले परामृश्यमान वाच्य अर्थ अहंताले ढाकेर फुर्दछ। त्यसपछि त्यही मध्यमा भूमिकामा भित्र नै वेद्य वेदक प्रपञ्चको उदयभन्दा भिन्न वाच्य वाचकताले प्रकट हुन्छ। त्यही परमेश्वर नै चित्, आनन्द, इच्छा, ज्ञान, क्रियारूप पाँच कुरालाई जेलेर सदाशिव ईश्वर दशामा पुगेर तिनका पञ्चवक्त्रलाई मिलाएर पञ्चस्रोतमय तत्तद् भेद प्रभेद वैचित्र्यात्मक सारा शास्त्र उद्भूत हुन्छ र वैखरी अवस्थामा बाहिर देखिएर प्रष्ट हुन्छ। ईशान, तत्पुरुष, सद्योजात, वामदेव, अघोरको प्रस्तार गरेर अष्टादश रुद्रभेद मानेका छन्। अभेद भेदाभेद र भेद दशालाई लिँदा व्यक्त भएका हुन् यी वैखरी अवस्थामा। यही कुरालाई स्पष्ट गर्दै अन्त्यमा भनेको छ-

स्वरूपं भैरवीयं च तेनाष्टादशधा स्थितिः।
रुद्रभेदस्य शास्त्रेषु शिवेनैव निरूपिता।

त्यस्तै अद्वय स्वभाव भएको स्वरूपमा शिवशक्तितत्संघट्टाख्ययोगिनी वक्त्रात्मामा दक्षिणवक्त्रमा उद्बुभूषु, उद्भूत, तिरोधित्सु र तिरोहितात्मक चार रूपत्वले भेद षोडशात्मक इतरवक्त्र चतुष्ट जुन वेला युगपद् अन्तर्लीन हुन पुग्छन्, त्यस वेला यिनको परस्पर मेलन गर्दा चौंसट्ठी अद्वयप्रधान भैरवहरूका भेद हुन्छन्। यही कुरालाई स्पष्ट पार्न यो प्रमाण प्रस्तुत गरिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यच्चान्ते दक्षिणं हार्दं लिङ्गं हृत्परमं मतम् ।
तदप्यन्तकृताशेष स्प (सृ) ष्टभाव सुनिर्भरम् ॥
सर्वसंहारकत्वाच्च कृष्णं तिमिररूपधृत् ।
भेदभावकमायीयं तेजोंऽशप्रसनात्मकम् ॥
तत्रान्तर्लीनतां याति यावद्वक्र चतुष्टयम् ।
उद्बुभूषु तथोद्भूतं तिरोधित्सु तिरोहितम् ॥
इत्थं युगपदेवैतद् भेदषोडशकात्मकम् ।
दक्षे वैसर्गिके हार्दे स्वातन्त्रेऽथ शिवे विधात् ॥
अष्टाष्टकात्म तच्छास्त्रं युगपद् भैरवाभिधम् ।

त्यो अष्टात्मक शास्त्र हो- भैरव, यामल, मत, मङ्गल, चक्राष्टक, शिखाष्टक, बहुरूप र वागीश । यिनका भेदहरूमा

१. स्वच्छन्द, चण्ड, क्रोध, उन्मत्त, असिताङ्ग, महाच्छुष्म, कपाली र देश यी आठ भैरवका भेद छन् ।
२. यामल पनि आठ छन् । ती हुन् - ब्रह्मयामल, विष्णुयामल, स्वच्छन्द, रुरु, आथर्वण, रुद्र, वेताल आदि ।
३. मत पनि आठ छन् । ती हुन् - रक्त, लम्पट, लक्ष्मी, चालिका, पिङ्गला, उत्फुल्लक, विश्व र आद्य ।
४. मङ्गलका भेदमा - भैरवीका दुई भेद, ब्राह्मी, कला, विजया, चन्द्रा, मङ्गला सर्वमङ्गला ।
५. मन्त्रचक्र, वर्णचक्र, शक्तिचक्र, कलाचक्र, विन्दुचक्र, नादचक्र, गुह्यचक्र र खचक्रका भेदले चक्राष्टकको परिगणन गरिन्छ ।
६. अन्धक, रुरु, अज, मूल, वर्णमण्ड, विडङ्ग, ज्वाली र मातृरोदन यी आठ बहुरूपका भेद हुन् ।
७. भैरवी, चित्रिका, हंस, कदम्बिका, हृल्लेखा, चन्द्रलेखा, विद्युल्लेखा र विद्यमान् यी आठ वागीशका भेद गनिन्छन् ।
८. शिखाभेदका प्रकरणमा यी आठ छन् - भैरवी, वीणा, वीणामणि, सम्मोह, डामर, अथर्वक, कबन्ध र शिरच्छेद ।

आठका आठ भेदले सदाशिव चकको चतुःषष्ठि रूपमा यसको विस्तार भएको छ । यो कुरा माथि जुन उल्लेख गरियो, यो त एउटा सम्प्रदायलाई मानेर भनिएको मात्र हो । वास्तवमा मेरो विचारमा परावाक्को विवृति गर्ने हो भने त सारा वाङ्मयलाई वाक्को विकारमा भएको मान्नुपर्छ र सारा विषयहरूलाई नाम रूपमा प्रस्तुत गर्दा वाव्यवाचकमा अभेदता गर्दा त्यही तत्त्वपरम हुन जान्छ भन्ने पक्षमा पुगिन्छ ।

भेद, भेदाभेद र अभेद यी तीन वाद छन् । उपासनामा पनि त्यही रूपमा हामी जब दैविक सिद्धान्तका अनुगामी हुन्छौं, त्यस बखत तन्त्रमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भेदरूपले विषयको प्रतिपादक शास्त्र शिवजीबाट उद्भूत हुन्छ। भेदाभेदरूपमा रुद्रद्वारा र अभेद रूपमा भैरवले शास्त्रमार्गको देशना गरेको पाइन्छ। यही कुरालाई यसरी भनेको छ-

तन्त्रं जज्ञे रुद्रशिवभैरवाख्यमिदं त्रिधा।
वस्तुतो हि त्रिधैवेयं ज्ञानसत्ताविजृम्भते ॥
भेदेन भेदाभेदेन तथैवाभेदभागिना।

भेदादिरूप प्रतिपादक शास्त्र भए पनि वास्तवमा अभेद भूमिकाकै पर्यवसित हुनुपर्छ। नत्र शास्त्रको परमपद प्राप्तिनिमित्तत्व हुने छैन। यही कुरालाई विषय गरेर एक ठाउँमा भनिएको छ-

पुष्पे गन्धस्तिले तैलं देहे जीवो जले रसः
यथा तथैव शास्त्राणां कुलमन्तः प्रतिष्ठितम् ॥

यो कुरालाई श्रुतिसम्मत कसरी भन्नु, शैवागम प्रतिपादक श्रुति कर्णगोचर गर्न पाइएको छैन। कसैको भनाइलाई प्रमाण मान्न पनि त गाह्रो हुन्छ भनी तर्क गर्नेहरू छन्। तिनलाई हामी महात्मा महागुरुको विश्वासमा नै उनीहरूको वचनको प्रामाण्यता स्विकार्छौं। प्रमाण फेला परेन रे भनेर प्रमेयको अभाव हुँदैन। आजकाले कुनै श्रुति फेला नपार्दैमा त्यसको अस्वीकृति जनाउन पाइन्न। मन्वादिस्मृतिमा उल्लेख भएका अष्टकादि यागको मूलश्रुति परिकल्पना गर्नुपर्छ। त्यस्तै यहाँ पनि बुझ्नुपर्छ। अनुग्राह्याशयभेदले नाना थरी मतको उल्लेख भएको हो। यही कुरालाई यस वचनले पुष्टि गर्छ -

सर्वमेतत्प्रवृत्त्यर्थं श्रोतृणां तु विभेदतः।
अर्थभेदात्तु भेदोऽयमुपचारात्प्रकल्प्यते ॥
फलभेदं न कल्प्योऽत्र कल्पश्चेदं यथायथम्।

हामीले साधनामार्गमा प्रवृत्त हुँदा शैवागमनले प्रतिपादित अनुग्रह र निग्रह शक्तिलाई स्विकारेर तन्त्रमार्गको दीक्षित हुने सिद्धान्तको भूमिकामा आइपुगेका हौं। वेदभन्दा शैव, त्यसभन्दा वाममार्ग, त्योभन्दा दक्षिणमार्ग, त्यसभन्दा कुलमार्ग, त्यसभन्दा मालिनी मत र त्योभन्दा पनि परमात्रिकशास्त्र भनी सर्वोत्तम त्रिक्शास्त्र सिद्धि गरेको छ। जस्तै -

वेदाच्छैवं ततो वामं ततो दक्षं ततः कुलम्।
ततो मतं ततश्चापि त्रिकं सर्वोत्तमं परम् ॥

यसरी क्रियाप्रधान सिद्धातन्त्र, शानप्रधान मानकतन्त्र र ज्ञानक्रिया उभयप्रधान मालिनी मत मानेर अभिनवगुप्तपादले आफ्नो कारिकामा यो सिद्धान्त स्थिर गरे -

न तदस्तीह यन्न श्रीमालिनीविजयोत्तरे।
देवदेवेन निर्दिष्टं स्वशब्देनाथ लिङ्गतः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्रिक्शास्त्रबारेमा कुरा कोट्टयाइसकेपछि त्रिक् के हुन् भन्ने शङ्का निवृत्त गर्नका निम्ति सङ्क्षेपमा यहाँ केही भन्दिनु अप्रासङ्गिक नहोला। हामीले शैव दर्शनमा ईशान तत्पुरुष सद्योजात अघोर वामदेव भनी शिवको निरूपण गरेका छौं। पहिले ईशान तत्पुरुष सद्योजातहरूले एक एकको उद्बुभूषाले भेदत्रय समुल्लसित हुन्छ। उद्भूतका एकएक भेदले षड्भेद हुन जान्छन्। यी तीन मिलेर एक भेद खडा हुन्छ। ईश तत्पुरुष, ईश सद्योजात, सद्योजात र तत्पुरुष यी दुई मिलेर यी तीनले भेदत्रय खडा गर्छन्। यसरी शिवका दशभेद हुन्छन्। यी दशभेदमा वामदेव र अघोरलाई मिलाएर अष्टादशभेद रुद्रका हुन्छन्। त्यहाँ एक एक वामदेव अघोरका भेदले भेदद्वय हुन्छन्। ईशवाम, ईशअघोर अघोरवाम यी दुई रूपमा भेदत्रय द्विकभेद भए। फेरि ईश, तत्पुरुष, सद्योजात, वाम, अघोर यी पाँचलाई त्र्यात्मकरूपले सम्मीलन गराउँदा ईशानको क्रमैले इतरवक्रको संभेद हुँदा छ, तत्पुरुषको तीन, सद्योजातको अवशिष्ट वक्त्र संभेदमा एक नै हुँदा दश प्रकारका भेद भए पनि ईश, तत्पुरुष, सद्योजातको प्रथम त्रिक्को शिवभेद भनिइसकेको हुँदा ईश वामअघोरात्मा शिष्टको त्रिक्लाई व्यापारान्तरले जोड्दा त्र्यात्मक भेदाष्टक बाँकी रहन जान्छ। दश र आठ यी दुवैको योगमा अष्टादश भेद हुन जान्छन्। यो आकर ग्रन्थबाट नै विस्तारपूर्वक अध्ययन गर्नु उपयुक्त हुने हुँदा यो प्रसङ्ग यही टुङ्ग्याउँछु।

यसअघि हामीले भूमिकाका रूपमा नै यो कुरा प्रस्तुत गरेको मान्नुपर्छ। आधिदैविक प्रक्रियामा एक स्थिर सिद्धान्त कायम गर्न शैवदर्शनले अरूको भन्दा बेग्लै बाटो अपनायो। त्यसमा पनि प्रत्यभिज्ञादर्शनले शैवदर्शनमा अद्वैतवादको आफ्नै दृष्टि कायम गऱ्यो। तन्त्रशास्त्रको अरू शास्त्रबाट गतार्थ भए यो अप्रयोजनीय हुने हुँदा यसबारेमा विमर्श गर्नुपर्ने हुन्छ र यसको शास्त्रान्तरदेखि वैलक्षण्य कायम गरी त्यसको परीक्षण आवश्यक हुन्छ। शिवद्वारा आगमशास्त्र निस्केको हो तापनि यो शैवदर्शन मात्र होइन, यसको बेग्लै अस्तित्व छ र अरूभन्दा यसको विशेष वैलक्ष्यण छ। त्यसैले यो प्रस्तुत गरिएको हो। अरूबाट यो गतार्थ हुँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तृतीय पटल

तान्त्रिक दीक्षा एक अध्ययन

दीक्षाबारे केही भन्नुअघि दीक्षा शब्दलाई तन्त्रले कस्तो परिभाषा गरेको छ, त्यो बुझ्नुपर्छ सर्वप्रथम । यसमा मेरुतन्त्रले दीक्षा शब्दको निरुक्ति यस प्रकार गरेको पाइन्छ-

दीयते ज्ञान-विज्ञानं क्षीयन्ते पापराशयः ।
तेन दीक्षा इति प्रोक्ता प्राप्ता चेत् सुगुरोर्मुखात् । १।७१ मे त.

सच्चा गुरुको मुखबाट मन्त्र प्राप्त गरेमा ज्ञानविज्ञान उपलब्ध हुन्छ र पापराशि नाश हुने भएको दीयतेको 'दी' र क्षीयते 'क्ष' लिएर दीक्षा शब्दको निरुक्ति भएको हो ।

तन्त्रमा दक्षमार्ग र वाममार्ग दुई छन् । यी दुवै उपासनामार्ग हुन् । दक्षमार्गी वैदिक परम्परासँग सम्बन्ध राख्तछ भने वाममार्गले पञ्चमकारको उपयोगिता उपासनापरक मान्छ । पञ्चमकार भनेका यी हुन्-

मद्यं मासं च मत्स्याश्च मुद्रा मैथुनमेव च ।
कुलमार्गप्रतिष्ठेन सदा सेव्यं सुहर्षिणा ॥ १।५९ मे. त.
तस्मात् स्वकुलमार्ग तु ज्ञात्वा कुर्यादुपासनाम् । १।६६

मद्य, मांस, मत्स्य, मुद्रा र मैथुनमध्ये यिनको उपयोग गर्ने कुलमार्गमा कुल शब्दको के व्युत्पत्ति हो भन्ने प्रश्नको समाधान तल प्रसङ्ग आउँदा त्यसको विविध शास्त्रबाट गरिएको व्याख्या प्रस्तुत गर्ने नै छु । तर वाममार्गीले दक्षमार्ग र दक्षमार्गील वाममार्गतर्फ नमोडिई स्वकुलमार्गबाटै उपासना गर्नुपर्ने कुरा तन्त्रमा विशद व्याख्या गरिएको पाइन्छ ।

निगममार्गमा उपनयनादि नगरी जसरी मन्त्रजपमा अधिकार हुँदैन, त्यस्तै दीक्षित नभई मन्त्र जप्ने अधिकार तन्त्रमा पनि प्राप्त छैन । देवतार्चना गर्ने पनि अधिकार हुँदैन । यो कुरा यसरी स्पष्ट पारेको छ -

तथा चादीक्षितानां च मनुर्देवार्च्चनादिषु ।
नाधिकारोऽस्त्यतः कुर्यादात्मानं मन्त्रसंस्कृतम् ॥ १।७० मे.

जति आफूलाई मन्त्र प्रदान गर्ने सद्गुरुको आवश्यकता पर्छ, मन्त्र श्रवण गर्ने सच्छिष्यको पनि त्यत्तिकै आवश्यकता हुन्छ । धनका लोभी गुरु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र सिद्धिका लोभी शिष्य यस कलिकालमा हुन्छन्। ती दुवै अनि पार लाग्ने र पुग्ने हुन निकै गाह्रो पर्छ। यसबारेमा मैले यो आफ्नो तजवीज गरी भनेको होइन। वचनै छ यस्तै-

धनार्थिनस्तु गुरवः शिष्याः सिद्ध्यर्थिनः कलौ।
तस्मान्न चोभयोः सिद्धिर्देवतानां विडम्बनम्। १।६८. मे.त.

हुन पनि यो मान्नै पर्छ-

असद् गुरुः स्वयं नष्टः कथं तारयते परम्।

जसलाई आफै ज्ञान छैन, त्यस्ता असति गुरुले अर्कालाई तार्छ भन्नु बडो देवतामाथिकै विडम्बना भन्नुपर्छ।

यस्ता कुरालाई विचार गर्दा हामी के तथ्यमा पुग्छौं भने दीक्षाग्रहण गर्दा गुरु र शिष्य दुवै सुयोग्य हुनुपर्ने रहेछ। तन्त्रका जुनसुकै मार्गमा पनि यही कुराको मुख्य उपादेयता रहेको पाइन्छ। भक्ति र श्रद्धासमन्वित शिष्य र गुरु भएमा भुक्ति मुक्ति दुवै उपलब्ध हुन्छन्। यसको दृष्टान्तमा हामी सप्तशतीलाई उदाहरणसहित प्रस्तुत गर्न सक्तछौं। मार्कण्डेयले राजा सुरथ र समाधि वैश्यलाई उपासनाको मार्ग चरित्रको वर्णन गरी बताए। राजा सुरथले भुक्ति पाए भने समाधि वैश्यले मुक्ति प्राप्त गरे। त्यहाँ गुरुशिष्य दुवै उपयुक्त थिए। यो कुरा मैले मनमानी भनेको होइन। तन्त्रमा लेखेकै छ -

भक्तिश्रद्धान्वितौ शिष्यगुरू सम्पूर्णलक्षणौ।
सर्वोऽपि मार्गस्तत्कालं भुक्तिमुक्तिप्रदायकः॥ १।६७ म. त.

वास्तवमा "गुणैर्युक्तो गुरुर्भवेत्" भन्ने कुरा पाइन्छ। गुरुका गुणहरू प्रायः सबै तिर दीक्षा प्रकरणमा उल्लेख गरेका पाइन्छन्। त्यस्तै शिष्यका गुण पनि उल्लिखित गरिएका छन्। कहीँ द्विजाति मात्र मन्त्र श्रवणका अधिकारी मानिएका छन्, कहीँ चार वर्णलाई दीक्षाको अधिकार प्रदान गरेको छ र कहीँ चाहिँ चाण्डालादिलाई पनि मन्त्र प्रदानको प्रसङ्ग आउँछ। मन्त्रवीजलाई पनि चातुवर्णचमा विभक्त गरेर तन्त्रले देखाएको छ। जस्तै -

मायाबीजं ब्राह्मणः स्याच्छ्रीबीजं क्षत्रियः स्मृतः॥
कामबीजं भवेद् वैश्यो वाग्भवं शूद्र ईरितः॥ १।९६ मे.त.

यसरी दीक्षाका बारे केही भन्दा गुरु र शिष्यका गुणहरूको वर्णन पाइन्छ। आज हाम्रो बिचमा ठूलो कालको व्यवधान भई यस बारेका पारङ्गत गुरुहरू ह्रास हुँदै गए। तन्त्रको रहस्य गुरुमा नै रहेको थियो परम्परागत रूपमा। त्यो गुह्य कुरा आज ज्ञात भएन। खालि गुरुका निम्ति सम्झौटो भएको शास्त्रका केही पाना बाँकी छन्। हाम्रो ज्ञान-विज्ञानको आधार दीक्षा नासिँदै गइरहेछ।

मैले यसअघि तन्त्रमा रहेको एक रहस्यात्मक मन्त्र सिद्धान्तमा केही सङ्क्षेपले प्रकाश पार्ने चेष्टा गरेँ। तान्त्रिक परम्पराको मुख्य तन्तु नै छुटेकाले त्यसलाई पहिल्याएर हामीले हेर्न अब अशिक्षित जातिमा परम्परा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रूपमा रहेका केही कुरालाई केलाएर त्यसको आधारमा पूर्वरूप निर्धारण गर्नुपर्छ। अब बिस वर्षपछि यो बचेखुचेको क्रियाकलापलाई अन्धविश्वास भनी तिनका सन्तानले जब फ्याँकिदिएर बिर्सिदिन्छन्, अनि त्यो हाम्रो प्राचीन परम्परा नामावशेष हुने छ। त्यसलाई प्राप्त गर्न फेरि मनुष्य समाजले हजारौँ वर्ष परिश्रम गरेर पनि सफलता पाउँछ भन्न गाह्रो पर्छ। त्यसैले आफ्नो संस्कृतिलाई समाप्त पार्ने ज्ञान फैलाउनु ठुलो मूर्खता हुन्छ। अज्ञान बरु बेस हुन्छ अशिष्टजनबाट प्राप्त गरेको विद्याभन्दा भनी हाम्रा पूर्वाचार्यले बडो विचार पुऱ्याएर भने "वरमज्ञानं नाशिष्टजनसेवया विद्या।" (नीतिवाक्यामृत सोमदेव)।

आज हामीले उपलब्ध गरेको विद्याले हाम्रो सर्वस्व नै गुमाउन लागेको देखिन्छ। भेटिकनमा पोप छान्ने प्रणालीमा सेतो र कालो धूवाँबाट निर्णयमा पुगेको कुरालाई हटाएर साइरन बजाएर वा एक ठुलो बिजुलीको रातो नीलो चिम बालेर त्यो परम्परा अवैज्ञानिक भनी पन्छाइदिएमा ५० वर्षको क्रमविच्छेदपछि फेरि त्यही रूपमा पुग्न रोमन क्याथलिक सम्प्रदायलाई २ हजार वर्ष लाग्ने छ। २० वर्षको कालविच्छेद भएपछि एक पिँढी टुट्तछ र त्यो रिक्तता जोड्न २ सय वर्ष पनि समर्थन हुँदैन। हामा आधुनिक विद्यामा पण्डित भएकाले अपमानित गरिएका अशिक्षित ग्रामीण जनताले र अन्धविश्वासी मानिएका केही वर्गले हाम्रो तान्त्रिक प्रक्रिया जोगाएका छन्। त्यो ज्ञानको बचेको पिल्पिले बत्तीमा हामीले महादीप सल्काएर त्यसको प्रकाश फैलाउनुपर्छ। केही जादु, टुना, मोहिनी लगाउने र बोक्सी, गुरौ, धामी, झाँक्री, गुभाजू, द्यौभाजू आदिले शैव र बौद्ध तान्त्रिक पद्धतिको विकृत रूपमा भए पनि अस्तित्व जोगाइदिएका छन्। पुरोहितका छोरा नातिले बाबुबाजेको जजमानीलाई घृणा गरी नयाँ ज्ञान विज्ञानको अध्ययन-अध्यापनले आफ्ना बाबुबाजेलाई त्यस कार्यबाट हट्न हठ गरेको देखिन्छ। अब एक पिँढीपछि हिन्दुको षोडश संस्कारका क्रियाकलापहरू अवरुद्ध हुने सम्भावना छ। किनभने यस संस्कारको सिद्धान्तमा नै अनास्था समाजमा कायम गर्ने ज्ञानलाई हामीले प्राधान्य दिइरहेछौँ। विद्या भन्नु नै पाश्चात्यले लादिएको क्लर्क बनाउने ज्ञान भयो। त्यसो भएपछि हाम्रा ज्ञान-विज्ञानका गुरुकुलको ताँदो टुट्यो। हाम्रा दुई-तीन पिँढीले पूर्वाधार छाडिदिए। त्यसैले गर्दा हामीले आयुर्वेदजस्तो महत्त्वपूर्ण विद्यामा धातु प्रयोग गर्ने रसादि सिद्धान्तका प्रयोक्ता वैद्यहरूको प्रादुर्भाव हुने द्वार नै बन्द गरिदियौँ। देहला, फलाम, सुन आदि धातु पनि कमी भए रोग लाग्छ। त्यसलाई धातु संस्कार गरी बाहिरबाट थप्ने कुरा बिर्स्यौँ। यतिमात्र होइन, अष्टाङ्गयोगद्वारा आन्तरिक प्रक्रियाको ज्ञान पनि छुट्यो हाम्रो। यसरी अनि तन्त्र, मन्त्र, यन्त्र सबै हाम्रा निम्ति अज्ञानवश नयाँ उपहास गर्ने कुरा बनाइए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आगममा होस् या निगममा हामीलाई पुरुषार्थ प्राप्तिबारे उपाय बताइएको छ। प्राच्य विद्वान्हरूले समयको गतिसँगै आफ्नो मौलिक धारावाहिक स्वरूपलाई जोगाइराखेको कुरा यदि उनको शास्त्रको गहन अध्ययन गर्ने हो भने सुस्पष्ट देखिन्छ। पाश्चात्य विद्वान्हरूले आफ्नो परम्परागत दृष्टिद्वारा जुन हाम्रो पुरुषार्थपरक शास्त्रको विश्लेषण गरी निष्कर्ष निकाले, त्यो प्रयास श्लाघनीय त हो, तर त्यो हाम्रा निम्ति उपादेय भने किमार्थ होइन।

हाम्रो तात्पर्य निर्णय गर्ने हेतुमा उपक्रम, उपसंहार, अभ्यास, अपूर्वताफल, अर्थवाद र उपपत्तिलाई मानेको छ। यही कुरा भनिएको पनि छ-

उपक्रमोपसंहारावभ्यासोऽपूर्वताफलम्।
अर्थवादोपपत्ती च लिङ्गं तात्पर्य निर्णये॥

यदि यस रूपले तात्पर्य निर्णय नगर्ने हो भने अर्थको अनर्थ हुन्छ र शास्त्रको मर्यादा विपरीत निर्णय गरी सिद्धान्तको प्रहार हुन्छ। आज पाश्चात्य ज्ञानमा विश्वास गर्ने हाम्रा आचार्यहरूले पनि आफ्नो शास्त्रको मर्यादा विपरीत व्याख्या गर्न थालेका छन्। अल्पज्ञताले विद्याको मर्म खुल्दैन। यसबाट सावधान गराएर पूर्वाचार्यहरूले भनेका छन्-

"विभेत्यल्पश्रुताद्वेदो मामयं प्रहरिष्यति।" अर्थात् अल्पज्ञले मलाई प्रहार गर्छ भनी वेद डराउँछ रे। साँच्चै अल्पश्रुतले वेदलाई प्रहार गरी क्षति पुऱ्याएको देखिन्छ आज।

त्यसैले लक्ष्मणदेशिकेन्द्रले तन्त्रबाट प्राप्त हुने पुरुषार्थका लागि भने पुरुषार्थ राम्ररी पाउनाका लागि सत् शिष्यले गुरुको आश्रय लेओस् भने। यही कुरा उनकै शब्दमा -

"पुरुषार्थं समावाप्तौ सच्छिष्यो गुरुमाश्रयेत्।"

पुरुषार्थ सिद्धि गर्न बाटो देखाउने देशिकको आवश्यकता पर्छ। आगम निगम दुवैमा हामी गुरुमुखबाट नै प्राप्त मन्त्रमा सिद्धि निहित भएको पाउँछौं। पहिले द्विजातिका माणवकहरू गुरुकुलमा बसेर नै अध्ययन गर्दथे। त्यहाँ गुरुको मुखबाट उच्चारपछि उच्चारण गरेर नै वेदादिको अध्ययन कायम गरिएको थियो। तन्त्रमा आएर हामी गुरुको मुखबाट नसुनेर जपेको मन्त्र निष्फल हुन्छ भन्ने निष्कर्षमा पुगेर गुरुको आश्रयमा जान्छौं। गुरुको गुणको व्याख्या गर्दै गुरुको यस्तो लक्षण गरिएको पाइन्छ। जस्तै-

मातृतः पितृतः शुद्धः शुद्धभावो जितेन्द्रियः।
सर्वागमानां सारज्ञः सर्वशास्त्रार्थतत्त्ववित्॥ १४२
परोपकारनिरतो जपपूजादितत्परः।
अमोघवचनः शान्तो वेदवेदार्थपारगः॥ १४३
योगमार्गानुसन्धायी देवताहृदयंगमः।
इत्यादि गुणसंपन्नो गुरुरागमसंमत॥ १४४
(शारदातिलक)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस श्लोकमा दिइएका एक एक विशेषण विनातात्पर्यमा दिइएका छैनन् । सबै सार्थक छन् यो गुण गुरु हुनामा । आगमको क्रियाकलाप पनि वेदमूलक छ । त्यसैले यिनमा परस्पर विरोध जस्तो भए पनि दक्षिणमार्ग त वेदको अनुकूल भएर नै हिँड्छ । त्यसैले गुरु हुने मान्छे वेदवेदार्थमा पारङ्गत हुनुपर्छ भनेर माथि वेदवेदार्थपारगः भनेको हो । देवताहृदयंगमः को अर्थ गर्दै राघवभट्टले आफ्नो टीका पदार्थादर्शमा यसो लेखे- देवतावद् हृदयंगमो-मनोहरः प्रसन्नाकार इत्यर्थः अर्थात् देवता जस्तै देख्तैमा मनहरण गर्ने प्रसन्न आकार भएको । हुन पनि भनिएको छ-

कार्यानुगतसंशीलं, शीलानुगतं नृणां भवति चित्तम् ।
चित्तानुगतं रूपं, रूपानुगता गुणाः प्रायः ॥

मनुष्यको गुणको कार्यकारणभाव सम्बन्धलाई कार्यद्वारा नै परम्परागत गुणको विकास भएको पाइन्छ । किनभने शील कार्यानुगत छ, चित्त शीलको पछि लागेर आउँछ, अनुहारमा मन प्रतिस्फलन हुन्छ र गुण त्यसैले प्रायः रूपानुगत मानिन्छ । प्रायः मन नै मान्छेको सच्चा स्वरूप हुन्छ भन्ने कुरा हामीले मानेर नै "तम्मे मनः शिवसंकल्पमस्तु" भनेका हौँ । मन जहाँ रमाउँछ र आँखा जहाँ लाग्छ, त्यही कुरा गर्दा भलो हुन्छ । भनाइ पनि छ- "यस्मिन् मनश्चक्षुषोरभिरतिस्तस्मिन्नभ्युदयः" । मनलाई हामीले जन्मान्तरको सङ्गतिसम्म जोड्न सक्ने भन्ने विश्वास गरेका छौँ र प्रयोगमा ल्याउन घटनालाई जोडेर भनेका पनि छौँ- "मनोहि जन्मान्तरसंगतिज्ञम् ।"

हामीले इत्यादि शब्द पाउँछौँ माथि उद्धृत श्लोकमा । त्यसले गर्दा गुरुका गुणका बारेमा अरू धेरै कुरा यहाँ उल्लेख नभएको पनि छ भन्ने ध्वनित गर्छ । मुख्य गुरुको गुण हो शिष्यवात्सल्य । शिष्यमाथिको स्नेह हुनुपर्छ । शिष्यको स्नेह मात्र पनि पर्याप्त हुँदैन । संसारसागरमा डुबेकालाई तत्त्वज्ञानरूपी नौका दिएर तार्न सक्नु नै गुरुको मुख्य कर्तव्य पनि हो । यही भावका दुई श्लोक यहाँ लेखी गुरुको गुणको वर्णन समाप्त गर्छु-

धीमानतुद्धतमतिः कृतज्ञः शिष्यवत्सलः ।
श्रद्धावाननुसूयश्च गृहस्थो गुरुरुच्यते ॥
संसारसागरे मग्नान् यस्तारयति देहिनः ।
तत्त्वप्लवप्रदानेन स एवेह गुरुः स्मृतः ॥

त्यसैले दीक्षाकर्ममा गृहस्थलाई नै गुरु मानेको प्रमाण पनि यसैबाट प्रमाणित हुन्छ । प्रायः बुद्धिमान् भएपछि मान्छे अलि उद्धत हुने गर्छन् तर बुद्धिको राम्ररी विकास भएको छ भने त्यो उद्धत हुँदैन । श्रद्धा मन्त्रयागमा महान् शक्तिसम्पादिका हुन्छ । यदि श्रद्धा नभएर कुनै काम गरे पनि त्यो सत् रूपमा परिणत हुँदैन । त्यसैले हामीमा श्रद्धाले नछोडोस् भनेर वरप्रार्थना गर्दा श्रद्धा चनो मा व्यगमत् भन्ने गरे । श्री कृष्णले श्रद्धाविरहित कर्मलाई तामस माने । त्यतिले पनि पुगेन र उनले श्रद्धा नभई गरेको हवन,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दान, तप र जेसुकै गरे पनि त्यो वरत्र-परत्र दुवैमा काम नलाग्ने हुन्छ भनी घोषणा गरे-

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं तु यत्
असदित्युच्यते पार्थ न च तत्प्रेत्य नो इह ॥

यही कुरा सबै हृदयङ्गम गरेर यहाँ गुरुको गुणको व्याख्यामा पनि श्रद्धावान् भनिएको छ ।

जस्तो राष्ट्रका निम्ति उसको भूमि र त्यहाँ रहने जनता प्रमुख अङ्ग हुन् सप्ताङ्गमध्ये, त्यस्तै हाम्रो दीक्षार्थका लागि पनि आवश्यक हुन्छन् गुरु र शिष्य । माथि सत् शिष्य भनियो । त्यसो हुँदा शिष्यको गुणको पनि यहाँ चर्चा नगरे यो एकाङ्गी हुन्छ । त्यसैले शिष्यका गुणका बारेमा शास्त्रले गरेको परिभाषा यहाँ उल्लेख गर्नु आवश्यक हुन गएको छ । त्यसैले गुरुको गुण निरूपणको लगत्तै पछि शिष्यका बारेमा शारदातिलकमा लेखेको छ-

शिष्यः कुलीनः शुद्धात्मा पुरुषार्थपरायणः ।
अधीतवेदः कुशलो दूरमुक्तमनोभवः ॥
हितैषी प्राणिनां नित्यमस्तिकस्त्यक्तनास्तिकः ।
स्वधर्मनिरतोभक्त्या पितृमातृहितोद्यतः ॥
वाङ्मनकायव सुभिगुरुशुश्रूषणे रतः ।
त्यक्ताभिमानो गुरुषु जातिविद्याधनादिभिः ॥
गुर्वाज्ञापालनार्थं हि प्राणव्ययरतोद्यतः ।
विहत्य च स्वकार्याणि गुरुः कार्यरतः सदा ॥
दासवन्निवसेद्यस्तु गुरौ भक्त्या सदा शिशुः
कुर्वन्नाज्ञां दिवारात्रौ गुरुभक्तिपरायणः ॥
आज्ञाकारी गुरोः शिष्यो मनोवाक्कायकर्मभिः ।
यो भवेत्स तदा ग्राह्यो नेतरः शुभकाङ्क्षया ॥
मन्त्रपूजारहस्यानि यो गोपयति सर्वदा ।
त्रिकालं यो नमस्कुर्यादागमाचारतत्त्ववित् ॥
स एव शिष्यः कर्तव्यो नेतरः स्वल्पजीवनः ।
एतादृशगुणोपेतः शिष्यो भवति नापरः ॥

यसो अर्थ गर्दा माथिका कारिकाको भाव यस्तो आउँछ- कुलीन, शुद्धात्मा, पुरुषार्थमा लागेको, वेद पढेको, सिपालु, कामवासनालाई ठाडै पन्छाएको, प्राणी मात्रको हितैषी, आस्तिक, स्वधर्ममा लागेको, आमाबाबुको हितमा तत्पर, तनमन धनले गुरुको सुश्रुषामा निरत, जाति, विद्या, धनको अभिमान नगर्ने, गुरुको आज्ञा पालन गर्न ज्यानसमेत अर्पने, आफ्नो कामको परवाह नगरी गुरुकार्यमा सदा रत दासतुल्य, सदा गुरुको आज्ञापालन गर्ने जो यस्ता गुणले युक्त छ, त्यसलाई नै शिष्यमा लिनुपर्छ । मन्त्रपूजा रहस्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सर्वदा जो गोप्य राख्तछ, जो आगमाचार तत्त्व जान्दछ, त्यही नै शिष्य वनाउनुपर्छ । यस्ता गुण नहुने शिष्य हुन योग्य हुँदैनन् ।

आगमले आफ्नो ज्ञानको ग्रहण गर्ने योग्य व्यक्तिको परिभाषा जसरी गरेको छ, निगमले पनि यस्तै आफ्नो ज्ञान ग्रहण गर्ने व्यक्तिको अपेक्षा राख्तछ । यहाँ पनि यस्तै भावको कुरा हामी पाउछौँ -

विद्या ह वै ब्राह्मणमाजगाम गोपाय मां सेवधिष्टेऽहमस्मि ।
असूयकायानृजवेऽयताय न माब्रूया वीर्यवती तथा स्याम् ॥

अर्थात् विद्या ब्राह्मणमा आयो, मलाई रक्षा गर, म तिम्रो ज्ञान हुँ, असूया गर्ने अर्थात् डाही, कुटिल आदिलाई न भन म वीर्यवती त्यसरी रहूँ भन्ने माथिको अर्तिको तात्पर्य हो । ज्ञान विज्ञान अयोग्यलाई उपलब्ध गराइन्न र त्यो उपयुक्त पात्र नभए त्यसको परिणति राम्रो हुन्न । घाँस दुध बन्छ सुरभि जस्तो पात्र हुँदा, दुध विषमा बदलिन्छ सर्पजस्तो पात्रमा पर्दा । यही कुरालाई पहिले राम्ररी विचार गरिन्थ्यो । द्रोणाचार्यले धेरै शिष्य भए तापनि ब्रह्मास्त्रको ज्ञान दिने उपयुक्त पात्र अर्जुन मात्र पाए । पछि मनुका पालामा आएर त "विद्यायैव समंकामं कर्तव्यम्" भन्ने एक बलियो धारणा बन्यो ।

त्यसैले आर्यका रहस्यात्मक ज्ञानविज्ञान सद् शिष्यका अभावमा हराएर गए । यसरी शिष्यको अभावमा विलुप्त हुन थालेको ज्ञानधारा पछि बाह्य आक्रमण भई संस्कृतिको मूल स्रोत नै सुकाइदिने विदेशी शासकको कुटिल शिक्षा नीतिले गर्दा हाम्रो ज्ञान-विज्ञान दुवै समाप्तप्रायः गरिएका छन् ।

हामी शिष्यका गुणको परिगणन गर्दा पहिले "दूरमुक्तमनोभवः" भन्छौं । यसको अर्थ गर्दा टीकाकार लेख्तछन् - "कामिनः सपापत्वादशुद्ध चित्तत्त्वान्मन्त्राराधनानधिकारः" अर्थात् कामुक मान्छे पापपूर्ण हुँदा उसको चित्त अशुद्ध हुन्छ, अशुद्ध चित्त हुनेले मन्त्रको आराधना गर्ने अधिकार गुमाउँछ । तर पाश्चात्यहरूलाई आफ्ना शिष्य बनाउन पाएमा गर्व गर्ने हाम्रा भारतीय आधुनिक ज्ञानीहरू पान र मैथुनलाई छुट दिने धृष्टता गर्छन् । यो शास्त्रको सिद्धान्त विपरीत कुरा हो । वामाचारमा पञ्च मकारको प्रयोग गर्ने व्यवस्था त छ तर त्यो आजको यस रूपमा भने होइन । कौलिकहरूले कुल शब्दको व्याख्या यस प्रकारले गरेका छन्, यो कुरा तन्त्रालोकको २९ आह्निकमा अभिनवगुप्तपादले यसरी देखाएका छन् -

कुलं च परमेशस्य शक्तिः सामर्थ्यमूर्ध्वता ।
स्वातन्त्र्यमोजो वीर्यं च पिण्डः संविच्छरीरकम् ॥

अर्थात् यस कारिकाको भनाइ मुताबिक परमेश्वरको लय र प्रादुर्भाव गराउने सबै कारणमध्ये माथिल्लो तहको शक्ति, स्वातन्त्र्य, ओज, वीर्य र सवित् तत्त्वमय पिण्ड नै कुल हो । यस आफ्नो कुरालाई पुष्टि गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अरूतिरको प्रमाणलाई पनि आचार्य अभिनवगुप्तले त्यहीँ उद्धृत गरेका छन्, जुन यस प्रकारले उल्लिखित छन् -

कुलं हि परमा शक्ति . . . . . .
लयोदयश्चित्स्वरूपस्तेन तत्कुलमुच्यते ।
स्वभावे बोधममलं कुलं सर्वत्र कारणम् ।
सर्वकर्तृ विभु सूक्ष्मं तत्कुलं वरवर्णिनि ।
सर्वेशं तु कुलं देवि सर्वं सर्वव्यवस्थितम् ।
तत्तेजः परमं घोरं . . . . ॥
शक्तिगोचरगं वीर्यं तत्कुलं विद्धि सर्वगम् ।
कुलं स परमानन्दः . . . . ।
कुलमात्मस्वरूपं तु . . . . . ।
कुलं शरीरमित्युक्तम् . . . . ।

यी सबै शास्त्रीय व्याख्यालाई आत्मसात् गरेर आफूले लेखेको कारिकामा एक डल्लो पारेर समावेश गरे अभिनवगुप्तले । जो माथि लेखिई अर्थ गरिसकेको छ ।

कुल शब्दबाट कौलिक सम्प्रदायको सिद्धान्त बोध हुन्छ । कुल के रहेछ र कुललाई आधार मान्ने त्यसमा स्वसमर्पित कौलिक के रहेछन् यो बुझ्नुपर्छ । अनि कुल प्रक्रिया बुझिन्छ । कुलयागको वैशिष्टच देखाउँदा के भनिन्छ भने कुलयाग अर्थात् कुल प्रक्रियाबाट एक महिनामा जो कुरा हुन्छ, त्यो हजार वर्षमा मन्त्रसमूहद्वारा पनि हुन सक्तैन । किनभने यस्तो वचन पाइन्छ तन्त्रमा -

सिद्धान्तादिषु तन्त्रेषु ये मन्त्राः समुदाहृताः ।
वीर्यहीनास्तु ते सर्वे शक्तितेजोज्झिता यतः ॥
कौलिकास्तु महामन्त्राः स्वभावाद्दीप्त तेजसः ।
स्फुरन्ति दिव्यतेजस्काः सद्यः प्रत्ययकारकाः ॥
त्यसै हुँदा
सिद्धक्रमनियुक्तस्य मासेनैकेन यद् भवेत् ।
न तद्वर्षसहस्रैः स्यान्मन्त्रौघैर्विविधैरपि ॥
भन्ने कुरा प्रमाणित भयो ।

यो समस्त भावजातलाई शिवशक्तिमय रूपले स्फारित भएपछि शङ्का जति ध्वस्त हुन्छन्, त्यस किसिमको याग कुलयाग भनिन्छ । अन्तर्याग हुँदा देह प्राणमार्ग र बुद्धिमा विवेक गरी षट्चक्रको मार्गद्वारा वेद्यवेदकभन्दा अतिरिक्त अरू नभई सबै पवित्रतामा स्विकारिन्छन् । आखिर सविन्मात्रसारतत्त्व वस्तुजात भएपछि शुद्धि अशुद्धि भन्ने दुवै कुरा अवास्तविक हुन्छन् र अरूतिर निषिद्धद्रव्य वहिर्याग गर्दा वाममार्गले अमृत परिप्लुत ठानी उपयोगमा ल्याउँछ । यो कुरो तन्त्रमा उल्लेखित छ । जस्तै -

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द्रव्यैश्च लोकविद्विष्टैः शास्त्रार्थाच्च वहिष्कृतैः ।
विजुगुप्स्यैश्च निन्द्यैश्च पूजनीयस्त्वयं क्रमः ॥

कौलिकले जब संविन्मयतत्त्व एक मात्र छ भन्ने सिद्धान्त स्वीकृत गऱ्यो अनि चोखो र निन्ध भन्ने कुरो व्यवहारमा स्विकारेन मात्र होइन, यही अन्यत्र निषिद्ध द्रव्यलाई उसले यागमा उपयुक्त मान्यो । अनि सुरालाई परमाशक्ति, मद्यलाई भैरव भन्ने संज्ञा दिएर तन्त्रले भन्यो-

सुरा च परमाशक्तिर्मद्यं भैरव उच्यते ।

कुलयागको विषयमा शास्त्रकार यो रहस्यमय भएकाले "एतद्गुरुमुखादेव बोद्धव्यम्" भन्छन् । यो उनको भनाइ मात्र होइन, तन्त्रको वचन पनि यस्तै छ ।

चरुकः सम्प्रदायश्च विज्ञानं मेलकं तथा ।
पूजाक्रम विधानं च योगिनीनां मुखेस्थितम् ॥

दिव्य शरीर भएर गरिएका यागादि नै फलदायी हुन्छन् । साधकले स्वात्मामा भैरवीभाव मन्त्रतादात्म्य गरेर पैदा गर्नुपर्छ । संविद्तत्त्व एक भन्ने भएमा नै निषिद्ध द्रव्य रहँदैन । यो हुनलाई भावनाद्वारा भैरवत्व आत्मामा ल्याउनुपर्छ । त्यो नगरी दिव्यदेह नभई गरिएका पूजाका जप आदि सबै निष्फल हुन्छन् भनी शास्त्रले सावधान गराएको छ । जस्तै -

नन्वदिव्येन देहेन यद्यत्पूजाक्रमं जपम् ।
किञ्चित् कुर्यात्तु तत्तस्य सर्वं भवति निष्फलम् ॥

यी कुराबाट कौलिक सम्प्रदायमा पनि गुरुको आज्ञाबाटै सिद्धिको किल्ली खुल्ने भन्ने कुरा देखियो । गुरुकुल यसरी हाम्रो विच्छिन्न भयो कि हामीले सद्गुरु पनि पाउने भएनौं र गुरुले पनि सत् शिष्य पाउने भएनन् । हाम्रो यसरी धर्म, संस्कृतिमा ठुलो ह्रास आयो । वास्तवमा गुरु र शिष्य नै दीक्षाका लागि उपयुक्त भएको देखिएन । अनि दीक्षाद्वारा हुनुपर्ने शास्त्रविहित सिद्धि हस्तगत भएनन् र हामीले शास्त्रको भित्री मर्म नै नबुझी तन्त्रमन्त्र आदिलाई नै निर्वीर्य र विफल भएको भनी दोषारोपण गरेर नाच्न नजान्ने आँगन टेढो उखान सार्थक गऱ्यौं ।

आजको कुरा गरेको होइन मैले । आज समाजले जातिपातिलाई छाडिसकेको छ । हाम्रा विधि, विधान र ऐन कानुनले समाजका मान्यतालाई शिरोपर पनि गरेका छन् । यसबारेमा मेरो भन्नु केही पनि छैन । वर्णाश्रमको व्यवस्था जुन समाजमा बडो वैज्ञानिक रूपमा समाजले आविष्कार भएको ठान्थ्यो, त्यस वेलाको कुरातर्फ म फर्केर जब विचार गर्छु अर्थात् आजकल वैदिक काल भनेर पाश्चात्यहरूले विभाजित गरेको वेलातर्फ औंल्याएर केही कुरा गर्न खोज्छु । हामी नेपालमा शूद्रहरूले दीक्षा मन्त्र लिएको पछि आएर भन्छौं । यो वामाचार हो भनेर भन्ने धारणा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बनाउँछौँ । हो, तन्त्रले शूद्रलाई दीक्षा दिने अधिकार प्रदान गरेको छ। यसबारेमा शारदातिलकले हामीलाई यसरी स्पष्ट पारेको छ ।

एकाब्देन भवेद् योग्यो ब्राह्मणोऽब्दद्वयान्नृपः
वैश्यो वर्षैस्त्रिभिः शूद्रश्चतुर्भिर्वत्सरैर्गुरोः ।
स सुश्रूषुः परिग्राह्यो दीक्षायागव्रतादिषु ॥

यस कारिकाबाट चार वर्ष राम्ररी गुरु सुश्रुषा गर्ने शूद्र पनि दीक्षायागव्रतादिमा परिग्राह्य हुने कुरा स्पष्ट पारिएको देखिन्छ। पिङ्गला मतमा यो कुरा स्पष्ट पारेर भनिएको छ ।

चतुर्णां ब्राह्मणादीनां दीक्षां कुर्वीत मन्त्रवित् ।

अन्यत्र यस्तो वचन पनि छ -

ब्रह्मक्षत्रविशः शूद्रा आचार्या शुद्धबुद्धयः ।
गुरुदेवद्विजार्चासु रताः स्युरधिकारिणः ॥

शूद्रका निम्ति वेदबारे यस्तो कठिन नियम गरेको छ, त्यो यहाँ नभने भएको भन्न सङ्कोच गरेको हुन्छ। त्यस वेला भएको नियम यस वेला लागू हुने होइन र हामीले सङ्कोच मान्नुपर्ने कुरा पनि छैन। एक वाक्य यस्तो छ -

"श्रवणे त्रपुजतुभ्यां कर्णपूरणमुच्चारणे जिह्वाच्छेदो धारणे शरीर भेद्य"। वैदिक मन्त्र सुनेमा लाहा या सिसा पगालेर कान पुर्दिनू, उच्चारण गरे जिब्रो काटिदिनू, धारण गरे शरीर भेदन गर्नू। यस स्थितिमा वैदिक मन्त्र शूद्रले सुन्ने, जान्ने कुरो नै भएन। तर तन्त्रले यति उदारता गरेर शूद्रलाई दीक्षायाग व्रतादिमा अधिकार प्रदान गरेको मान्नुपर्छ। तर वेदको राम्ररी मीमांसा गरेर विचार गर्ने हो भने त्यो नियम जुन वेदमन्त्र शूद्रले सुनेमा लाहा कानमा भर्ने भन्ने कुरो वास्तविकतादेखिन् धेरै धेरै टाढा रहेको पाइन्छ ।

यसबारेमा वैदिक परम्परामा नै यस्ता कडा नियम कुनै कामयाबी भएको देखिन्न। शूद्र स्त्री राख्ने अधिकार ब्राह्मणले धेरै उपयोगमा ल्याएर तिनका सन्तानमाथि यो नियम कायम गरे भन्न सकिन्न। उनीहरूले आफ्ना ठिमाहा सन्तानलाई यज्ञमा अधिकार प्रदान गरेको पाइन्छ। आफ्नो कुरामा आफ्नै संस्कृति र आफ्नै परम्पराको प्रतिबिम्ब परेको देखिन्छ। आफ्नै इतिहास अर्काको इतिहासमा प्रतिस्फलन पार्ने परम्परा पनि छ ।

शूद्रका बारेमा भएका अर्थवाद वाक्यलाई देखेर पाश्चात्यहरूले आफ्नो देशमा दासप्रति भएको अमानवीय अत्याचारसँग समधर्मिता फेला पारेका हुन्। वास्तवमा मीमांसा नगरी अर्थवादलाई वाच्यार्थकै रूप दिन थाल्यो भने त सूर्यलाई मौलोमा परिणत गर्ने आदित्योयूपः जस्ता वाक्यले हामीलाई अर्थ गर्न अन्योल पार्ने छ। एकातिर "स्त्रीशूद्रौ नाधीयेताम्" वाक्य छ, अर्कातिर "पुरा कल्पेषु नारीणां मौजीबन्धनमिष्यते" भन्ने र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्त्रीशूद्राणामयं मन्त्रो नमोऽन्तस्तु शुभावहः ।
एतज्ज्ञात्वा महासेन, चाण्डालानपि दीक्षयेत् ॥

भन्ने वाक्य पनि पाइन्छ । यसरी खालि वाक्य देख्तैमा त्यसबाट अर्थ गर्ने भए तात्पर्य निर्णय गर्न शास्त्रको आवश्यकता पर्ने नै थिएन । विचरा पाश्चात्यहरूलाई वेदार्थको प्रामाण्यता कायम गर्ने श्रुति, लिङ्ग, वाक्य, प्रकरण, स्थान र समाख्या जस्ता छ प्रमाण छन् भन्ने त्यति गहिरो अध्ययन कसरी होस् टुटयाफुटया संस्कृत जानेर ।

आज पाश्चात्त्यको प्रभावमा हाम्रो सामाजिक संघटन पनि बिग्रँदै गइरहेछ । वर्णसांकर्य हुनु कुनै नयाँ कुरा होइन । काम सर्वातिशा हुन्छ, जवानीमा अन्धवेग भएर कामान्धले केही देख्तैन भनी हामी "नैव पश्यति कामान्धः" भन्छौं । आज हामी बाबुको जातिमा वर्णसंकरलाई समावेश गर्छौं । यो पितृप्रधान जातिको नियमानुसार भएको भनी मान्छौं । त्यसले मिस्टर शर्मालि मिस एनीसँग रजिस्टर्ड म्यारेज गरेर जन्मेको रबर्ट मिस्टर शर्मा हुने स्थिति खडा भएको छ । यो गहिरेर विचार गर्ने कुरा हो, फिस्स उडाउने कुरो होइन ।

यसअघि भने चार वर्णमा अनुलोम प्रतिलोम विवाह हुँदा नयाँ जातिको उत्पत्ति मानी तिनको काम, कर्तव्यको पनि व्यवस्था बाँधिदिएको पाइन्छ । त्यसबारे मनु भन्छन्- आनुलोम्य विवाह हुँदा ब्राह्मणले वैश्यकन्यामा जन्माएको बालकको जात अम्बष्ठ र शूद्रकन्यामा जन्मन गएको चाहिँ निषाद या पाराशव भनिने गर्थ्यो । क्षत्रियले ब्राह्मण कन्याबाट जन्माएको सूत हुन्थ्यो भने वैश्यले क्षत्रिय कन्याबाट जन्माएको मगध र वैश्यले नै ब्राह्मण कन्याबाट जन्माएको चाहिँ वैदेह भनिन्थ्यो । यी प्रतिलोम विवाहबाट जन्मेका हुन् । यसमा मनुको वाक्य नै यहाँ उद्धृत गरेर आफ्नो कुराको पुष्टि गर्छु ।

मनु -
ब्राह्मणाद्वैश्यकन्यायामम्बष्ठो नाम जायते ।
निषादशूद्रकन्यायां यः पाराशव उच्यते ॥ १०।८
क्षत्रियाद्विप्रकन्यायां सूतो भवति जातितः ।
वैश्यान्मागधवैदेहौ राजविप्राङ्गना सुतौ । १०।११

निषाद, सूत, मागध आदि जातिको वेदमा पनि उल्लेख गरेको यसरी देखिन्छ ।

अतिकुष्ठाय मागधं, नृत्ताय सूतं, ऋक्षीकाभ्यो नैषादं, मेधायै रथकारम् । ३० ।५८ यजुः

सर्वभेद प्रकरणमा पाइने किरात, जम्मक, किम्पुरुष, पौल्कस, ग्लावी, सिध्मल आदिको नाम पनि यहाँ उल्लेख गर्दा हामीकहाँ छत्तिस जात र चार वर्ण भनी श्री ५ पृथ्वीनारायण शाहले भनेको सँग कुरा मिल्न खोजेझैं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन्छ। यसबारेमा त्यहींको वाक्य यहाँ प्रस्तुत गर्नु अप्रासङ्गिक नहुने ठानेर उद्धृत गरिएको छ।

गुहाभ्य: किरातं सानुभ्यो जम्मकं पर्वतेभ्य किम्पूरुषम् ३०।१६
विभत्सायै पौल्कसं . . . . . पश्चादोषाय ग्लाविनम्।
विश्वेभ्यो भूतेभ्य: सिध्मलं .... ३०।१७ यजु:।

यति मात्र होइन, तन्त्रले शूद्रलाई दीक्षा दिएकोमा हामी पछि आएर भएको यो भनी इतिहासको क्रमविकासमा पत्यार गरेर विश्वास गर्छौं। तर "निषाद स्थपतिं याजयेत्" भन्ने वैदिक याग गर्ने अधिकार निषादको थकालीले पाएको वाक्य देख्ता र निषाद शूद्रबाट जन्मेको जाति हुँदा अघि माथि भनेको कुरासँग विचार गर्ने स्थिति खडा गराउँछ।

निषाद त्यति माथिल्लो तहको कामबाट जीविका चलाउने जाति पनि थिएन। सूत, आम्बष्ठ, वैदेह, मागधको भन्दा उसको जीवन निर्वाह गर्ने वृत्ति अझ घृणित थियो। गुणकर्मको विभाग गर्दै यसमा मनु भन्छन् -

सूतानामश्वसारथ्यमम्बष्ठानांचिकित्सनम्।
वैदेहकानां स्त्रीकार्यं मागधानां वणिक् पथ:। १०। ४७
मत्स्यघातो निषादानाम् . . . . . . । १० ।४८

माछा मार्ने काम पाएका वधिक जाति निषाद पनि यज्ञ गर्ने अधिकारी थिए। वेदमा भने शूद्रलाई दीक्षा प्रदान गर्दा तन्त्रले अन्याय गरेको भन्न सकिन्न। हामीले चार वर्णमा शूद्रलाई वर्ण कै रूप दिएका छौं। त्यति मात्र होइन, यदि पाश्चात्यहरूले तल्ला वर्गलाई हामीले साह्रै सताएको भनी जुन आरोप लगाएका छन्, गडेर हेर्ने भए त्यो असत्य सावित हुन्छ। सूतजी पुराणका व्याख्याता भएको पुराण पल्टाउँदा सूत उवाच देखेर नै पनि विचार पुऱ्याउनुपर्ने थियो।

दास वर्गलाई ग्रिक र रोममा गरिएको अत्याचार हामीकहाँ भएको छैन। राम्ररी विचार पुऱ्याएर पौरस्त्यले पाश्चात्यका कुरामै भर नपर्दिने हो भने पाश्चात्यहरू आफ्नै पाराले आफ्नै इतिहासअनुरूप दासप्रतिको अत्याचार हामीमा पनि आरोप गर्छन्। यसो हुनु पनि उनीहरूको नौलो कुरो होइन।

हामीले दास र आर्यका बारेमा कुरालाई विचार गर्न आफ्नै त्यस वेलाका ग्रन्थ पनि पढिदिनुपर्छ। दासलाई आर्य बनाएको कुरा ऋग्वेदमा यस मन्त्रले स्पष्ट पारेको छ। जस्तै -

आ संयतमिन्द्र ण: स्वस्तिं शत्रु तूर्याय बृहतीममृधाम्।
यया दासन्यार्याणि वृत्रा करो वज्रिन् सुतुका नाहुषाणि ॥
६।२२।१० ऋग्वेद।

यसलाई सामाजिक रूप दिएको कुरा हामी अर्थशास्त्रमा पनि पाउँछौं। कौटिल्य आफ्नो अर्थशास्त्रमा यसो लेख्तछन् -

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूल्येन चार्यत्वं गच्छेत् (३।१३ कौ. अ.)

दासमाथि र कर्मकर अर्थात् मजदुरलाई आफू, स्वास्नी, छोराले दुःख झेलेर पनि उनीहरूले पाएको सुख-सुविधा रोक्न पाइन्न भनी आपस्तम्ब धर्मसूत्रले यस्तो नियम बनाएको छ।

काममात्मानं भार्यां पुत्रं वोपरुन्ध्यान् न त्वेव दासकर्मकरम्। (९।२।११ आ.ध.सू.)

ब्राह्मणले आफूभन्दा उत्तरोत्तर, त्यस्तै क्षत्रिय वैश्यले पनि उत्तरोत्तर सेवा गरिनेमा शूद्र र दास पनि उत्तरोत्तर सेवा गर्ने बनेका छन्। यसमा शोषणको कुरा देखिँदैन। यो कुरा हामी गौतमधर्म सूत्रले व्यवस्थामा देख्तछौं। जस्तै -

सर्वे चोत्तरोत्तरं परिचरेयुः १०॥३५ गौ. ध. सू.

यो कुरा यहाँ भन्न परेको किनभने हामीले आफ्नो इतिहासलाई आफैले राम्ररी अध्ययन गरी तयार नपारेर विदेशी शासकले हाम्रो व्यवस्थालाई अवगत नगरी आफ्नो समाजको ढाँचालाई हेरी तयार पारेकोमा बढ्ता आस्था र विश्वास गर्‍यौं। यो भयङ्कर हिन्दुहरूले भुल गरेको जस्तो भएको छ।

नेपालमा बाहिरी आक्रमणको स्थायी प्रभाव परी देश नै दास नभएको र दासलाई विदेशीले गर्ने संस्कृतिको मूल परम्पराको उच्छेद गरी त्यो बिचको तन्तु सर्वात्मना चुँडाली नसकेको हुँदा यहाँ दीक्षाक्रमविधि गुरु परम्परामा केही बचेखुचेको पाइन्छ। हाम्रो नेपालमा ज्यापू पूजारी भएकोमा र उसले पनि दीक्षा लिन सक्ने कुरामा भारतीय ब्राह्मण तीनछक पर्छन्। यहाँ वाममार्गले कति उग्रपीठमा देवपाला पोडे जाति भएको देख्तादेख्तै अछूतलाई मन्दिर प्रवेश गर्ने कोलाहल यहाँ गर्नु परोइन। बौद्ध र शैव दुबैलाई आएर तन्त्रवादले समन्वय गरेको छ। यहाँ महायानले वज्रयानमा विकास गरी देखापर्दा धेरैतिर एकरूपता ल्याई हाम्रो मिश्रपद्धति वेद र तन्त्रमा मात्र नभएर वज्रयान र तन्त्रमा समेत जोडिन पुगेको पाइन्छ। त्यही परिपाटी हुँदा बौद्धले त्यही देवतालाई एक रूपमा आराधना अर्चना आदि गर्छ भने शैवले अर्कै रूपमा मान्यता दिन्छ त्यही मूर्ति र पीठमा, त्यही देवता र त्यही मन्दिरमा। यो हो नेपालको एक धार्मिक समन्वय। आज यो कुरा नबुझ्नेहरू हामीलाई बाहिरबाट आएर अर्थ्याएर बुद्धु बनाउने कोसिस गर्छन्। हामीले नबुझेर त्यसो गरेका थिएनौं। समाज खालि विचार गरेर बसी बाह्य परिपञ्चबाट अलग्गिएर बस्न सक्तैन। उसको अर्चनाको र आराधनाको पनि स्थान र रूप हुनु आवश्यक हुन्छ। त्यसैले हामीले बौद्ध समाजको मनोभावलाई तन्त्रको माध्यमले विशृङ्खलित हुन दिएनौं।

वैष्णव सम्प्रदायमा पनि यसले निकै प्रभाव परवर्तीकालमा आएर पारेको छ। मन्त्रसन्धान अगाडि शब्दानुसन्धान गर्नुपर्ने आवश्यकतामा जयाख्यसंहिताको २१ औं पटलमा यसो लेखिएको देखिन्छ -

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शब्द संहारयोगेन स्वपिण्डं विम्बसंयुतम् ।
निष्कम्पबोधशब्दात्मा यो गुरुः स प्रपश्यति ॥३४१
ततो वै मन्त्रसन्धानमारभेत प्रयत्नतः ।
अशब्दभेदं शब्दात्म नित्योदितमनाहतम् ॥२४४
स्वहृत्पद्मस्थितं मन्त्रमुदितं नादसूत्रवत् ।
निस्सृतं मध्यमार्गेण विम्बान्तः संविशन् स्मरेत् ॥२४५
स्फुरत्तारकरूपं च मन्त्रैर्व्याप्तं तथाऽखिलैः ।
मन्त्रात्मानं जगन्नाथं विम्बं तत्पद्ममध्यगम् ॥२४६
संस्मरेत्सृष्टिसंहारौ कुर्वन्तं साधकोत्तमः ।
परः स एव बोद्धव्यः सुसूक्ष्मः स च निष्फलः ॥२४७
सफलं निष्फलं चैव बोद्धव्यमुभयात्मकम् ॥

यी माथिका श्लोकको प्रसङ्गमा शब्दको सूक्ष्म, सूक्ष्मतर र सूक्ष्मतम अनुसन्धान गरेर त्यसपछि मन्त्रसन्धान थाल्नुपर्छ। अशब्दभेद शब्दात्मनित्योदित अनाहत आफ्नो हृदय कमलमा नादसूत्रझैँ उदित भएको मन्त्र मध्यमार्ग अर्थात् सुषुम्णाबाट निस्सृत बिम्बान्तमा पस्न लागेको सम्झोस्। स्फुरण भएको तारकरूप मन्त्रात्मा विष्णुलाई हृदयकमलको मध्यमा रहेको बिम्बमा सृष्टिसंहार गर्न लागेका साधकले सम्झोस्। यसरी यहाँको साधक पनि मैले यसअगि मन्त्रबारे भनेको सिद्धान्तकै अनुकूल भएको देखिन्छ।

यहाँ पनि गुरु शिष्यको गुणदोषको विशद व्याख्या गरी दीक्षामन्त्र दिने कुरामा निकै विमर्श गरेको पाएको छु।

परीक्ष्य अभियुक्तांस्तु ब्रह्मचर्यस्थितान् शुचीन् ।
दक्षान् जितेन्द्रियान् धीरान् गुणदेवाग्नितत्परान् ॥५१

....

दीक्षयेद्विधिना मन्त्री मन्त्रदीक्षादितः क्रमात् ॥५३॥
दीक्षाविधान, जयाख्यसंहिता ।

गुरुबारेमा पनि निकै व्याख्या गरेको छ र आचार्यबारेमा यहाँ एक श्लोक प्रस्तुत गर्नु पर्याप्त हुन्छ।

नित्यमभ्यसति त्यागमनित्यं भावयेद्भवम् ।
एवं लक्षणसंपन्नो यस्स आचार्य उच्यते ॥६२॥

यिनीहरूले पनि मन्त्रवीज तान्त्रिक विधिअनुरूप नै गरेको पाइन्छ। यसमा पूर्वापरत्वको विवेचन गर्ने कुरामा म अहिले यहाँ ऐतिहासिक तथ्यपट्टि गएको छैन। तर वैष्णव मन्त्रका वीज पनि तदनुरूप नै छन्। जस्तै -

हृदयादि षडङ्ग न्यासमा यहाँ पनि दीर्घान्त स्वरकै प्रायः प्राधान्यता पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ हं नमः (हृन्मन्त्र) ॐ हां नम : (शिरोमन्त्रः) ॐ हीं नमः (शिखामन्त्र) ॐ हुं नमः (कवच मन्त्रः) ॐ हौं नमः (नेत्र मन्त्रः) ॐ हः नमः (अस्त्रमन्त्रः)। यिनीहरू पनि ॐ ह्रीं आधारशक्त्यै नमः भनी आधारशक्ति मन्त्र मान्छन्। वागीश्वरीको षडङ्ग न्यासमा त ॐ स्रां हृदयाय नमः भनेपछि क्रमशः स्रीं, स्रूं, स्रैं, स्रौं, स्रः नै भनिन्छ। यसरी नै विष्वक्सेनको षडङ्ग न्यासमा ह्रां, ह्रीं, ह्रूं, ह्रैं, ह्रौं र ह्रः नै मन्त्रवीज प्रयोग गरिन्छ। यहाँ आएर हामी साम्यत्व पाउछौँ देवतात्मकता मन्त्रमय रूपमा। यहाँ पनि माथि भनिएअनुसार एक नै छ। यति कुरा वैष्णव सम्प्रदायबारे गरेर म अब महायान परम्परामा आएर बौद्धहरूले कसरी तन्त्र सम्प्रदाय आत्मसात् गरे त्यसबारे केही लेख्तछु।

स्थविरवादको केवल ध्यानपरक विचारमा समाजको धारणात्मक शक्ति रहेन र महायानले शून्य र विज्ञानवाद जस्ता क्रान्तिकारी सिद्धान्त प्रतीत्य समुत्पादमा प्रतिपादित गरेपछि वज्रयानमा आएर प्रज्ञा-पारमिताको पद्धतिले प्रश्रय पाएको छ। यो मैले सूत्ररूपमा यहाँ यति भनेर परापूर्वको प्रक्रियाको विकासक्रमसम्म उल्लेख गरेको हुँ। यही बारेमा पनि धेरै ठेली पुस्तक बन्न सक्तछन्। हामी श्री गुह्यसमाज तन्त्रको प्रारम्भमा यस्तो वाक्य पाउँछौँ -

"एवं मयाश्रुतम्। एकस्मिन् समये भगवान् सर्व तथागतकायवाक् चित्तहृदय वज्रयोषिद् भगेषु विजहार।" यसको टिप्पणीमा हृदयवज्रयोषिद्को अर्थ गर्दा हृदयं ज्ञानं वज्रयोषित् अभेधप्रज्ञा स्वभावत्वात् तदेव भगं सर्वक्लेशभञ्जनात् भनेको पाइन्छ। यसको मतलब के हो भने भगवान् बुद्ध कायवाक्चितको ज्ञानरूपी अभेद्य प्रज्ञा स्वभावको सबै क्लेश भजन गर्ने विषयमा विहार गरे। यहाँ भगको अर्थ योनि नभई सर्वक्लेशभञ्जन गर्ने कुरो भएको छ। बोधिसत्त्वको परिकल्पना गर्नाले नै बुद्धमा ईश्वरत्व स्थापित हुन्छ र अनि अर्चनाको प्रक्रिया प्रारम्भ हुन्छ। समयवज्र, कायवज्र, वाग्वज्र, चित्तवज्र, समाधिवज्र, जपवज्र आदिको परिकल्पना गरिएको छ। पञ्चबुद्धका रूपमा अक्षोभ्य, वैरोचन, रत्नसंभव, अभिताभ र अमोघसिद्धि खडा गरिए। यिनका वर्णशक्ति आदि पनि व्यवस्थित पारिए। यसरी यहाँ राम्ररी अध्ययन गर्दा हामी कायवाक् र चित्तलाई वशीभूत पारी समाधिस्थित गर्न जपादिकै आवश्यकता अनुभूत गरियो। चित्रका शक्तिकै रूपमा रागरति, मोहरति, ईर्ष्यारति, वज्ररतिहरूको स्वरूपलाई स्पष्ट पारियो। तनमन वचनलाई वशीभूत गरी समाधिस्थ हुन प्रायः चित्तमा प्रज्ञाकै उदय भएर एकाकार वृत्ति हुनुपर्छ। त्यो गर्न यथाभिमत ध्यानधारणा समाधि नभई हुँदैन त्यसको पहिलो भूमिका जप हो। जप गर्न मन्त्रको आवश्यकता पर्छ। मन्त्र दीक्षा गरी प्राप्त गर्नुपर्छ। आचार्य नभई त्यो प्राप्त हुन्न। यति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कार्यकारण पहिल्याएपछि उपनिषद्ले आचार्यवान् पुरुषो वेद भनेको कुरा यहाँसम्म आएको स्पष्ट हुन्छ ।

यसो भएपछि अनि बुद्ध धर्मले तन्त्रको आवश्यकता अनुभूत नगरी भएन र शून्य तत्त्वलाई रगाउनु पऱ्यो रूपविज्ञान वेदना संज्ञा संस्कारद्वारा । अनि पञ्चमहाभूतलाई वज्रत्व प्रदान गरियो र तिनका गुणलाई पनि वज्रत्व प्रदान गरी पृथ्वीवज्र, अवज्र, तेजोवज्र, वायुवज्र, आकाशवज्र आदि परिभाषा दिइयो । यो वज्र इन्द्रको हातको आयुध वज्र होइन, यो त शून्यको पर्यायवाची वज्र शब्द हो ।

समाधि सम्पादन गरेपछि आफूलाई अक्षोभ्य वज्रादिले यसरी मन्त्र उच्चारण गरेको भनी गुह्य समाजतन्त्रले देखाएको छ ।

अक्षोभ्यवज्र - ओं सर्वतथागत चित्तवज्र स्वभावात्मकोऽहम् ।
वैरोचनवज्र - ओं सर्वतथागत कायवज्र स्वभावात्मकोऽहम् ।
अमितायुवज्र - ओं सर्वतथागत वाग्वज्र स्वभावात्मकोऽहम् ।
रत्नकेतुवज्र - ओं सर्वतथागतानुरागण वज्रस्वभावात्मकोऽहम् ।
अमोघसिद्धि - ओं सर्वतथागत पूजावज्र स्वभावात्मकोऽहम् ।

चितस्दभावात्मकताबाट पूजा स्वभावात्मकतासम्म आउनुपर्ने गुह्यतत्त्व समाजले आफू अड्नाका निम्ति बुझिदिनुपर्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

वास्तवमा बौद्धहरूका त्रिवज्र हुन् काय, वाक् र चित्त। यो कुरालाई हामी यस कारिकाबाट प्रस्ट पाउँछौं।

त्रिवज्रं तथागतं शुद्धं पदं पदविभावनम्।

निष्पादयेवेभिः प्रवरैः मन्त्रलक्षण लक्षितम्॥ गुह्यसमाज षष्ठः पटलः।

कायवाक् चित्तबारेका मन्त्र यसमाथि उल्लेख गरिए। जीवनका गुह्यतत्त्व नै कायवाक् र चित्त हुन्। यसबारेमा वचन पनि छ -

त्रिविधं कायवाक् चित्तं गुह्यमित्यभिधीयते।

यी तीन तत्त्वको संशोधन गर्न भगवान् पतञ्जलिले औषधि विज्ञानद्वारा शरीरको व्याकरण रची वचनको र योगशास्त्रद्वारा चित्तको मलक्षेपण गरे। गुरु गोरखनाथले पनि हठयोगद्वारा चित्तलाई वश पार्न ठुलो परम्पराको सिर्जना गरे भने रसादि औषधिको अनुसन्धान गरी रसेश्वर दर्शनको पृष्ठभूमि तयार पारे। तर आज गुरुकुल र गुरु परम्परा नष्ट भएकाले यता योगप्रकृया नष्टप्रायः छ भने उता वैद्य विद्या पनि नष्टप्रायः भएको छ। हामी वास्तविक कुरालाई अनुसन्धान गर्दा के पाउँछौं भने हाम्रा हजारौं वर्ष तपस्या गरेर उपलब्ध गरिएका ज्ञान विज्ञान परम्पराको सानो सामयिक विच्छेदले गर्दा नष्टभ्रष्ट भए। योगको वास्तविक मर्मज्ञ गुरु पाउन सकिन्न। त्यसो भएपछि प्राणवायुको आरोहावरोहको क्रमविच्छेद भई प्राणायाम पद्धति समाप्तप्रायः भएको छ। प्राणसँग मनको घनिष्ट सम्बन्ध हुने हुँदा विषयान्तरबाट मनलाई हटाएर जपपूजातर्फ मोड्न सर्वप्रथम प्राणायाम गर्ने विधि शास्त्रले विहित गरेको हो। रसलाई साथ लिई धातुहरूमा गरिने औषधोपचार धूलिसात् भएको छ। मैले पारदमाथि सफल प्रयोक्ता र रसादिका ज्ञाता तथा निर्माताका रूपमा वाराणसीमा एक मात्र सिद्ध साधक कविराज वीरेन्द्र मोहन राय देखें। अब उनको शेषपछि त्यस्ता बुभुक्षित पारद सिद्ध गर्ने दोस्रो व्यक्ति होलान् भन्न सक्तिनँ। ज्ञान-

विज्ञान कसैका पेवा होइनन्। पौरस्त्य र पाश्चात्य भन्ने कुरा पनि होइन। ज्ञानभन्दा पवित्र केही तर एकाङ्गी भएर आफ्नो परम्परागत ज्ञान विज्ञानलाई उपेक्षा ज्यादै गर्न खोज्दा पर्ने विपत्ति असह्य हुन्छ समाजमा।

हाम्रो यही दीक्षाक्रम पनि अब प्रतिदिन ह्रासोन्मुख भएर विलोम हुन खोजेको छ। तन्त्रमा गोपनीयताको व्यवस्था छ। गुरुले गोप्य कुरा त्यसै योग्य शिष्य नभई विद्यासँगै मर्नु उपयुक्त हुन्छ बरु भन्ने सिद्धान्तसँग असहमत हुन सकिन्न। बौद्धहरूको तान्त्रिक मन्त्रमा रहेका भैरवादि शब्द देख्दा उनीहरूमा शाक्त, शैवतन्त्रको प्रभाव परेको छैन भन्नु आफ्नो अल्पज्ञता बुझाउनु मात्र हुन जान्छ। यसमा एउटा मन्त्र उद्धरण गर्दछु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गुह्यसमाज तन्त्रबाट, जो मन्त्राकर्षण विजुम्भित राजनाम चतुर्दश समाधिपटलमा उल्लिखित छ।

"नमो वज्रक्रोधाय महाद्रष्ट्रोत्कर भैरवाय असिमृसलपरशुपाश गृहीत हस्ताय ओं अमृत कुण्डलि ख ख खाहि खाहि तिष्ठ तिष्ठ बन्ध बन्ध हन हन दह दह गर्ज गर्ज विस्फोटय विस्फोटय सर्वविघ्न विनायकान् महागणपति जीवितान्तकराय स्वाहा।"

यहाँ भैरवको ध्यान मन्त्रमा नै छ र यसले गर्ने कुरा पनि त्यही छ। यो रहस्यलाई यतिमै सीमित राख्नु उपयुक्त ठान्छु। ह्वीं फट् स्वाहा इत्यादि मन्त्रवीजहरू वज्रयानी परम्परामा प्रशस्त पाइन्छन्। मन्त्रबारे यसअघिको प्रकरणमा निबद्ध गरिसकेकाले यहाँ पुनरुक्ति गर्दिनँ।

तान्त्रिक दीक्षाबारेमा गुरुशिष्यको छनोटले मुख्य भूमिका लिन्छ। शूद्रले पनि दीक्षित हुने अधिकार पाएको छ। यो वैदिकहरूले निषादस्थपतिलाई यज्ञमा यसअघि नै प्रवेश गराइसकेका थिए। वैष्णव र बौद्धहरूले पनि अर्चनाका क्रममा सर्वप्रथम जपलाई लिनु पर्दा मन्त्रग्रहण गर्न दीक्षा लिनैपर्ने स्थिति पर्छ र गुरु-शिष्यको त्यहाँ पनि योग्यायोग्यत्वको विवेक रहनुपर्ने देखिन आउँछ। यसरी तान्त्रिक दीक्षाको परम्परा टुटी धेरै कुरा नष्टभ्रष्ट भएको अनुभव हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चतुर्थ पटल

तान्त्रिक, एउटा मन्त्रबीजको गम्भीर विवेचना

आफ्नो स्वरूप ज्ञान गर्ने दुई प्रज्ञानेत्र हुन् हाम्रा निगम र आगम। वेद हिन्दुको ज्ञानसर्वस्व हो। त्यसलाई तीन काण्डमा विभक्त गरेको पाइन्छ। जस्तै कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड। त्यसको मीमांसा गरिए क्रमशः महर्षि जैमिनि, देवर्षि नारद र भगवान् वादरायणद्वारा। पूर्वमीमांसा र उत्तर मीमांसा भनी वेदका कर्म र ज्ञानपरक मन्त्रको विचार विमर्श गर्न सूत्र लेखी अधिकरण तयार पारिए। उपासना काण्डका आधारमा आगम शास्त्रले अलग प्रस्थान खडा गरेको छ। वास्तवमा कर्म र ज्ञानको सेतु भएर उपासनाले हिन्दु धर्म र संस्कृतिलाई जीवन्त पारेको भैँ लाग्छ। काल-प्रवाहमा आफ्नो मौलिक धारावाहिकता कायम गर्न सकेर नै अक्षुण्ण रूपमा हिन्दुत्व जोगिएको हुन सक्छ।

हाम्रो परम्परामा कुनै विषयमा तात्पर्य निर्णय गर्दा, उपक्रम, उपसंहार, अभ्यास, अपूर्वता फल, अर्थवाद र उपपत्तिलाई हेतु मान्नुपर्छ। हामीहरूले आजकल यसो गर्न छाडेका छौं। अथर्वाद वाक्यलाई केलाएर यसको तात्पर्य क्या हो भन्ने नबुझी त्यसमा वितण्डा गर्न थाल्छौं। यस्तो कुचोद्यले शास्त्रसिद्धान्तको प्रहार हुन्छ। अल्पज्ञबाट वेद डराउँछ- यसले मलाई प्रहार गर्छ भनेर भन्ने पनि वचन पाइन्छ। तात्पर्य निर्णय गर्दा उपक्रमहरू लिनू भन्ने वचन पनि छ। ती दुवै कुराको वचन यहाँ प्रमाणका लागि उद्धृत गर्नु अप्रासङ्गिक नहोला। जस्तै -

उपक्रमोपसंहारावभ्यासोऽपूर्वताफलम्।
अर्थवादोपपत्ती च लिङ्गं तात्पर्यनिर्णये॥
विभेत्यल्पश्रुताद्वेदो मामयं प्रहरिष्यति॥

वास्तवमा बिचको टप्पू मारेर वास्तविक ज्ञान पाइन्न, समग्र विषयको उपक्रम र उपसंहार हेर्नुपर्छ, अभ्यास र अपूर्वताफल बुझ्नुपर्छ, अर्थवाद र उपपत्ति जान्नुपर्छ। त्यति नभई तात्पर्य निर्णय गर्न सकिन्न। अल्पज्ञलाई यसो गर्ने शक्ति हुन्न। अनि उसको अल्पविद्या शास्त्रका लागि भयङ्कर प्रहार गर्ने साधन हुन्छ। यस परिप्रेक्ष्यमा हामी आगमलाई पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वेदमूलक मान्न सक्तछौं । दक्षिणमार्ग चाहिँ तन्त्रको वेदमूलक मानिन्छ। वाममार्ग भने यसको आफ्नै अनुरूप खडा भएको छ ।

मनुष्य समाज बुद्धिजीवी भएकाले उसका भावना भयमूलक पनि हुन्छन्, । प्रेमपरक पनि रहन्छन् । प्रेमपरक हुँदा उसका इष्ट सौम्यात् सौम्यतर हुन्छन् भने भयमूलक हुँदा उसका देवता अत्यन्त घोर रूपका बन्दछन् । त्यस्तै उपासनाका विधिमा भिन्नता भएर श्मशान साधनस्थल बन्न जान्छ । यी भएपछि व्याख्यामा आउने कुरा । यो उपासना विधि पनि दर्शनमूलक तयार पारिएको छ । अब हामीले यस दर्शनको तात्पर्य निर्णयतर्फ लाग्दा मुख्य कुरापट्टि विचार पुऱ्याउनुपर्छ । आगमशास्त्रको यत्रो मन्दिर विनादर्शनको आधारशिला नभई खडा गरिएको भए यो धेरै अघि धराशायी हुन्थ्यो । यसको महत्व यति महान् छ, जसलाई निरीश्वरवादीहरूले पछि सांस्कृतिक केन्द्र बनाएर आफू अडे ।

देवताको रूपलाई "मन्त्रमय्यो देवता:" भनी कर्मकाण्डले मन्त्रलाई देवताको रूप दिएको छ वेदमा । ज्ञानकाण्डको विवेक गर्दा माण्डूक्यले उपक्रममा "ओमित्येतदक्षरमिदं सर्वं तस्योपव्याख्यानं भूतं भवद् भविष्यदिति सर्वमोङ्कार एव" भन्छ । यसबाट ॐ यही ब्रह्म स्थानीय हुन्छ मात्रारहित तुरीय स्थानमा हुँदा । यसबारेमा उपसंहार गरेर भनेको छ - "अमात्रश्चतुर्थोऽव्यवहार्य: प्रपञ्चोपशम: शिवोऽद्वैत एवमोङ्कार आत्मैव संविशत्यात्मनात्मानं य एवं वेद य एवं वेद" । कर्मकाण्डमा देवता मन्त्ररूप भए भने ज्ञानकाण्डमा ओंकार शिव । अद्वैत आत्मस्वरूप हुन जाने भयो । यसबाट के तात्पर्यमा हामी पुग्छौं भने मन्त्र पनि शब्द समुदाय र ॐ पनि शब्दमय भएकाले शब्द ब्रह्म सिद्धान्तले यहाँ दार्शनिक भूमिका खडा गरेको रहेछ भन्ने । योगलाई उपासनापरक मान्दा उसले ईश्वरको वाचक प्रणवलाई मानेर "तस्य वाचक: प्रणव:" भन्ने सूत्र प्रस्तुत गरेको छ ।

शब्द ब्रह्मलाई प्रतिपादित गर्ने व्याकरण शास्त्रले यसबारे स्फोटवाद स्थापित गरेर यसमा धेरै नै आफ्नो मौलिक प्रतिभाको परिचय दिएको पाइन्छ । त्यस विषयमा पछि व्याख्या गर्नुपर्ने छ । अहिले हामीले तन्त्रशास्त्रको आधारविन्दु फेला पार्न दार्शनिक प्रक्रिया देखाउनुपरेको छ । तात्पर्य-निर्णय गर्न खोज्ने कतिले मन्त्रवीजलाई समग्र ग्रन्थको आद्यन्त अक्षरको संयोग मात्र हो भन्ने कुरा गरेर वास्तविक दार्शनिक तत्त्वको उपेक्षा गरेको भान हुन्छ । पञ्चाशत् वर्णमातृकालाई आफूमा सन्निवेश गरी आफूमा देवत्व कायम गरेर उपासना गर्ने यस परिपाटीमा ऐं ह्रीं क्लीं आदि मन्त्रवीज तत्तत् देवतापरक भएकामा तन्त्रशास्त्र आफ्नो साधिकारता कायम गर्न सक्षम र सशक्त छ । त्यही मन्त्रद्वारा देवताको उपासना गर्न खोज्दा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उसले आफ्नो मौलिक धारालाई सुक्न दिएन भन्नुपर्छ, जो कर्मकाण्ड र ज्ञानकाण्डले कायम गरिएका छन् ।

शिवको तन्त्रमा दुई रूप छन् - निर्गुण र सगुण । निर्गुण शिवको स्वरूप प्रयोग सारमा यसरी लक्षित गरेको पाइन्छ -

नित्यः सर्वगतः सूक्ष्मः सदानन्दो निरामयः ।
विकार-रहितः साक्षी शिवो ज्ञेयः सनातनः ॥

यस्ता शिव निष्कल कहिन्छन् । सगुण शिव सकल हुन्छन् । उनै सकल शिवबाट शक्तिको प्रादुर्भाव हुन्छ । शक्तिबाट नाद र नादबाट विन्दुको उद्भव हुन्छ । यो एक पक्ष छ भने अर्को पक्ष शिवशक्तिमय भएको र उनबाट विन्दु, नाद र वीजको भेद कायम भएको जो कुरा लक्ष्मण देशिकेन्द्रले यसरी लेखे -

सच्चिदानन्दविभवात् सकलात्परमेश्वरात् ।
आसीच्छक्तिस्ततो नादो नादाद्विन्दुसमुद्भवः ॥ ७
परशक्तिमयः साक्षात् त्रिधाऽसौ भिद्यते पुनः ।
विन्दुनादोबीजमिति तस्य भेदाः समीरिताः ॥८

शिवशक्तिको भेदमा तीन तत्त्व भए विन्दु, नाद र वीज । यसमा विन्दु शिव हुन्, वीजशक्ति र नाद भने ती दुईको समवाय भनी मानिएको छ । जस्तै-

विन्दुः शिवात्मको बीजं शक्तिर्नाद स्तयोर्मिथः
समवायः समाख्यातः सर्वागमविशारदैः ॥

यी माथिका सङ्क्षिप्त कुराले शक्तिको वास्तविक स्वरूपपरिचय साधारण जनता गर्न सक्तैन भन्ने लागेर यसमा केही प्रकाश छर्ने चेष्टा गर्छु । वेदान्तले मायातत्त्व मानेको अविद्याद्वारा प्रपञ्चको भान भएसरह नै स्वीकारे पनि भने हुँदैन । तर शक्ति सवलित शिवलाई सकल मानेपछि सकल शिवबाट शक्तिको उत्पत्तिभन्दा खेरि यहाँ कुरा दोठचाङ खाएझैं हुन जान्छ । शक्तिसहितबाट फेरि कसरी शक्ति भयो भन्ने । कुरा ठिकै हो यसमा । शक्ति यो अनादिरूप छ चैतन्यको अध्यासले महाप्रलयमा सूक्ष्मरूपले रहिरहेकै छ । शक्तिको गुणवैषम्यले अनुगुणित भई सात्त्विक, राजस र तामस हुँदा त्यो स्रष्टव्य प्रपञ्चकार्य साधन गर्न हुने उसको उच्छूनावस्थात्व नै उपचारबाट शक्तिको उत्पत्ति भनिएको हो । यसबाट साङ्ख्यको सद्कार्यवादको प्रक्रिया स्वीकारेको मान्नुपर्छ । साङ्ख्यले कार्यलाई कारणावस्थामा पनि रहेको मान्छ । अर्थात् तिलभित्र तेल पहिलेदेखि छ, पेलेपछि त्यो बाहिर निस्कन्छ, त्यहाँ नयाँ प्रादुर्भाव भएको भन्न हुन्न । दुधबाट दही र दही मथेर निस्कने नौनी दुधभित्र अव्यक्त भएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रहेको छ भनी मान्नुपर्छ । यस कुरालाई वायवीय संहिताले यसरी स्पष्ट पारेको छ-

शिवेत्च्छया पराशक्तिः शिवतत्त्वैकतां गता ।
ततः परिस्फुरत्यादौ सर्गे तैलं तिलादिव ॥

शिवतत्त्वैकतां गताः- शिवतत्त्वसँग ऐक्य हुन गएको, पराशक्ति शिवेच्छयाः- शिवको इच्छाले, आदौ सर्गः- सृष्टि अघि, ततः- त्यहीँबाट, परिस्फुरतिः- फुर्दछ । तिलात्:- तिलबाट, तैलमिव- तेलझैँ । यहाँनिर हामी साङ्ख्यको सत्कार्यवादलाई यति राम्ररी शक्तितन्त्रले स्वीकारेको पाउँछौ ।

वैष्णवहरूको प्रामाणिकशास्त्र पाञ्चरात्रले मानेको प्रकृति पनि यही पाराको छ, जो पुरुषबाट व्यक्त हुन्छ । साङ्ख्यको प्रकृति जड छ भने यहाँकी प्रकृति सच्चिदानन्दरूपिणी छ र समस्त तत्त्व सङ्घको स्फुरणको अधिष्ठात्री पनि छ, जो हाम्रो तन्त्रको शक्तिको समानरूपको प्रकृतिको त्यहाँ वर्णन गरिएको पाइन्छ । जस्तै-

एवमालोक्य सर्गादौ सच्चिदानन्दरूपिणीम् ।
समस्ततत्त्वसंघात्मस्फूर्त्यधिष्ठानरूपिणीम् ॥
व्यक्तां करोति नित्यां तां प्रकृतिं परमां पुमान् । पाञ्चरात्र ।

माथिका कुराबाट हामी कुन निर्णयमा पुग्यौं भने शक्तितत्त्वको नयाँ उत्पत्ति हुने होइन । त्यो शिवतत्त्वसँगै संवलित छ । सृष्टि हुँदा त्यसको शिवेच्छाले परिस्फुरण मात्र हुने हो । यही शक्ति नाद र विन्दु बनी सृष्टिको उपयोगावस्थामा रहेका हुन् । नाद स्वरूपले प्रबुद्ध शक्ति जब निरामयपदमा उन्मुख हुन्छ र त्यो शक्ति शिवोन्मुखी बन्छ, त्यही नै पुंरूपमा प्रकट भएको भनी मानिन्छ । यो कुरा प्रयोगसारमा यसरी स्पष्ट पारिएको छ -

नादात्मना प्रबुद्धा सा निरामयपदोन्मुखी ।
शिवोन्मुखी यदा शक्तिः पुंरूपा सा तदास्मृता ।
सैव सर्गक्षमा तेन . . . . . . इत्यादि ।

हाम्रो लौकिक व्याख्यामा विन्दुको अर्थ थोप्लो हुन्छ । यो पनि निराधार कुरो भनेर मान्न सकिन्न । यन्त्र प्रक्रियामा त्रिकोण र विन्दुको रेखाङ्कन गर्दा ⍰ यस्तो रूप नै बनाउनुपर्छ र यसको प्रतीक हुन्छ शिवशक्तिको अविनाभाव सम्बन्ध । यसबारेमा वचन पनि पाइन्छ -

त्रिकोणरूपिणी शक्ति बीजरूपः शिवः स्मृतः ।
अविनाभावसम्बन्ध यो जानाति स चक्रवित् ॥

यो वामाचारमा भगलिङ्गको सम्भोगस्वरूपको प्रतीक बनाएको रतिरसमहानन्दनिरत अवस्थाको द्योतक पनि हुन सक्तछ । चक्रनिर्माणात्मक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यान्त्रिक पद्धतिमा यसको यस्तो अर्थ भए पनि दार्शनिक सिद्धान्तमा विन्दुको व्याख्या आचार्यहरूबाट यसरी गरिएको पाइन्छ -

सातत्त्व-संज्ञा चिन्मात्रज्योतिषः संनिधेस्तदा ।
विचिकीर्षुर्घनीभूता क्वचिदभ्येति विन्दुताम् ॥

चैतन्यरूपी प्रकाशको सान्निध्यले शक्तितत्त्व क्रिया प्रधान्य हुंदा घनीभूत भएर विन्दुत्वमा प्राप्त हुन्छ। यसै कुरालाई अझ तलका कारिकाहरूले सुप्रस्ट पार्दछन् ।

अभिव्यक्ता पराशक्तिरविनाभावलक्षणा ।
अखण्डपरचिच्छक्तिर्व्याप्ता चिद्रूपिणी विभुः ।
समस्ततत्त्वभावेन विवर्तेच्छासमन्विता ।
प्रयाति विन्दुभावं च क्रियाप्राधान्यलक्षणम् ॥

अर्थात् अविनाभावसम्बन्धले याने व्याप्तिगत रूपले पराशक्ति अभिव्यक्त भएर अखण्ड पराचित् शक्तिले व्याप्त रही व्यापक भएको चिद्रूपिणी त्यो पराशक्ति "एकोऽहंबहुस्याम्" भन्ने ईश्वरीय श्रुतिप्रतिपादित इच्छानुरूप समस्त तत्त्वभावले क्रिया प्राधान्यलक्षण विन्दुत्वमा प्राप्त हुन्छ ।

यी माथिका उद्धरणद्वारा विन्दुको व्याख्या पर्याप्त मात्रामा भएको भैँ लाग्छ। अब यो विन्दुलाई तीन रूपमा विभक्त गरेर भनिएको छ - "स बिन्दुर्भवति त्रिधा ।" परशक्तिमय भएको अर्थात् शिवशक्ति स्वरूपको त्यसको भेद अघिबाट 'विन्दुर्नादोबीजमिति' भनी भनिसकिएकै छ ।

अब विन्दुबाट रौद्री शक्ति, नादबाट ज्येष्ठाशक्ति र बीजबाट वामाशक्तिको सिर्जना हुन्छ। यस प्रसङ्गमा तलका कारिका प्रमाणीभूत भएका छन्, जुन प्रयोगसारमा उल्लिखित छन् ।

विन्दुः शिवात्मकस्तत्र बीजं शक्तचात्मकं स्मृतम् ।
तयोर्योगे भवेन्नादस्तेभ्यो जातास्त्रिशक्तयः ॥
रौद्री बिन्दोः समुद्भूता ज्येष्ठा नादादजायत ।
वामा बीजादभूच्छक्तिस्ताभ्यो देवास्त्रयोऽभवन् ।

विन्दु र बीजको योगले या समवायले नादको प्रादुर्भाव मानेर मन्त्रमयी शक्तिको दार्शनिक पृष्ठभूमिमा तयार पारिदिन्छ शब्दब्रह्मको विवर्त यो विश्व हो भन्ने कुरालाई ।

इच्छाशक्ति, क्रियाशक्ति र ज्ञानशक्तिका अधिष्ठात्री देवताका रूपमा रुद्र, ब्रह्मा र विष्णुलाई प्रादुर्भूत भएको मानिन्छ। रुद्रलाई शैवागममा प्राधान्य दिएर जुन प्रलयपछि हुने सृष्टिमा मुख्यतः लयावस्था नै मानेको छ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यो कुरा मैले यसअघि दिएको लेखमा परिसकेको छ र त्यो पशुपति-प्रत्यभिज्ञा नामको पुस्तिकामा मुद्रित पनि भएको छ। पशुपतिको वैदिक रूप अग्नि भनेर त्यहाँ मैले प्रतिपादन गरेको छु। 'शक्तितन्त्र' मा पनि वह्नि, सोम र सूर्यरूपमा रुद्र, ब्रह्मा र विष्णुलाई मानेको पाइन्छ। 'वह्नीन्द्वर्कस्वरूपिण:' भनेर यिनमा इच्छाक्रिया र ज्ञानात्मकत्व जुन भनियो, त्यो शक्तिबाट उत्पन्न भएर नै भनिएको हो। किनभने "इच्छाज्ञानक्रियात्माऽसौ" भनी यही सन्दर्भमा शास्त्रले पछाडि मानेको छ।

ईश्वर-प्रत्यभिज्ञा दर्शनको पनि यही मूल आधार यस प्रकारकै पाइन्छ। हाम्रा दार्शनिकलाई यो जगत्को बाह्यस्वरूप ज्ञान गरी भौतिकी व्याख्या गर्ने मात्र प्रवृत्ति रहेन। उनीहरूले सार्वजनिक प्रवृत्तिलाई दार्शनिक प्रक्रियाको सूत्र बनाएर त्यही सूत्रमा तत्त्वलाई उनेर वास्तवमा प्रत्यभिज्ञाले भनेको यो कुरालाई हामीले एक पटक गम्भीरतापूर्वक विचार गर्नुपर्छ। उसको भनाइ छ-

यदिच्छन्ति तज्ज्ञातुं कर्तुं वा स्वेच्छया क्रिया:।
अनन्तरं हि तत् कार्यज्ञानदर्शनशक्तिता ॥
ज्ञानशक्तिस्तदर्थं हि योऽसौ स्थूलसमुद्यम:।
सा क्रियाशक्तिरुदिता तत: सर्वं जगत् परम् ॥

जताबाट त्यो जान्न चाहन्छन् वा स्वेच्छाले क्रिया गर्न खोज्छन्, त्यसपछि नै कार्य ज्ञानरूपी दर्शनशक्तिता हुन्छ। त्यसका निम्ति हुने ज्ञानशक्ति जो छ, त्यो स्थूल समुद्यमलाई क्रियाशक्ति भनिन्छ र त्यसबाट सबै जगत् हुन्छ। यस भनाइको तात्पर्यमा जगत्को अस्तित्व क्रियाशक्तिपरक मानिन्छ। यसो मान्दा रुद्रपछि विष्णु र त्यसपछि ब्रह्माको उत्पत्तिक्रम बाँधिन जान्छ। यस बखेडामा हामीलाई पर्नु छैन। हामी खालि रुद्र यो त्रिदेवमा प्रमुख हुन् भन्ने कुरा यहाँ मानेर विषयान्तर जानुअघि यिनका शक्तिको रूपलाई गोरक्षसंहिताले प्रतिपादित यो कुरा मानौं। जुन यस प्रकार छ -

इच्छा क्रिया तथा ज्ञानं गौरी ब्राह्मी तु वैष्णवी।
त्रिधा शक्ति: स्थिता यत्र तत्परं ज्योतिरोमिति ॥

इच्छाशक्तिको पुरुष रूप रुद्र, नारी रूप गौरी, त्यस्तै ब्रह्मा र ब्राह्मी र विष्णु तथा वैष्णवी रूप हुन्। तर यी तीनौटै शक्ति जहाँ रहेको छ, त्यो परम ज्योति ॐ हो भनी भनिएको छ। यसले अउम यी प्रणवका अंशका अधिष्ठात्री देवता पनि ब्रह्म-विष्णुरुद्रात्मक छन्। यी "सर्वमोंकार एव"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भन्ने श्रुतिले पनि शब्दब्रह्म मानेकामा पछि यसरी आचार्यहरूले व्याख्या गर्दै आएको पाइन्छ। यही कुरालाई तन्त्रशास्त्रले यसरी भन्छ -

भिद्यमानात् पराद्बिन्दोरव्यक्तात्मा रथोऽभवत्।
शब्दब्रह्मेति तं प्राहुः सर्वागमविशारदाः।

अर्थात् शक्तिको अवस्थारूप जुन प्रथम बिन्दु छ, त्यसबाट वर्णादिविशेषरहित अखण्ड नाद मात्र भएको आवाज उत्पन्न हुन्छ। त्यही नै शब्दब्रह्म भने सबै आगमविद्हरूले। सृष्टिको उन्मुख परमशिवको प्रथम उल्लास मात्र अखण्ड अव्यक्त नाद बिन्दुमय व्यापक ब्रह्मात्मक शब्दलाई शब्दब्रह्म मान्नेको तात्पर्य हो। यही कुरालाई तलको कारिकाले प्रमाणित गर्छ -

क्रियाशक्तिः प्रधानायाः शब्दं शब्दार्थकारणम्।
प्रकृते विन्दुरूपिण्याः शब्दब्रह्माभवत् परम्॥

हामीहरूले मानेको शब्दब्रह्म र स्फोटवादीले मानेको शब्दब्रह्मलाई एकै सम्झनु ठुलो भुल हुन जाने छ। किनभने कसैले शब्दार्थ अर्थात् आन्तर स्फोटलाई शब्दब्रह्म भने। उनीहरूको तात्पर्य हो - निरंश अभिन्न नित्य बोधस्वभाव शब्दार्थमय आन्तरस्फोट नै शब्दब्रह्म भन्ने। अर्काथरी वैयाकरणहरू - एक नै नित्य वाक्यद्वारा अभिव्यङ्ग्य अखण्ड व्यक्तिस्फोट जो वहीरूपको छ, त्यो शब्दब्रह्म हुन्छ भन्दछन्। यस मतमा पूर्वपूर्व वर्णको उच्चारणबाट अभिव्यक्त तत्तत् पद संस्कार सहायबाट अन्तिम पदको ग्रहणद्वारा उद्बुद्ध वाक्यस्फोट लक्षण शब्द जो अखण्डैकार्य प्रकाशक छ, त्यही शब्दब्रह्म मानिएको हो।

स्फोटवादलाई हामीले राम्ररी नबुझी त्यसलाई तन्त्रले गरेको खण्डन बुझ्न गाह्रो हुन्छ। स्फोटवादी हुन् वैयाकरणहरू। व्याकरणले शब्दब्रह्म प्रतिपादन गरेर दार्शनिक सिद्धान्तका आधारमा व्याकरणको प्रक्रियालाई मजबुत पारेको छ। यसका प्रमुख आचार्यमध्ये महावैयाकरण भर्तृहरिले वाक्यपदीयको ब्रह्मकाण्ड लेखेर शब्दमूलक विचारलाई गम्भीर रूपमा विमर्श गरेको पाइन्छ। अब यहाँ व्याकरणले प्रतिपादित दार्शनिक शब्दब्रह्मवादलाई प्रस्तुत गर्नु अप्रासङ्गिक होला भने जस्तो ठान्दिनँ। शब्दब्रह्मवादी भर्तृहरिले वाक्यपदीयको ब्रह्मकाण्डमा पहिलो कारिका यसरी लेखेका छन् -

अनादिनिधनं ब्रह्म शब्दतत्त्वं यदक्षरम्।
विवर्ततेऽर्थभावेन प्रक्रिया जगतो यतः॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात् आदि र अन्त्य नभएको, त्यसै हुँदा नित्य जुन अक्षर अर्थात् विभक्त ककार आदि वर्णरूप भएको। वैखरी वाक्का निमित्त भएर अर्थभावले घटादिरूपले जो विवर्त हुन्छ अर्थात् भासमान हुन्छ। यस जगत्को प्रक्रिया प्रथम उत्पत्ति व्यवहार वा जसबाट भएको छ, त्यो शब्दतत्त्व अर्थात् पश्यन्ती वाक् नै ब्रह्म हो।

वेदमा हामी एक मन्त्र पाउँछौं, जो यस प्रकार छ -

चत्वारि शृङ्गा त्रयो अस्य पादा द्वे शीर्षे सप्त हस्तासो अस्य।

त्रिधा बद्धो वृषभो रोरवीति महोदेवो मर्त्यां आविवेश। (म.ना.१०।१)

कसैले यस मन्त्रलाई अग्निपरक मानी व्याख्या गरे। तर यहाँ यस मन्त्रलाई महाभाष्यकार भगवान् पतञ्जलिले शब्दपरक अर्थ गरी यसको माने यसरी लगाएका छन्। अर्थात् चार शृङ्ग भनेको नाम, आख्यात, उपसर्ग र निपात यी चार पद हुन्। तीन पाद भनेको : भूत, भविष्यत् र वर्तमान तीन काल हुन्। दुईटा शिर भनेको : नित्य र कार्यरूप दुई थरी शब्द हुन्, जुन व्यङ्ग्य र व्यञ्जकका भेदले दुई मानिन्छन्। सप्त हस्त भनेका : सात विभक्ति हुन्। तीन स्थान अर्थात् उर, कण्ठ र मूर्धा यी तीन स्थानमा शब्दबद्ध भएर रहेकाले त्रिधाबद्ध भनिएको हो (वृषभ भनी) एक प्रतीक रूप दिएको हो, वर्षण गर्ने हुनाले वृषभले रेत वर्षाएर गाईलाई भगवती बनाएझैं शब्दद्वारा ज्ञानपूर्वक अनुष्ठान गर्दा फल प्रदान गर्ने साधर्म्य पाइएर वृषभ भनिएको हो। रोरबीति शब्द गर्छ यहाँको रव अर्थात् शब्दकर्म जो छ, त्यसले प्रपञ्चको विवक्षा गर्छ महादेव अर्थात् महान् देव (शब्दः) मरण धर्म भएका मनुष्यमा आवेश गऱ्यो अर्थात् प्रवेश गयो। यसरी महाभाष्यको पृ. ३ पं. १७ मा यो अर्थ गरिएको छ।

भौतिक रूपमा अग्निलाई महान् देव मान्दा पनि हामीले रुद्रको प्रतीकात्मक रूप लिएका छौं। शब्दलाई महान् देवभन्दा पनि रवात्मक शिव नै हाम्रा महादेव हुन जान्छन्। यस मन्त्रको प्रतीकले प्रतिपाद्य महादेव या महान् देव अर्थात् महादेव नै हुन गएको भन्ने मेरो निजी धारणा छ।

हरिको शब्दब्रह्मरूपलाई श्रुतिसम्मत गर्न यो मन्त्र अघि सारेर प्रकृत स्फोटात्मा नित्य शब्दबारे विशद व्याख्या गर्छ। "घटमानय" अर्थात् घट ल्याऊ इत्यादि वाक्यको उच्चारण गर्दा घकारादि वर्ण कण्ठादि स्थानमा वायु संयोगले उत्पन्न हुन्छन् र जुन श्रवणेन्द्रिय गोचर हुन्छन्, ती तत्कालमै नाश हुन्छन्, तिनै शब्द हुन्। तीदेखिन् अतिरिक्त शब्द भन्ने तत्त्व छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसै शब्दले गाग्रो आदि वस्तुलाई बुझाउँछ। यसउसले शब्द अनित्य छ भन्ने नैयायिकको भनाइ छ।

वैयाकरणहरू नैयायिकले भनेका आवाजलाई शब्द-व्यञ्जक ध्वनि भन्छन् र त्यो शब्द होइन भन्छन्। त्यस ध्वनिबाट व्यङ्ग्य चाहिँ शब्द हो, त्यही शब्द वस्तुको वाचक हुन्छ र नित्य छ। त्यो उत्पन्न विनाशशील छैन,। यही नै स्फोट हो। घटमानय इत्यादि उच्चारित ध्वनिले वाचक नित्य शब्द अभिव्यक्त भएर त्यसबाट अर्थबोध हुन्छ।

"एकं पदम्" यस्तो एकत्वावगाहिनी सर्वजनप्रसिद्ध प्रतीतिमा कसैले पत्यार नगर्ने कुरा हुँदैन। त्यहाँ रहने अर्थात् एकत्व वर्णनिष्ठ हुँदैन, धेरै वर्ण मिलेर एक पद बनेको धेरै पद मिलेर एक वाक्य बन्छ। एकाश्रयीभूत वर्ण तथा पदसमूहबाट व्यङ्ग्य अवश्य अर्को कुनै कुरा मान्नुपर्छ, त्यसैको नाम हो स्फोट।

वर्णबाटै यो काम लिन सकिन्न। समस्त वर्णले अर्थ बुझाउँछन् भनौँ भने उच्चारित वर्ण क्षणिक छन्। तिनमा समूहता रहँदैन। किनभने घ भन्दा ट छैन र ट भन्दाखेरि घ नाश भइसकेको छ। व्यस्त घ र ट वर्णहरूबाट गाग्रो भन्ने वस्तुको ज्ञान हुँदैन। यहाँ अर्थ प्रत्यय गराउने शब्दको व्यास र समासभन्दा तेस्रो प्रकार छैन। वर्णको वस्तुवाचकत्व उत्पत्तियुक्त नहुँदा जसबाट अर्थ प्रतीति हुन्छ, त्यसलाई स्फोट भन्नुपर्छ। वर्णदेखिन् अतिरिक्त वर्णबाट अभिव्यङ्ग्य अर्थ प्रत्यायक नित्य शब्द स्फोट भन्ने वैयाकरणको तात्पर्य हो।

"स्फुटचते व्यज्यते वर्णैरिति स्फोटः" यस निरुक्तिबाट स्फोटको अर्थ भयो वर्णाभिव्यङ्ग्यः। "स्फुटति स्फुटी भवति अस्मादर्थ इति स्फोटः" यस निरुक्तिद्वारा यसको माने अर्थप्रत्यायक भन्ने हुने भयो।

आचार्य कुमारिलले मीमांसा श्लोकवार्तिकमा यस स्कोटवादलाई खण्डन गर्दै एक श्लोक प्रस्तुत गरे -

यस्यानवयवः स्फोटो व्यज्यते वर्णबुद्धिभिः।
सोऽपि पर्यनुयोगेन नैकेनापि विमुच्यते॥

वर्णद्वारा स्फोट व्यङ्ग्य हुन्छ भनी वैयाकरणले भनेर वर्णशब्दवादीलाई प्रश्नमाथि प्रश्न गरी जसरी हैरान गराए, त्यही प्रश्नले यिनी पनि छुट्कारा पाउँदैनन्। स्फोटवादीले प्रश्न गरेका थिए समस्त वर्णले कि व्यस्त वर्णले अर्थबोध हुन्छ भनेर। वर्ण अनित्य छ। त्यसले अभिव्यङ्ग्य वर्ण स्फोट नित्य छ ती वर्ण स्फोटको व्यस्त या समस्त कुन रूपले अर्थप्रत्यय हुने नि। विस्फोट सावयव भएमा एक एक वर्णले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अवयवको क्रमिक रूपबाट स्फोट अभिव्यङ्ग्य हुन्छ भन्न सकिँदो हो। तर स्फोटवादी स्फोटलाई नित्य निरवयव मान्छन्। अब यसो भन्दा 'घट' यस पदमा 'घ' वर्णको स्फोट निरवयव र 'ट' को स्फोट निरवयव भएपछि दुई ती 'घ' र 'ट' वर्णले कसरी अभिव्यङ्ग्य स्फोटले गाग्रो भन्ने वस्तुलाई बुझाउँछ। त्यसै हुँदा तिमीले नैयायिकलाई उठाएको प्रश्नले तिमीलाई पनि त लखेटेको छ। यसमा हाम्रो एक ध्याय यस्तो छ -

यश्चोभयोः समो दोषः परिहारोऽपि वा समः।
नैक पर्यनुयोक्तव्यस्तादृगर्थविचारणे ॥

यस श्लोकको तात्पर्य के भने दुवैको जुन दोष बराबरको छ, त्यस दोषको निराकरण पनि उस्तै छ। यस स्थितिमा त्यस खालका अर्थको विचार गर्दा एकलाई अर्का थरीले बात लाउन हुँदैन। त्यसो हुँदा यी दुईको मध्यस्थता गरी विचार गर्दा दुवैको बराबरको दोष रहेकाले एकले अर्कालाई भन्न उपयुक्त छैन।

वर्ण मात्रले पद बुझाउने या वर्ण समूहले पद बुझाउने भन्दा वर्ण मात्रले भन्ने हो भने परस्पर विलक्षण वर्णमालाले पुष्पका समूहमा सूत्र नभई माला बनेर एकता कायम गर्न नसकेझैँ हुन्छ। दोस्रो समूहवादलाई लिने हो भने उच्चारित हुँदासाथ ध्वस्त हुने क्षणिक कालावस्थायी वर्णहरूको समूहभाव असंम्भव हुन्छ। हामी स्फोटवादीको कुरा तिमीहरूको भन्दा बेग्लै खालको छ। त्यो कसरी भनौला भने प्रथम ध्वनि अभिव्यञ्जक भएर स्फोटलाई अस्फुट रूपले अभिव्यक्त गर्छ। उत्तरोत्तर अभिव्यञ्जक क्रमले स्कुटतर तथा स्फुटतम हुन्छ। जस्तै स्वाध्याय एक पटक पढ्दा अवधारण हुँदैन, अभ्यासले स्पष्ट हुन्छ। पहिले झलक्क हेर्दा जवाहरीलाई रत्नतत्त्वको मूल्याङ्कन गर्न गाह्रो हुन्छ। पछि राम्ररी दोहोर्‍याई तेहोर्‍याई गडेर हेर्दा चित्तमा यो यतिकै मोल पर्ने भन्ने ठम्याउँछ। यो हो स्फोटवादीले मानेको कुरो।

यही कुरा वाक्यपदीयमा भर्तृहरिले भनेका छन् यसरी -

नादैराहितबीजायामन्त्येन ध्वनिना सह।
आवृत्तिपरिपाकायां बुद्धौ शब्दोवधार्यते।

अर्थात् - अन्त्य ध्वनिसँग नाद उच्चारण गर्दा अगाडिका ध्वनिहरूले राखेको वीज याने संस्कार आवृत्तिले परिपाक भएको बुद्धिमा शब्द निश्चित हुन्छ। यस्तो निश्चित हुँदा शब्द ब्रह्मवादी वैयाकरणहरू यसैबाट ब्रह्मप्राप्ति हुन्छ भन्छन्।

"शब्दब्रह्मणि निष्णातः परं ब्रह्माधिगच्छति"।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शब्दका बारेमा कसैले वायु नै शब्दत्वमा परिणत भएको मानेका छन्। कसैले परमाणुहरू सर्वशक्तिमय भएकाले भेद संसर्ग वृत्तिले शब्द भावमा परिणाम हुन्छन् भन्छन्। अन्तरज्ञाता अर्थात् जीव सूक्ष्म वाग्स्वरूपले रहेको आफ्नो रूप व्यक्त्याउन शब्दत्वले विवर्त हुन्छ भन्ने कोही छन्। यी तीन पक्षलाई सङ्केत गरेर हरिले ब्रह्मकाण्डमा यसरी उल्लेख गरे-

वायोरणूनां ज्ञानस्य शब्दत्वापत्तिरिष्यते।
कश्चिद्दर्शनभेदोऽत्र प्रवादेष्वनवस्थितः॥

यसबारेमा विशद ज्ञानको अपेक्षा राख्नेले त्यहीँ आकर ग्रन्थ अध्ययन गर्ने अनुरोध गर्दै अब फेरि म आफ्नो प्रकृत कुरामा फर्कन्छु। यी दुई थरी शब्द र शब्दार्थका सिद्धिबाट शब्दब्रह्मत्व सिद्ध गर्न खोज्नेहरूको मतमा दुवै थरीको तत्त्व जड भएकाले त्यो स्वीकार्य छैन भनी तन्त्रले मान्छ। यही कुरालाई श्री लक्ष्मण देशिकेन्द्रले भने -

न हि तेषां तयोः सिद्धिर्जडत्वादुभयोरपि।
चैतन्यं सर्वभूतानां शब्दब्रह्मेति मे मतिः॥ शा. ति. १।१३

यदि शब्दार्थ वा शब्द शब्दब्रह्म भनेर भनिन्छ भने त्यसलाई ब्रह्मपदले वाच्य भनी भन्न मिल्दैन। ब्रह्मपदार्थ सच्चिदानन्द रूप हुन्छ। ती त जड छन्। त्यसैले तन्त्रमा सर्वप्राणीको चैतन्य नै शब्द ब्रह्म हो भन्ने आफ्नो मत प्रकट गरे। यही कुरा प्रयोगसारमा पनि पाउँछौँ।

सोऽन्तरात्मा तदा देवी नादात्मा नदते स्वयम्।
यथा संस्थानभेदेन संभूयो वर्णतां गतः॥
वायुना प्रेर्यमाणोऽसौ पिण्डाद् व्यक्तिं प्रयास्यति॥

यहाँ बुझ्ने कुरा सङ्क्षेपमा यो छ - वाक्तत्त्व परा, पश्यन्ती, मध्यमा र वैखरीका भेदले "चत्वारि वागपरिमिता" भनी भनिएको छ। त्यसमा पुरातत्त्वलाई कसैले परब्रह्मका रूपमा प्रस्तुत गरे भने कसैले वाग्का भेद तीन मानी पश्यन्ती नै परावाक् भनी -

"तदक्षरं शब्दरूपं सा पश्यन्ती परा हि वाक्।" यस्तो सिद्धान्त बनाए।

तीन किसिमको वाक्तत्त्व स्थूल, सूक्ष्म र पराका भेदले नौ ओटा रूपमा विभक्त हुन्छन्।

पश्यन्ती -

१. वर्णादिको प्रविभागरहित स्वरप्रधान सङ्गीतरूप वाक् स्थूला पश्यन्ती
२. जिज्ञासारूप त्यही सूक्ष्मा पश्यन्ती

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. जिज्ञासाहीन संविद् रूप परा पश्यन्ती
१. छाला मोडिएको मृदङ्गादिमा हातको हनाइबाट पैदा भएको ध्वनिरूप वाक् स्थूला मध्यमा
२. विवादयिषारूप त्यही सूक्ष्मा मध्यमा ।
३. त्यस्तो इच्छारहित निरूपाधिक त्यही परा मध्यमा ।

वैखरी -

१. परस्पर वैलक्षण्योपादक स्फुटीकृत वर्णरूप वाक स्थूला वैखरी ।
२. विवक्षारूप त्यही सूक्षमा वैखरी ।
३. विवक्षारहित त्यही परा वैखरी ।

यसरी एक वाक्तत्त्व तीन र अवस्थाभेदले नवरूपमा परिणत हुन्छन् । यो मत हो वैयाकरणहरूको । तन्त्र भने वाक्का चार भेद मान्छ र यिनको रहने स्थानको व्याख्या गर्दै शैव-सिद्धान्तानुसार यसो भन्छ -

परा वाङ् मूलचक्रस्था पश्यन्ती नाभिसंस्थिता ।
हृदिस्था मध्यमा ज्ञेया वैखरी कण्ठदेशगा ॥

मूलाधारमा रहेको वायु संस्कारीभूत मूलाधारमा रही शब्दब्रह्म रूपले स्पन्दन शून्य भई विन्दुरूपले रहँदा परावाक् हुन्छ । नाभिपर्यन्त आउने त्यही वायुले अभिव्यक्त हुने मनोगोचर हुने वाक् पश्यन्ती भनिन्छ । त्यसपछि हृदयपर्यन्त आउने त्यही वायुले अभिव्यक्त तत्तदर्थवाचक शब्द स्फोटरूप श्रोत्रग्रहण योग्यत्वले सूक्ष्म जपादिमा बुद्धिनिर्ग्राह्य वाक् मध्यमा हुन्छ। त्यहाँपछि मुखसम्म आउने यस वायुले माथि उठेर मूर्धामा ठक्कर खाई फर्केर तत्तत् स्थानमा अभिव्यक्त हुने, अर्काको कानले पनि सुन्न सकिने वाक् वैखरी भनी भनिन्छ ।

यो तान्त्रिक प्रक्रियामा गरिएका चार किसिमका भेदले वाक्तत्त्वको क्रमिक विकासलाई स्पष्ट पार्छ । हाम्रो कुण्डलिनी मूलाधारमा रहने र कुण्डलिनीमा प्राप्त चैतन्य वर्णात्मना आविर्भाव भई गद्य-पद्यरूपमा फैलिन्छ भनिएको कुराको रहस्य यति भनेपछि स्पष्ट हुन जाने सम्झेको छु ।

प्रमाणका रूपमा यो कारिका यहाँ उद्धृत गर्नु आवश्यक भएको छ -

यत्प्राप्य कुण्डलीरूपं प्राणिनां देहमध्यगम् ।
वर्णात्मनाऽऽविर्भवति गद्यपद्यादिभेदतः । १।१४ शा. वि.

म यहाँ आफ्नो मौलिक विचारलाई मन्त्रमय देवताका रूपमा मान्यतामा स्वीकारेर देवी प्रणव ह्रीँ किन हुन गयो ? यस परिप्रेक्ष्यमा मनमा लागेका तर्क प्रस्तुत गर्छु। त्यो विद्वान्हरूबाट गढेर विचार गरिदिनुपर्छ। परप्रत्ययनेय बुद्धि विद्वान्को हुँदैन यो मलाई थाहा छ ।

परा र पश्यन्ती अवस्थामा शब्दतत्त्व व्यक्त भएको हुँदैन, हृदयमा आइपुगेको जपादि बुद्धिग्राह्य मध्यमा वाक् हुन्छ, जुन कुरा भनिसकिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छ। वेदले 'त्रिधाबद्ध' भनेकोमा पतञ्जलिले "त्रिषु स्थानेषु उरसि, कण्ठे, शिरसि च बद्धः" भन्ने व्याख्या गरे। उरः (हृदय) मा उब्जने वर्णमध्ये हकारको प्रमुखता छ र कण्ठस्थानीय वर्ण पनि हकार हुन्छ। पाणिनिले आफ्नो व्याकरणमा पाएका माहेश्वरसूत्रमा पनि व्यञ्जनको प्रारम्भ गर्दा 'हयवरट्' भनेका र अन्त्यसूत्र पनि हल् भनी ह बाट प्रारम्भ गरी ह मा नै समाप्त गरेर व्यञ्जन जति हल् भन्ने परिभाषा व्याकरणभर गरेको पाइन्छ। 'हयवरल' यी उरस्थानीय वर्ण भन्ने कुरा पाणिनि व्याकरणका विद्वान्लाई बोध भएकै छ। उरस्थानीय हकार कण्ठ स्थानीय अकारभन्दा जन्मस्थानबाट पहिलो मान्नमा केही बाधा देखिँदैन। यो भयो व्याकरणबाट हकारको प्राथम्य देखाएको कुरो।

हठ योगमा हामी 'ह' लाई सूर्य, 'घ' लाई चन्द्र मानेर इडा, पिङ्गला दुई नाडी सूर्यचन्द्रात्मक मान्छौं भन्ने कुरा पनि मैले अर्केतिर लेखिसकेको छु। इडा वाम भागमा, पिङ्गला दक्षिण भागमा र त्यसको मध्य भागमा सुषुम्णा नाडी मानिएको छ। इडामा चन्द्र, पिङ्गलामा सूर्य र सुषुम्णा ती दुवैको सङ्गम हुन्छ। यसलाई यसरी भनिएको छ -

इडा वामे स्थिता नाडी पिङ्गला दक्षिणे मता।
तयोर्मध्यगता नाडी सुषुम्णा वंशमाश्रिता ॥ १५।३०
इडायां सञ्चरेच्चन्द्रः पिङ्गलायां दिवाकरः।
ज्ञातौ योगनिदानज्ञः सुषुम्णायां तु तावुभौ ॥ १५।३४

यही नाडी-ज्ञानद्वारा प्राणायामको प्रक्रियाले शक्तिरूपिणी कुण्डलिनीलाई उठाएर आधारचक्रबाट सहस्रारमा शिवसँग सङ्गम गराउने क्रिया नै हठयोगको चरम प्रक्रिया हो। यही प्रसङ्गमा कुण्डलिनीका बारेमा उनको स्थान र स्वरूपबारे उल्लेख गरिन्छ। आधारचक्रको मध्यमा त्रिकोण छ, त्यो ज्योतिको घर भनेर आगमशास्त्रीहरू भन्दछन्। त्यहाँ विद्युत् लताको आकार भएकी सुप्त सर्पाकार (गुडुल्केकी) की परदेवता कुण्डलिनी शक्ति परिस्फुरण हुन्छिन्। हंस अर्थात् जीवलाई आश्रय गरेर रहेकी हुन्छिन्। जीव प्राणको आश्रयी छ, प्राण नाडीमा समाश्रित रहन्छ। यस कुरालाई शास्त्रले यसरी देखाएको छ-

आधारच्छन्दमध्यस्थं त्रिकोणमतिसुन्दरम्।
ज्योतिषां निलयं दिव्यं प्राहुरागमवेदिनः ॥
तत्र विद्युल्लताकारा कुण्डली परदेवता।
परिस्फुरति सर्वात्मा सुप्ताहिसदृशाकृतिः ॥
विमतिं कुण्डली शक्तिरात्मानं हंसमाश्रिता।
हंसः प्राणाश्रयो नित्यं प्राणो नाडी समाश्रयः ॥ १५।३७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हठयोगको सिद्धान्त हंस (जीवात्मा) सँग प्राणको अविनाभाव सम्बन्ध र प्राणको नाडीसँग आश्रयाश्रयी भाव सम्बन्ध रहेकाले नै त्यही मार्गलाई सिद्ध पारेर सिद्ध हुने साधनालाई जोड दिन्छ। आधारबाट उठेको वायु नाडीद्वारा देहमा व्याप्य भएर १२ अङ्गुलसम्म बाहिर सञ्चार गर्छ। भनेको पनि यही छ -

आधारादुत्थितो वायुर्यथावत्सर्वदेहिनाम् ।
देहं व्याप्य स्वनाडीभिः प्रयाणं कुरुते बहिः ॥
द्वादशाङ्गुलमानेन तस्मात्प्राण इतीरितः ।

प्राणको यो भित्र-बाहिर गर्दा हुने अजपा मन्त्र हंसः को विलोम भई सोऽहम् बन्न पनि जान्छ। हं भनेको पुरुष र सः भनेको प्रकृति हो। सोऽहम्को अर्थ हो त्यो म हुँ। चार वेदले प्रतिपादित 'प्रज्ञानं ब्रह्म', 'अयमात्मा ब्रह्म' 'अहं ब्रह्मास्मि' र 'तत्त्वमसि' यी चार महावाक्यको तत्त्वविन्दु हुन्छ। सोऽहम् यो अजपा मन्त्रले प्रतिपादित सत्य। यसरी निगमअनुरूप आगमले भिन्न प्रस्थान गरेर प्रतिपादित उपासना पनि अद्वैत ऐकात्म्यपरक नै हो। पुंरूप र विसर्गचाहिँ प्रकृति हो। हंमा विन्दु छ, सः मा विसर्ग छ। हं पुरुष हो, सः प्रकृति। यसमा प्रमाण चाहिए त्यो पनि प्रस्तुत गर्न सकिन्छ। जस्तै -

पुंप्रकृत्यात्मकौ प्रोक्तौ विन्दुसर्गौ मनीषिभिः ।
ताभ्यां क्रमात्समुद्भूतौ विन्दुसर्गावसानकौ ॥
हंसौ तौ पुंप्रकृत्याख्यौ हं पुमान् प्रकृतिस्तु सः १५ ।५१
अजपा कथिता ताभ्यां जीवोऽयमुपतिष्ठति ।
यदा तद्भावमाप्नोति तदा सोऽहमियं भवेत् ।

वास्तवमा सूर्य, सोम, अग्नि यी त्रितत्त्वलाई आत्मरूपमा परिणत भएको मानेर एक ठाउँमा तन्त्रले भन्यो -

आत्मानं रविवह्निचन्द्रवपुषं तारात्मकं सन्ततम् ।
नित्यानन्दगुणालयं सुकृतिनः पश्यन्ति रुद्धेन्द्रियाः ॥

यस परिप्रेक्ष्यमा हामी आफ्नो देवी प्रणव हुन गएको ह्रीं वीजमा ह, र, ई आर्द्धचन्द्रविन्दुको समष्टि रूप पाउँछौं। यसमध्ये ह यो वर्ण कण्ठबाट निस्कने स्वरभन्दा अझ तल्लो तह उरबाट निस्कने भएकाले यसको प्रादुर्भावको क्रम प्रथम छ। 'ह' लाई हठयोगीहरूको परिभाषाले सूर्यको प्रतीकात्मकत्त्व प्रदान गरेको छ र शैवहरूले लकुलीश अर्थात् शिवको सङ्केतका रूपमा 'ह' मानेको छ र 'हं' लाई पुरुषको स्वरूपको पर्यायमा योगले व्याख्या गरेको हुँदा "ह" को यति ठुलो दार्शनिक पृष्ठभूमि रहेको देखियो। 'र्' अग्नि तत्त्वको प्रतीक हुन्छ। पछाडि रहेको अर्द्धचन्द्रविन्दु र नादको ऐक्यस्वरूप हुन्छ र 'ई' चाहिँ ऋग्वेदले मानेको प्रणवाधार रूप र तन्त्रले मानेको वामलोचनको प्रतीक हुन्छ। यसरी सूर्य, सोम, वह्निको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ऐकात्म्य भएर विन्दुनाद रूप भएको ह्रीं अनि तन्त्रशास्त्रले देवी प्रणव भनी महत्त्व कायम गरेकोमा यो कुराको गम्भीर विमर्श नगरी अर्काका लैलैमा लाग्नेले तन्त्रका वीजात्मक मन्त्रलाई ग्रन्थको आद्यन्ताक्षर बनाई समग्र शास्त्रको अध्ययन गर्न गाह्रो भएर यस्तो परम्परा बसालेको भन्ने पाश्चात्यहरूको अवैज्ञानिक कुरामा बहकिएको पनि पाइन्छ।

यी कुरा मेरा मनकत्थी होइनन्। यसमा शब्दब्रह्मवादी सिद्धान्त छ। विन्दुनादबाट हुने सृष्टिक्रम समावेश छ। वर्णको उत्पत्तिको सुसङ्घटित प्रक्रिया छ। प्रतीकवादको व्यवस्था छ। तथा प्राण र जीवको ऐकात्म्य प्रतिपादन गर्ने योगको साधना पनि छ। यो कुरा प्रतिपादन गर्न यिनका विभिन्न पक्षलाई यहाँ देखाइयो, जो एक प्रकारले प्रासङ्गिक भएर नै प्रस्तुत गरिए झैँ लाग्छ।

शक्तिको ह्रीं बीजलाई उद्धृत गर्ने कारिकालाई यहाँ प्रस्तुत गर्नु र यसको जपबाट हुने साधकको सिद्धिको उल्लेख गर्नु पनि अब मेरो उद्देश्य हुन गएको छ। जो कारिकाले यहाँ यसरी प्रस्तुत गरेको पाइन्छ।

लकुलीशोग्निमारूढो वामनेत्रार्द्धचन्द्रवान्
बीजं तस्याः समाख्यातं सेवितं सिद्धिकाङ्क्षिभिः ॥ ९।२

यसको टीका गर्दै राघव भट्टले लेखे- लकुलोशो हः। अग्नीरः वामनेत्रम् ई। अर्द्धचन्द्रो विन्दुः। एवं च मिलित्वा वीजमेकम्। सिद्धिकाङ्क्षिभिः सेवितमिति। अनेनास्य सकल पुरुषार्थसाधनता सूचिता। तथा च भुवनेश्वरी पारिजाते-

मत्समः पुरुषो नास्ति त्वत्समा नास्ति चाङ्गना।
मायाबीजसमो मन्त्रो न भूतो न भविष्यति।

मन्त्रोद्धारक श्लोकको अर्थ टीकानुसारी अगाडि नै गरिसकिएको छ। भुवनेश्वरी पारिजातमा रहेको श्लोकको अर्थ हो म तुल्य पुरुष छैन, तिमी तुल्य नारी छैन, ह्रीं वीज बरोबरको मन्त्र न भएथ्यो, न हुने छ।

एउटा मन्त्र वीजलाई हामीले राम्ररी केलाएर हेर्दा धेरै शास्त्र र गुरु-परम्परालाई बुझेर मात्र अर्थ गर्नुपर्नेमा यसतर्फ नफर्की पातपातै दगुरेर अर्काको भरमा पत्यार गर्नु साह्रै ह्रासमुखी प्रवृत्ति भन्ने लागेर तन्त्रका मन्त्र कसरी विवेचना गरी प्रस्तुत गरिएका छन् र तिनको तात्पर्यभित्र कति रहस्य लुकेको छ, यो एउटा नमुनाका रूपमा प्रस्तुत गरिएको छ।

ज्ञान र विज्ञान केवल पुस्तक पल्टाएरै बुझ्न सकिने कुरा होइन। यसमा गुरु-परम्परा र कुल-परम्परा रहिरहनुपर्छ। पुस्तकमा लेखिएको भरमा सबै कुरा छैनन्। वास्तवमा हाम्रा शास्त्र गुरुहरूलाई सम्झौटो हुने गरी सूत्र रूपमा निर्मित गरिएका हुन्। शिष्यहरूलाई चित्त शुद्धि गराई साधनाद्वारा सक्षम भएपछि आचार्यद्वारा त्यो किल्ली खुल्थ्यो, त्यसैले "आचार्यवान् पुरुषो वेदः" भनिएको हो। निगम जान्नलाई न गुरु-परम्परा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छ, न त आगम जान्न कुल-परम्परा छ। कोलिकहरूको आगम शब्दको व्युत्पत्ति यसरी गरिएको पाइन्छ।

आगतं शिव वक्राब्जात् गतं तु गिरिजाश्रुतौ।
तदागम इति प्रोक्तं शास्त्रं परम पावनम् ॥

शिवको मुखारविन्दबाट निस्केर पार्वतीको कर्णकुहरमा गएकाले त्यसलाई आगम भनिन्छ, जो परम पावन छ। माथिको यस उक्तिबाट आगमशास्त्र शिवको करुणाबाट आएको भन्ने देखिन्छ। त्यसो हुँदा शैवदर्शनमा पनि प्रत्यभिज्ञा दर्शनको यसमा गम्भीर प्रभाव पारेर श्री अभिनवगुप्ताचार्यले यसको विशद विवेचना गरेको पाइन्छ। जस्तो श्रुतिमा अर्थवाद वाक्यको तात्पर्य निर्णय नगरी त्यसैका पछि दगुर्न हुन्न भनी जैमिनिले मीमांसा गरे, । त्यो यहाँ पनि मान्नुपर्छ। तन्त्रको महिमा दर्शाउन शिवले गौरीको प्रश्नको उत्तरमा यसो भनेको पाइन्छ -

कलौ तन्त्रोदिता मन्त्रा सिद्धास्तूर्णफलप्रदा।
शस्ताः कर्मसु सर्वेषु जपयज्ञक्रियादिषु ॥१४
निर्वीर्या श्रौतजातीया विषहीनोरगा इव। महानि - २ उ.

श्रौतमन्त्र विष नभएका सर्पझैँ निर्वीर्य हुने हुन्छन्। कलिमा तन्त्रले मानेका मन्त्र नै सिद्ध र तुरुन्त फल दिन्छन् सबै जप, यज्ञ आदि कर्ममा भनिएको छ। तर यहाँ तन्त्रको मन्त्रको भित्री रहस्य उद्घाटन गरी त्यसको वीज र शक्तिलाई बुझाइदिन सक्ने कौलिकको अत्यन्ताभाव नै यता भएका वेलामा उता सांस्कृतिक क्रान्ति गरी आएका यवन र आंग्ल साम्राज्यले अर्थको अनर्थ गरेर उपहासास्पद रूप दिँदा पाश्चात्य ज्ञानबाट प्रभावित भएका प्राच्य विद्वान्हरू पनि आफ्नो पूर्व स्थितिको बोध नभई अन्योल परेर अन्धविश्वासले किंकर्तव्यविमूढ भएको फेला पर्छन्।

देवीवीज ह्रींको मात्रै यति व्याख्या होइन, अझ धेरै होला। यसरी कामवीज क्लींको, वागवीज ऐं को, श्रीवीज श्रींको र अरू देवतावीजको पनि कुन रूपमा के तात्पर्यले कुन रहस्य राखी प्रयोगमा ल्याइएको छ, । यसतर्फ विवेचना नगरी अरूको अज्ञानधारामा बुद्धिलाई प्रवाहित नगर्ने अनुरोध गर्दै यस विषयलाई यहीँ टुङ्ग्याउनुअघि देवी-गीताको एक श्लोक लेख्तछु।

हकारःस्थूलदेह स्याद् रकारः सूक्ष्मदेहकः।
ईकार कारणात्मासौ ह्रींकारोऽहं तुरीयकम् ॥
यसरी मन्त्रमयी देवी बन्छिन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पञ्चम पटल

कामकला रहस्यमाथि प्रकाश

निगम र आगम दुवैतिर कामकलाको वास्तविकतामाथि प्रकाश परेको देखिन्छ। तर वामाचारले यसमा जुन नयाँ आयाम प्रस्तुत गरेर भावात्मक मोड दिई धर्म, कला, साहित्य र संस्कृतिलाई प्रस्तुत गरिदियो, यो आधुनिक युगमा पनि स्वीकृत गरिने अति रहस्यात्मक उपलब्धि भन्नुपर्छ भन्ने धारणा छ। वाममार्गले पञ्च मकारलाई साधनाको माध्यम मान्नुमा सिद्धान्त न भएको होइन र दर्शनको पृष्ठभूमि नरहेको पनि होइन। उपचारको प्रक्रियामा "विषस्य विषमौषधम्" भन्ने प्रयोग सफल र सार्थक हुन्छ भने उपासनाका निम्ति पनि पञ्च मकार साधना हुन आउनु त्यही सिद्धान्तअनुरूप स्वीकृत दर्शन भन्न सकिन्छ।

तन्त्रको पूर्वावस्थादेखि यदि ऐतिहासिक विश्लेषण गर्दै जाने हो भने वाममार्गको शिलान्यास निगममा ज्ञानकाण्डको मूर्धन्य भएका उपनिषद्मा नै हामी फेला पार्छौं। मैथुनको प्रबल प्रेरणाको वास्तविकता श्रुतिले ठम्याइसकेको देखिन्छ। तर दार्शनिक गवेषणाबाट प्राप्त सिद्धान्तलाई क्रान्तिकारी रूप तन्त्रले दिएको मान्नुपर्छ। यौनवासना गुम्स्याएर हृदयमा सँगाल्दा मार्ग अवरुद्ध भई मन स्वच्छ हुन नसक्ने र झन् उकुसमुकुसिएर वासना उग्र रूपमा विस्फोट हुने हुँदा "भोगा देवक्षय" यस सूत्रलाई रत्येषणामा पनि लगाए। "उपभोगेन शाम्यति" भन्ने नयाँ विश्वासको जन्म दिए।

मनको विकार, मैथुनको निरोधमा अति उग्न भई संतृप्तिको बाटो खोज्न दुष्कृत्यमा प्रवृत्त हुने वास्तविकतालाई तन्त्रले अपलाप नगरी त्यही मैथुनिक क्रिया आराधनाको साधनमा प्रयोग गरी आफ्नो इष्टसिद्धिको द्वार बनाउनु यो सानो वैचारिक क्रान्ति भन्न सकिन्न। आफ्ना आराध्य देवतालाई पनि "रतिरसमहानन्दनिरताम्" भन्ने ध्यानमा साकारत्व प्रदान गर्नु झन् तन्त्रको अर्को मौलिकताको सिर्जना मान्नुपर्छ। जीव जगत्मा रहेको स्वको अस्तित्वको उत्कट इच्छाले नै मैथुनजन्य प्रवृत्ति प्राणीको प्राकृतिक आधार हुन्छ। मनलाई हलुङ्गो पार्न उसको ग्रन्थि फुकाएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसलाई सत्प्रयासमा लगाउने विधि दिनु यही सबभन्दा महत्त्वपूर्ण आविष्कार तन्त्रले गर्‍यो, जसले गर्दा मनुष्यले मैथुनलाई उपासनाको साधना बनाउने सिद्धान्तको नयाँ मोड दियो । नयाँ यस्तो निष्कर्षमा पुग्यो -

अन्तर्मुख परामर्शचमत्काररसात्मना ।
मनस्तुर्यरसेनात्र स्वदेहादि प्रमातृताम् ।
मज्जनेन प्रशमयन् प्रविशेत समाविशेत् ।
- भास्कर‌राय (सौ. भा.)

अर्थात् यसको तात्पर्य के भयो भने प्रमातृतालाई प्रशमन गर्न मनलाई रसाकार वृत्तिमा डुबुल्क्याएर पसिरहनु पर्ने भो ।

पूर्ववर्ती आचार्यले "यंब्रह्मचर्येणानुविन्दन्ते" भनेको ठाउँमा "तस्या योनौ मुखंदत्वा तद्रसं विलिहन् जपेत्" भन्ने साहस मात्र नगरी त्यसलाई कार्यान्वयन गर्ने साधकहरूको साहसलाई म अतिशय क्रान्तिकारी मान्छु ।

यस सिद्धान्तको विकासक्रमलाई गवेषणा गर्दै जाँदा म पहिले बृहदारण्य उपनिषद्‌को एक वाक्यांशलाई यहाँ प्रस्तुत गर्नुपर्ने ठान्छु । जो मिथुनको उत्पत्ति र मैथुनको वास्तविकतालाई औंल्याउँछ -

"स वै नैव रेमे तस्मादेकाकी न रमते स द्वितीयमैच्छत् । स हैतावानास यथा स्त्री पुमांसौ सम्परिष्वक्तौ स इ ममेवात्मानं द्वेधापातयत्ततः पतिश्चपत्नी चाभवतां तस्माविदमर्धबृगलमिव स्व इति ह स्माह याज्ञवल्क्यस्तस्मादयमाकाशः स्त्रिया पूर्यत एव तां समभवत्ततो मनुष्या अजायन्त ।"(५ ।३ बृ. उ.)

अर्थात् यसको भाव यो हो - त्यो (प्रजापति) रमाएर, त्यसो हुँदा एकलै कोही रमाउँदैन । त्यसले दोस्रोलाई चाह्‍यो । त्यो अँगालोमा कसिएका लोग्ने-स्वास्नी जत्रो भयो । त्यो अनि दुई फ्याकमा बाँडियो । त्यहाँपछि लोग्ने-स्वास्नी भए । त्यसो हुँदा यो आधा फग्ल्याँटो जस्तो हो । त्यो कुरा याज्ञवल्क्यले भनेथे । पक्कै हो त्यो कुरो । यो अविवाहित पुरुषको आधा भाग विवाह अघि स्त्रीरूप आधा भागरहित छ । स्त्री लिएर ऊ पूर्ण हुन्छ । त्यो तीसँग जोडि खायो, त्यताबाट मनुष्य जन्मे ।

"सो हेय मीक्षाञ्चक्रे कथं नु मात्मन एव जनयित्वा सम्भवति तिरोऽसानीती सा गौरभवद्‌वृषभ तरस्हताँ समेवाभायवत्ततो गावोऽजायन्त वडवेतराभवदस्ववृष इतरो गर्दभीतरा गर्दभ इतरास्ताँ समेभावयत्तत एकशफमजा यताजेतराभवद्वस्त इतरोऽविरितरामेष इतरस्ताँ समेभवत्ततोऽजावयोऽजायन्त्तैवमेव यदिदं किञ्च मिथुनमापिपीलिकाभ्यस्तत्सर्वम सृजत ।५। ४। वृ.उ. अर्थात् जब आफैले जन्माएर उनलाई सम्भोग गरे प्रजापतिले अनि आफैले जन्माएर मसँग यिनी कसरी मैथुन गर्छन् भनेर विचारी अर्कै रूपमा उनी छिप्न गइन्, उनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गाई भइन् । प्रजापति साँढे भएर सम्भोग गरे । घोडी भइन्, घोडा भएर उनले सम्भोग गरिछाडे । गदही भइन् गदहा भएर मैथुन गरे । त्यताबाट एक शफ भएका जन्मे । बाखी हुँदा उनी बोका भएर सम्भोग गरे, भेडो भइन्, भेडाका रूपमा आई सम्भोग गरे । यस किसिमले कमिलापर्यन्त जति जोडी छन्, ती सबैलाई मैथुनद्वारा सृष्टि गरे ।

यसबाट के प्रतिपादित हुन गयो छोटकरीमा भने एकलै कोही रमाउँदैन र जोडी चाहिन्छ । त्यस्तै कुनै योनिमा पनि पोथीलाई सम्भोग गर्न भाले आइहाल्छ । यो मैथुनक्रिया मान्छेदेखिन् कमिलासम्ममा रहने जीवनधारक नियति निहित प्रवृत्ति हो । यसको उपेक्षा गरेर नर कहिले एकाङ्गी भावले मुक्त हुँदैन र नारी यसमा शक्तिपातकै आधार हुन्छ । सम्भोग प्रवृत्ति प्रकृति प्रदत्त स्वभाव हुन्छ । त्यसैले यहाँ आदान र विसर्ग दुवैमा परम आनन्दको अनुभूति हुन्छ । वीर्य दान गर्दा पुरुषले प्राप्त गरेको सुखलाई वीर्याधान गर्दा नारी झन् आनन्दपुलकित हुन्छे । यही त्यागद्वारा भोग गरिन्छ र "तेन त्यक्तेन भुञ्जिथा" यहाँ सार्थक हुन्छ ।

यसो हुनाको कारणलाई विचारेर पूर्ववर्ती आचार्यले एउटा हेतु यहाँ प्रस्तुत गरे । त्यो कारण सैद्धान्तिक रूपले विमर्श गर्दा सत्य साबित हुन्छ भन्ने विश्वास लिन सकिन्छ । "मा नभुवं भूयासम्" म भइरहूँ, मेरो अस्तित्व लोप नहोस् भन्ने धारणा जीव-जगत्मा छ । जन्यपदार्थ विनाशशील हुन्छ भन्ने पनि अकाट्य सत्य छ भने रहिरहने प्रवृत्ति धारावाहिक रूपमा मान्नुपर्दा जायामा आफू पुत्र रूपमा उत्पन्न हुने उत्कट इच्छाले नै यो मैथुन प्रक्रियामा अति बलवान् मनको उद्वेग रहन गएको हुनुपर्छ । कामलाई मनोज र मन्मथ भन्नुको पनि उपपत्ति त्यसैले हुनुपर्छ । यस भावमा हामीलाई लैजाने आधार शास्त्रमूलक केही छ कि भन्दा यो श्रुतिवाक्य फेला पर्छ -

"आत्मैवेदमग्र आसीदेक एव सो कामयत जायामेस्यादथ प्रजायैयाथ चाहना वित्तं मे स्यादथ कर्म कुर्वीयेत्यतावान् वै कामो नेच्छँश्च नातो भूयोविन्देत्तस्मादप्य ह्येकाकी कामयते जाया मे स्यादथ प्रजायेयाथ वित्तंस्यादथ कर्म कुर्वीयेति स यावदप्यैतेषामेकैकं नप्राप्नोत्यकृत्स्न एव तावन्मन्यते......"

अर्थ - विवाह अघि यो पुरुष एक्लो थियो । मलाई स्वास्नी मिलोस्, त्यसमा सन्तान रूपले जन्मूँ, मलाई धन होस्, म काम गर्न पाऊँ भन्ने उसको चाहना थियो । यति नै कामना हुन्छ । इच्छा गरेर पनि यसभन्दा पनि बढ्ता हात परोइन । आजकल पनि एक्लो मान्छे चाहन्छ- "मलाई स्वास्नी मिलोस्, त्यसमा म सन्तान रूपले जन्मूँ, धन हात लागोस्, काम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्न पाऊँ। त्यसले तीमध्ये एउटै मात्र पाउन बाँकी रहँदासम्म पनि आफूलाई अपूरो ठान्छ।"

हुन पनि यो सृष्टिक्रमलाई धारावाहिक रूपमा सञ्चालन गर्ने नियतिको प्रेरणाका रूपमा नै मैथुन प्रवृत्तिको सिर्जना भएको छ। त्यो अदम्य वासनालाई मनमा गुम्स्याएर त्यसको विस्फोट हुँदा धेरै विकृति हुन जानु अस्वाभाविक भन्न पनि हुन्न। ब्रह्मचर्य कायिक, वाचिक र मानसिक रूपमा मानिन्छ। वाचिक र कायिक ब्रह्मचर्य रहन पनि धेरै गाह्रो हुन्छ भने मानसिक स्थितिमा त्यो राख्ने भन्ने कुरो मेरो विचारमा असम्भवप्राय: नै हुन्छ। सामाजिक मर्यादाले प्रतिबन्धित गरेका स्त्री पुरुषको सम्भोग समागम जब मनोराज्य मात्रै हुन्छ, स्वप्नामा त्यहाँ गएर सम्पूर्ति गर्छ। मानसिक वासना नग्न रूपमा पोख्ने औसर पाउँना साथ यसरी मैथुनको प्रवृत्तिलाई पुरुषको इच्छात्मकतामा सिर्जना भयो। अनि यस मैथुनक्रिया र रतिरागलाई पवित्रताका रूपमा स्वीकृत गरेर उपनिषद्ले कामक्रीडालाई कामयज्ञका रूपमा यसरी प्रस्तुत गरेको छ। भूतको रस पृथिवी भन्दै पुरुषमा पुग्छ र पुरुषको रस रेत भन्छ। रेत सबै रसहरूको निचोड हुन्छ, किनभने यही एक यस्तो बिन्दु छ, जसले समान रूपमा व्यक्तिलाई सिर्जना गर्छ। कति राम्ररी भन्छ श्रुति -

एषां वै भूतानां पृथिवी रस: पृथिव्या आपोऽपामोषधय ओषधीनां पुष्पाणि पुष्पाणां फलानि फलानां पुरुष: पुरुषस्य रेत:।

यस्तो रेतको सारत् सारातत्त्व प्रतिपादन गरेर मिथ्याचार गरी ब्रह्मचर्यद्वारा त्यसको संरक्षण सदा गर्नु नै पर्छ भन्ने प्रकृति विपरीत कुरा उपनिषद्को यस सन्दर्भमा पाइन्न र यसलाई स्त्री पापमा संधारण गराउने कुराको उल्लेख गरेको पाइन्छ। जस्तै-

स ह प्रजापतिरीक्षाञ्चक्रे हन्तास्मै प्रतिष्ठां कल्पयानीति सस्त्रियं ससृजे तां सृष्ट्वाऽध उपास्त तस्मात्स्त्रियमध उपासीत स एवं प्राञ्चं ग्रावाणमात्मन एव समुद्पारयत्तेनैनामभ्यसृजत्।४।२

अर्थ - ती प्रजापतिले विचार गरे कि- अहा ! यस्तो सारतम वस्तुका निमित्त म आधारभूत भूमि रचूँ। यस्तो सोचेर स्त्रीलाई सिर्जे। त्यसलाई सिर्जेर अधोभागलाई सेवन गरे अर्थात् मैथुन गरे। त्यसो हुँदा स्त्रीलाई मुनितिरको भाग (योनि) मा सम्भोग गर्ने ती प्रजापतिले आफ्नै यो गतिशील लोहरो जस्तो लिङ्ग स्त्रीको योनिमा हाले, त्यसद्वारा स्त्रीसँग सम्भोग गरे।

प्राय: मनुष्यको अन्धविश्वासले के धारणा बनेको छ भने एक विन्दु वीर्य बन्न शरीरका धेरै धातु खर्च हुन्छन्। त्यसो हुँदा त्यसलाई जतिसक्यो जगेडा राखेमा नै कल्याण हुन्छ भन्ने। तर वास्तवमा धेरै धातुले खर्चिएर बनेको वीर्यलाई आफूमा नै राख्ने होइन, योग्य भाँडोमा सुम्पिदिनु पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पर्छ। त्यो पात्र हो स्त्रीको योनिमा आधान गर्न वीर्य दान गर्नुपर्छ मैथुन कर्मद्वारा। त्यसो गरेन भने यता नारीको कामातुरता उग्र भई मृत्यु हुने र पुरुष उन्माद दशामा पुग्ने स्थिति आउँछ र प्रकृतिको अदम्य प्रेरणालाई रोक्ता शारीरिक मानसिक अवस्थाको सन्तुलन कायम हुन सक्तैन। सारतम वस्तुको आधारभूत भूमि स्त्री हो र उसको योनिद्वार हो वीर्यपात गर्न लिङ्गले प्रवेश गर्नुपर्ने। मैथुन क्रिया संसारका प्राणी जगत्को धारावाहिकता कायम गर्ने प्रक्रिया हो। त्यसैले सम्भोगमा हुने आनन्द जीवजगत्को प्रवृत्तिको कारण बनेको हुनुपर्छ।

उपनिषद्ले यसरी वैज्ञानिक रूपमा स्वीकार गरेको मैथुन क्रियालाई अपवित्र नठानी उसले यस सम्भोग प्रक्रिया कामयज्ञका रूपमा प्रस्तुत गरेको छ। आर्यले सर्वप्रथम धर्मको रूप यज्ञ मानेको कुरा वेदले भन्छ- "यज्ञेन यज्ञमयजन्त देवास्तानिधर्माणि प्रथमान्यासन्" भनेर। यज्ञ जस्तो पवित्र कर्मसँग कामकलाको यसरी सादृश्य जोडेको छ। जस्तै- मैथुन क्रियालाई वाजपेय यज्ञको समानता दिएर प्रशंसा गर्दै उपनिषद् भन्छ-

"तस्या वेदिरूपस्थो लोमानि बर्हिश्चर्माधिषवणं समिद्धो मध्यतस्तौ मुष्कौ स यावान् ह वै वाजपेयेन यजमानस्य लोको भवति तावानस्य लोको भवति य एवं विद्वानधोपहासंञ्चरत्यासां स स्त्रीणां सुकृतं वृङ्क्तेऽथ य इदम विद्वान्धोपहासंञ्चरत्यस्य स्त्रियः सुकृतं वृञ्जते। ५।३ वृ.आ.

अर्थ - त्यस स्त्रीको योनि वेदि हो, रौँहरू कुश हुन्, योनिको मध्यभाग अग्नि हो, योनिका पार्श्वभागका उठेका डिल अधिषवण नाउँका सोम निचोर्ने फल्याक हुन्। वाजपेय यज्ञले यजमानलाई जति फल हुन्छ, उति नै मैथुन विज्ञान जान्ने को मैथुन क्रियाको हुंन्छ। जो यो कुरा जानेर मैथुन क्रिया गर्दछ, त्यो स्त्रीहरूको पुण्य आफूतर्फ खिच्तछ। जो उक्त विज्ञान नजानीकन मैथुन क्रिया गर्छ, त्यसको पुण्य स्त्रीहरूले खिच्छन्।

मैथुन क्रियालाई सन्तानोत्पत्ति मात्रमा सीमित राख्ने धारणा मात्र थिएन र त्यसताका सम्भोगपछि सन्तान नजन्मिउन् भन्ने पुरुषको चाहना पनि थियो। केवल आनन्दोत्पादनका निम्ति गरिने सम्भोग पनि प्रचलनमा थियो। त्यसो गर्न सम्भोग गर्दा स्त्रीको मुखमा मुख जोडेर मन्त्र पढी अभिप्राणन कर्म गरिन्थ्यो, त्यसले स्त्री गर्भवती हुन्न थिई। त्यो अभिप्राणन कर्मबाट अचानक कर्म कसरी हुन्थ्यो, त्यो भने यहाँ उल्लेख गरिएको छैन। तर त्यस वेला अभिप्राणन कर्म गुरु-परम्पराबाट अभिज्ञात भएको हुँदा यहाँ उल्लेख नगरेको पनि हुन सक्तछ र अन्यत्र यसको निरूपण भइसकेकाले यो फेरि न भनिएको पनि हुन सक्तछ। यस्तो कुरामा प्रमाणको प्रस्तुतीकरण गर्नुपर्छ। नत्र भने यो आफ्नो कपोलकल्पित भन्न नसकिने हुन्न। प्रमाणस्वरूपमा वाक्य नै उद्धृत गर्छ, जो यस प्रकारको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अथ यामिच्छेन्नगर्भं दधीतेति तस्यामर्थनिष्ठाय मुखेन मुखं संधायाभिप्राण्यापान्यादिन्द्रियेण ते रेतसा रेत आदद इत्यरेता एव भवति ।५।१०।

अर्थ - अथ - अर्को कुरा (पुरुष) यां जुन स्त्रीलाई गर्भं गर्भं, नदधीत इति - धारणा नगरोस् भनी इच्छेत् - इच्छा गर्ला, तस्यां - त्यसका योनिमा, अर्थ लिङ्ग, निष्ठाय - पसालेर, मुखेन - उसको मुखमा, मुखं - मुख, संधाय - जोडेर, अभिप्राण्या - अभिप्राणन कर्मले, अपन्याम् - अपानन कर्म गरोस् र इन्द्रियेण - इन्द्रिय स्वरूप, रेतसा - वीर्यले, ते - तिम्रो, रेत शोणितरूप - गर्भग्रहण गर्ने शक्तिलाई आददे - ग्रहण गर्छु, इति - यसो गरेमा (स्त्री) अरेता एव वीर्य खिचिएर वीर्यरहित नै हुन्छ अर्थात् पेट बोक्तिन ।

यसमाथि उल्लेख गरिएको कुराबाट सम्भोग गरेर पुरुष स्त्रीमा वीर्यपात गरेर वीर्य खिची उसलाई गर्भवती हुनबाट जोगाउँदथ्यो भन्ने स्पष्ट नै उल्लेख गरेको पाइन्छ। मुख्य यस प्रसङ्गमा हामी कुनै लुकिछिपी गरिने कुकृत्य र अश्लील व्यवहार नभई स्पष्ट मनुष्यको स्वभाव निहित गुणको सरल रूपले वर्णन पाउँछौं। त्यसो हुँदा उपनिषद्काल सुसभ्य र समृद्ध मान्नुपर्छ।

यसभन्दा माथिको कण्डिकाले जीवनमूलक प्रवृत्ति मैथुन भए पनि मैथुन-विज्ञान अवगत गरेर गरिएको मैथुन बढ्ता आनन्दप्रद र स्त्रीलाई वशीभूत पार्ने भन्ने स्पष्ट पारी त्यसरी गरिएको मैथुन कामयज्ञका रूपमा भई पुण्यप्रद मानियो। जसरी जीवनका निम्ति भोजनको आवश्यक छ, सबै जीवजन्तु अन्न ग्रहण गर्छन् तर साँढेले खाएको घाँसपात र मान्छेले खाएको सागपातको स्वरूप फरक हुन्छ र मानिस त्यही व्यञ्जनलाई अनेक रूप दिई स्वादिष्ट पारी भोग्दछ। त्यसैले गोरुले गरेको सम्भोग र मानिसले मैथुन-विज्ञान अध्ययनद्वारा गरेको रतिक्रीडाको प्रकारान्तरले दिने आनन्दको स्वरूप धेरै माथिल्लो तहको हुन्छ। मानिसको यही विशेषता रहिआएको छ। त्यसैले हाम्रा पुर्खाले कामशास्त्रको निर्माण गरे र कामलाई पुरुषार्थमा संलग्न पारी वास्तविकताबाट मोडिएर आदर्शको मात्र कल्पना गरेनन्।

यसो हुँदा कामशास्त्रको आवश्यकता पर्न गयो। अब कामलाई शास्त्रीय रूपबाट कामशास्त्रानुसार यहाँ त्यसबारेको महत्त्वलाई दर्शाउने चेष्टा गर्नु अप्रासङ्गिक हुन आउँदैन जस्तो लाग्छ। कामशास्त्रको परम्पराको उल्लेख गर्दै वात्स्यायनले आफ्नो ग्रन्थमा पूर्ववर्ती आचार्यहरूमा नन्दी, औद्दालिक, श्वेतकेतु, वाभ्रव्य पाञ्चाल, आचार्य दत्तक, चारायण, सुवर्णनाम, घोटकमुख, गो नदीय, गोणिकापुत्र, कुचुमार आदिले कामशास्त्रबारे कसैले समग्र रूपमा र कसैले कुनै खण्डको विशेष विवेचना गरे। सबै अध्ययन गरी सबै कुरा सङ्क्षिप्त रूपमा वात्स्यायनले कामसूत्र बनाई प्रस्तुत गरेका हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तिर्यग्योनिष्वपि स्वयं प्रवृत्तत्वाद् कामस्य नित्यत्वाच्च नशास्त्रेण कृत्यमस्तीत्याचार्याः । २।१७

कुनै आचार्य के भन्छन् भने - पशुपक्षीहरू पनि स्वयं काम प्रवृत्त देखिएकाले फेरि काम नित्य भएकाले पनि शास्त्र यसमा आवश्यक छैन । तर यसमा वात्स्यायन सहमत छैनन् र उनी भन्छन् -

संप्रयोगपराधीनत्वात् स्त्रीपुंसयोरुपायमपेक्षते । २।१८

सा चोपायप्रतिपत्तिः कामसूत्रादिति वात्स्यायनः । २।१९

संप्रयोगपराधीन भएकाले स्त्रीपुरुषलाई उपाय अपेक्षित हुन्छ। त्यो उपायको ज्ञान कामसूत्रबाट हुन्छ भनी वात्स्यायन भन्छन् ।

"न कामांश्चरेत्" भनी धर्मशास्त्री र अर्थशास्त्रीले कामको विपरीत अनेक उदाहरण दिए पनि वात्स्यायन चाहिँ त्यसलाई मान्न सक्तैनन् र भन्छन्-

शरीरस्थितहेतुत्वादाहारसधर्माणोहि कामः । फलभूताश्च धर्मार्थयोः २।३७

शरीरको स्थितिको कारण भएकाले काम आहारकै समान छ। फेरि धर्म र अर्थको फलभूत पनि यही नै हो ।

यस सारभूत सिद्धान्तले कामको आवश्यकता आहारतुल्य शरीर धारणका निम्ति घोषित गरियो । यो आजको वैज्ञानिक युगमा मनोविज्ञानका विवेचक सिग्मन्ड फ्रायडले फेला पारेको यौन विकारद्वारा हुने रोग मात्र नभई आधि-व्याधिको सूक्ष्मकारण पनि काम-विकार नै मानेको छ। त्योभन्दा पनि दोस्रो कुरा जुन भने वात्स्यायनले, त्यसले काम साध्य हो, धर्म-अर्थ त्यो उपलब्धिका साधन हुन्। धर्मले हात लाग्ने र अर्थले फेला पर्ने फल काम नै हो । त्यसैले उनले किटेर भने "फलभूताश्च धर्मार्थयोः ।" भनेको पनि छ -

धर्ममूलः स्मृतः स्वर्गस्तत्रापि परमा स्त्रियः ।
गृहस्थधर्मो दुर्वारो नराणां धर्मयत्नजः ॥
हिताश्चापत्य सन्तानैः स्त्रियस्त्विह परत्र च ।
परं संप्रत्ययो भोगप्रकर्षार्थाय वै स्त्रियः ॥

धर्मबाट प्राप्त हुने, स्वर्गमा प्राप्त गरिने सुख अप्सराहरूद्वारा हुने मैथुन क्रिया नै त हो। स्त्री नै भोगको प्रकर्षका लागि आवश्यक हुन्छन् अर्थप्रधान मानिँदा पनि। कामशास्त्रको स्त्रीद्वारा यौवनअघि नै पढ्नु पर्ने र विवाहित भएपछि पतिको अनुमतिबाट अध्ययन गर्नुपर्छ भनी सूत्रमा भने -

प्राग्यौवनात् स्त्री । प्रत्ता च पत्युरभिप्रायात् । ३ । २
प्रयोगग्रहणं त्वासाम् । प्रयोगस्य च शास्त्रपूर्वकत्वादिति
वात्स्यायन ३ ।४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्त्रीलाई कामशास्त्रको सिद्धान्तको क्रियात्मक प्रयोग ज्ञान हुन्छ। प्रयोगलाई शास्त्रपूर्वक ज्ञान हुनुपर्छ भन्ने आफ्नो मत दिन्छन् वात्स्यायन। कति राम्रो कुरा छ उनले भनेको यो-

सर्वत्र हि लोके कतिचिदेव शास्त्रज्ञः। सर्वजन विषयश्च प्रयोगः ३।५

संसारमा सर्वत्र शास्त्रज्ञ केही सङ्ख्यामा मात्र हुन्छन्। प्रयोग भने प्रायः सबैजसोले जानेको नै हुन्छ। यसै हुँदा कामशास्त्रको प्रयोग जान्ने पनि शास्त्रज्ञ हुँदैनन् होइन। हत्यौडी जान्ने कर्मकाण्डीहरूले शास्त्र नजानेर प्रयोग जानेका छन्। व्याकरण नजान्नेले पनि मातृभाषा शुद्ध बोल्छन्।

यो कामशास्त्रले प्रतिपादित सिद्धान्तका आधारले कामविज्ञानलाई कसरी पूर्ववर्ती आचार्यले सप्रमाण प्रतिपादित गरेर रतिरहस्यको इयत्ता फेला पार्न शास्त्र निर्माण गरे। त्यसको दार्शनिक आधार र व्यावहारिक सिद्धान्त त्यस शास्त्रको अध्ययनद्वारा प्राप्त गर्नुपर्छ।

मुख्य मैले काम हेय हुँदैन, यो आहारसमान शरीरको स्थितिलाई उपयुक्त मानिएको छ र धर्म र अर्थको फल पनि काम नै हो भन्ने कामशास्त्रको सिद्धान्तलाई यहाँ प्रस्तुत गरी हाम्रा वाममार्गीहरूले कामलाई माध्यम बनाई साधनामार्गमा प्रयोग गरेको असैद्धान्तिक र अदार्शनिक कुरा होइन। उनीहरूले जीवनको स्थितिहेतुलाई नयाँ उपासनामा मोड दिएर धर्मको फल भएको कामलाई धर्मकर्ममा कामलाई साधतरूपमा प्रस्तुत गरेर उपासनामा लगाएको तथ्यलाई हृदयङ्गम गर्नुपर्छ। पञ्च मकारमा मैथुनका उद्दीपक रूपमा मत्स्य, मांस, मद्य र मुद्रा आएका हुन्। त्यसै हुँदा यहाँ मैथुनले कामकलामा प्रमुख स्थान लिएको हो। प्रायः प्रयोगको परिशीलनबाटै शास्त्र बन्छ र प्रयोगको पद्धतिको विश्लेषण गरेर दर्शन बनाइन्छ पनि। सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक, साहित्यिक आदि विधा वा रत्येषगा कसरी प्रतिफलन पर्न गयो भन्दा हामी कामविज्ञानको प्रयोग व्याप्तरूपमा रहेको आधार पाउँछौं। मैथुनको क्रियाकलापलाई शास्त्रीय रूप कामशास्त्रले प्रस्तुत गर्छ र धर्मार्थ दुवैको लक्ष्य कामलाई मान्छ। काम फल हुन्छ, लक्ष्य हुन्छ, साध्य हुन्छ कामविज्ञानमा। तर तन्त्रका वाममार्गहरूले कामलाई साध्य र लक्ष्य नमानी आफ्नो उद्देश्यपूर्तिमा साधन तुल्याए। साधना, उपासना र अर्चनामा कामकला हेतु हुन्छ, फल होइन तन्त्रमा। यौन प्रवृत्तिमा रहेको प्राणीको अपरिहार्य प्रेरणालाई अपलाप गर्न नसकिने तथ्य सर्वस्वीकृत हुनुपर्छ।

देववादमा विश्वास नगरेमा धर्म, संस्कृति र कलाको यति ठुलो सिर्जना हुने थिएन। संसारभरमा अमूर्त तत्त्वलाई प्रतीकात्मकताले आराधना गर्ने प्रयोगको क्रमिक विकास भएको मानवको प्राग् ऐतिहासिक कालको अनुसन्धान गर्दा फेला पर्छ। यौन स्वातन्त्र्यलाई नियन्त्रित गरेर समाजको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बन्धन कायम भन्ने धारणा बनेपछि धेरै नैतिकताका पाठ थपिए । तर त्यही नियन्त्रण सभ्य हुँदै गएपछि खुकुलिँदै पनि गएको छ । मातृसत्तात्मक समाज जब पितृसत्तात्मक भयो, त्यही वेला कामबन्ध कायम भएको हुनुपर्छ । त्यसरी धेरै खुड्किला पार गरेर अनेक ठक्कर खाँदै अनेक घात-प्रतिघात परेर आधिदैविक प्रक्रियामा काम आराधनाको साधनामा पुगेको देखिन्छ ।

महापुरुषहरूले जन्मेर नरनारीको समानता सिद्ध गरेर जब धर्ममा प्रवेश गर्न दिए, नारीहरूलाई त्यही वेला कामको धार्मिक प्रयोगमा प्रवेश गर्ने साइत आयो । त्यसमा प्रव्रज्या दिने भगवान् बुद्धले नारीको पूर्ण सम्मान गरेको मान्नुपर्छ । नारी प्रव्रजिता गरेर मैले ५ हजार वर्ष चल्ने धर्मलाई ५ सय वर्ष चल्ने गरेँ भनी भगवान् बुद्धले भनेकोमा म यसमा के भन्छु भने क्षणिकवाद र स्वलक्षणवाद प्रस्तुत गर्ने बुद्धले यसो भन्नु तदनुरूपता कायम गर्न खोजेको भन्न मिल्दैन । सर्वज्ञ सुगत भएका भए के भन्नुपर्दथ्यो भने स्त्रीलाई प्रव्रज्या दिएर मैले यस धर्मलाई कालचक्रसँग घुम्ने गराइदिएको छु । परिवर्तनशील संसारमा अपरिवर्तित रूपमा कुनै विषयवस्तु रहँदैन । स्त्रीलाई सन्यास निषिद्ध गर्न सनातनीहरूको समाजमा सन्यासीहरूले स्त्रीसंगम गरेर नयाँ जातिको सिर्जना गरेका छैनन् र ? घरबार भएका गिरि, पुरि, भारतीहरूका समाज छन्, बुद्धका शाक्य, वज्राचार्य मात्र गृहस्थ भएका होइनन् ।

मुख्य कुरो बुझ्नुपर्ने के थियो भने मनुले वर्णाश्रम धर्म बाँधेर आश्रमलाई उल्लङ्घन गर्नेलाई समर्थन मात्र नगरेका होइनन् । अपितु निषेध पनि गरेर भने- "मोक्षमिच्छन् ब्रजत्यधः" । मानवीय अधिकार सीमित गर्ने पक्षमा परवर्ती आचार्य सहमत कोही भएनन् र "यदहरेव विरजेत् तदहरेव प्रव्रजेत्" भन्ने सिद्धान्तका अनुयायी भए । सिद्धार्थ र शङ्कराचार्यले अघिल्लो पक्ष स्वीकार गर्ने स्थिति थिएन र आश्रम धर्मको प्रतीक्षा गर्ने सन्यासलाई फुर्सद भएन । यता बौद्धहरूले भटाभट स्त्री पुरुषलाई प्रव्रज्या दिँदै गए । उता मठाधीशहरूले चेला-चेलीलाई मुड्दै लगे । तर मन निरोध गर्न गाह्रो पऱ्यो । स्त्रीपुरुष दुवै प्रव्रजित भएर पनि यौन सम्पर्कमा आए ।

घृतकुम्भसमा नारी तप्ताङ्गारः समः पुमान् ।
तस्माद् घृतं च वह्निञ्च नैकत्र स्थापयेत् बुधः ॥

मनुलाई स्त्रीको र पुरुषको कामजन्य प्रबल प्रवृत्तिको पूर्ण बोध थियो । उनी मानसिक सन्तुलन कुनै क्षण पनि डग्न सक्तछ भन्ने कुरामा दृढ थिए र भने -

मात्रा स्वस्रा दुहित्रा वा न विविक्तासनो भवेत् ।
बलवानिन्द्रियग्रामो विद्वांसमपि कर्षति ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जतिसुकै सतीत्वको गाथा गाए पनि स्वास्नी मानिसको त्यो सतीत्व भनेको कुरा स्थान नमिलेर, समय नपाएर, उसलाई फकाउने लोग्ने मान्छे नपाएसम्म मात्र रहने कुरो हो भनी वास्तविकता त्यो पनि सामाजिक त्यस वेलाको परिप्रेक्ष्यमा भनिएको हो, जुन वेला सतीत्वको केही मूल्य थियो, जुन यस प्रकारको छ -

स्थानं नास्ति क्षणं नास्ति नास्ति प्रार्थयिता नरः ।
तेन नारद नारीणां सतीत्वमुपजायते ॥

हेर्ने र विचार गर्ने नै हो भने राजप्रासाददेखि साधारण कुटिसम्ममा बस्ने उमेर पुगेका कन्याहरूबाट बालक जन्मेपछि फेरि विवाह भएको पाइन्छ । मत्स्यगन्धा, कुन्ती आदि हाम्रा सामुमा छन् । कानीन, व्यास, कर्णहरूले त्यस समाजमा पूर्ण प्रतिष्ठा प्राप्त गरेका पनि थिए । तर त्यस वेला जे भए पनि त्यो कार्यलाई धार्मिक रूप भने दिइएको थिएन अर्थात् मैथुन क्रिया धर्मको विधिमा चढेको थिएन । "मनो जयति यो जयति ब्रह्माण्डम्" भन्ने पक्षमा नै धेरै विश्वस्त भई मनोनिग्रहतर्फ नै लाग्दथे । पछि वज्रयानमा आएर चित्तलाई संक्षुब्ध नपारी उसलाई छाडा छाडेर त्यहीद्वारा साधनामा तल्लीन हुन थालियो र सिद्धान्त बनाइयो -

तथा तथा प्रवर्तेत यथा न क्षुभ्यते मनः ॥
संक्षुब्धे चित्तरत्ने तु सिद्धिर्नैव कदाचन ॥
तस्मात् सिद्धिं परामिच्छन् साधको विगताग्रहः ।
चित्तानुकूल्ययोगेन साधयेत् परमं पदम् ॥

यसरी अनङ्गवज्रले प्रज्ञोपाय विनिश्चय सिद्धिमा यो कुरा स्थिर गरे ।

यो मैथुनपरक नै कुरा हो भन्ने चाहिँ यसमाथिका दुई श्लोकले स्पष्ट पार्छन् ।

मुद्रा लिङ्गेन संयागात् वज्रावेशप्रवर्तनात् ।
सक्षीराधरपानाञ्च तत्कण्ठध्वनिदीपनात् ।
विपुलानन्दसंभोगात् तदूरुस्फोटनाद्ध्रुवम् ।
न चिरान्मन्मथो राजा वज्रसत्त्वः प्रसीदति ॥

यसरी मन्मथ नै मनको संक्षोभकार भएकाले उपयुक्त क्रिया गर्दा छिटै मन्मथ (कामदेव) राजा खुसी हुन्छन् । यसबाट हामी मैथुनलाई साधना प्रक्रियामा समावेश गरेको स्पष्ट पाउँछौं । कारण दिए यहाँ चित्तरत्नलाई क्षोभ हुने कुरा काम हो, त्यसैले त्यसले चाहेको कार्य गर्न दिनुपर्छ भन्ने निष्कर्ष निकालिएको छ ।

मन हो, यो त जसलाई पनि स्वास्नी पार्न पाए सन्तुष्ट हुन खोज्छ । त्यस वेला के गर्ने भन्ने प्रश्न यिनी आचार्यहरूका सामु पनि आउँदा उनीहरू आफ्नो सिद्धान्तले त्यो स्वीकृति प्रदान गर्छन् । मनुले आमा, दिदी,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बहिनी, छोरीहरूमा पनि वलवान् इन्द्रिय जाइलाग्न सक्तछ भनेकोमा यिनी के भन्छन् भने -

ब्राह्मणादि कुलोत्पन्नां मुद्रां वै अन्त्ययोनिजाम् ।
दुःशीलां परभागां च विकृतां विकलां तथा ।
जनयित्रीं स्वसारं च स्वपुत्रीं भागिनेयिकाम् ।
कामयन् तत्त्वयोगेन लघु सिध्येत साधकः ॥

अब योभन्दा यौन स्वातन्त्र्यको पराकाष्ठा के बाँकी भयो भन्नु । यस्तो स्थिति भएको यो समुदायमा अनि नग्न मैथुन चित्रहरूलाई प्रश्रय नदिने कुरा नै रहेन । ब्राह्मणीदेखि चाण्डालिकासम्म र आमादेखि छोरीसम्मलाई मुद्राका रूपमा सम्भोग गरेर छिटै साधकले सिद्धि पाउँछ भनी साधनालाई मैथुन क्रिया उपयोगमा ल्याइयो । त्यसमा कारण के त भने चित्तलाई संक्षोभ नगराई उसको आनुकूल्यमा चित्तवृत्ति छाडिदिएर साधनालाई सुगम पार्नु हो । चित्तले चाहेमा जातभातको र हाडनाताको पनि सम्भोगमा छुट प्रदान गरिदिने यो मार्गलाई हामीले त्यसै स्वाट्ट आएको भन्न मिल्दैन ।

वर्णाश्रममा धेरै दिनको परम्पराले शैथिल्य बढी वस्तुतत्त्वलाई अन्धविश्वासले ढाक्तै गएपछि प्रतिक्रियाका रूपमा साकार विद्रोहले बुद्ध जन्मे । अर्ध आस्तिकता र अर्ध नास्तिकता भएका मानसी वृत्तिको त्यो समाजलाई मध्यममार्ग रुचिकर भयो । यस मध्यम मार्गमा नैरात्म्यवाद र प्रतीत्य समुत्पाद पनि छ र पुनर्जन्म, आलयविज्ञान र प्रवृत्तिविज्ञान पनि छ । यसरी दुवैतिरको रसायन बनी खडा भएको धर्मलाई आध्यात्मिक आचारवादले पुगेन र उसले जनविश्वासमा प्रतिष्ठित हुन साधकहरूलाई साधनाको मार्ग दिनुपर्‍यो ।

स्त्रीजातिलाई प्रब्रज्या दीक्षित गरी आश्रम धर्म उपहसित भयो भने अवयविवादको खण्डन गरेर जातित्वको आधारलाई धराशायी बनाइदियो बुद्ध धर्मले । त्यस समयको समाजको धारामा ऊ बह्यो । तर त्यहाँ पनि कालचक्र घुम्छ । कुनै पनि कुरा परिवर्तनशील हुन्छ चितिशक्तिबाहेक भनेर सनातन धर्मले भनेकोमा क्षणिकम् क्षणिकम् भनी पञ्चस्कन्धबाहेक आत्माका अतिरिक्त अस्तित्व नमान्ने त्यस धर्ममा नयाँ मोड नआउने कुनै कुरा भएन । श्रावकयानबाट मन्त्रनयसम्म पुग्न धेरै समय पार गर्नुपर्‍यो । मारजित् बुद्धको धर्ममा तन्त्रवाद आएर पञ्च मकारलाई सहजातता विकसित भयो । पाँचौं शताब्दीपछि दसौं शतीसम्म त बौद्ध मतले आध्यात्मिकवादबाट हटेर आधिदैविक वादमा पूरा प्रवेश गरिसकेको पाइन्छ । सुखवाद नग्नरूपमा धर्मको साधन हुन गएर त्यस प्रक्रियामा नयाँ अध्याय थप्तछ । अनि त्यसको प्रामाण्यमा यस्ता विचारले शास्त्रीय रूप लिन्छन् -

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मैथुनं परकान्ताभिः सववर्णसमानता ।

श्रावकयानबाट मन्त्रनयसम्मको तत्त्वको परिशीलन गर्दा अद्वयवज्र सङ्ग्रहको तत्त्वरत्नावली भन्ने परिच्छेदमा यस प्रकारको उल्लेख पाइन्छ ।

"तत्र त्रीनि तत्त्वानि, श्रावकयानं प्रत्येकयानं महायानं चेति । स्थितय श्चतस्रः, वैभाषिकसौत्रान्तिक योगाचार-मध्यमक भेदेन । तत्र वैभाषिकस्थित्या श्रावकयानं प्रत्येकयानं च व्याख्यायते । महायानं च द्विविधम् पारमितानयो मन्त्रनयश्च । तत्र यः पारमितानयः सौत्रान्तिक योगाचार माध्यमक स्थित्या व्याख्यायते । योगाचारश्च द्विविधः, साकार निराकार भेदेन । एवं माध्यमिकोऽपिमायोपमाद्वयवादि सर्वधर्म्मप्रतिष्ठानवादि भेदान् द्विविधः । तत्रश्रावक त्रिविधः मृदु मध्वाधिमात्र भेदेन ।"-

३ तत्त्व रत्नावली, अद्वयवत्र सङ्ग्रहः

यसबाट हामीले माथि भनेको श्रावकयानबाट मन्त्रयानको क्रमको परम्पराको मात्र पुष्टि गर्न खोजेको हो । मन्त्रयान पुगेपछि त्यसका बारेमा यसरी त्यही भनेको छ -

एकार्थत्वेऽप्यसंमोहात् बहूपायाददुष्करात् ।
तीक्ष्योन्द्रियाधिकाराच्च मन्त्रशास्त्रं विशिष्यते ॥

तत्त्वरत्नावली अद्वय वज्रसङ्ग्रह

हामीकहाँ महायानबाट वज्रयानअन्तर्गत मन्त्रशास्त्रको नै प्राबल्य छ बुद्ध धर्ममा अहिले । यस स्थितिमा पहिले जुन धर्मको नामकै आधार वज्र शब्द छ, त्यसको पारिभाषिक अर्थ जान्नु आवश्यक हुन्छ । त्यसो हुँदा वज्रशेखरले गरेको अर्थ यस्तो छ भनी यहाँ देखाउनु आवश्यक हुन्छ ।

दृढं सारमसौशीर्यमच्छेद्याभेदलक्षणम् ।
अदाहि अविनाशी च शून्यता वज्रमुच्यते ॥

यसरी वज्रको परिभाषा गरी वज्रसत्त्वको व्याख्या गर्दा त्यही अर्को श्लोक यस रूपमा पाउँछौं -

वज्रेण शून्यता प्रोक्ता सत्त्वेन ज्ञानमात्रता ।
तादात्म्यमनयोः सिद्धं वज्रसत्त्वस्वभावतः ॥

यसरी शून्यता रूप वज्र ज्ञानमात्र सत्त्वसँग तादात्म्य भएर वज्रसत्त्व बन्दछन् । अनि यस स्थितिमा चित्राद्वयवाद खडा हुन्छ । त्यसबारेमा यस्तो वचन पाउछौं -

सच्चिन् चिन्मात्रमशेषकल्प शून्यं हि साकारमतं मतं मे ।
गच्छत् तृणस्पर्श समानमन्ये तन्मध्यमार्थं प्रवदन्ति सन्तः ।

पञ्चतथागतमुद्राविवरणम्, अद्वय वज्रसारसङ्ग्रहः ।

दुःखं दुःखम् भनी दुःखवादी बुद्ध धर्मको आर्यसत्यका रूपमा रहेका दुःख, दुःखहेतु, दुःखनिरोध र दुःखनिरोधमार्ग यिनै आर्यसत्यलाई दुःखं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

समुदयो निरोधमार्गश्चेति चत्वारि आर्य सत्यानि भनेर परिगणना गरेकोमा अद्वैत वेदान्तले परमानन्दप्राप्ति मुक्तिको परिभाषा गर्दा मनुष्यको सुख प्राप्तिमा रहिरहने रागलाई वैराग्यको कारणद्वारा परमाल्हादकत्वप्राप्ति स्वीकृत गरियो। दुःखनिवृत्तिरूप अपवर्ग मान्ने मतलाई उपहास गरेर भनिएको वचन छ। जस्तै -

वरं जेतवने रम्ये शृगालत्वं व्रजाम्यहम्।
न तु वैशेषिकं मोक्षं गतिमागन्तुमर्हति ॥

यही उपहासले दुःखहानिरूप मुक्तिको परिहास गरेको देखिन्छ। अनि दुःखनिवृत्ति मुक्तिको स्वरूप मान्ने दुःखवादीहरूका चारै पाउ नै भाँचिन्छन्। यस हेतु बौद्ध धर्ममा शङ्कराचार्यको सच्चिद् वचन परमानन्द स्वस्वरूपावाप्तिरूप आनन्दवादको प्रभाव पर्दछ। त्यही आनन्दको प्राप्तिमा तन्त्रले वाममार्गलाई प्रस्तुत गरेको हो मुद्रालाई साधन बनाई। यसबारे मुद्राको निरुक्ति गर्दा मुद्+रक्+टाप् गरेर सिद्ध गर्नुपर्छ, जसको धातु हर्षार्थपरक छ। यसमा अवयवन सङ्ग्रहको चतुर्मुद्रा प्रकरणमा यसरी व्याख्या गरेको छ -

". . . . मूढमनसो भ्रमन्ति भवार्णवे दुःखिताः। तेषां सुखेन चतुर्मुद्रार्थप्रतिपत्तये तन्त्रानुसारेण महासुखसाधनं प्रसाध्यते। चतुर्मुद्रेति कर्ममुद्रा, धर्ममुद्रा, महामुद्रा, समयमुद्रा।"

यहाँ कर्ममुद्राबाट प्राप्त हुने आनन्द क्षणभेदले भेदित छन्। आनन्दको भेद पनि चार छ। आनन्द, परमानन्द, सहजानन्द र चिरमानन्द। त्यस्तै क्षण पनि चार छन्। विचित्र, विपाक, विलक्षण र विमर्श। यसका सबै कुरा मूल ग्रन्थबाट नै बुझ्नुपर्छ। कर्म्म या काय वाक् चित्त चिन्ता तत्प्रधाना मुद्रा कल्पनास्वरूपा भनेर कर्म मुद्राको निरुक्ति गरेर त्यसको फल आनन्द प्राप्ति गरेको छ।

अर्को धर्ममुद्राबारे विवेचन गर्दा "परमानन्दैकसुन्दरोपायभूता" भनी नङ्ग्याउनुअघि यसलाई धर्मधातुस्वरूप मानिएको छ। यस प्रसङ्गमा यस्तो वाक्य पाइन्छ -

"धर्म्ममुद्रा धर्मधातुस्वरूपा निष्प्रपञ्चा निर्विकल्पा अकृत्रिमा उत्पादरहिता करुणास्वभावा परमानन्दैकसुन्दरोपाया। प्रवाहनित्यत्वेन सहजस्वभावा या प्रज्ञायाः सहजोदयत्वेन अभिन्ना या सा धर्ममुद्रेत्यभिधीयते।" यसरी धर्ममुद्राको स्वरूपको निर्वचन गरेको छ।

महामुद्रालाई पनि महासुखैकरूप मानिएको छ र त्यसको निरुक्ति गर्दा महति चासौ मुद्रा भनी कर्मधारय समास गरेको पाइन्छ। महामुद्राबारे त्यहीँको पङ्क्ति सार्दा स्पष्ट हुने हुँदा त्यही उद्धृत गरिन्छ। जस्तै -

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महामुद्रा निःस्वभावा ज्ञेयाद्यावरणविवर्जिता शरदमलमध्याह्न गगनसङ्काशा सकलसम्पदाधारभूता भवनिर्व्वाणैकस्वरूपा अनालम्बन करणाशरीरा महासुखैकरूपा ।

अन्तिम मुद्रा हो समय मुद्रा । त्यसद्वारा ती कृतपुण्य हुन्छन् । "सम्भोगनिर्माणकायाकार स्वभावेन स्वच्छाकारेण च सत्त्वार्थाय वज्रधरस्य हेरुकाकारेण विस्फुरणं यत् सा समयमुद्रेति चोपदिश्यते ।"

यी मुद्राको यहाँ उल्लेख गर्नाको मुख्य उद्देश्य दुःखान्त लक्ष्यबाट हटेर सुसुखावाप्तितर्फ बौद्धलाई मोड दिने वज्रयानले तन्त्रपरक हुन जानु मनुष्यको आन्तरिक सुखप्रवृत्तिमूलक स्रोततर्फ चित्तको अभिमुखता मान्नुपर्छ । हामीले पञ्चस्कन्धात्मक रूपमा पञ्चबुद्ध मान्ने व्यवस्था पनि मिलाएका छौं । तदनुरूप रूपस्कन्ध स्वभाव वैरोचनलाई पूर्वदलमा, दक्षिणदलमा वेदना स्वभावात्मक रत्नसम्भवलाई, पश्चिम दलमा संज्ञास्कन्ध स्वभाव अमिताभलाई, उत्तरदलमा संस्कारस्कन्ध स्वभाव अमोघसिद्धिलाई र मध्यमा विज्ञानस्कन्ध स्वभाव अक्षोभ्यलाई मानेर ती पञ्चबुद्धको ध्यान मन्त्र-अर्चनाको विकास गरी पञ्चाकार प्रदान गरेका थियौं । पञ्च तथागत र पञ्चयोगिनीलाई पूजा गर्ने प्रक्रियाले व्यापकता पाएको छ ।

यसरी नै आग्नेयकोणमा लोचनालाई मोहरक्ता, नैऋत्यमा भामिकीलाई द्वेषरक्ता, वायव्यमा पाण्डरवासिनीलाई रागरक्ता, ऐशान्यमा तारिणीलाई ईर्षारक्ता मानी मध्यमा वज्रधात्वीश्वरी नायिका मानेको छ र क्रमशः वीज यस रूपमा उल्लेख गरेको छ ।

ॐ आः लौं हूँ स्वाहा । लोचनामोहरक्ता शुक्लवर्णा पृथ्वी धातुस्वरूपा

ॐ आः माँ हूँ स्वाहा । मामिकी कृष्णवर्णा द्वेषरक्ता अव्धातुस्वभाव

ॐ आः पाँ हूँ स्वाहा । पाण्डरवासिनी रक्तवर्णा रागरक्ता तेजोधातु स्वरूपा

ॐ आः ताँ हूँ स्वाहा । तारिणी श्यामवर्णा ईर्षारक्ता वायुधातुरूपा

भनी वज्रेश्वरीलाई तथता, शून्यता प्रज्ञापारमिता भूतकोटि नैरात्म्य भनी मानिन्छ ।

"एताः चतस्रः षोडशाब्दिका असाधारणरूपयौवनशालिन्यो यथाशोभ संस्थिता पूर्व्ववत् कायचतुष्टयात्मिका मनोह्लादिन्यः सकल जिनगुणाधारम् भनी अद्वयवज्रसङ्ग्रहको पञ्चाकारमा उल्लेख गरेकाले हामी मोहद्वेषराग ईर्षाहरूलाई र पृथ्वी, जल, तेज, वायुहरूलाई तद् तद् धातुस्वरूपिणी लोचनादि चारको स्वरूपलाई साकारता प्रदान गर्दा सोह्र वर्षका असाधारण रूप यौवन भएका, यथाशोभायुक्ता मनलाई आह्लाद गराउने सकल जिनका गुणका आधारभूत भनी स्विकारेको पाउँछौं ।

अनि महासुख प्रकाशमा आएर भनियो -

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुखाभावे नबोधिः स्यात् मताया सुखरूपिणी । यसो भए पनि सुखको आधारभूता षोडशाब्दिका असाधारण रूपयौवनशालिनी नभई मनोह्लादमयी हुने भएनन् र जिनहरूको आधारभूत पनि यिनै शक्तिहरूको आवश्यकता पऱ्यो । तन्त्रले मोह, द्वेष, राग, ईर्ष्याहरूलाई साधनाका रूपमा उपयोग ल्याउने जुन कार्यविधि अपनाएर ती बाधकतत्त्व मानिएका भावनात्मक तत्त्वहरूलाई साधक रूपमा प्रस्तुत गरेर बौद्ध दर्शनमा महासुखवादलाई समावेश गरी वज्रयानले नयाँ तान्त्रिक परम्परा कायम गरेको छ । यो त्यस वेलाको समयले उत्पन्न गरेको विचारधारामा नबग्ने दर्शन जमेर सुक्तै गिर्खा पर्न थालेको पाइन्छ ।

सहजयानको व्याख्या गर्दै भनिएको छ -

सहजोऽकृत्रिमो यस्मात् तस्मात् सङ्गो न साहजः ।
सुखं न सहजादन्यत् सुखं चासङ्गलक्षणम् ॥

वास्तविक कुरा गर्नु नै सहजयानको लक्षण हो कृत्रिम कुरा जति सहज हुँदैन । सहज अर्थात् सँगसँगै जन्मेको कुरा यसको निरुक्तिले दिने अर्थ हो । हामी जन्मजात भावलाई सदुपयोगमा ल्याएर सुख उपभोग गर्न सक्षम हुन सक्नुपर्छ । यो सिद्धान्तलाई दार्शनिक आधार मानेपछि वाममार्गीले गरेको रतिक्रिया आराधनापरक हुन गएको तथ्य बुझ्न समर्थ हुन्छौँ ।

श्रावकयानबाट सहजयानको दूरी बहुतै लामो छ । यी दुईलाई एक रूप दिन खोज्नु मेल खाँदैन । अर्ध आस्तिक र अर्ध नास्तिक समाजको मनोवृत्तिको प्रतिनिधित्व गरी मध्यममार्गस्वरूप खडा त भएको होइन भन्ने ठाउँ पनि फेला पर्छ । जब आधिदैविकवाद धर्मको रूप लिएर बौद्ध दर्शनमा देखापर्छ अनि सहजयान झाँगिएर फैलेको पाइन्छ, यसरी दुःखवादले अद्वैत सुखवादमा प्रवेश गर्छ तन्त्रयानमा पसेर ।

मानवी सहजधर्म, काम, क्रोध, लोभ, मद, मोह, मात्सर्य, पैशुन्य र असूया हुन् । मानवी यो स्वभावलाई परित्याग गर्नु भनेको सहज सामर्थ्य बाहिर हुने मनुष्यका लागि जस्तै अग्निले उष्णत्व छाडेर उसको अस्तित्वको निर्वाह गर्न सक्तैन, उसको दाहकत्व गुणले कतिको सर्वनाश गरिदिन्छ । तर "गृहेदाहेनाग्नि पराध्यति" अर्थात् घर आगलागी हुँदा आगोको अपराध छैन । सल्कनु र सबै वस्तु भस्मशात् गर्नु उसको धर्म हो । त्यसलाई सदुपयोग गरेर नै मनुष्यले पशुत्वबाट माथि उक्लेको र आजको यस वैज्ञानिक शुभ मुहूर्तमा प्रवेश गर्न पायो अन्तरिक्षको द्वार उघारेर । दावाग्निलाई देखेर त्यसबाट पीडित जीवजगत्देखि निरग्नि संन्यासी भएको भए उसको अस्तित्वमाथि नै शङ्का गर्ने स्थितिसम्म पनि आउँदैनथ्यो । मान्छेले अग्निहोत्री भएर घरमा आगो निभ्न नै नदिने व्यवस्था गऱ्यो र अग्निलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हात जोरेर भन्यो- "अग्निमीढे पुरोहितम्"। त्यस वेला "अग्नि निर्वापयेत् सदा" भनेन। त्यस्तै कामादिलाई मानिससँगै जन्मने गुण र त्यसलाई नै साधन मानी लक्ष्यसिद्धि गर्ने धर्म भयो तन्त्र। आगोले पोल्छ। पोल्छ त उसको पोल्ने धर्म हो। मान्छे यौन आकर्षणलाई अनेक रूप दिएर महानन्द उपलब्ध गर्छ त गर्छ कामशास्त्र रचेर, फेरि त्यसमा क्रान्ति गरी साधनामा समावेश कामवृत्तिलाई गर्छ साधक भएर तन्त्रमा। नरकको द्वार काम, क्रोध, लोभलाई भनेर श्रीकृष्णले गीतामा भने -

त्रिविधं नरकस्येह द्वारं नाशनमात्मनः
काम: क्रोध स्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥

तर आज श्रीकृष्णलाई यति मान्यता प्राप्त भएको छ। प्रेमाभक्तिको द्वारबाटै रतिरागका देवता छन्। कृष्ण समाजभित्र बाँचेका छन् गोपिनीका प्रेमविह्वल भावनाद्वारा गरिएका आराधनाका गीतमा। गीतगोविन्द जयदेवले यस्तो प्रेम साहित्य दिए, जो समस्त भारतवर्षको प्रेरणाको मूल स्रोत छ। वास्तवमा कृष्णले सिद्धार्थझैँ भएर काम, क्रोध, लोभ छाडेर भौंतारिएनन्। उनको काम-केलीकै व्याख्यामा पुराणका पानाका पाना व्यासले रङ्गाए। क्रोधको ज्वालामा आसुरी सभ्यता खरानी भयो। उनको लोभको उपाख्यानमा स्यमन्तक मणिको चौर्यको मिथ्यादोषसमेत अङ्कित भयो। उनी कामपुरुष थिए र कालाग्निसदृश क्रोधे थिए। अवतारवादको उद्देश्य भन्दा उनै कृष्ण भन्छन् - परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्। क्रोध नभए विनाश गर्न सकिन्छ। अर्जुनको अन्तर्मन्यु उद्दीप्त पार्न अभिमन्यु मार्ने षड्यन्त्रको जसरी अत्तोपत्तो नपाउने स्थितिमा अर्जुनलाई लगे, त्यसरी नै सुभद्राप्रति अर्जुनको कामोद्दीपनमा यिनै सहयोगी भए।

श्रीकृष्णको गीताको उक्तिको म खण्डन-मण्डन गर्न वास्तवमा यहाँ तम्सेको होइन। काम, क्रोधलोभादि मनुष्यमा विकसित जरा गाडिसकेका सहजधर्म हुन्। त्यसलाई उसले सदाका लागि छाड्नुपर्छ भन्ने कुरा असम्भवप्राय: छ। मानवी प्रवृत्ति हो मैथुन। दु:खं दु:खम् भनेर बुद्ध भगवान् दु:खमय संसारको व्याख्या गर्दै गए। न्यायले पनि "दु:खजन्मप्रवृत्ति दोष मिथ्याज्ञानाना मुत्तरोत्तरापाये तदनन्तरापायादपवर्गः" भनी जन्मापाय अर्थात् जन्म नहुन्जेल मोक्ष हुन्न भनी दु:खान्त नै अपवर्ग माने। तर मान्छेको जात दु:ख हटेर मात्रै सन्तुष्ट हुन्न, उसलाई सुख चाहिन्छ मुख्यत:। परमानन्द प्राप्तिको इच्छा रहिरहन्छ। ऊ "आनन्दं ब्रह्म" को उपासक हुन्छ। त्यसैले दु:खवादी दर्शनलाई पछारेर आनन्दानुभवदायी दर्शनको समाजमा विकास भयो र विजयी भयो आनन्दवाद। यसलाई हेर्दा वज्रयानमा आउनुअघि बुद्धपछि बोधिसत्त्वको उदय हुन्छ। हीनयान हीन हुँदै जान्छ र महायान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महान् बन्दै जान्छ । यसको भित्री रहस्य हो बुद्धधर्मावलम्बीहरू दुःखवादबाट वाक्क भएर सुख प्राप्ति पुरुषार्थको मुख्य उद्देश्य माग्न अघि सर्नु ।

यस स्थितिमा तन्त्रले रति रसमहानन्दलाई साधनाको रूप दियो र काम, क्रोध, लोभादिलाई समेत अष्टमातृकाका रूपमा प्रस्तुत गरिदियो । आजसम्म काम-क्रोधादिलाई त्याज्य मानिआएका दक्षिणमार्गीलाई वाममार्गको वास्तविक सहज धर्म; जुन अत्याज्य छन्, तिनलाई नै धार्मिक साधनामा सहायक बनाउने नयाँ उन्मेष प्रस्तुत गरेर ती हाम्रा रक्षक हुन् र ती अपरिहार्य छन्, तिनलाई नै साधनको रूप दिएर "देवोभूत्वादेवं यजेत" भन्ने आधार मानिए पछि "रतिरसमहानन्द निरताम्" देवीलाई रतिरसमहानन्दमा निमग्न भएर नै साधना गर्ने प्रयोगपद्धति तयार पाऱ्यो ।

तन्त्रको प्रवाहमा बहेर पुराण पनि भन्न थाल्यो । यसरी कि जुन कुरा पहिले परिकल्पना गरिँदैनथ्यो । जस्तै -

कामः क्रोधस्तथा लोभो मदो मोहश्च पञ्चमः ।
मात्सर्यं षष्ठमित्याहुः पैशुन्यं सप्तमं तथा ॥
असूया त्वष्टमी ज्ञेया इत्येता अष्टमातरः ।
कामं योगेश्वरीं विद्धि क्रोधं माहेश्वरीं तथा ॥
लोभस्तु वैष्णवी प्रोक्ता ब्रह्माणी मद एव च ।
मोहः स्वयम्भू कल्याणी मात्सर्यं चेन्द्रजां विदुः ॥
यमदण्डधरादेवी पैशुन्यं स्वयमेव च ।
असूया च वराहाख्या इत्येता परिकीर्तिताः ॥ इति
वराहपुराण । (सौभाग्यभाष्कर व्याख्या श्लो. १४५)

कामक्रोधलोभादि हाम्रो संरक्षण गर्ने शक्तिका रूपमा मानेर नै मातृत्वको आरोपित भावलाई पुष्टि गर्छ । वास्तवमा शक्तिसूत्र भन्छ - "चितिः स्वतन्त्रा विश्वसिद्धिहेतुः" । शिवसूत्र भन्छ - "चैतन्यमात्मा" शक्ति शक्तिमान्‌को अभेद नै यसको रहस्य हुन्छ । त्यसो हुँदा जीव पशुरूपमा रहँदा हुने सहजधर्मलाई त्यजेर उसले शक्ति उपलब्ध गर्नुभन्दा ती सहजधर्मलाई नै उपासनापरक पार्ने प्रवृत्तिको यो नयाँ पद्धति बुझ्न पनि गाह्रो छ ।

वाममार्गको उत्पत्ति प्रसङ्गमा मेरुतन्त्रको भनाइअनुसार पहिले समुद्रमथन गर्दा मस्त तरुनी हातमा सुराकलश लिई समुत्पन्न भइन् । उनी गोरी थिइन् । उनको चोली हरियो, पछ्यौरी सेतो र सारी रातो थियो । उनी त्रैलोक्यविमोहिनी थिइन् । दानवहरूले तिनीबाट कलश लिएर सुरो पिए । दानवले लखेटेका देवता भागे । देवशक्तिले भने सुरा पान गरे । देवताका शक्तिरूहले वर पनि दिए । जो सुरा हामीलाई चढाएर जो मानिस सुरा ग्रहण गर्छन्, ती हामीतुल्य भुक्तिमुक्तिका पात्र बन्छन् । त्यसपछि अमृत लिएर धन्वन्तरि समुद्रमथनमा आए । विष्णुले मोहिनीरूप लिएर देवतालाई सुधा पान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गराए । यो बुझेर शुक्राचार्यले मदमत्त भई दानवले सुधापान गर्न नपाएको झोकमा सुरालाई सराप दिए । सुरा तीन लोक भस्म पार्न प्रज्ज्वलित भइन् शुक्रशापमा क्रोधले । शिवले साम्य पारे सुरालाई र शुक्रशाप विमोचन पार्ने मन्त्र पनि भने । शुक्र पनि सुराका सामु नतमस्तक बने ।

निश्शाप गरेर सुरालाई भुक्ति-मुक्ति साध्य गर्ने कुलक्रम जसको छ, त्यो कौलिक हो । वाममार्गको यो मुख्य एक सम्प्रदाय हो ।

यस्मिन् मार्गे प्रधानोऽयं स तु वामपथः स्मृतः । ५८
मद्यं मांस च मत्स्याश्च मुद्रा मैथुनमेव च ।
कुलमार्ग प्रविष्टेन सदासेव्यं सुहर्षिणा ॥५९ मेरुतन्त्र ।

वास्तवमा वाममार्ग मद्य, मांस, मैथुनलाई सेवन गर्दैमा भुक्तिमुक्ति दिन्छ भन्ने धारणा बनाएर प्रवृत्ति भएको मार्ग होइन । यसको नियम पनि अति कठिन छ । यसमा प्रविष्ट हुने साधकको आत्मबल त्यति नै सुदृढ हुनुपर्छ । भनेको पनि छ -

निन्दन्तु बान्धवाः सर्वे त्यजन्तु मे सुतादयः ।
जना हसन्तु मां दृष्ट्वा राजानो दण्डयन्तु वा ॥
रोगदारिद्र्यदुःखाद्यैः पीडितोप्यनिशं त्वहम् ।
लक्ष्मीस्तिष्ठतु वा यातु न मुञ्चामि पथस्त्विमान् ।
एवं यस्य दृढा भक्तिस्स वामे सिद्धिमाप्नुयात् ॥
नार्थलोभान्न च क्रोधान्न द्वेषान्न च मत्सरात् ।
न कामान्न भयाद्वापि मार्गं प्राप्तं परित्यजेत् ॥ मेरुतन्त्र ।

माथि भनेसरह जसको दृढता छ, त्यसैले वाममार्गमा सिद्धि प्राप्त गर्छ । रक्सी धोक्तैमा वाममार्गी हुँदैन र साधक पनि ठहरिन्न । हुन पनि यो भनाइ कति उपयुक्त छ -

मद्यपानेन मुनयो यदि सिद्धिं लभन्ति चेत् ।
मद्यपानरता सर्वे किं सिद्धा न भवन्त्विमे ॥ मे.त.

अर्थात् मद्यपान गर्दैमा यदि सिद्धि प्राप्त हुन्छ भने रक्स्याहाहरू सबै यी किन सिद्ध नहुन् र । त्यसै रक्सी खाँदैमा सिद्धि मिल्छ भनी भनेको होइन । हुन त तन्त्रमा सुराको माहात्म्यमा भनिएको छ । यसरी-

सुरा गङ्गा सुरा सिन्धुः सुरादेवी सरस्वती ।
सुरा गोदावरी रेवा सुरैव परमं पदम् ॥ मे.त.

यो महात्म्यका भरमा रपसी धोकेर हिँडेर सिद्धि पाइने सपना देख्नुहुन्न । जसरी सुराको महिमा गाइयो, त्यसरी नै तन्त्रमा सुरा, वृथा पान गर्ने प्रति दण्ड पनि विहित छ । आगोमा तताएको दण्ड, सुरापान गर्नेको मुखमा हालेर त्यसले मुखदग्ध भएपछि त्यसको शुद्धि हुन्छ । यसमा शास्त्रको वचन यस प्रकार छ -

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुरापाने कृते वह्निज्वलदण्डं प्रवेशयेत् ॥
मुखे तेन विनिर्दग्धे तच्छुद्धिं समवाप्नुयात् । मे.त.

यसरी मांसभक्षण मात्रले पनि गति पाइने भए क्रव्यादहरू मोक्ष हुनुपर्ने हुन् । उनको त मांस नै आहार छ । भनेको पनि छ -

मांसभक्षण मात्रेण यदि पुण्या गतिर्भवेत् ।
क्रव्यादानां तदा मोक्षो मांसादन्यन्न भुञ्जते । मे. त.

यो पञ्च मकारवादमा मद्य, मांस, मैथुन तीनकै प्राशस्त्य बढ्ता छ । यहाँ मद्य र मांसपरक विवेचन त प्रसङ्गात् गरिएको हो । मुख्यतः मैथुनको प्रकरणमा यसलाई मीमांसा गर्नु छ । मैथुन त आहार सधर्म छ शरीरको स्थितिहेतु भएकाले । खानुझैं नै जोडी खानु पनि बाँच्नाका लागि आवश्यक हुन्छ । यदि मैथुन गर्दैमा मोक्ष हुने भए भवबन्धनमा जीवजन्तु पर्ने नै छैनन् किनभने मैथुन नै सृष्टिको आधार छ । मैथुन मात्रले मोक्ष पाइन्छ भन्नु साह्रै उपहासास्पद कुरा हो । शास्त्र पनि यही भन्छ -

स्त्रीसंभोगेन भो देवा यदि मुक्तिः प्रजायते ।
तदा सर्वेऽपि मुक्तास्स्युः कस्य जन्म भविष्यति । मे.त.

परस्पर आकर्षण छ भाले-पोथीमा परस्परमा र प्रकृतिको अदम्य प्रेरणा रहन्छ र सम्भोग प्रवृत्तिमा जुट्तछन् । आनन्दको चरम लक्ष्यमा पुग्छ भाले वीर्यपात गर्दा भने त्यस विन्दुको ग्रहणमा पुलकित भई सुख निमग्न हुन्छ पोथी । यदि स्त्रीसम्भोग नै मुक्तिकारक भए "सर्वेऽपिमुक्तास्स्युः" भन्नु अत्युक्ति हुने छैन ।

त्यसैले हामीले मैथुनलाई मुक्तिमार्गको साधन कसरी प्रस्तुत गरियो, यो रहस्य बुझ्नुपर्छ । शास्त्रको प्रक्रियालाई आफैले प्रयोग गर्नु हुन्न । त्यसमा गुरुको परम आवश्यकता रहेको हुन्छ । भनेको पनि छ -

भक्तिश्रद्धान्वितौ शिष्यगुरू संपूर्णलक्षणौ ।
सर्वोऽपिमार्गस्तत्कालं भुक्तिमुक्तिप्रदायकः ॥ मे.त.

सबै मार्ग सिद्धिप्रद हुन्छन् योग्य गुरु र शिष्य मिलेमा । गुरुको लक्षण यसअघि प्रसङ्गवश उल्लेख गरिएको छ । ज्ञानविज्ञान, तन्त्रमन्त्र आदिको रहस्य आचार्यद्वारा नै वेद्य हुन्छ । वास्तवमा "आचार्यवान् पुरुषोवेद" भन्ने कुरा सार्वमौम सिद्धान्त हो । गुरु परम्परा छुटेर नै हामी आफ्नो सम्प्रदाय नबुझ्ने भएका छौं ।

सेकोद्देशटीकामा हेवज्रको उद्धरण दिएर भगको यसरी व्याख्या गरिएको छ बौद्धतन्त्रमा -

भञ्जनं भगमाख्यातं क्लेशभारादिभञ्जनात् ।
प्रज्ञावाध्याश्च ते क्लेशास्तस्मात् प्रज्ञा भगोच्यते ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सेक शब्दको अर्थ हो वीर्यपात। त्यो मण्डल विधिलाई सेकोद्देश टीकामा नाडपाद (नारपा) ले राम्ररी देखाएको छ। त्यहाँ शिष्यको अधिवासनविधिमा भनिने मन्त्र यस प्रकारको छ -

ओं अ आ अं अः वज्रसत्त्व महासुख वज्रकालचक्र शिष्यस्याभिमुखो भव सन्तुष्टो भव वरदो भव काय वाक् चित्ताधिष्ठानं कुरु कुरु स्वाहा।

दुःखं दुःखम् भन्ने बुद्धका रूपमा महासुख वज्रसत्त्वको परिकल्पनाले मानव स्वभाव दुःखहानिमा मात्र सन्तुष्ट नभई सुखावाप्तिप्रति आकर्षित हुन्छ भन्ने निष्कर्षमा पुऱ्याउँछ, जो अद्वैतवादले ब्रह्मलाई आनन्दरूप र ब्रह्मज्ञानले परमानन्द प्राप्तिको प्रतिपादन गरेको छ। दुःखवादी बौद्ध सिद्धान्त पनि पछि गएर सुख प्राप्तिको प्रयोगमा तन्त्रात्मक पद्धतिलाई सिर्जना गर्ने भएर आयो।

सेक गरिने मुद्राका रूपमा रहेका तारादि धर्मधात्वन्त दश किसिमका र वायव्यादि धर्मधात्वन्त दश महाविद्या छन्। पछिका वायव्यादिका विषयमा मूल तन्त्रको वचन यहाँ प्रस्तुत गरिन्छ -

मण्डले अभिषिक्ताभिरन्याभिः शूद्रजातिभिः।
भिक्षुणां श्रामणेराणां दातव्यो गुरुणा नृपः॥
वायाव्याद्यास्तु क्रमाच्छूद्री क्षत्रिणी ब्राह्मणी तथा।
वैश्या डोम्बी च कैवर्ती नटिका रजकी तथा॥
चर्मकारी च चण्डाली धर्मधात्वन्तजा दशा।
महाविद्या समाख्याता भुक्तिमुक्तिफलप्रदा॥

तारा र वायवी आदि यसरी बिस किसिमका महामुद्राको व्याख्या गरेर सेक कालमा आचार्यले शिष्यलाई आफ्नी स्वास्नी नै सुम्पिदिन्छन् भन्ने वाक्य पाइन्छ।

"पश्चाद्देया मुद्राऽऽचार्येण याऽऽलिङ्गिताऽथवा पुत्रस्य भार्यां स्वयमाचार्योऽभिगच्छन्ति ततः सेकक्षणे प्राप्ते शिष्याय पुनः स्वभार्या समर्पयेत्। शिष्यस्याक्षिणी बद्ध वा गुरु प्रज्ञाया नरनासिकां चूषयेत् ततो भार्याज्ञानेन स्वमुद्रां समर्पयेदाचार्य इति सर्वत्र सेकविधि महाधिपत्ये।" सेकोद्देश टीका।

यसरी महासौख्यलाई रक्षा गर्नुपर्छ कर्ममुद्रा र ज्ञानमुद्रामा अनुराग गर्नेले भन्ने कुरा मूलतन्त्रमा उल्लेख छ। जस्तै-

कर्ममुद्रा प्रसङ्गोपि ज्ञानमुद्रानुरागने।
रक्षणीयं महासौख्यं बोधिचित्तं दृढव्रतैः॥
भगे लिङ्गं प्रतिष्ठाप्य बोधिचित्तं न चोत्सृजेत्।
भावयेद् बुद्धविम्बं तु त्रैधातुकमशेषतः॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सेकोद्देश टीकामा कामको मनमा उद्भव भएर मन मथिन थाल्छ। जब त्यस वेला आनन्दको प्रथम रूप हुन्छ कामानन्द, नारीको आलिङ्गनादिबाट जन्य आनन्दको नाम हो द्वितीय परमानन्द। त्यसमा पनि मैथुनबाट उत्पन्नचाहिँ आनन्द जुन हुन्छ, त्यसको विरमानन्द नामकरण गरी तृतीय आनन्द भनिन्छ र वीर्यपातबाट हुने चाहिँ चतुर्थ आनन्द हो, जसलाई सहजानन्दको संज्ञा प्रदान गरिन्छ। यही आनन्दको अनुभूति सदा प्राप्त गर्नु सहजयानको लक्ष्यझैँ लाग्छ।

तर यो सेकविधि पनि गुरुद्वारा नै ज्ञातव्य हुन्छ, जब तान्त्रिक रूपले साधनमा उपयुक्त गरिन्छ। यस्ता कुरालाई आफै जान्ने भएर गर्ने कुरा होइन। यसै प्रसङ्गमा सरहपाको उक्तिलाई त्यहाँ प्रस्तुत गरेको पाइन्छ -

मूढो अन्तरालपरिमाण ह।
तुट्टै मोहजाल गुरु पुच्छि अ जानह।
पढमे यै आआस विसुद्धो।
चाहंते चाहंते दिट्ठि निरुद्धो ॥

मुख्य कुरा के भने गुरुलाई सोधेर जान्नुपर्ने कुरा स्वयं जान्ने भएर तन्त्रमा गर्न हुन्न।

फेरि हीनयानमा प्रायश्चित्तबाट शुद्ध नहुने देशना छ भने महायानमा महापापीहरूको पनि शुद्धि साधनाबाट प्राप्त हुन्छ भन्ने वचन छ र मानवी प्रवृत्तिको अनुरूप त्यस धर्मको यानवादको क्रमिक रूपमा विकास भएझैँ लाग्छ। गुह्यसमाज महायानको महत्त्वमा प्रभाव पार्न यसो भन्छ -

चण्डालवेणुकाराद्या मारणार्थार्थचिन्तकाः।
सिध्यन्ति अग्नयानेऽस्मिन् महायाने ह्यनुत्तरे।
'आनन्तर्यप्रभृतयः' महापापकृतोऽपिच।
सिध्यन्ते बुद्धयानेऽस्मिन् महायानमहोदधौ ॥ गु. स. ५ पटल

गुह्यसमाज नामक बौद्धग्रन्थले आफ्नो तान्त्रिक पद्धतिको विकास गर्दा आचार्यपरक नै सिद्धि प्रक्रियाको ज्ञानलाई स्पष्ट परेको पनि छ। जस्तै-

"आचार्यनिन्दनपरा नैव सिध्यन्ति साधने ॥"

शैवतन्त्र होस् या बौद्धतन्त्र, शक्तितन्त्र र वैष्णव तन्त्र होस्, जहाँ पनि गुरुको महिमा अक्षुण्ण राखिन्छ। हाम्रा शास्त्रहरू शिष्यका लागि नभएर गुरुको सम्झनाका लागि सूत्ररूपले रहेका हुन्। त्यसै हुँदा गुरुकुलमा त्यही विषयको विशद प्रयोगात्मक अध्ययन-अध्यापन गरिन्थ्यो। गुरुकुल विनष्ट पारिँदा नै हाम्रो ज्ञान-विज्ञानको रहस्य विलुप्त भयो। योगको प्रक्रियामा हुने सिद्धि लुप्त हुँदा सबै ज्ञान हाम्रो उपहासास्पद भएको छ। त्यस्तै तन्त्रमा गरिने मकारवादको प्रयोग हामीलाई गुरुबाट शिक्षा नहुँदा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तन्त्र-मन्त्रलाई जादु-टुनाको रूपभन्दा बढ्ता भन्ने ठानिएन। सम्भोगावस्थामा पनि चित्तलाई देवतामा एकाग्न पारी जुन आराधना गर्ने प्रक्रिया आज हामीमध्ये थोरैले बुझ्ने चेष्टासम्म पनि गरेका छैनौं, खालि मैथुन नै सिद्धिको साधन होइन भनेर यसअगि स्पष्ट पारिसकियो।

तन्त्रमा वाममार्गले सामाजिक मर्यादालाई अति नै विकृतरूपले प्रस्तुतीकरण रहस्यात्मक आडमा गरेर अर्चनालाई जटिलता प्रदान गर्दा त्यो सर्वसाधारण जनतालाई उपादेय हुन छाड्यो। विघ्न बाहुल्यले गर्दा उग्रसाधना शिथिल हुँदै जान थाल्यो। मैथुनको नग्न चित्र खुल्लमखुल्ला मूर्तिकारले कपेर पाषाण, धातु, काष्ठ आदि फलकमा प्रस्तुत गरी समाजको लज्जात्मिका प्रवृत्तिको उद्घाटन गरे। चित्रकारले पनि चित्रद्वारा यस प्रवृत्तिको झन् बढी प्रचार गरे। यस किसिमको अतिवादले आत्तिएका वेला यवनको आक्रमण भयो र समाजको त्यो विकृत यौनवादी धार्मिक धरा भास्सिएर मासिन जान थाल्यो। यसरी तन्त्रले दिएको नयाँ मोडमा अर्को भक्तिवादी भागवत धर्मले त्यही जगमा नयाँ रूपमा आफू देखापरे जस्तो लाग्छ। आक्रामक शक्ति पनि त्यसमा पछि गएर सुफी जमातका रूपमा विकसित भएको लख काट्न सकिन्छ।

भक्तिको अर्थ गर्दा वीरमित्रले मरमप्रेमलक्षणा भनी भक्तिप्रकाशमा गरेको पाइन्छ। भगवान् वेदव्यासले श्रीकृष्णचन्द्रलाई यस्तो अद्भुत व्यक्तित्वका रूपमा प्रस्तुत गरिदिए, जसलाई अवतारारूपमा राख्न सकिएन र "कृष्णस्तु भगवान् स्वयम्" भन्नुपऱ्यो आर्य धर्मले। महाभारतमा गएर भक्तिको विवेचना गर्ने कृष्ण भागवतमा तदनुरूप हुन्छन्। विश्वको अनन्त वैचित्र्यलाई हेर्दा यसको कारण रूपतत्त्व जान्ने श्रुतिको निर्देशन र त्यस तत्त्वको निरुक्ति पनि पाइन्छ त्यहीँ। जस्तो- "यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति यत्प्रत्यभिसंविशान्ति तें विजिज्ञास्व" अर्थात् जताबाट यी भूतहरू जन्मन्छन्, जेले यी बाँच्तछन् र जेमा यी विलीन हुन्छन्, त्यसलाई जान। यो भो ज्ञातव्य विषयमा हामीलाई गराएको सचेत। त्यसपछि त्यहीँ भन्छ श्रुति "आनन्दा द्येव खलु भूतानि जायन्ते आनन्देन जातानि जीवन्ति आनन्दं प्रत्यभिसं विशन्ति" यसबाट समाधान भयो आनन्दबाट भूतहरूको उत्पत्ति, आनन्दले नै जन्मिएकाको स्थिति र आनन्दमा नै यिनको लय हुन्छ। यसो भएपछि संसारलाई केवल दुःख दृष्टिले स्विकार्ने प्रवृत्तिको खण्डन हुन्छ। परम आनन्दकन्द भगवान् श्रीकृष्णचन्द्रमा गरिने भक्तिबाट परमाह्लादित भक्तजन मुक्तिको पनि अभिलाषा राख्दैनन्। यो कुरा वेदस्तुति गर्दा भन्छन् भगवान्लाई -

न परिलसन्ति केचिदपवर्गमपिश्चरते
चरणसरोजहंसकुलसंगविसृष्टगृहाः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस भक्तिवादमा कुनै उग्रकर्म वाममार्गीको झैँ छैन । यहाँ त्यति विघ्नवाधा पनि छैन । यसमा हिंसादि कुनै बलिप्रक्रिया पनि छैन । यहाँ त तदाकारात्मक तल्लीन हृदयमा प्रेम मिलनको विह्वलता छ । त्यसैले समाजमा यसको मर्यादा छ । जटिल अर्चनाको विधिविधान छैन भक्तिमार्गमा । यहाँ त भगवान् कीर्तनादि नै पर्याप्त छन् । भनेको पनि छ -

यत्कीर्तनं यत्स्मरणं यदीक्षणं
यद्वन्दनं यच्छ्रवणं यदर्हणं
लोकस्य सद्यो विधुनोति कल्मषं
तस्मै सुभद्रश्रवसे नमो नमः ॥

यसरी सरल र सरस धर्म दियो भक्तिमार्गले समाजलाई । वाममार्गको मांस, मद्य आदि चार मकार नभए पनि यसको भित्री तहमा मैथुनात्मक प्रवृत्तिको प्रमुख आधार प्रेम भने सुमधुर रूपमा सुसंस्कृत भई निहित भएको पाइन्छ ।

दुःख-सुख अन्तःकरणका वृत्ति हुन्; मन नै मनुष्यको बन्धमोक्षको कारण छ भनी मानिएको छ । मन सदा दुःख निवृत्ति र सुख प्राप्तिका लागि व्यापारवान् हुन्छ । परप्रेमास्पदका रूपमा भगवान्लाई मनमा राख्ता मनुष्यलाई मनमा शिव सङ्कल्प ल्याउन सजिलो पर्छ । प्रायः मन रतिरागले रञ्जित अचेतनावस्थामा पनि भने प्रेममय परमेश्वरलाई मनमा राख्न सजिलो हुने हुनाले नवविध भक्तिमा प्रेमाभक्तिको उल्लेख नभए पनि नौ ओटै भक्ति त्यसकै साधन र त्योचाहिँ साध्य भन्ने तर्क दिन मन लाग्छ ।

भगवान् भक्तिको व्याख्यात्मक रूपमा गीतामा यसो भन्दछन् -

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते
श्रद्धया परयोपेता ते मे युक्ततमा मता ॥

यस किसिमका युक्ततम भक्तिवाला खोज्ने हो भने प्रेमाभक्तिका गोपी नै सर्वश्रेष्ठ भक्तिमती थिए भन्नमा अत्युक्ति हुँदैन । ती गोपीको भक्तिकामात्मिका थियो - वेदले स्तुति गर्दै भने-

स्त्रिय उरगेन्द्रभोगभुजदण्ड विषक्त धियो
वयमपि ते समाः समदृशोऽङ्घ्रि सरोजसुधा ॥

सगुण सुन्दर आनन्दकन्द भगवत् चरणारविन्दमा मन लगाउनु अव्यक्त कूटस्थ अक्षर निर्गुण स्वरूपमा मनस्थिति कायम गर्न क्लेशाधिक्य रहन्छ । त्यसैले त भने-

क्लेशोधिकतरस्तेषामव्यक्तासक्तचेतसाम् ।
अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते ।

त्यसो हुँदा सगुण उपासना त्यो पनि रतिरागात्मक आनन्दमूलक प्रवृत्तिले गर्नु सर्वसाधारण जनतालाई सुलभ, सुमधुर, सुसंस्कृत र सुखकर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन जान्छ । त्यसैले भक्तिमार्गले व्यापकरूप लिएर आज समाजलाई धर्मको बाटो दिएको छ । यहाँ यज्ञको गहनता छैन, तन्त्रको जटिलता छैन, ज्ञानको दुरूहता छैन र यहाँ सङ्कीर्तनको स्वाभाविकता छ र सामान्य भजनीयतामा आल्हादकता छ ।

भक्तिका दुई रूप छन्, अनुरागात्मिका फलभक्ति र साधनाभक्ति । फलभक्ति साधनको अनुष्ठानले नै सिद्ध हुने हुँदा विधेय हुन्न किनभने फलमा विधिको अभाव रहन्छ । साधना भक्तिचाहिँ नौ किसिमले विहित गरेको पाइन्छ । तिनको परिगणन यस प्रकारले गरिएको छ -

श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् ।
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ॥
इति पुंसार्पिता विष्णोर्भक्तिश्चेन्नवलक्षणा ।
क्रियते भगवत्यद्धा तन्मन्येऽधीतमुत्तमम् ॥

१. श्रवणभक्ति भनेको - भगवान्को गुणकर्म नामको श्रोत्रेन्द्रियले जसरी ग्रहण हुन्छ, त्यस किसिमले अवस्थान हुने व्यापार भएको भक्ति ।
२. सङ्कीर्तन भनेको - भगवद् गुणकर्म नामको स्वयं उच्चारण गर्नु ।
३. स्मरण भनेको - भगवन्नामरूपादिको अनुसन्धानात्मक अर्थात् ध्यानरूपी मानस व्यापार ।
४. पादसेवन भनेको - भगवत् परिचर्या
५. मर्चन भनेको - पूजा ।
६. वन्दन भनेको - साष्टाङ्ग नमस्कार ।
७. दास्य भनेको - सर्वकर्म समर्पण ।
८. सख्य - अनन्यश्चिन्तन पूर्वक सखाभावले व्यवहार गर्नु ।
९. भास्मनिवेदन भनेको- आत्मा अर्थात् देहपुत्रकलत्रादिलाई परमात्मामा समर्पण गर्नु ।

मुख्य कुरा भक्तिको साधरणीकरण गर्दा जसरी भए पनि मनलाई इष्टदेवतामा तल्लीन गर्नु भन्ने हुन्छ । त्यसमा काम, द्वेष, भय, स्नेहादि व्यापारबाट पनि तदाकारता प्राप्त हुन्छ । यसैले भनिएको पनि छ -

कामद्वेषाद् भयात् स्नेहाद् यथाभक्तीयेश्वरे मनः
आवेश्य तदधं हित्वा बहवस्तद्गतिं गताः ॥
गोप्यः कामाद् भयात्कंसद्वेषाच्चैद्यादयो नृपाः ।
सम्बन्धाद् वृष्णयः लोहाद् यूयं भक्त्या वयं विभोः ॥

भक्तिरहस्यमा मेरो विचारमा अनुरागात्मक भक्ति जुन अनुष्ठानद्वारा नै सिद्ध हुन्छ, त्यही काममूलक प्रेमाभक्ति हुनुपर्छ । त्यो भक्ति शक्तिस्वरूप प्रति पनि गरिने कुरा पुराणादिमा पर्याप्त रूपमा देखापर्छ । कुमारीमा आसक्ति गर्ने असुरहरूको उपाख्यान हाम्रा समाजमा चलेको मात्र होइन र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यस परम्पराले संस्कृतिको आवरण पनि लिइसकेको छ। सङ्कीर्तनलाई व्यापकता दिने महाप्रभु चैतन्यदेवलाई उछिनेर महाकवि जयदेवले गीतगोविन्दमा राधा-कृष्णको प्रेम रहस्यको अद्भुत काव्य सिर्जना गरेर साहित्य धरातललाई नै सङ्गीतमय, माधुर्ययुक्त र रससम्बद्ध गरिदिएका छन्। गोपीको कामातुरतामा रहेको विह्वलतालाई महामुनि व्यासले श्रीमद्भागवतमा लिपिबद्ध गरिसकेपछि निवृत्ति पाएको हुनुपर्छ।

वेणु गीतको प्रसङ्गमा भनिएको छ- "नाशकन् स्मरवेगेन विक्षिप्तमनसो नृप।" चीरहरणमा गोपीको नग्नरूपको वर्णन गर्दै लेखिएको छ- "पाणिभ्या योनिमाच्छाद्य प्रात्रेरुः शीतकम्पिताः।" यसपछि आएर गोपिका स्तुतिमा जुन स्मरवेदनाको सुस्केरा पाउछौं यसरी-

सुरतनाथ तेऽशुल्कदासिका
वरद निघ्नतो नेह किं वधः।
विधिकटीरिमा वीर मुह्यती
रधरसीधुनाऽऽप्यापयस्व नः॥

महारासक्रीडाको वर्णन प्रसङ्गमा त्यस समयलाई यसरी लिपिबद्ध गरेर व्यासले राखिदिए -

पादन्यासैर्भुजविधुतिभिः सस्मितैर्भ्रूविलासै-
र्भज्यन्मध्यैश्चलकुचपटैः कुण्डलैर्गण्डलोलैः।
स्विद्यन्मुख्यः कबररसनाग्रन्थपः कृष्णबध्वो
गायन्त्यस्तं तडित इव ता मेघचक्रे विरेजुः॥

यस श्लोकमा उद्दाम कामको स्थितिको वर्णन कृष्णका वधूहरूको देखापर्छ। रासमा भएको कामकेलिको अतिरूपको वर्णन सुनेर राजा परिक्षितले यसो भन्न बाध्य भएर भने -

संस्थापनाय धर्मस्य प्रशमायेतरस्य च।
अवतीर्णो भगवानंशने जगदीश्वरः।
स कथं धर्मसेतूनां वक्ता कर्ताभिरक्षिता।
प्रतीपमाचरद् ब्रह्मन् परदाराभिमर्षणम्॥

अर्थात्- धर्मको संस्थापनार्थ र दुष्टको प्रशमनार्थ भगवान्‌को अवतारवादको रहस्य रहेको भनिएकोमा धर्मका प्रवक्ता कर्ता र अभिरक्षिताबाट यसको ठिक विपरीत अर्काको स्वास्नी राख्ने काम कसरी भयो ? यो प्रश्न सधैं जिउँदो रहने प्रश्न हो आर्यधर्ममा सतीधर्मको महत्त्व मान्नेहरूका लागि।

तर यसको जवाफमा- "तेजीयसां नदोषाय वन्हेः सर्वभूजो यथा"। भनेर तेजस्वीलाई दोष लाग्दैन आगोले सर्वभक्षी भएझैं भनेर शुकले जवाफ दिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तर यसको जवाफ श्रीकृष्णले चीरहरणका वेला दिएको दोहऱ्याइ दिनुपर्ने थियो। वास्तवमा मलाई त्यही नै प्रत्युत्तर हो कामोपासनाको भन्ने लाग्छ। त्यो त्यहीँ कै श्लोक उद्धृत गरेर म पर पन्छन्छु।

न मय्यावेशितधियां कामः कामाय कल्पते।
भर्जिता क्वाथिता धानाः प्रायो बीजाय नेष्यते ॥

आफ्ना विरहमा सन्तप्त गोपीलाई सम्झाउन पठाउँदा उनीहरूले उद्धवलाई जुन भने, त्यही विरहवेदनामा उसिनिएको प्रेममा अब कोक्याउनेपन हटिसकेको पाइन्छ। बिर्सेर बिर्सने कुरा थिएन त्यो प्रेम। गोपीहरू भन्छन् -

पुनः पुनः स्मारयन्ति नन्दगोपसुतं वत।
श्रीनिकेतैस्तत्पदकैर्विस्मर्तुं नैव शक्नुमः ॥
गत्या ललितयोदारहास लीलावलोकनैः।
माध्व्या गिरा हृतधियः कथं तं विस्मरामहे ॥

ठिक हो। यही उनीहरूको मानसिक एकाकार वृत्ति नै उनीहरूलाई भगवत् पद प्राप्तिको साधन हुन जाने कुरा थियो। वास्तवमा पठाएको सन्देशको सार यही मान्नुपर्छ, जो यस प्रकार थियो -

यथा दूरचरे प्रेष्ठे मन आविश्य वर्तते।
स्त्रीणां च न तथा चेतः संनिकृष्टेऽक्षिगोचरे ॥
मय्यावेश्य मनः कृत्स्नं विमुक्ताशेषवृत्ति यत्।
अनुस्मरन्त्यो मां नित्यमचिरान्मामुपैष्यथ ॥

भारतमा भागवत धर्मको विकास चैतन्य र मीरामा गएर एक सीमा छुन पुग्छ। आज एक सिने अभिनेता करोडौँको हृदयमा स्थान लिन्छ। सुन्दरी नारीको हृदयको तुना फोएर हेरे उसको प्रेममा मुटु ढुकढुक गरेको सुनिन्छ भने त्यो वेला कृष्णले १६ हजारको मानसिक सतीत्व अपहरण गरेका भए अब त १६ कोटीको हृदयको सतीत्व नङ्ग्याइदिएको हुनुपर्छ भन्न सकिन्छ।

नरक द्वारको पहिलो गणना गर्ने कामलाई उनीले नै "धर्माविरुद्धो भूतेषु कामोऽस्मि" भन्नुपर्छ। काम अवश्य नै वात्स्यायनको सिद्धान्तले प्रतिपादित शरीरस्थितिहेतुका रूपमा स्विकार्ने तथ्यले म विश्वस्त छु र त्यसलाई धार्मिक प्रयोगमा ल्याउनेहरूलाई म महान् प्रयोक्ताको संज्ञा दिन्छु।

तन्त्रको रतिरागमा कामेश्वरी त्रिपुरासुन्दरीको वर्णन गर्दै आद्य शङ्कराचार्यले सौन्दर्य लहरीमा एक सौन्दर्यबोधको काव्य सिर्जे। जसलाई कामसञ्जीवनी भनेर हयग्रीवले त्रिशतीमा स्तुतिपाठ गरे। भागवत धर्मले रतिरागलाई विकृत रूप दिँदा पुरुष पनि स्त्रीरूपमा रहेर पतिभावले कृष्णका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आराधिका भएर रूपकलि आदि संज्ञाले आफूलाई उद्घोषित गर्ने भएको इतिहासमा पाइन्छ। भागवतमा कामाद् गोप्य: भन्ने पक्षको पुष्टिमा राम्रो साहित्य निर्माण भएको छ। मैथुनलाई अँगालेर मद्यमांस पिलाई भने भागवत् धर्मले परित्याग गयो। वेदको पशुयागको पनि अनर्थ गरी अज शब्दको अर्थ गर्दा नउम्रने पुरानो अन्न भन्ने अर्थ गर्छन्। तर मीमांसाको व्याख्या नबुझी बयाको हवनलाई अर्थै गर्न नमिल्ने कुरा पनि बुझेको होइन। त्यसकै पछि प्रभाव तन्त्रका केही विद्वान्मा पर्न गएर सुरार्घ्यलाई जलार्घ्यको अर्थ गरेको छ। तर त्यसको खण्डन गरेर वास्तविक अर्थ गरेको पाइन्छ। स्वच्छन्दतन्त्रमा यस प्रसङ्गलाई यसरी उल्लेख गरिएको छ -

मत्स्यमांसान्यनेकानि लेह्यपेयानि यानि च।
अग्रमापूरयेच्छंभोर्वित्त शाठचविवर्जित: ॥
पश्चादर्घ: प्रदातव्य: सुरया सुसुगन्धया।

स्व.त. पूर्वार्ध १३६

"सुरया आनन्दहेतुत्यदेवमुक्तम्। ये तु जात्युद्धारपर भैरवरूपत्वोन्मीलकेऽप्यस्मिन् भैरवनये सुराशब्दं जलवाचिनमपि व्याचक्षते ते जाति ग्रहनस्ता:।"

यहाँ तन्त्रको सुरार्घ्यलाई जलार्घ्य भनेर अर्थ गर्नेहरूको व्याख्यालाई जातिग्रहग्रस्त भनी व्याख्याकारले किटान गरे र भैरवरूपको वास्तविक अज्ञाता भनेर आक्षेप गरेको पाइन्छ।

उपनिषद्मा जलको महिमाको उद्धृत गर्दा भनिएको "रसो वै स:" वाक्यलाई साहित्यमा अनावरण चित्लाई रस भनी रसवाद खडा गरे भने दर्शनको एक नयाँ रूप रसले लिएर पारद सिद्धिको प्रक्रिया सिर्जेको छ रसेश्वर दर्शनमा। आफ्नो आफ्नो सिद्धान्तको पुष्टिमा कुनै वाक्यको प्रयोगलाई खिचातानी गर्ने परम्परा हामीमा नभएको होइन। कतिले मैथुनक्रिया पनि कुण्डलिनीलाई उठाएर सहस्रारमा शिवतत्त्वसँग संगम गराउने कुराको अर्थ गर्न नसक्ने भन्न सकिन्न। तर टुँडालमा कपेर गराइएको सम्भोगात्मक आकृतिलाई मन्त्रवीजपरक भनेर जुन कसैले अर्थ गर्दा त्यहाँ अनर्थ पर्न जाने सम्भावनामा सचेत गर्न मैले यहाँ यो कुरा गर्नुपरेको छ। वामाचारले प्रतिपादित सिद्धान्तकै अपलाप हुन्छ पञ्च मकारको अर्को व्याख्या गर्दा। दक्षिणमार्गले हेय सम्झेको कुरालाई आराधनाको साधन मानी त्यहीद्वारा इष्टसिद्धि गर्ने उद्देश्य निहित छ वाममार्गमा। वाममार्ग अति दुष्कर विघ्न बाहुल्य भएकाले यसका साधकले बडो सावधानीपूर्वक गुरु वाक्यानुसार साधना गर्दा सिद्धि प्राप्त हुन्छ साध्य कुरामा। तन्त्रको पुस्तक पल्टाएर गुरुविना कुनै पनि कार्य गर्न हुन्न र मन्त्र जपसमेत गर्न हुन्न भन्ने वचन छ। गुरुको र शिष्यको लक्षण दीक्षाक्रममा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उल्लेख छ । "आनन्दं ब्रह्म" यस बारेमा आनन्दको मीमांसा गर्दा आनन्दको परिचायक गर्नुपर्दा पहिलो स्थितिमा मैथुनजन्य आनन्दकै उल्लेख हुने र त्यसको निरूपण गर्नु नपर्ने भई स्वबोधगम्य हुने हुन्छ । त्यही आनन्दमार्ग अवलम्बन गरेर परमानन्द प्राप्ति गर्ने प्रक्रियामा आराधनाको साधन रतिरसमहानन्दलाई मान्ने वामाचार हो । त्यही नबुझेर मैथुनको अर्थ अन्यपरक कोही गर्छ भने त्यसले वाममार्गको बाटोमा पाइला राख्ने चेष्टा नगरे पनि हुन्छ । त्यसैले मैथुन यहाँ रतिक्रीडापरक नै मान्नुपर्छ ।

रतिरागजन्य अनुरागात्मकता चित्त एकाग्रताको साधन भएर नै भागवत धर्ममा प्रेमाभक्तिको जुन उदय भयो र त्यसबाट कामजन्य एकाग्रमा प्राप्त गरी गोपीहरूले परमपद प्राप्त गरे भन्ने कुरा सिद्ध हुन्छ । यसको वीजगत रूप निहाल्ने भए हामी तन्त्रमा नै सो निहित भएको पाउछौँ । आज वैदिक युगमा कामलाई यज्ञका रूपमा जुन विश्लेषण गरेको छ, त्यो हेर्दा हामी यसलाई धेरै पहिले अवस्थादेखिकै कुरा पनि भन्न सक्तछौँ ।

पुराणमा गोपीसँगका कामकेलिलाई लिएर साहित्य सिर्जे भने साहित्यमा राधाकृष्णको महिमामयी संगीतिलाई कामकेलिमा रतिरागजन्य पारी गीतगोविन्द लेखियो । यसभन्दा अघि कामबारे वेदमा हामी स्तुतिकाव्य पाउछौँ । जस्तै -

अथर्वा- अ. ९, २

कामो जज्ञे प्रथमो नैनं देवा आपु: पितरो न मर्त्या: ।
ततस्त्वमसि ज्यायान् विश्वहा महां स्तस्मै ते काम नम इत्कृणोमि । १९
यावती द्यावापृथिवी वरिम्णा यावदाप: सिष्यदुर्यावदाप: ।
ततस्त्वमसि ज्यायान् विश्वहा महांस्तस्मै ते काम नम इत्कृणोमि । २०
यावतीर्दिश: प्रदिशो विषूची र्यावतीराशा अभिचक्षणादिव: ।
ततस्त्वमसि ज्यायान् विश्वहा महांस्तस्मै ते काम नम इत्कृणोमि । २१
यावतीर्भृङ्गा जत्व: कुरुरवो यावतीर्वधा वृक्षसर्प्यो बभूवु: ।
ततस्त्वमसि ज्यायान् विश्वहा महांस्तस्मै ते काम नम इत्कृणोमि । २२
ज्यायान् निमिषतोऽसि तिष्ठतो ज्यायान् समुद्रादसि काम मन्यो ।
ततस्त्वमसि ज्यायान् विश्वहा महांस्तस्मे ते काम नम इत्कृणोमि । २३
न वै वातश्चन काममाप्नोति नाग्नि: सूर्यो नोत चन्द्रमा: ।
ततस्त्वमसि ज्यायान् विश्वहा महांस्तस्मै ते काम नम इत्कृणोमि ॥ २४
यास्ते शिवास्तन्वा: काम भद्रा याभि: सत्यं भवति यद् वृणीषे ।
तामिष्ट्वमस्माँ अभिसंविशस्वान्यत्र पापीरप वेशया धिय: ॥ २५

यसरी कामलाई ज्यायान् र महान् मानी नमस्कार गरिएका मन्त्र छन् । यी मन्त्रका अर्थ यहाँ गरिएका छैनन् विस्तार हुने भयले । जसलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यहाँ अर्थ नगरिएका मन्त्र र श्लोक छन्, तिनको अर्थ त्यहीँबाटै अवगत गर्न अनुरोध गरिन्छ। यो विषय गाह्रो पनि भएकाले साधारण निबन्धभैँ सरसरी ढङ्गले पढेर मात्र पुग्दैन र यसलाई विद्वान् वर्गसँग नै अवगत गर्नु उपयुक्त हुने भन्ने पनि मेरो आफ्नो भनाइ छ।

मनको एकाग्रता गर्न वडो गाह्रो छ "चञ्चलं हि मनः कृष्णप्रमाथी वलवद्दृढं। तस्याहं निग्रहं मन्ये वायोरिवसुदुष्करम्" ॥ भनी अर्जुनले भने मनलाई मथ्ने सबभन्दा ठूलो काम नै भएकाले उसलाई मन्मथ भनिन्छ। अनि "विषष्य विषमौषधम्" भनी मन निरोधकको साधन गरेर कामलाई प्रयोगमा ल्याउनु माथि भनेका कुराको पुष्टिमा सहमति जनाउनु हुन्छ।

शारीरिक प्रयोगमा "विषष्य विषमौषधम्" सिद्धान्त स्वीकृत हुन्छ भने मानसिक प्रयोगमा कामलाई उपयोगमा ल्याएर मनको चाञ्चल्यरूपी स्थितिलाई समाल्न काम नै साधन किन गर्न सकिन्न भन्ने वाममार्गले नयाँ सिद्धान्त दिएर प्रयोग प्रक्रिया निकाल्यो। र व्यवस्थामा पनि साध्यतत्त्वमा नै मनोयोग स्थिर राख्न सकेमा सम्भोगानन्दलाई शिवशक्तिको समागमावस्था मानी बाधक भनिएको कामवृत्ति साधकका रूपमा ल्याउनु यो सामाजिक परम्परामा गरिएको अति साहस र धार्मिक जगत्मा आएको महान् क्रान्ति भन्नुपर्छ। तन्त्रले मन अर्कातिर, शिव अर्कातिर, शक्ति अर्कातिर, प्राण अर्कातिर भई छरपष्ट भएर कोटिकल्पसम्म पनि सिद्धि हुँदैन भनेको छ।

मनोऽन्यत्र शिवोऽन्यत्र शक्तिरन्यत्र मारुतः।
न सिध्यति वरारोहे कल्पकोटिशतैरपि। (कुलार्णवतन्त्र)

वाममार्गसम्म आउँदा धेरै समय लागेको छ। प्रायः हरेक धर्म व्यभिचारद्वारा विकृत भएको इतिहास पाइन्छ। हिन्दु धर्म, इसाई धर्म, मुसलमानी धर्म जब पतनोन्मुख हुन्छन्, तब सुरा-सुन्दरीप्रति आकर्षित हुन्छन्। मारजित भनिएका भगवान् बुद्धले स्त्रीलाई प्रव्रज्या दिएपछि आफ्नो धर्मको आयु पाँच सय वर्ष मात्र तोके। "यदहरेव विरजेत् तदहरेव प्रव्रजेत्" भन्ने जगद्गुरु शङ्कराचार्यको संन्यास धर्मले पनि स्त्रीसाहचर्यमा घरबारे संन्यासीको एक जाति खडा गरायो। बौद्ध धर्मले संधारामबाट शाक्यभिक्षु र वज्राचार्यको एक नयाँ उपजाति जन्मायो। यसरी नै अन्यत्र पनि स्त्री पुरुषको संसर्गमा चोखो रूप विकृत भएर आयो। यी विषय धार्मिक इतिहासकारले केलाउनुपर्ला। तर "प्रतिक्षण परिणामिनो हि सर्वे भावाः" यो सिद्धान्त माने पनि प्रतीत्य समुत्पाद भन्ने कुरा खाए पनि धर्म पनि देशकालानुरूप सामाजिक शृङ्खलालाई बाँध्ने हिसाबले आफ्नो स्वरूप बदल्छ। यसरी एक विश्लेषण गर्दा कौलाचार आउन र जानमा पनि नियमित कार्यकारणभाव सम्बन्ध रहेको छ। वैदिक याज्ञिक प्रक्रिया हरायो, तान्त्रिक क्रियाकलाप पनि लुप्त भयो र संघारामको विहारवाद समाप्त भयो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तर आज हामीलाई सुहाउने रूपमा निगमागमको मिश्र प्रणालीको पूजाआजाले सामान्यीकरण गरेर आजको धार्मिक बन्धनले समाजलाई धारणा गरेको छ।

अश्वमेधको कर्मकाण्ड मात्रै हाम्रो हात परेझैँ उग्रमैथुन धर्मको कलात्मक प्रतीक हाम्रा देवमन्दिरका फलेकमा सुरक्षित रहेको फेला परेको छ। वामाचारको कौल सम्प्रदायले भैरवीचक्रको परिकल्पना गरेर त्यहाँ एकछत्र कायम गरी जातिधर्मलाई त्यस सीमाभित्र पस्न रोक लगाए। त्यसैले आज पनि जगन्नाथजीको मन्दिरमा भैरवीचक्रको अवशेष रहेकाले सबै श्रीभोग महाप्रसादलाई भेदभाव छाडेर एक पङ्क्तिमा बसीकनै ग्रहण गर्दै छन्। तर यसअघि परिकल्पित त्यस चक्रमा अर्को पनि रूप थियो। हामी आज आएर

संप्राप्ते भैरवीचक्रे सर्वे वर्णाः द्विजातयः।
निवृत्ते भैरवी चक्रे सर्वे वर्णाः पृथक् पृथक्॥

लाई त स्विकार्दै छौँ।

तर चक्रभित्र रहेका पुरुष जति शिव, स्त्री जति शक्ति बनी त्यहाँ भगलिङ्गामृतले महामायालाई सन्तोष गराउने कुरा भने कालको चलनीले छानेर फ्याँकिसक्यो।

चक्रमध्यगता सर्वे पुरुषाः शिवरूपिणः।
स्त्रियः सर्वाश्च पार्वत्यस्तस्माद् भेदं न कारयेत्॥
मद्य कुम्भ सहस्रैस्तु मांसभारशतैरपि।
न तुष्यति माहामाया भगलिङ्गामृतं विना॥ (मेरुतन्त्र)

यसरी भैरवीचक्रमा यौन स्वातन्त्र्यको उद्घोषण गरेको पाइन्छ र त्यहाँ भएको गुह्य बाह्य समाजमा लुकाएर नै गुह्यातिगुह्य गोप्त्रित्व कायम गरियो। र त्यसपछि भनियो -

एतञ्चक्रगतां वार्तां वहिर्नैव प्रकाशयेत्।
तेभ्यो द्रोहं न कुर्वीत नाहितं च समाचरेत्॥

कौलिकहरूको साहस यति विघ्न बढयो कि उनीहरू अर्काका छोरी, बहिनी, स्वास्नीसम्मलाई दान गर्ने कुरा प्रचार गर्दै प्रमाण दिन थाले। यसरी जब

भगिनीं वा सुतां भार्यां यो दद्यात् कुलयोगिने।
मधुमत्ताय चक्रे वा चक्रे वा पुण्यभाग् स तु॥

अनि मधुमत्तलाई स्वास्नी सुम्पेर पुण्य आर्जने प्रवृत्तिको विकास भयो। त्यति मात्र होइन, योनिलाई साध्यसिद्धिको प्रमुख द्वार मानी त्यसको पवित्रतामा यो कुरा उल्लेखनीय हुन आउँछ, जो यस प्रकार छ -

तस्या योनौ मुखं दत्त्वा तद्रसं विलिहञ्जपेत्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कौलिक धर्मले सुरा र सुन्दरी दुवैलाई साधनाका रूपमा उपयोगमा ल्याउने प्रक्रिया मान्यो। अनि त्यसले धार्मिक रूप लिएपछि समाजले त्यसलाई अश्लील मान्ने प्रवृत्ति छाडिदियो। मैथुनको गोप्यताको ह्रास भएर त्यसका विभिन्न पोजका कलाकारिता सिर्जना भएर मूर्ति र चित्रको विकास हुन थाल्यो। वाममार्गले देवतालाई रतिका अवस्थामा रहेको ध्यान दियो र भनियो -

रति रसमहानन्द निरताम्।

विपरीत रतस्थितौ।

रतिकामौ समारूढाम्।

यस प्रकारको ध्यानलाई कहीँ छिनोले पाषाणमा कपेर, कहीँ साँचोमा धातु पगाली ढालेर, कहीँ काठमा रामोले ताछेर र कहीँ चित्रमा कुचीले रङ्ग पोतेर मैथुनको रूप साकार पार्ने परम्परा प्रतीकात्मक रूपमा प्रकट भयो। जब देवताको प्रतीक नै मैथुनावस्थामा रहेको हुन्छ मन्दिर पीठमा आसीन भने अनि टुँडालहरूमा मैथुनक्रिया अनेक आसनमा अङ्कित भए। कामकलाको विकास यसरी हुन्छ। रतिक्रीडित अङ्कनमा अर्को तर्क-वितर्क आजका मान्छेले गर्दैमा ऐतिहासिक तथ्यलाई अपलाप गर्न मिल्छ जस्तो लाग्दैन।

नरबलि गरिन्थ्यो उग्रदेवी पीठमा, यसको विधान पनि शास्त्रमा छ। नरबलि हुने र मनुष्यमांसको बिक्री वितरण पनि भएको कुरा साहित्यसम्ममा पाइन्छ। मालतीमाधव नाटकका कपाल कुण्डला र अघोर घण्ट यसका साक्षी छन्। नाटक, त्यो पनि दृश्यकाव्य त्यसमा बलि दिनाका निमित्त मनुष्यको अपहरण गरिनु यो सामाजिक अपराध पनि हुन्थ्यो। अघि त्यो परिकल्पना होइन सत्य नै थियो तर आज तर्कवितर्क गरेर त्यसको अर्को माने लगाउनु हाम्रो अतीतको परिचायक अज्ञानको हुन्छ।

पतिसँग सती जानाले अक्षय पुण्य प्राप्त गर्ने शास्त्रमा विधान छ र त्यो सय वर्ष अघिसम्म प्रचलित प्रथा थियो। मरेको मान्छेसँग ज्युँदोमान्छे साथै सुताएर पोल्नु आज कति नृशंस कार्य मानिन्छ र कानुनले त्यो सतीप्रथालाई दण्ड र अवैध करार गरेको छ। तर त्यो सतीप्रथा होइन, त्यसको माने त अर्कै हो भनेर आज लालबुझक्कडी देखाउनु सत्यमाथि खेलबाड गर्नुजस्तो लाग्छ।

धार्मिक रूपमा मैथुनले छुट पाएको वेला कामकला मन्दिर र प्रासादमा अङ्कन हुन जानु कुनै नौलो कुरा त्यो समयका लागि हुँदैन। कलाकारले विभिन्न आसनमा नग्न रतिक्रीडालाई कोर्न कुची राम्रो र छिनो लिन गाह्रो पर्दैन। कतिलाई यो नग्न मैथुन चित्रले वज्र पर्न दिँदैन भन्ने ऐतिह्य परम्परागत धारणा बनेको छ। त्यसमा वज्रको अर्थ शून्य नभई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ऐन्द्रीवज्र भन्ने कुरामा विश्वस्त छन् । यी त जनश्रुति हुन् । वास्तवमा एक समय यस्तो भयो, मदमत्त कौलिकहरूलाई सामन्तहरू आफ्नी सुकुमारी राजकुमारीलाई महामुद्रामा समर्पित गरी आफ्ना शत्रुहरूलाई मारणादि अभिचार गराउने विश्वास गर्दथे । पछि यवनका बिस-बाइस घोडचडीले राज्यमा पसी ती सामन्तहरूलाई पराजित गरे । त्यस वेला ती राजकुमारीलाई रति गरी आराधना गरेका देवताले यवनलाई नाश गरेको देखिएन । अनि बुद्धले शान्ति सेनामा उपयुक्त गराएका तन्त्रले व्याप्त भएको प्रदेश यवनाधिपत्यमा गए ।

यो वेला हामी सशस्त्र सेना नराखी राजकुमारीलाई मधुमत्त कौलिकलाई सुम्पेर देश रक्षा गर्ने सामन्त थिए भन्ने कुरा पत्याउन सक्तैनौं । तर त्यो कुरा भारत बङ्गप्रदेशमा घटेको ऐतिहासिक तथ्य हो । मगधमा बौद्ध विहारको प्राबल्यले विहार प्रान्त भएको कुरा विहारमा बुद्ध धर्मको अवशेष नै नभएको यस वेला त्यस समयको बौद्धको संघारामको कुरा पत्यार पर्दैन । मेरो भन्नाको तात्पर्य के हो भने कामकला कलाकारको विषय हुनामा तन्त्रको नै देन छ, त्यो शैवशाक्त, बौद्ध या वैष्णवतन्त्रमा आधारित होस् ।

"देवो भूत्वा देवं यजेत्" अर्थात् आफू पनि देवता भएर नै देवताको पूजा आदि गर भन्ने सिद्धान्त बनेपछि "महाकालेन च समं विपरीत रतातुराम्" भएकी कालीका साधकले रतिरसमा आनन्दित भएर नै समाराधना गर्नुपर्ने हुन गयो । आनन्दका निम्ति आनन्दकै उपाय अपनाउने यो सिद्धान्तले यहाँ नयाँ मोड ल्याएको मान्नुपर्छ । पुरुषार्थ चतुष्टचको कीलो नै काम बन्न गयो । वचन पनि छ -

कामस्तु कीलकः प्रोक्तः पुरुषार्थचतुष्टये ।

चारै पुरुषार्थ बाँधिने कीलो काम कसरी भयो भने कुनै पुरुर्षार्थमा पनि चित्तको एकाग्रता साध्यसिद्धिको पहिलो साधन हुन्छ । काम प्राणीमात्रमा अन्तर्निहित गूढ सशक्त प्रवृत्ति छ । स्त्रीपुरुषमा रहेको परस्परमा उत्पन्न हुने रतिराग मैथुनक्रियामा आनन्दात्मक परितृप्तिमा परिणत नभई विश्रान्ति लिँदैन । कीट, पतङ्ग, पशुपक्षी, नर, वानर जे हुन्, तिनमा वीजात्मक रतिराग मानसपटलमा जन्मेदेखि मरुन्जेल रहन्छ । सबै इन्द्रिय लय भए पनि मनोजले मन छउन्जेल त्यो वासनात्मक वृत्ति राख्तछ र मनोराज्यमा त्यो स्वप्नलोकमा गएर परिपूर्ति गर्छ । सबै सामाजिक नियम तोडेर उन्मुक्त भई रतिक्रीडा गर्छ सबै बन्धन तोडेर । यो तथ्यलाई स्विकार्न आनाकानी गर्न पाइन्न । समाजको विवेक मूर्च्छित हुन्छ कामावस्थामा र भनियो "नैव पशपतिकामान्धः" ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसरी सुदृढ रूपमा मुटुमा ठोकेको कीलो, मस्तिष्कमा हरघडी कोरेको धर्सो छ काम। त्यही कामलाई वशीकार गरी चित्तरत्नलाई क्षुब्ध नपारी मन निरोध गर्ने साधनमा उपयोगमा ल्याउने प्रयोक्ता हो तन्त्र। कामलाई हामीले पूर्णता लिएपछि त्यसका लागि उसले मनलाई मथ्ने कुरा रहने भएन भन्ने यो नौलो प्रयोगको प्रारम्भ वामाचारमा सीमासम्म पुगेर कलालाई पनि उत्प्रेरित गर्न समर्थ भयो। मद्यमांसप्रति घृणा गर्ने वैष्णवादि सम्प्रदायमा पनि प्रेमाभक्तिले यसकै रूपान्तरमा देखापर्नुपरेको जस्तो लाग्छ। यता शिवशक्ति भनियो भने उता राधाकृष्णको प्रेमाभक्तिमा नारी जति राधा पुरुष जति कृष्ण भए अनि यहाँ पनि मैथुनात्मक आकर्षणले बडो उग्र रूप लियो। गुरुको प्रसाद नबनाई शिष्यले स्वास्नीलाई ग्रहण गर्न पाएन।

जगल्टा फिँजाएर मस्त तरुनी स्वास्नी मानिसलाई नाङ्गो पारेर उसको योनिमा पीठपूजा गरी मध्यभागमा शक्तिको पूजा गरी पुरुष लिङ्गमा भैरवलाई पूजा गर्ने कुलाचारमा नियम छ। गुह्यात् गुह्यतर प्रक्रियालाई यहाँ यतिसम्म प्रसङ्गमा भन्नु परेको हो। प्रमाणका लागि यी वचन पनि उद्धृत गर्नै पर्छ-

सुन्दरीं यौवनोन्मत्तां निर्लज्जां चारु-हासिनीम्।
कृत्वा दिगम्बरीं तां च गन्धचन्दनकुंकुमैः॥
अनुलिप्तां मुक्तकेशीं ततस्तद् योनिमण्डले।
पीठपूजां विधायाथ तन्मध्ये पूजयेच्छिवाम्॥
उपचारैः पूजयित्वा चार्घ्यं दत्त्वा तत पुनः।
जप्त्वा लिङ्गे भैरवं च पूजयित्वा महेश्वरीम्।
महाचीनाचार सारतन्त्र, तृतीय पटल।

महाचीनाचारमा स्त्रीप्रति साह्रै आस्था व्यक्त गरिएको पाइन्छ। उनीहरूको धारणा यसरी व्यक्त गरिएको छ -

स्त्रियो देवाः स्त्रियः प्राणाः स्त्रिय एव विभूषणम्।
स्त्री लिङ्गिना सदा भाव्यम् ......। महाचीनाचार सारतन्त्र

महाचीनक्रम वसिष्ठले बुद्ध भगवान्बाट पाएका र उनले नीलाचलमा गई अक्षमाला नामकी चाण्डालीलाई साधन गरी सिद्ध गरेको कुरा पाइन्छ। तारालाई बौद्धहरूले नै आराधना गर्ने गरेका छन्। महाचीनाचारक्रम बडो दुष्करक्रम छ। विनागुरु यसलाई बुझ्न प्रयोग गर्ने कुरा छैन। एकातिर भनिन्छ -

अलिङ्गनं चुम्बनं च स्तनयो मर्दनं तथा।
दर्शनं स्पर्शनं योनेर्विकासो लिङ्गघर्षणम्॥
प्रवेशः स्थापनं शक्तेर्नव पुष्पाणि पूजने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्कातिर त्यही अर्को कुरा पाइन्छ भनेको -

स्त्रियो भोगे कौलिकानां यदि मोक्षो भवेदिह ।
सर्वेऽपि जन्तवो लोके भुक्ताः स्यु स्त्रिनिषेवणात् ।

बुद्ध भगवान्ले महाचीन क्रमको उपदेश वसिष्ठलाई दिएको र ताराको उपासना गर्ने मुख्य क्रम यही नै हो भन्ने कुरा त्यहीँबाट अवगत गर्नुपर्छ भनी म यसबारेमा धेरै कुरा लम्ब्याउन्न । महावीरक्रमको उल्लेख गर्दा तन्त्रान्तरमा पनि योनिपूजाको उल्लेख यसरी पाइएको छ -

कुलयुवति-सुयोनौ मन्त्रवर्णान् विलिख्य
लिखित निगममन्त्रान् सुप्तदोषादिदुष्टात् ।
विदित गुरुकुलान्तर्वाह्यनर्थात विधिज्ञो
मनुपुटित पुटियात साधयेत् शान्तचेताः ।

नीलतन्त्रम् दशम पटल

यस परिपृच्छमा हामीले त्यस वेला साधनका रूपमा सम्भोगलाई अँगालेको कुरालाई किन अपलाप गर्नुपर्ला र ऐतिहासिक रूपमा त्यो फेला नपरे पनि धार्मिक रूपको प्रयोगमा अझ पनि ती तन्त्र बाँकी नै छन् प्रमाणका रूपमा र त्यसबारेको कलाकारिताले त्यस कुरालाई उज्जीवित गर्दै छन् । प्रयोग प्रक्रिया लोप जस्तै छ तर नग्न मैथुन चित्राङ्कन त छ कि । भगवान् बुद्धलाई कामप्रति घृणा भएको कुरा उनका ठाउँ ठाउँका उक्तिबाट यसरी स्पष्ट हुन्छ । जस्तै-

नित्यं यद्यपि हि स्त्रीणामेतदेववपुर्भवेत् ।
दोषवत्स्वपि कामेषु कामं रञ्ज्येत मे मनः ॥ बुद्धावदानम् ।
विवर्जिता सर्पशिरो यथा बुधैः बिगर्हिता भीढघटो यथाशुचिः ।
विनाशका सर्वशुभस्य छन्दकाज्ञात्वाहि कामान्नभिजायते रतिः ॥
अशुचिविकृतश्च जीवलोकै वनितानामयमीदृशः स्वभावः ।
वसनाभरणैस्तु वञ्च्यमानः पुरुषः स्त्रीविषयेषु रागमेति ॥

यसरी बोधिसत्त्वका यी स्त्री विषयक धारणा नै महाभिनिष्क्रमणका साधना भएका छन् । पछि चीनाचारक्रममा बोधिसत्त्वलाई यस रूपमा विराजमान गराइएको वचन पनि छ -

ततः प्रणम्य तां देवीं वसिष्ठोऽसौ महामुनिः ।
जगामाचारविज्ञान-वाञ्छया बुद्धरूपिणम् ॥
रणज्जघनरावेण रूपयौवनशालिना ।
मदिरामोदचित्तेन विलासोल्लसितेन च ॥
शृङ्गार-परिवेशेन जगन्मोहनकारिणा ।
भयलज्जाविहीनेन देवीध्यानपरेण च ॥
कामिनीनां सहस्रेण परिवारितमीश्वरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मदिरापान सञ्जातं मद मन्थरलोचनम् ॥
दूरादेव विलोक्यैनं वसिष्ठो बुद्धरूपिणम् ॥

महाचीनाचारक्रम पटल द्वितीय

भगवान् बुद्धबाट नै ताराको अर्चनालाई महाचीनाचारक्रम प्रयुक्त भएको छ। वसिष्ठ जस्ता महाज्ञानी योगवासिष्ठका प्रवक्ताले अक्षयमाला नामकी चाण्डलिकासँग रमाएको रहस्य धेरैलाई अवगत भएको होओइन भन्ने सम्भावनाले वसिष्ठले तारिणी ताराको आराधनाका लागि चीनक्रममा साधक बन्दा अक्षमालालाई साधन बनाएका हुन् भन्ने कुरा पनि तलका श्लोकले स्पष्ट पार्छन् -

महाचीन क्रमाचारं ततो देवादवाप्य सः ।
नीलगिरिं समासाद्य कुलाचारपरायणः ।
ततोऽक्षमाला युवतिं चाण्डालीं रमयेन्मुनिः
जपन् संसाधयामास तारां मुक्तिप्रदायिकाम् ॥
तारामाराधयामास कृत-कृत्योऽभवत्तदा ।
साक्षाद् भूता महादेवी तारा संसारतारिणी ॥

महाचीनाचारक्रम पाँच पटल

पहिले विरागमूलक बौद्ध धर्म यसरी सराग कामवृत्तिपरक आचारक्रमलाई संस्थापन गर्ने नयाँ मार्गको स्रष्टा भइआएको छ। यहाँ मैले उद्धृत वाक्यहरूको अर्थ नगर्दा पनि साधरण पाठकले पनि बुद्ध राजप्रासाद छाड्न श्री र स्त्रीप्रति घृणा उठेर नै विरक्त भएका र चीनाचारमा सुरासुन्दरीसँग विहार गरेर पनि निर्विकल्प भई मोक्ष प्राप्त गरेका भन्ने कुरा निचोडमा बुझ्न सकिन्छ।

कतिलाई यो मिथ्या धारणा पनि हुन गएको छ कि यो तन्त्रमन्त्रका विधि वज्रयानपछि नै बुद्ध धर्ममा आएको भन्ने। तर त्यो कुरालाई शार्दूल कर्णावदान (मातङ्गदारिका परिव्राजनम्) मा प्रकृति नामकी चाण्डाल युवतीले आनन्दप्रति प्रेमासक्त भई आत्महत्या गर्न चाहँदा उसकी माता चाण्डालीले आफ्नो मन्त्रविद्याका प्रभावले बुद्धका परमप्रिय शिष्यलाई खिचेर छोरीकहाँ ल्याइदिएकी छ। त्यसो हुँदा त्यस वेला पनि यस प्रकारका विद्याको महत्त्व रहेको भान हुन्छ। त्यति अंश प्रमाणका लागि यहाँ उद्धृत गर्नु अनुपयुक्त होला झैँ लाग्दैन। जस्तै-

"अथ प्रकृतेर्मातङ्गदारिकाया मातामध्ये गृहाङ्गनस्य गोमयेनोपलेपनंकृत्वा वेदीमालिख्य दर्भान् संस्तीर्याग्निं प्रज्वाल्याष्टशतमर्कपुष्पणां गृहीत्वा मन्त्रानावर्तयमाना एकैकमर्कपुष्पं परिजप्य अग्नौ प्रतिक्षिपति स्म। तत्रेयं विद्या भवति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अमले विमले कुङ्कुमं सुमने। येन बद्धाऽसि विद्युत्। इच्छया देवो वर्षति विद्योतति गर्जति विस्मयं महाराजस्य समभिवर्धयितुं देवेभ्यो मनुष्येभ्यो गन्धर्वैभ्य शिखिग्रहा देवा विशिखिग्रहा देवा आनन्दस्य आगमनाय संगमनाय क्रमणाय ग्रहणाय जुहोमि स्वाहा।

अथायुस्मत् आनन्दस्य चित्तमाक्षिप्तम्। विहाराभिष्क्रम्य येन चाण्डालगृहं तेनोपसंक्रामतिस्म।

यो कथानकले चाण्डाल जातिमा रहेको विद्याको सिद्धिलाई स्पष्ट पार्छ। यसपछिका कुरा त्यहीँबाट अवगत गरियुन्। तन्त्रमा चाण्डालीलाई मुद्राका रूपमा स्विकारेर आराधना गरी सिद्धि प्राप्त गरेको नभए यस प्रक्रियाले र यस विधाले यसरी व्यापकता लिँदैनथ्यो।

ताराको मन्त्र-जप-विधिमा मात्र मैथुन साधन हुने होइन। कालीको पुरश्चरणमा पनि यस्तै मैथुनद्वारा आराधना गर्ने वचन छ। जस्तै -

स्वकीयां परकीयां वा स्त्रियमानीय साधकः।
शतमष्टोत्तरं जप्त्वा योनिमामन्त्र्य तत्त्ववित्॥
गच्छन् परमतत्त्वज्ञः सहस्रं जपते यदि।
तदा मन्त्रो भवेत् सिद्धो दुष्टमन्त्रोऽपि पार्वति॥

कालीतन्त्र, सप्तम पटलः।

यस्ता विधि-विधान गोप्यातिगोप्य गरिने कुरा हुन्। सर्वसाधारणले विनातत्त्वज्ञान नबुझी यस्ता कर्म गरेमा मृत्यु हुन्छ भन्ने पनि वचन छ।

यी माथिका कुराको तेरिज खिँच्ता हामीलाई बुद्धमार्गमा ताराको उपासना महाचीनक्रमबाट नयाँ मार्गमा प्रवेश हुन्छ र त्यहाँ सुरासुन्दरी त्याज्य नभई ग्राह्य बन्छन्। बुद्धको धेरै पछि मन्त्रविद्यामा जातिपाति खण्डनबाट चाण्डालीहरू साधनामा सक्षम भएका होइनन्। बुद्धकालमा बहिष्कृत रूपमा नै छँदा पनि यिनमा मन्त्रविद्याको वाममार्गको सक्षम शक्ति थियो भन्ने यस चाण्डालदारिकोपाख्यानले देखाउँछ। तारासम्प्रदायमा मात्र होइन, कालीको पुरश्चरण गर्दा पनि स्त्रीगमनलाई साधन बनाएको प्रमाणित हुन्छ। यसरी एक बखत मैथुनक्रिया पवित्र पद्धति बनेर समाजले अपनाएको थियो।

साङ्ख्यको प्रकृति-पुरुष, शैवको शिव-शक्ति र वैष्णवको राधा-कृष्ण यी स्त्री-पुरुषका युगल रूप हुन्। यता साङ्ख्य काललाई स्विकार्दैन तर तन्त्र भने अमूर्त कालको साकार रूपमा महाकाली र महाकाल मूर्त रूपमा ध्यान गर्छ।

महाकालसँग रत्यासक्त काली मुण्डमालाधारिणी र करमेखलायुक्ता नग्नावस्थाकी छिन्। ती महामानवका मुण्ड नै काललाई सापेक्षित रूप दिने र ती वीरका बाहुले नै कालावस्था तोक्ने हुन्छ इतिहासमा। उज्जयिन

CC-0. Nepal Sanskrit Academy, Kathmandu
महाकाल निकेतन मानियो भारतमा किनभने त्यहाँ कालचक्रको परिगणन गर्ने परम्पराले विकसित रूप लियो । यौवनोद्गममा कामवृत्ति उद्भूत भएर परितृप्ति पाई आनन्दानुभव गर्छ स्त्री-पुरुषको मैथुन क्रियाद्वारा । अनि कालको अपरिहार्य जीवन प्रवाहमा मुख्य कारण रतिरहस्यभन्दा अर्को फेला परेर । नेपालमा मैथुनावस्थाका देवप्रतिमा धेरै पाइन्छन् । तर यहाँ नौलो कुरो अर्को अचम्म लाग्ने के छ भने बौद्धहरू त्यस देवतामूर्तिलाई एक रूप दिएर उपासना गर्छन् भने सनातनीहरू अर्को नामबाट त्यही देवतालाई आराधना गर्छन् । टेबालको सङ्कटा सनातनीहरूले दिएको नाम हो, वज्रयानीहरूले तिनलाई कालरोषण नामले पुज्छन् । असनको मन्दिरमा कलशमा देवता निहित छन् । तिनको नाम शैवहरू अन्नपूर्णा र बौद्धहरूले असंभलु भन्ने गरेको पाइन्छ । धेरै यस्ता उदाहरण छन् ।

मैथुनशिल्प पाषाणमा, धातुमा, काष्ठमा र चित्रपटमा पनि प्रशस्त पाइन्छन् । दर्शनका रहस्यले उद्वेलित कुची र छिनोमा कलाशिल्पीले जुन गति दिए, त्यो अनुभूत गर्ने विषय छ । महिष संवरादिको चित्रपटमा मनलाई मथेर फुटेको कामवृत्तिलाई संवरण गराई महिषाकारमा नयाँ चित्रशैलीको मैथुनीभावले जुन कला सिर्जना भयो, त्यो अध्ययन गर्नेले आनन्दानुभूतिको नयाँ शैली मान्ने छ । मनमा रहेका अदम्य रतिराग पोखिएर मन स्वच्छ पार्ने प्रक्रियालाई समावेश गरेको नयाँ मोड देखिन्छ । तर प्रतिमामा र चित्रपटमा देखाइएका मैथुन शिल्पमा हामी आश्चर्य भएनौं देवतात्मक श्रद्धाले गर्दा । तर देव-मन्दिरका बलेसीमनिका टुँडालमा मनुष्यका विभिन्न आसनमा कामातुरता झल्काई मैथुनशिल्प कपेको देख्ता साधारणलाई वज्रनिवारणखातिर यसो गरेको हो भन्ने सर्वसाधारणमा ऐतिह्यले प्रबल विश्वास पारिदिएको छ र उग्रअश्लीलताको नग्न मैथुनलाई परित्राण गरेको छ । तर त्यो वज्र मेघबाट झर्ने चटचाङ होइन, त्यो त वज्रयानले प्रतिपादित "शून्यता वज्रमुच्यते" भन्ने प्रतीत्य समुत्पादका आधारमा खडा भएको दार्शनिकता आएर अर्चना पक्षमा झरेपछि उसले परिकल्पित वज्रयोगिनीको रतिरागात्मक मानसिक शून्यतालाई दर्शाउने वज्र हुनुपर्ने जस्तो मलाई लाग्छ । शून्यले स्वरूप धारण गर्दा कालको रूपलाई कराल पार्ने संसारको रहस्य रतिरस नै हुनुपर्ने होइन र ?

कार्यकारणभाव सम्बन्धलाई नै प्रत्येक वस्तुको आधार मान्ने न्यायवैशेषिकमतले समवायिकारण र असमवायिकारण नाश भए कार्य नाश हुने नियम मान्छ । कोही समवायिकारण नमान्ने पनि छन् । तर उपादानकारण नमान्ने कुरा गर्न भने भएन । लिङ्ग र योनि कारणवाचक शब्द हुन् । त्यसैले "तस्य योनिं परिपश्यन्ति धीरास्तस्मिन् ह तस्थुर्भुवनानि विश्वा" भनेर वेदले सम्पूर्ण विश्वलाई योनिमा निहित गरी धीरहरू त्यसकै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

योनि देख्तछन् भनेको छ । मनलाई "अन्नमयं हि सोम्यमतः" भनी अन्नमय मानेको छ । हाम्रो देहको उपादान भन्ने मानेर मन अन्नमय मानेपछि "आहार सधर्माणो हि कामाः शरीरस्थितिहेतुत्वात्" भन्ने कामशास्त्रको वचनलाई आहारद्वारा मन बन्ने र मन छउन्जेल काम रहने हुँदा शरीरको स्थितिकालमा न आहार छुट्छ, न त मन छउन्जेल मनोज कामकै निराश हुन सक्तछ । देहको उपादानमा डिम्म र वीर्यको एक घनीभूत संयोजन मान्नुपर्छ । त्यो सम्बन्ध मैथुनक्रियाबाट सम्पन्न हुन्छ । त्यसो भएपछि जन्मदेखि जरावस्थासम्म त्यो काम रहन्छ शरीरको स्थिति रहुन्जेल । त्यसको आत्यन्तिक निवृत्ति देह धारण गरुन्जेल हुन सक्तैन । यो हो वास्तविकता । यसलाई अपलाप गर्दा सत्यको अपलाप हुन जान्छ । तन्त्रमा यसको विश्लेषण गर्ने साधकले यो अपरिहार्य कामलाई निरोध नगरी यसलाई साधनका रूपमा प्रयोग गर्ने प्रक्रिया तयार पारे ।

यौन आकर्षणको प्रेरणा रत्येषणा भएकाले मैथुन प्राणीको अस्तित्वको द्योतक हुने भयो । मैथुन साधनका निम्ति उपयोगमा ल्याउने क्रान्तिकारी प्रभावको जन्म दियो तन्त्रले । यसले मनको मोड बदल्ने नयाँ पद्धति फेला पाऱ्यो । गुम्सिएको कामवासनालाई ब्रह्मचर्यको स्वाँग गरी हृदयमा सँगालेर त्यसको प्रतिक्रियाबाट मन स्वच्छ हुन नसक्ने र उल्टो त्यो रत्येषणा उकुसमुकुसिएर वासना र संस्कारको रूप बनी सञ्चित कर्मको गठरी बढाउने हुँदा उनीहरूले कर्मलाई "भोगादेव क्षयः" भनी ब्रह्मवादीले भनेका फर्मूलालाई यहाँ उपयोगमा ल्याएर कामलाई पनि भोगादेव क्षय गर्ने परिपाटी निकाले ।

प्रारब्ध कर्मणां भोगादेवक्षयः भन्ने सिद्धान्तलाई नयाँ रूपमा प्रयोग गरे । यो यौन सम्बन्ध पनि प्रारब्ध भएकै कर्म होइन भन्न माथिका तर्कले दिने भएन । देहारम्भमा कारण नै सम्भोग छ । देहावस्थितिसम्म सम्भोगेच्छा रहन्छ । सम्भोग तृप्ति देहधारीमा हुने होइन । जस्तो आहार तृप्ति भोजनोपरान्त हुन्छ, त्यस्तै सम्भोगविरति मैथुनोपरान्त नै हुन्छ । क्षुधाले वाधा गर्छ भनेर देहधारीले आहार त्याग गर्न सक्तैन । त्यस्तै रत्येषणाले वाधा गर्छ भनेर देहधारीले पनि कामलाई त्याग गर्न सक्तैन । मनले चाहेर बलात् रोक्नु मिथ्याचार हुन्छ । यस दार्शनिक दृष्टिलाई हामीले विश्लेषण गर्दा जसले कामलाई साधनाको मार्गमा शास्त्रीय रूप दिएर प्रयोगमा ल्याउने सिद्धान्त दियो, उसले गम्भीर विचार गरी एक रहस्यलाई पत्ता लगाई धार्मिक न्याय र विवेक मनुष्यमाथि गरेको मान्नुपर्छ ।

भगवान् बुद्धको मूर्ति उनको परिनिर्वाणपछि करिब पाँच सय वर्ष बाद आजका रूपमा निर्मित भएको ऐतिहासिक तथ्यको अपलाप गर्न सकिन्न । उनको पहिलो प्रतीक पुण्डरीक हो, त्यसपछि कमलमाथि रहेका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दुई पाउ हुन्। फुल्लारविन्दमा चरणकमलद्वय राखेर पुज्ने परम्परा प्रारम्भ भएपछि अनि कमलासनमा बुद्धमूर्ति स्थापित भए। त्यो शिल्पीले आफ्नो हृदयमा बुद्धलाई जुन परिकल्पना गरी पाषाणमा कपेर निकाल्यो, धातुमा ढालेर उतार्‍यो, चित्रपटमा तूलिकाले रङ सजाएर उमार्‍यो, त्यो कलाकारको परिकल्पना यति सजीव भयो र वास्तवमा बुद्धको स्वरूप त्यही हुन गयो, जो जरामरणरहित धर्म धातुले निर्मित भएको भन्ने ठानिन्छ।

हो, त्यस्तै यहाँ तन्त्रले कमलको गट्टामा त्रिकोणरूपी योनिको प्रतीक शक्ति ∇ छ र वीजका रूपमा बिन्दु ● पात गराई यन्त्रको निष्पत्ति गर्‍यो र भन्यो "त्रिकोणरूपिणी शक्ति विन्दुमा ▽ शिवः स्मृतः। शिवशक्तिको समागम मैथुनको प्रतीक भयो यो यन्त्र जसमा ▽ त्रिकोण र विन्दु छ। त्यसपछि त्यही त्रिकोण तलतिर फर्कंदा योनि ∇, मास्तिर फर्कंदा ∆ को आकारको प्रतीक बन्छ र त्यो खापिँदा ✡ मैथुनको रूप लिन्छ तर त्यहाँ ✡ यस्ता छ कोण पर्छन् र प्रत्येक कोण योन्याकारका हुन्छन्। "नवयोन्यात्मक चक्रम्" भनेर चक्रराजत्व त्यस यन्त्रलाई स्वीकृत गरेको छ। यसमा "अग्निसोमाभ्यां जगत्" भन्ने हो भने जलको स्वरूपको प्रतीक निम्नमुखी हुनुपर्दा ∇ यो जलका रूपमा र अग्निको रूप ऊर्ध्वगामी हुँदा ∆ यो अग्निको प्रतीक बन्छ। चिसो र तातो मिलेर नै सृष्टितत्त्व जन्मने हुँदा शिवशक्तिका रूपमा हामी यो ✡ षट्कोणको संश्लिष्ट रूपमा यान्त्रिक रूप प्रदान गर्छौं। यसरी तन्त्रले यन्त्र निर्माण गर्दा कमल कणिकामा पहिले जुन योनिको प्रतीकमा ∇ त्रिकोण र विन्दुपात गराई ▽ सम्भोगात्मकताको चरम रूप दियो। यहाँबाट नै अतिमूर्तिमा सौम्याकृति र घोराकृतिमा देवताका रूप प्रतिष्ठित हुन जाँदा त्यो तन्त्रविद् कलाकारले मैथुनावस्थामा देवताका प्रतिमा पाषाणमा कपेर, काठमा कुँदेर, धातुमा ढालेर र चित्रमा कोरेर हृदयग्रन्थिको भावलाई फुटाइदियो। संवरमा अमूर्त काम विकृतिका रूपलाई स्पष्ट पार्ने ती कलाकार र यन्त्रमा काम-रहस्यलाई अस्पष्ट राख्ने ती यन्त्रकारले मानसिक अन्तर्निहित कामवासनाको रहस्यलाई साक्षात्कार गरी नयाँ आयाम शास्त्रमा थपेर यस सिद्धान्तको निष्पत्तिमा पुगेर -

अन्तर्मुखपरामर्शचमत्काररसात्मना।
मनस्तुर्यरसेनात्र स्वदेहादि प्रमातृताम्।
मज्जनेन प्रशमयन् प्रविशेत्तत्समाविशेत्॥

योगमा संयोग र वियोग दुई रूप हुन्छन्। यहाँ उपसर्ग झिकेमा योगको यौगिक अर्थ हुन्छ जोड। गोरक्षनाथले योगको नयाँ मार्ग फेला पारी कुण्डलिनी शक्तिलाई मूलाधारबाट उठाई सहस्रारमा परम शिवतत्त्वसँग सम्मेलन गराउनु नै योगको व्याख्या हुन्छ। यहाँ पनि शिवशक्तिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सम्मेलन नै योग हुन्छ। पातञ्जलले चित्तवृत्ति निरोधलाई योग भन्ने संज्ञा दिएका छन्। चित्तवृत्तिको रत्येषणात्मक अंशको रहस्यको अध्ययन गर्दा माथिका श्लोकको वास्तविक अर्थ लाग्छ। तन्त्रले प्रकृति पुरुषको, शिव र शक्तिको, जड र चेतनको, अविनाभाव सम्बन्धको रहस्यलाई लिएर ऐकात्म्य रूप दिने आफ्नैपनको अद्वैत प्रणाली स्थापना गरी परातत्त्वको विश्लेषण र साधना पक्षमा दीक्षाको माध्यमद्वारा त्यही सिद्धान्तलाई मैथुनात्मक योगले परार्चनामा प्रयोग गर्‍यो। "विषस्य विषमौषधम्" भन्ने भौतिक विज्ञानलाई आज मान्दा त्यो मार्ग पनि अवैज्ञानिक र अमर्यादित भन्न सकिन्न।

यन्त्रपछि योनिमुद्राको पनि दर्शनमा स्थान गरी हातका औँलालाई योन्याकारमा मुद्रित गरेको र त्यही नै देवतालाई नमस्कार गर्ने साधन बनाइयो। यस परम्परामा योनि परम पवित्रताको द्योतक भएको छ। यसरी योनि र लिङ्गको संयोगमा नै र विन्दुपातमा हुने आनन्दको आकर्षणलाई सहज ज्ञान साध्य भएको कारणको विश्लेषण गर्दा "मानभुवं भूयासम्" मेरो अस्तित्व कायम रहोस् भन्ने चैतन्याकार तत्त्वको सहज प्रवृत्ति नै मैथुनाकार वृत्तिलाई जीवतत्त्वमा अपरिहार्य भई आनन्दको कारण हुन गएको छ। प्रकृतिको मूल प्रेरणा भएको कामतत्त्वलाई बलात् निरोध गर्नु आपत्तिजनक र असम्भवप्रायः ठानी त्यसलाई साधना रूपमा प्रयोगमा ल्याउने वाममार्ग पनि विनाविचारी त्यसै गरिएको कुरा होइन। मनुले

न मांसभक्षणे दोषो न मद्ये न च मैथुने।
प्रवृत्तिरेषा भूतानां निवृत्तिस्तु महाफला।

प्रवृत्तिमार्गका साधकले मांस, मद्य र मैथुनलाई साधनाको माध्यम बनाए, निवृत्ति मार्गका संन्यासीहरूले यसलाई दोषमा परिगणित गरे। तर जब घरबाट भएका संन्यासीको समाजमा अस्तित्व कायम भएपछि शाक्य भिक्षु र उदासहरूको समाजमा जमघट देखेपछि हामीले कामवृत्तिलाई एक दुई जनाले विरोध गर्नु अर्कै कुरा हो तर सबैलाई यस वृत्तिबाट मुक्त गर्छु भन्ने भावना भने हास्यास्पद नै भएको पाइएको छ। यसमा वज्राचार्यहरू र अद्वैतवादी संन्यासीहरूबाट जायाजन्म भएको हाम्रा अगाडि छ। त्यसो हुँदा यसमा गहन अध्ययन गरेर जुन वाममार्गले नयाँ मार्ग दियो, त्यो सोच्नुपर्छ।

नयाँ साधनाले नयाँ आयाम थपेर कामकलाको सिर्जना भएको छ। अनि कलाकारले छिनो, कुची समातेर त्यसमा शिल्प थपे। कामकलाको रहस्यले एक गम्भीर विश्लेषण गर्ने दर्शनलाई जन्म दिएपछि देवताका रूपमा सम्भोगात्मक स्वरूपलाई पूजनीयता प्रदान गरेपछि, साधकले मैथुनावस्थामा रही आराधना गर्ने प्रक्रियालाई शास्त्रले पद्धति बनाइदिएपछि, यन्त्रमा तन्त्रले योनिरूप Δ त्रिकोणलाई शक्ति र विन्दुलाई शिवतत्त्वको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रतीक मानेर अमूर्त मैथुनको यान्त्रिक रूप प्रदान गरेपछि र अञ्जलिबन्ध रूप नमस्कारको प्रक्रिया त्यजी योनिमुद्रामा नमस्कारको प्रणाली कायम गरेपछि देवमन्दिरका टुँडाल आदिमा आसनानुरूप रत्यावस्थाको नग्न रूप दिने कलाको सीपको विकास हुनु नयाँ कुरा होइन । प्रचण्ड कामावस्थामा हुने रत्येषणाको उग्ररूप कामशिल्पीले प्रस्तुत गरेको हुनुपर्छ । जसले कामकलाको रहस्यभित्र रहेको यो नयाँ मार्गको जीवन्त सत्यलाई बुझेर साधनामा साधकले नयाँ मार्गको आविष्कार गरेको विश्लेषण गरी अध्ययन गरेको छ, त्यसलाई टुँडालमा गरेको नग्न मैथुन शिल्पकारितामा कुनै नौलोपनको अनुभव हुन्न ।

वाममार्गको अत्युग्र साधनामा लागेका साधकहरूको प्रक्रियालाई आज नबुझेर माथि-माथि उत्रेर त्यसको व्याख्या गर्नु उपहासास्पद हुन्छ । आजको सोचाइले त्यस वेलाको कुरालाई समन्वय गर्न सकिन्न । एक थरीले मैथुनाकार वृत्तिको बाह्य प्रदर्शनमा नयाँ अर्थ गर्ने प्रवृत्ति देख्ता त्यसको रहस्य नबुझी सिद्धान्तमाथि बलात्कार गर्न खोजेको भन्ने ठान्छु । यो प्रवृत्ति वैदिक प्रक्रियामा पनि आएको छ । यज्ञमा वध हुन्छ र पशुयाग हुन्छ । त्यसमा अश्वमेधसम्ममा अश्वको वधको वैधता कायम गरी यज्ञको वधलाई अवधत्व सिद्ध पनि गरिएको छ । वपा हृदयादिको हवनादिका मन्त्रदेवताको विनियोग पनि छ ।

तर वैष्णव सम्प्रदायले नयाँ हाँकलाई स्विकारेर प्रेमाभक्तिलाई त मान्यो तर मांसलाई स्विकार्न खोजेन र यज्ञार्थको अजलाई नजायले "इति अज" भनी अज भनेको नउम्रने ज्यादै पुरानो धानबाट पिष्टपशुलाई यज्ञका निम्ति भनेको भन्ने अर्थ गरेको पनि कहीँ नपाइने होइन । "हृदयस्याग्नेऽवद्यति अथ वक्षसः" आदि वाक्यको त्यहाँ समन्वय हुँदैन । अमीमांसकता स्पष्ट प्रतीत हुन्छ यस्ता अर्थ गर्नेहरू देख्ता । उपनिषद्मा पानीलाई लिएर "रसो वै सः" भनेकोमा साहित्यमा रसवाद जन्म्यो र रसको परिभाषामा "अनावरणाचिदेव रसः" भन्ने व्याख्या गरी "रसौ वै सः" लाई समन्वयमा ल्याइयो । त्योभन्दा पनि रस भनी पारोलाई लिएर रसेश्वर दर्शन नै नयाँ खडा गरिएको पाइन्छ । यस्तो परम्परा पुरानो नै हो भन्नुपर्छ ।

बृहदारण्यकमा जनक-याज्ञवल्क्यको संवादको प्रकरणमा एक उदाहरणमा प्रस्तुत गरेको यो वाक्य छ । जस्तै - "यद्यथा प्रिययास्त्रिया संपरिष्वक्तो न बाह्यं किंचनवेद, नान्तरमेवायं पुरुष प्राज्ञेनात्मक संपरिष्वक्तो न बाह्यं किंचन वेद नान्तरम् ।" यसले के बुझिन्छ भने प्यारी स्वास्नीको अँगालोमा कसिएकाले बाहिर र भित्र केही थाहा नपाई आनन्दमा चुर्लुम्म हुन्छ जस्तो, त्यस्तै यो पुरुष प्राज्ञ आत्मासँग सम्बद्ध भएपछि बाहिर र भित्र केही जान्दैन । यसो भनी आनन्दको अनुभूतिलाई चरमविन्दुमा पुग्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उदाहरण जनताले बुझ्ने त स्त्री पुरुषकै सम्बन्ध रहेछ त्यस वेला पनि भन्नुपर्छ। मान्छेको दुःख निवृत्ति चरम पुरुषार्थ मान्ने बौद्धादि मतपछि आनन्द प्राप्ति नै मुख्य पुरुषार्थ मान्नेका पछि लागेर तन्त्रवादमा वज्रयान आयो। प्राणीको धारावाहिक अस्तित्व संरक्षणको हेतु मैथुनाकार वृत्ति भएको हुँदा त्यो सहजधर्म हुन गएको छ र त्यसलाई अपरिहार्य जीवनकालमा सम्झेर साधनामा त्यही पद्धति अँगाली आनन्द-प्राप्तिका लागि आनन्दमार्ग नै श्रेय छ भन्ने कुरालाई मान्यता मिलेको हुनुपर्छ। त्यो रहस्यमा निहित कलामा अनि नग्न मैथुन अश्लील भन्ने कुरा नै रहँदैन। त्यसो हुँदा टुँडालमा मैथुन गरेको प्रतिकृति राखेकोमा त्यसको मनगढन्त माने लगाउन खोज्नु वास्तवमा तन्त्रको वाममार्गको कुनै सिद्धान्तको अनभिज्ञता दर्शाउनु भन्नुपर्छ। त्यो त्यति प्रमुख विषय हुन्न, जो साधारण कामकेलिमा भएको प्रतिकृति छ। मुख्य कुरा त के भने रतिराग प्राणी मात्रको जीवन योनि भएकाले त्यो अपरिहार्य भएको हुँदा त्यसलाई सदुपयोगमा ल्याई त्यही माध्यम गरी इष्टसिद्धि गर्नुमा पो छ त।

जसले यो नयाँ प्रयोगलाई जीवन्त बनायो, त्यो साँच्चै आगमको प्रयोक्ता भन्नुपर्छ। केवल मैथुनलाई इष्टसिद्धिको कारण मात्र भनेको होइन। केवल सम्भोग गर्दैमा समाधिस्थ होइन। यो कुरा स्पष्ट पारेको छ, जुन त्यसबारेको तन्त्रको वाक्य नै उद्धार गरिसकेको छु। तन्त्रले जुन एउटा नयाँ मोड दियो, त्यो वैष्णवादि सम्प्रदायमा पनि प्रतिस्फलित भएको छ। यसमा श्रीकृष्णलाई वर्णन गरिएको छ -

कामिनीसङ्गचपलो वनक्रीडाविनोदधृक्।
सौगन्धभूषिततनुः स्त्रीध्यानैकपरायणः॥

यति मात्र होइन। केशवकीर्तनले अगम्यगमन पाप पनि नाश हुन्छ भनिएको छ।

अभक्ष्यभक्षणात्पापमगम्यगमनाश्च यत्।
नश्यते नात्र संदेहो गोविन्दस्य च कीर्तनात्।

यसरी मन्त्रको व्यापकतालाई सबैले स्विकारेको पाइन्छ। अनि यी सबै सन्देहबाट के निर्णयमा पुगिन्छ भने कामतत्त्वको रहस्य सहज नै सम्झने कुरा होइन र गुरुद्वारा नै यसको सबै प्रयोगलाई अवगत गर्नुपर्छ। स्वयं यस कार्यलाई सिद्ध गर्न सकिन्न, प्रयोगमा ल्याउन हुन्न। अस्तु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल प्रज्ञा-प्रतिष्ठान

9 789937 761116